# साहित्यकार गणेशकुमार पौडेलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन

त्रिभुवन विश्वविद्यालय,
मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत
वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, भरतपुर, चितवनको
स्नातकोत्तर तह, द्वितीय वर्षको
पाठ्यांश परिपूर्तिका लागि दसौं पत्रको
प्रयोजनार्थ प्रस्तुत

## शोधपत्र


शोधार्थी

**रूपा रेग्मी**

क्याम्पस क्र.सं.: ३३/०६४-०६६
त्रि.वि.द.सं.: २१५९५-९३
नेपाली विभाग
त्रिभुवन विश्वविद्यालय
वीरेन्द्र बहुमुखी क्याम्पस
भरतपुर, चितवन



२०६९

# साहित्यकार गणेशकुमार पौडेलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन

त्रिभुवन विश्वविद्यालय,
मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत
वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, भरतपुर, चितवनको
स्नातकोत्तर तह (एम.ए.), द्वितीय वर्षको
दसौं पत्रको प्रयोजनार्थ
प्रस्तुत

## शोधपत्र

शोधनिर्देशक
**कपिलमणि शर्मा 'अज्ञात'**


शोधार्थी
**रूपा रेग्मी**
क्याम्पस क्र.सं.: ३३/०६४-०६६
त्रि.वि.द.सं.: २१५९५-९३
नेपाली विभाग
त्रिभुवन विश्वविद्यालय
वीरेन्द्र बहुमुखी क्याम्पस
भरतपुर, चितवन

२०६९

# शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, नेपाली स्नातकोत्तर तह दोस्रो वर्षकी छात्रा रूपा रेग्मीले **साहित्यकार गणेशकुमार पौडेलको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको यो शोधपत्र मेरो निर्देशनमा तयार पार्नुभएको हो । परिश्रमपूर्वक तयार पारिएको यस शोधकार्यबाट म पूर्णरूपमा सन्तुष्ट छु । अतः यस शोधपत्रको समुचित मूल्याङ्कनका लागि नेपाली विभागसमक्ष प्रस्तुत गर्न सिफारिस गर्दछु ।

मितिः ...........................

**कपिलमणि शर्मा 'अज्ञात'**
सह-प्राध्यापक
**त्रिभुवन विश्वविद्यालय**
वीरेन्द्र बहुमुखी क्याम्पस
नेपाली विभाग
भरतपुर, चितवन

# कृतज्ञताज्ञापन

प्रस्तुत **साहित्यकार गणेशकुमार पौडेलको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवन नेपाली विभागको स्नातकोत्तर तह द्वितीय वर्षको पाठ्यांश परिपूर्तिका निम्ति दसौं पत्रको प्रयोजनार्थ तयार गरिएको हो । प्रस्तुत शोधपत्र मैले आदरणीय गुरू सहप्राध्यापक कपिलमणि शर्माको निर्देशनमा तयार पारेकी छु । प्रस्तुत शीर्षकमा अनुसन्धान गर्न स्वीकृत प्रदान गर्नुका साथै लेखनकार्यमा अमूल्य सहयोग पुऱ्याउँदै अत्यन्त आत्मीयतापूर्वक मलाई समुचित रूपले कुशल निर्देशन दिनुभएकोमा विभागीय प्रमुख आदरणीय प्राध्यापक डा. नारायणप्रसाद खनालज्यूप्रति पनि म कृतज्ञ छु ।

शोधपत्र तयारीको क्रममा आवश्यक सामग्री सङ्कलन गर्ने तथा सामग्री कुरियर गरेर पठाइदिने कार्यदेखि लिएर शोधपुछका लागि आफ्नो व्यस्त समय दिएर पूर्ण सहयोग गर्नुहुने विशेषतः शोधनायक गणेशकुमार पौडेलज्यू, उहाँकी श्रीमती राधा पौडेल लगायत पौडेल परिवारका अन्य सदस्यहरुप्रति म कृतज्ञता प्रकट गर्दछु । अन्तर्वार्ताको क्रममा कत्ति पनि झर्कोफर्को नमानी आफ्नो अमूल्य समय दिई उदारताका साथ सहयोग गर्नुहुने विद्वतजनप्रति म आभारी छु । यसका अतिरिक्त लेखनकार्यका निम्ति सदैव हौसला एवम् प्रेरणा दिई सहयोग पुऱ्याउनुहुने आदरणीय गुरूहरु तथा पुस्तकालयका कर्मचारीहरु विजयराज पण्डित, शिवप्रसाद पोखरेल सहित वीरेन्द्र बहुमुखी क्याम्पसको पुस्तकालय परिवारप्रति आभार व्यक्त गर्दछु ।

घरायसी चाँजो पाँजो, व्यवस्थापन र आर्थिक प्रबन्ध मार्फत् हरतरहले मद्दत पुऱ्याउने तथा शोधकार्यको दौडधुपका क्रममा आफ्नो तर्फबाट अतुलनीय सहयोग र साथ दिनुहुने श्रीमान् नवराज पौडेलप्रति धन्यवाद ज्ञापन गर्दछु । त्यस्तै मलाई समय मिलाई लेख्न दिने प्यारो छोरा आदर्श र छोरी स्वस्तीकाप्रति म कृतज्ञ छु । यसका अलावा यो शोधपत्र तयार पार्ने क्रममा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले टेवा पुऱ्याउनुहुने सबै महानुभावहरुका साथै यस शोधपत्रलाई शुद्धसँग समयमै टङ्कन गरिदिनुहुने निप्पोन कम्प्युटर्स एण्ड डिजाइनर्स, नारायणगढका नवीन श्रेष्ठप्रति पनि धन्यवाद ज्ञापन गर्दछु ।

अन्त्यमा, **साहित्यकार गणेशकुमार पौडेलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको यो शोधपत्र आवश्यक मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्रसङ्काय, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवनको नेपाली विभाग समक्ष प्रस्तुत गर्दछु ।

शोधार्थी

मितिः ......................

**रूपा रेग्मी**
क्याम्पस क्र.सं. ३३
त्रि.वि.द.नं. २१५९५-९३
नेपाली विभाग
त्रिभुवन विश्वविद्यालय
वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवन
२०६९

# विषयसूची

(क) आवरण पृष्ठ

(ख) शोधपत्रको स्वीकृतिपत्र

(ग) शोधनिर्देशकको मन्तव्य

(घ) कृतज्ञताज्ञापन

(ङ) सङ्क्षेपीकृत शब्दसूची

## परिच्छेद : एक
## शोधपरिचय

| | | |
|---|---|---|
| १.१ | विषय परिचय | १ |
| १.२ | समस्याकथन | २ |
| १.३ | शोधकार्यको उद्देश्य | २ |
| १.४ | शोधको औचित्य, महत्त्व र उपयोगिता | २ |
| १.५ | शोधकार्यको क्षेत्र र सीमा | ३ |
| १.६ | पूर्वकार्यको विवरण र समीक्षा | ४ |
| १.७ | सामग्री सङ्कलन विधि | ७ |
| १.८ | शोध विश्लेषण विधि | ७ |
| १.९ | शोधपत्रको रूपरेखा | ८ |

## परिच्छेद : दुई
## साहित्यकार गणेशकुमार पौडेलको जीवनी

| | | |
|---|---|---|
| २.१ | पृष्ठभूमि | १० |
| २.२ | वंशपरम्परा, जन्म र नामकरण | ११ |
| २.३ | बाल्यकाल, उपनयन र शिक्षादीक्षा | १२ |
| २.४ | वैवाहिक तथा पारिवारिक स्थिति | १३ |

२.५ आर्थिक अवस्था र पेसा १४
२.६ सेवा १४
२.७ साहित्यिक र सामाजिक क्षेत्रमा प्रवेश १५
२.७.१ साहित्यिक क्षेत्रमा भएका कार्यहरू १५
२.७.२ सामाजिक क्षेत्रमा भएका कार्यहरू १७
२.८ रुचि १८
२.९ अविस्मरणीय घटना १९
२.९.१ रोचक घटना २०
२.९.२ रमाइलो क्षण २०
२.९.३ स्मृतिको क्षण २०
२.१० भ्रमण २०
२.११ सम्मान तथा पुरस्कार २१
२.१२ प्रेरणाको स्रोत २३
२.१३ चिन्तन, विचार र दर्शन २३
२.१४ निष्कर्ष २४

## परिच्छेद : तीन
## साहित्यकार गणेशकुमार पौडेलको व्यक्तित्वको अध्ययन

३.१ पृष्ठभूमि २७
३.२ बाह्य व्यक्तित्व २८
३.३ आन्तरिक व्यक्तित्व २९
३.३.१ साहित्यिक व्यक्तित्व २९
३.३.१.१ कवि व्यक्तित्व ३१
३.३.१.२ हास्यव्यङ्ग्य व्यक्तित्व ३२
३.३.१.३ यात्रासंस्मरणकार व्यक्तित्व ३४
३.३.२ साहित्येतर व्यक्तित्व ३४
३.३.२.१ सम्पादक व्यक्तित्व ३५

३.३.२.२ सामाजिक व्यक्तित्व ३५
३.३.२.३ चिकित्सा व्यक्तित्व ३६
३.३.२.४ जीवनी, व्यक्तित्व र साहित्य लेखनका बीच अन्त:सम्बन्ध ३६
३.४ निष्कर्ष ३८

## परिच्छेद : चार
## साहित्यकार गणेशकुमार पौडेलको कृतित्त्वको अध्ययन

४.१ नेपाली साहित्यमा गणेशकुमार पौडेलको आगमन र उनको साहित्य यात्रा ४०
४.१.१ नेपाली साहित्यमा गणेशकुमार पौडेलको आगमन ४०
४.१.२ लेखनका लागि प्रेरणा र प्रभाव ४२
४.१.३ लेखनको परम्परा ४३
४.१.४ गणेशकुमार पौडेलको साहित्ययात्रा ४५
४.२ गणेशकुमार पौडेलका पुस्तकाकार कृतिहरूको अध्ययन ५१
४.२.१ 'अतीतलाई फर्केर हेर्दा' कवितासङ्ग्रहको अध्ययन ५१
४.२.१.१ शीर्षक ५१
४.२.१.२ संरचना ५२
४.२.१.३ विषयवस्तु ५२
४.२.१.४ भावविधान ५५
४.२.१.५ भाषाशैली ५९
४.२.१.६ जीवनदृष्टि ६०
४.२.१.७ लयविधान र दृष्टिविन्दु ६०
४.२.१.७.१ लयविधान ६०
४.२.१.७.२ दृष्टिविन्दु ६२
४.२.१.८ छन्द, रस र अलङ्कार ६३
४.२.१.८.१ छन्द ६४
४.२.१.८.२ रस ६४
४.२.१.८.३ अलङ्कार ६६

४.२.१.९ बिम्ब र प्रतीक ६९
४.२.१.९.१ बिम्ब ६९
४.२.१.९.२ प्रतीक ७२
४.२.१.१० निष्कर्ष ७४

४.२.२ 'मन्त्री पुराण' हास्यव्यङ्ग्यसङ्ग्रहको अध्ययन ७४
४.२.२.१ भूमिका ७५
४.२.२.२ शीर्षक ७५
४.२.२.३ संरचना ७६
४.२.२.४ विषयवस्तु ७७
४.२.२.५ भावविधान ८३
४.२.२.६ भाषाशैली ८५
४.२.२.७ जीवनदृष्टि ८५
४.२.२.८ लयविधान र दृष्टिविन्दु ८६
४.२.२.८.१ लयविधान ८६
४.२.२.८.२ दृष्टिविन्दु ८७
४.२.२.९ छन्द, रस र अलङ्कार ८८
४.२.२.९.१ छन्द ८८
४.२.२.९.२ रस ८९
४.२.२.९.३ अलङ्कार ९१
४.२.२.१० बिम्ब र प्रतीक ९३
४.२.२.१०.१ बिम्ब ९३
४.२.२.१०.२ प्रतीक ९५
४.२.२.११ निष्कर्ष ९७

४.२.३ बंगलादेशको सफर (यात्रा संस्मरण) को अध्ययन ९८
४.२.३.१ शीर्षक ९८
४.२.३.२ संरचना ९९

४.२.३.३ विषयवस्तु १००
४.२.३.४ जीवनदृष्टि १०१
४.२.३.५ भाषाशैली १०१
४.२.३.६ निष्कर्ष १०२

४.२.४ देवका पनि देव भ्रष्टेश्वर महादेव (पाल्सी काव्य) को अध्ययन १०२
४.२.४.१ शीर्षक १०३
४.२.४.२ संरचना १०३
४.२.४.३ विषयवस्तु १०४
४.२.४.४ भावविधान १०५
४.२.४.५ भाषाशैली १०८
४.२.४.६ जीवनदृष्टि १०९
४.२.४.७ लयविधान र दृष्टिविन्दु १०९
४.२.४.७.१ लयविधान १०९
४.२.४.७.२ दृष्टिविन्दु ११०
४.२.४.८ छन्द, रस र अलङ्कार ११०
४.२.४.८.१ छन्द ११०
४.२.४.८.२ रस ११०
४.२.४.८.३ अलङ्कार ११२
४.२.४.९ बिम्ब र प्रतीक ११४
४.२.४.९.१ बिम्ब ११४
४.२.४.९.२ प्रतीक ११५
४.२.४.१० निष्कर्ष ११७

४.२.५ प्रतिनिधिसभास्तोत्रम् २०६० (व्यङ्ग्यसूक्ति सङ्ग्रह) को अध्ययन ११७
४.२.५.१ शीर्षक ११७
४.२.५.२ संरचना ११८
४.२.५.३ विषयवस्तु ११८

४.२.५.४ भावविधान १२०

४.२.५.५ भाषाशैली १२१

४.२.५.६ जीवनदृष्टि १२२

४.२.५.७ लयविधान र दृष्टिविन्दु १२२

४.२.५.७.१ लयविधान १२२

४.२.५.७.२ दृष्टिविन्दु १२३

४.२.५.८ निष्कर्ष १२३

४.२.६ वार्ता गीतिकाव्यको अध्ययन १२४

४.२.६.१ शीर्षक १२४

४.२.६.२ संरचना १२४

४.२.६.३ विषयवस्तु १२५

४.२.६.४ भावविधान १२७

४.२.६.५ भाषाशैली १२७

४.२.६.६ जीवनदृष्टि १२८

४.२.६.७ लयविधान र दृष्टिबिन्दु १२८

४.२.६.७.१ लयविधान १२८

४.२.६.७.२ दृष्टिबिन्दु १२९

४.२.६.८ छन्द, रस र अलङ्कार १२९

४.२.६.८.१ छन्द १२९

४.२.६.८.२ रस १३०

४.२.६.८.३ अलङ्कार १३१

४.२.६.९ बिम्ब र प्रतीक १३२

४.२.६.९.१ बिम्ब १३२

४.२.६.९.२ प्रतीक १३३

४.२.६.१० निष्कर्ष १३३

४.२.७ 'गोरू महापुराण' हास्यव्यङ्ग्य काव्यको अध्ययन १३४
४.२.७.१ शीर्षक १३४
४.२.७.२ संरचना १३४
४.२.७.३ विषयवस्तु १३५
४.२.७.४ भावविधान १३७
४.२.७.५ भाषाशैली १३९
४.२.७.६ जीवनदृष्टि १४०
४.२.७.७ लयविधान र दृष्टिविन्दु १४०
४.२.७.७.१ लयविधान १४०
४.२.७.७.२ दृष्टिविन्दु १४०
४.२.७.८ छन्द, रस र अलङ्कार १४१
४.२.७.८.१ छन्द १४२
४.२.७.८.२ रस १४२
४.२.७.८.३ अलङ्कार १४४
४.२.७.९ बिम्ब र प्रतीक १४५
४.२.७.९.१ बिम्ब १४५
४.२.७.९.२ प्रतीक १४७
४.२.७.१० निष्कर्ष १४८

४.२.८ 'सुँगुरको महिमा' महाकाव्यको अध्ययन १४९
४.२.८.१ भूमिका १४९
४.२.८.२ शीर्षक १४९
४.२.८.३ संरचना १५०
४.२.८.४ विषयवस्तु १५०
४.२.८.५ भावविधान १५३
४.२.८.६ भाषाशैली १५४
४.२.८.७ जीवनदृष्टि १५५
४.२.८.८ लयविधान र दृष्टि बिन्दु १५६

४.२.८.८.१ लयविधान १५६
४.२.८.८.२ दृष्टि बिन्दु १५७
४.२.८.९ छन्द, रस र अलङ्कार १५८
४.२.८.९.१ छन्द १५८
४.२.८.९.२ रस १५९
४.२.८.९.३ अलङ्कार १६०
४.२.८.१० बिम्ब र प्रतीक १६१
४.२.८.१०.१ बिम्ब १६२
४.२.८.१०.२ प्रतीक १६३
४.२.८.११ निष्कर्ष १६४

४.३ गणेशकुमार पौडेलका फुटकर लेख/रचनाहरूको विवरण र उपलब्ध स्रोतहरू १६४
४.४ गणेशकुमार पौडेलको व्यक्तित्व र कृतित्वका बीच अन्तःसम्बन्ध १७२
४.५ निष्कर्ष १७४

**परिच्छेद : पाँच**
**उपसंहार**

५.१ निष्कर्ष १७६
५.२ समग्र निष्कर्ष एवम् उपसंहार १७७

**प्रमुख सन्दर्भसामग्रीसूची**

(क) सन्दर्भग्रन्थसूची १७९
(ख) सन्दर्भपत्रिकासूची १८१
(ग) शोधपत्रसूची १८२

# परिशिष्ट


| | | | |
|---|---|---|---|
| परिशिष्ट : एक - | अन्तर्वार्ताका प्रश्नावली नमुनाहरू | | १८४ |
| | (क) | शोधनायकसँगको अन्तर्वार्ता प्रश्नावली | १८४ |
| | (ख) | विशिष्ट व्यक्तिहरूसँगको अन्तर्वार्ता प्रश्नावली | १८५ |
| | (ग) | विभिन्न व्यक्तिहरूसँग गरिएको मौखिक कुराकानी र अन्तर्वार्ताको स्रोत विवरण | १८६ |
| परिशिष्ट : दुई - | शोधनायक गणेशकुमार पौडेलले प्राप्त गरेका सम्मानपत्रको प्रतिलिपि | | १८७ |
| परिशिष्ट : तीन - | शोधनायक गणेशकुमार पौडेलको छायाँचित्र | | १८९ |

# सङ्क्षेपीकृत शब्दसूची

यस शोधपत्रमा प्रयोग गरिएका सङ्क्षेपीकृत शब्दहरूको पूरा रूप यस प्रकार छ :

| | |
|---|---|
| अ.प्र. | अप्रकाशित |
| इ.स. | इस्वी सम्बत् |
| एम.बी.इ.एच. | बेच्लर अफ मेडिसिन इन इलेक्ट्रो होमियोपेथी |
| एम.डी.इ.एच. | डक्टर इन इलेक्ट्रो होमियोपेथी मेडिसिन |
| डा. | डाक्टर |
| डी.एस.सी. | डक्टर इन साइन्स अफ इलेमेन्ट्री |
| द्वि. | द्वितीय |
| ना.सु. | नायब सुब्बा |
| ने.रा.प्र.प्र. | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |
| पृ. | पृष्ठ |
| पृ.सं. | पृष्ठ संख्या |
| प्र.सम्पा. | प्रधान सम्पादक |
| प्रा.लि. | प्राइवेट लिमिटेड |
| पी.एच.डी. | फिलोसोफर अफ डक्टर |
| भू.पू. | भूतपूर्व |
| मा.वि. | माध्यमिक विद्यालय |
| वि.सं. | विक्रम सम्वत् |
| वी.ब.क्या. | वीरेन्द्र बहुमुखी क्याम्पस |
| सम्पा. | सम्पादक |
| संस्क. | संस्करण |

परिच्छेद : एक

# शोधपरिचय

परिच्छेद : दुई

# साहित्यकार गणेशकुमार पौडेलको जीवनी

परिच्छेद : तीन

# साहित्यकार गणेशकुमार पौडेलको व्यक्तित्वको अध्ययन

## परिच्छेद : चार

# साहित्यकार गणेशकुमार पौडेलको कृतित्त्वको अध्ययन

परिच्छेद : पाँच

# उपसंहार र निष्कर्ष

# प्रमुख सन्दर्भसामग्रीसूची

# परिशिष्ट

## परिशिष्ट : दुई

## शोधनायक गणेशकुमार पौडेलले प्राप्त गरेका सम्मानपत्रको प्रतिलिपी

# परिच्छेद : एक

# शोधपरिचय

## १.१ विषय परिचय

वि.सं. २०१० सालमा रामेछापमा जन्मिएका गणेशकुमार पौडेललाई नेपाली साहित्यका एक प्रखर व्यक्तित्वका रूपमा चिनिन्छ । साहित्यका विभिन्न विधा (कथा, कविता, गीत, मुक्तक, गजल, यात्रासंस्मरण, निबन्ध, हास्यव्यङ्ग्य काव्य, गीति काव्य, महाकाव्य) मा कलम चलाएका पौडेलका हालसम्मका साहित्यिक कृतिहरू क्रमशः **अतीतलाई फर्केर हेर्दा** (कविता सङ्ग्रह २०५६), **मन्त्री पुराण** (हास्यव्यङ्ग्य सङ्ग्रह २०५६), **बुढो गोरूले ओगटेको गाई** (हास्यव्यङ्ग्य सङ्ग्रह २०५७), **बंगलादेशको सफर** (यात्रा संस्मरण २०५७), **देवका पनि देव भ्रष्टेश्वर महादेव** (पाल्सी काव्य २०५८), **प्रतिनिधिसभास्तोत्रम् २०६०** (व्यङ्ग्यसूक्ति सङ्ग्रह २०६१), **वार्ता** (गीतिकाव्य २०६२), **गोरू महापुराण** (हास्यव्यङ्ग्यकाव्य २०६३), **सुँगुरको महिमा** (महाकाव्य २०६७) गरी जम्मा नौ ओटा पुस्तकाकार कृतिहरू प्रकाशित छन् । यसैगरी '**के मतलब**' (महाकाव्य), **लघुकथासङ्ग्रह** तथा **महाकवि लक्ष्मीप्रसाद देवकोटाको जीवनवृत्त** प्रकाशोन्मुख अवस्थामा रहेका छन् भने '**जय सरुवा**' र '**शास्त्र भित्रका कुरा**' चाहिँ अप्रकाशित अवस्थामा रहेका छन् । यस्तै स्थानीय एवं राष्ट्रिय स्तरका विभिन्न पत्रपत्रिकाहरूमा पौडेलका थुप्रै फुटकर लेख/रचनाहरू प्रकाशित छन् ।

उपर्युक्त कृतिहरूका साथै फुटकर लेख/रचनाहरूका आधारमा हेर्दा पौडेल मकवानपुरको साहित्यिक क्षेत्रमा एक उदीयमान आभ्यासिक, चर्चित र जुझारु साहित्यकारका रूपमा क्रियाशील देखिन्छन् । यिनका बारेमा केही पत्रपत्रिका र पुस्तकहरूमा छिटफुट रूपमा चर्चा परिचर्चा भएपनि उनको जीवनी, व्यक्तित्व र कृतित्वमाथि भने व्यवस्थित अध्ययन भएको देखिन्न त्यसकारण यो शोधपत्र पौडेलका यिनै प्रकाशित कृतिहरूको सामान्य अध्ययन र विश्लेषणमा केन्द्रित रहेकोछ । यस्ता कृतिहरूका साथै जीवनी र व्यक्तित्व पनि कृतित्वसँगै प्रस्तुत हुनु आवश्यक देखिएकाले यस शोधपत्रका लागि 'साहित्यकार गणेशकुमार पौडेलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन' विषयक शीर्षक चयन गरिएको छ ।

## १.२ समस्याकथन

साहित्यकार गणेशकुमार पौडेलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन, विश्लेषण र मूल्याङ्कन नै यस शोधपत्रको खास समस्यालाई बुँदागत रुपमा यसरी प्रस्तत गरिएको छ :-

(क) साहित्यकार गणेशकुमार पौडेलको जीवनी र व्यक्तित्व कस्तो रहेको छ ?

(ख) उनका साहितियक कृतिहरूमा के कस्ता विचार र दृष्टिकोणहरू प्रस्तुत भएका छन् ?

(ग) उनको साहितियक यात्रामा उनको मुख्य प्रवृत्ति के रहेको छ ?

घ) नेपाली साहित्यको श्रीवृद्धिमा उनको योगदान कस्तो रहेको छ ?

यिनै विभिन्न समस्याहरूको अध्ययन र विश्लेषण तर्फ यो शोधपत्र उन्मुख रहेको छ ।

## १.३ शोधकार्यको उद्देश्य

साहित्यकार गणेशकुमार पौडेलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन, विश्लेषण गरी नेपाली साहित्यको फाँटमा उनको स्थान निर्धारण गर्नु यस शोधपत्रको उद्देश्य रहेकोछ । बुँदागत रुपमा खास उद्देश्यहरू यस प्रकार रहेका छन् :-

(क) साहित्यकार गणेशकुमार पौडेलको जीवनी र व्यक्तित्वको पहिचान गर्नु,

(ख) उनका साहितियक कृतिहरूमा पाइने विचार र दृष्टिकोण हेर्नु,

(ग) उनका साहितियक कृतिहरूमा पाइने मुख्य प्रवृत्ति पत्ता लगाउनु,

(घ) नेपाली साहित्यमा उनको योगदानको विश्लेषण गर्दै मूल्याङ्कनका साथ निष्कर्षमा पुग्नु ।

यिनै उद्देश्यको परिपूर्तितर्फ यो शोधकार्य उन्मुख छ ।

## १.४ शोधको औचित्य, महत्त्व र उपयोगिता

साहित्यकार गणेशकुमार पौडेलको जीवनी, व्यक्तित्व र कृतित्वका सम्बन्धमा यसअघि भए गरिएका अध्ययन, समीक्षा, टीका-टिप्पणीहरू केवल सामान्य चर्चा परिचर्चाका रूपमा मात्र भएकाले उपर्युक्त कार्यहरूबाट उनको बारेमा व्यवस्थित र सिङ्गो अध्ययन हुन सकेको छैन । ती कार्यहरू अपूर्ण र अधुरा नै भएकाले उनका महत्त्वपूर्ण साहित्य सिर्जनाहरूलाई फैलाउने मौका दिनुका साथै उनको साहितियक योगदानलाई पाठक सामु

पुऱ्याई सिर्जनारत् स्रष्टाको प्रतिभा अझै फस्टाओस् भनी खोज तलास गर्नकालागि पनि यो अध्ययन अनुसन्धान स्वतः औचित्यपूर्ण ठहर्छ । प्रायः जसो केन्द्रकै छत्रछाँया र प्रभुत्वमा विस्तार हुँदै आएको नेपाली साहित्य जगतको विकासमा मोफसलका साहित्य स्रष्टालाई राष्ट्रियस्तरमा पहिचान गराउने सन्दर्भमा पनि यो शोधकार्यको महत्त्व झल्किन्छ । यस खालका उदीयमान स्रष्टाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन समवर्ती वा उत्तरवर्ती प्रतिभाहरूका लागि प्रेरणादायी बन्नुका साथै उनका बारेमा जान्न चाहने व्यक्ति, साहित्यनुरागी पाठक र अनुसन्धान कर्ताहरू यस शोधपत्रबाट लाभान्वित हुनेछन् ।

## १.५ शोधकार्यको क्षेत्र र सीमा

प्रस्तुत शोधपत्र साहित्यकार गणेशकुमार पौडेलको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन, विश्लेषण र मूल्याङ्कनसँग सम्बन्धित रहेको छ । उनको जीवनका प्रमुख घटनाक्रमका प्रसङ्गहरूलाई प्रस्तुत शोधपत्रको जीवनीपक्षमा समेटिएको छ भने उनको व्यक्तित्वका विविध पाटाहरूलाई व्यक्तित्व पक्षमा र उनीबाट सिर्जित रचनाहरूलाई कृतित्वपक्षमा समेटिएको छ । उनका हालसम्म प्रकाशित नौ ओटा पुस्तकाकार कृतिहरूमध्ये काव्यिक मूल्यका दायराभित्र पर्ने खालका आठओटा कृतिहरू क्रमशः **अतीतलाई फर्केर हेर्दा** (कविता सङ्ग्रह २०५६), **मन्त्रीपुराण** (हास्य व्यङ्ग्य सङ्ग्रह २०५६), **बंगलादेशका सफर** (यात्रा संस्मरण २०५७), **देवका पनि देव भ्रष्टेश्वर महादेव** (पाल्सी काव्य २०५८), **प्रतिनिधिसभास्तोत्रम् २०६०** (व्यङ्ग्यसूक्ति सङ्ग्रह २०६१), **वार्ता** (गीतिकाव्य २०६२), **गोरू महापुराण** (हास्य व्यङ्ग्य महाकाव्य २०६३), **सुँगुरको महिमा** (महाकाव्य २०६७) लाई काव्य विश्लेषणका स्थापित विभिन्न तत्त्वहरूका आधारमा सामान्य रूपले अध्ययन गर्नु यस शोधपत्रको क्षेत्र रहनेछ भने **बूढो गोरूले ओगटेको गाई** (हास्य व्यङ्ग्य सङ्ग्रह २०५७) अप्राप्य भएकाले यिनलाई सामान्य हिसाबले परिचयात्मक अध्ययन गर्नु यस शोधपत्रको सीमा रहेकोछ । उनका प्रकाशोन्मुख र अप्रकाशित पुस्तकाकार कृतिहरूका साथै विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित फुटकर लेख रचनाहरू तथा साहित्येतर कृति (स्वास्थ्य सङ्ग्रहहरू) लाई सामग्रीका रूपमा नलिई तिनको परिचयात्मक विवरण मात्र दिनु यस शोधको सीमाक्षेत्र रहेकोछ ।

## १.६ पूर्वकार्यको विवरण र समीक्षा

साहित्यकार गणेश पौडेल अनुसन्धेय साहित्यिक व्यक्तित्व हुन् । यिनको जीवनी व्यक्तित्व र साहित्यिक कृतित्वका सम्बन्धमा समग्र रूपमा अहिलेसम्म अध्ययन र अनुसन्धान भएको छैन । नेपाली साहित्यको फाँटमा वि.सं. २०२५ देखि हालसम्म लगभग चार दशकसम्म योगदान पुऱ्याइरहेका पौडेलका बारेमा निकै कम लेखक- समीक्षकहरूले विभिन्न पुस्तक र पत्रिकाहरूमा फाट्टफुट्ट रूपमा चर्चा परिचर्चा गरेका छन् । यसैले हालम्म उनका कृतिहरूका बारेमा विभिन्न पुस्तक तथा पत्रपत्रिकाहरूमा भएगरेका टीकाटिप्पणीका विवरणहरूलाई कालक्रमिक रूपमा तपसिल अनुसार देखाइएको छ :

(क) अच्युतरमण अधिकारीले **गोरखापत्र** (२०५६ मङ्सिर १८ गते शनिवार) शनिवारीय परिशिष्टमा *मन्त्रीपुराण* शीर्षक लेखमा सरल भाषा, सुललित शैली, मीठो अभिव्यक्ति भएर पनि प्रजातन्त्रलाई चिहानमा परिवर्तन भएको देख्नु राष्ट्रको अस्तित्वमाथि नै बलत्कार भएको देख्नु जस्ता केही बढी मात्रामा राजनैतिक आक्रोश पनि पाइन्छ भन्ने उल्लेख गरेका छन् ।

(ख) रमेश गोर्खालीले मकवानपुर हेटौंडाबाट प्रकाशित **मन्त्रीपुरण** (२०५६ पौष) को *भूमिका* शीर्षक लेखमा साहित्य सेवी पौडेल नेपाली हास्य व्यङ्ग्य विधाका प्रतिभाशाली स्रष्टा हुन् । प्रायः कम लेख्ने र थोरै प्रकाशित हुने भएता पनि मकवानपुर जिल्लाका साहित्यिक परिवेशमा यी बहुचर्चित छन् र असंख्यले यिनका हास्य व्यङ्ग्य सूचक सामग्रीलाई मन पराएका देखिन्छन् । यिनी नेपाली साहित्यमा प्रगतिवादी धारालाई प्रतिनिधित्व र अवलम्बन गर्ने प्रतिभा हुन् । यसर्थ वर्गवाद तथा शक्तिवादले सिर्जित विकृत र विसङ्गत परिस्थितिका चरम उद्वेलनलाई यिनी गहिरिएर सूक्ष्मताले निरीक्षण गर्छन् र जनघाती भूल कसैको होस् तिनलाई यी अक्षम्य ठान्छन् ।

(ग) श्यामकुमार बानियाले मकवानपुर हेटौंडाबाट प्रकाशित **कुराकानी साप्ताहिक** (वर्ष ४, अङ्क ७, पृष्ठ ३, २०५७श्रावण १६ गते सोमबारको) साहित्य शृङ्खलामा *'बुढो गोरूले ओगटेको गाई नियाल्दा'* शीर्षकको समीक्षामा प्रशस्त व्याकरणिक गल्तीहरूका साथै आवरण साजसज्जामा ध्यान नपुगेको तथा बूढो गोरू र गाईलाई प्रतिबिम्बका रूपमा उतार्दैमा व्यङ्ग्य नहुने तथा व्यङ्ग्य भित्र हुनु पर्ने गुण यस कृतिमा खट्किएको हुनाले शीर्षक अनुसारको लेखाई भएपनि यसलाई व्यङ्ग्य शास्त्र नभन्नु उपयुक्त हुन्थ्यो भन्ने सम्भावना प्रकट गरेका छन् ।

(घ) बासुदेव खनालले मकवानपुर हेटौंडाबाट प्रकाशित **कुराकानी साप्ताहिक** (वर्ष ४, अङ्क २४, पृष्ठ ४, २०५७ असोज ९ गते) को *बंगलादेशको सफर* नामक शीर्षकमा यात्रा संस्मरणलाई कवितात्मक शैलीमा लेखिएकाले कतै वास्तविकतामा जोडघटाउ गरिएको हो कि भन्ने भान पाठकहरूमा पर्न सक्छ तसर्थ यात्रासंस्मरणलाई निबन्धात्मक रूपमा लेखिने हो भने अझ बढी सान्दर्भिक हुने कुरा व्यक्त गरेका छन् ।

(ङ) नारायण प्रसाद चापागाईंले मकवानपुर हेटौंडाबाट प्रकाशित **कुराकानी साप्ताहिक** (वर्ष १४, अङ्क ३९, पृष्ठ ३, २०५७ पौष १७ गते) को *'अतीतलाई फर्केर हेर्दा कविता सङ्ग्रह र एक झलक'* शीर्षक लेखमा समाजमा रहेका सामाजिक, धार्मिक, राजनैतिक, आर्थिक तथा विविध पक्षमाथि झटारो हान्दै त्यस्ता विकृति र विसंगतिबाट आफूलाई मुक्त गर्दै यस साहित्यिक कृतिले समाज विकासको लागि थप ऊर्जा थपेको कुरा निर्विवाद छ भन्न सकिने कुरा व्यक्त गरेका छन् ।

(च) सिर्जना दुवालले काठमाडौंबाट प्रकाशित साहित्यिक मासिक **जनमत** (वर्ष २१, अङ्क ७, पृष्ठ ६३, २०६०) मा *देवका पनि देव भ्रष्टेश्वर महादेव* भित्रबाट शीर्षक लेखमा नाटकीय व्यवहारबाट अन्यौल र ग्रसित कवि निडर भई आफ्नो भावनालाई विद्रोहमा घोलेर कविता लेख्छन् तथा आजको परिस्थितिबाट दिक्क कवि व्यङ्ग्यात्मक भाषामा आफ्नो भावना पोख्न सक्षम छन् तसर्थ उनलाई हास्य व्यङ्ग्य काव्यकारको उपमा दिन सकिन्छ भनेकी छिन् ।

(छ) विश्व शाक्यले मकवानपुर हेटौंडाबाट प्रकाशित **प्रतिनिधिसभास्तोत्रम् २०६०** (२०६१ साल) को *भूमिका* शीर्षक लेखमा व्यङ्ग्यसूक्तिहरूको संगालोमा कतै व्यङ्ग्यप्रहार र कतै मिठास सशक्त देखिएका छन् भने कतै पस्कने काम मात्र भएको भान हुन्छ भनेका छन् ।

(ज) बद्री गोपाल रिसाल 'एबर्टिभ' ले मकवानपुर हेटौंडाबाट प्रकाशित **साहित्यिक कोशे ढुङ्गो** त्रैमासिक (वर्ष ९, अङ्क ८, पृष्ठ १४, २०६२ भदौ) पत्रिकामा *सक्कली अनुहार हेर्दा* शीर्षकमा गणेशकुमार पौडेलले प्रतिनिधिसभास्तोत्रम् २०६० मार्फत् आफूलाई मात्र नभई आफ्नो कर्मथलो हेटौंडालाई व्यङ्ग्य साहित्यमा कति गम्भीर र सशक्त छ भन्ने देखाइ दिएका छन् ।

(झ) विश्व शाक्यले मकवानपुर हेटौंडाबाट प्रकाशित **साहित्यिक कोशे ढुङ्गो** त्रैमासिक (वर्ष ९, अङ्क ८, पृष्ठ १४, २०६२ भदौ) मा *सक्कली अनुहार हेर्दा* शीर्षकमा

भूमिका बाँध्दै स्रष्टा पौडेललाई डाक्टर साहेबले शारीरिक रोगीहरूको रोगको निराकरणका साथै सामाजिक, राजनीतिक र सांस्कृतिक क्षेत्रमा भित्रसम्म फैलिएका अनैतिकता, भ्रष्टाचार र आतङ्कका जीवाणुहरूलाई पनि विनाश गर्न सक्ने एन्टिबायोटिक खुवाउँदै रहेका छन् भन्ने उल्लेख गरेका छन् ।

(ञ) गिरिजा अधिकारीले मकवानपुर हेटौंडाबाट प्रकाशित **साहित्यिक कोशेढुङ्गो** त्रैमासिक (वर्ष ९, अङ्क ४, पृष्ठ १४, २०६२ भदौ ३) को *प्रतिनिधिसभास्तोत्रम् माथि एक दृष्टि* शीर्षक लेखमा यस अघिका कृतिहरू भन्दा पढ्न लायकको भएको छ तर भने जस्तो अझै हुन सकेको छैन । अघिल्लो कृति प्रकाशन गरेर गुणात्मकता दिने तर्फ लेखक पौडेलले ध्यान पुऱ्याउनु पर्ने देखिन्छ भन्ने कुरा उल्लेख गरेका छन् ।

(ट) हरि मञ्जुश्रीले बनेपा, काभ्रेबाट प्रकाशित **वार्ता गीतिकाव्य** (२०६२) मा *सामयिकताको चित्र: जनभावनाको प्रतिनिधित्व* शीर्षक लेखमा सामयिकतालाई काव्यमा स्थान दिएर इतिहासको एउटा कालखण्डलाई भविष्यमा मूल्याङ्कन गरिने भूतकालको काव्यिक स्वरूप बनाएका छन् । पौडेलले यो विशेषता र यस्तो विशेष दक्षता उनमा अझै आइरहोस् तथा नेपालीको भावना यसै गरी उनीबाट काव्यमा सधैं छाइरहोस् भन्ने शुभेच्छा प्रकट गरेका छन् ।

(ठ) छविरमण सिलवालले मकवानपुर हेटौंडाबाट प्रकाशित **जनप्रहार** (वर्ष २२, अङ्क १२, पृष्ठ ८, २०६२ मंसिर २ गते बिहीबार) मा *वार्ता गीतिलहर भित्रको सन्देश* शीर्षकमा माया र प्रेमका मात्र गीत हुन्छन् भन्ने मान्यताबाट फरक रहेको '**वार्ता**' गीतिकाव्य पुस्तक राष्ट्र-राष्ट्रियताप्रति सोच्ने जो कोहीका लागि अमूल्य बन्न सक्छ भन्दै हास्य व्यङ्ग्य, यात्रा संस्मरण, कविता, काव्य, कथा आदि विधाहरूमा उनका कलम चलिरहेको छ, हेटौंडा बसे पनि उनको साहित्य रचनाहरू सन्देशमूलक भएर हामी माझ निरन्तर फैलिरहोस् भन्ने शुभेच्छा प्रकट गरेका छन् ।

(ड) मातृका पोखरेलले बनेपा काभ्रेबाट प्रकाशित **गोरू महापुराण** (२०६३ चैत) नामक हास्य व्यङ्ग्य महाकाव्यमा *गोरू महापुराण: गणतन्त्रको सपना* शीर्षक लेखमा पौडेलले नेपाली समाजको वास्तविक यथार्थलाई आफ्नो कृतिमा उल्लेख गरेका छन् जुन भविष्यको पुस्ताले राम्ररी बुझ्नेछन् भनी आफ्नो विचार राखेकाछन् ।

(ढ) बसन्त लामिछानेले मकवानपुर हेटौंडाबाट प्रकाशित **रूपकेशरी** पत्रिकामा (वर्ष २६, अङ्क २, पृष्ठ ४, २०६४ भदौ २४) *गोरू महापुराण हास्य व्यङ्ग्य (काव्य) हेर्दा*

शीर्षकमा कविको लेखाइमा व्यङ्ग्यको कमि नभएको तर हास्य भने कम पाइएको तथा धेरै जसो ठाउँमा साहित्यिक कलाभन्दा राजनैतिक भनाइकै बाहुल्यता पाइने कविका कृतिमा सामाजिक यथार्थको चित्रण गर्ने कविको कलम हास्य व्यङ्ग्य क्षेत्रमा अझ बढी तिखारियोस् भन्ने कामना गरेका छन् ।

(ण) विष्णुप्रसाद गौतमले **हाम्रो मातृभूमि** साहित्यिक त्रैमासिक पत्रिकामा (वर्ष ८, अङ्क ३, पृष्ठ १७, २०६७) *सुँगुरको महिमाको समीक्षा* शीर्षकमा भाव, भाषा, शैली, शिल्प आदि पक्षबाट युगीन विसङ्गतिहरू उधिन्न **सुँगुरको महिमा** काव्य ज्यादा सफल छ भन्दा अत्युक्ति नहोला भनेर उल्लेख गरेका छन् ।

माथिका विवरणबाट पौडेलको जीवनी, व्यक्तित्व र कृतित्वका सम्बन्धमा छिटफुट रूपले अध्ययन भएको देखिए पनि साङ्गोपाङ्ग रूपमा अध्ययन, अनुसन्धान भने भएको देखिँदैन । यसैले गणेशकुमार पौडेलको जीवनी, व्यक्तित्व र कृतित्वको समग्र रूपमा अध्ययन गर्न यो शोधकार्य गर्न लागिएको हो ।

## १.७ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधकार्यलाई सम्पन्न गर्नका निम्ति पुस्तकालको प्रयोग नै सामग्री सङ्कलन विधिको मूल आधार बनाइएको छ । यसका अतिरिक्त शोध निर्देशक, सम्बन्धित विशेषज्ञ, शोधनायक, प्राज्ञ, प्राध्यापक, अन्य विभिन्न साहित्यिक व्यक्तित्व आदिसँग सर-सल्लाह, भेटघाट, अन्तर्वार्ता, कुरियर, फोन गरी सूचना लिने कार्य समेत गरिएको छ ।

## १.८ शोध विश्लेषण विधि

साहित्यकार पौडेलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन गर्ने क्रममा, शोधविधिको आवश्यकता अनुसार वर्णनात्मक विवरणात्मक, परिचयात्मक तथा व्याख्यात्मक विधि अपनाइएको छ । जीवनीपरक समालोचनाका आधारमा जीवनीको अध्ययन र कृतित्वको सहकारीताबाट निर्मित उनको व्यक्तित्वका विभिन्न आयामहरू तथा कृति विश्लेषणका निम्ति समालोचनाका सामान्य सिद्धान्तलाई अँगालिएको छ । जीवनी खण्डमा स्वयम् अनुसन्धेय व्यक्तिको अन्तर्वार्ता र भेटघाटलाई मूलाधार मानिएको छ भने व्यक्तित्व खण्डमा अनुसन्धेय व्यक्तिको कृतित्वलाई मूलाधार मानिएको छ । यसै क्रममा कृति विश्लेषणका निम्ति काव्यका तत्त्वलाई आधार मानिने छ जसअनुसार शीर्षक, संरचना,

विषयवस्तु, भावविधान, भाषाशैली, जीवनदृष्टि, लयविधान र दृष्टिबिन्दु, छन्द रस र अलङ्कार, बिम्ब र प्रतीकलाई मूलाधार मानेर विश्लेषण गरिएको छ ।

## १.९ शोधपत्रको रुपरेखा

प्रस्तुत शोधपत्रको आन्तरिक संरचनालाई सुसङ्गठित र सुव्यवस्थित रूप दिनका लागि शोधपत्रलाई पाँच परिच्छेदमा विभाजन गरिएको छ ।

ती सबै परिच्छेदलाई दशमलव प्रणालीमा अङ्क मिलाई शीर्षक र उपशीर्षकमा विभाजन गरिएको छ । यस शोधपत्रको रूपरेखा यस प्रकार रहेको छः

(क) परिच्छेद एक : **शोध परिचय**

यस शीर्षक अन्तर्गत विषय परिचय, समस्याकथन, शोध कार्यको उद्देश्य, शोधको औचित्य, महत्त्व र उपयोगिता शोध कार्यको क्षेत्र र सीमा, पूर्वकार्यको विवरण र समीक्षा, सामग्री सङ्कलन विधि, शोध विश्लेषण विधि र शोधपत्रको रूपरेखा उपशीर्षक रहेका छन् ।

(ख) परिच्छेद दुई : **साहित्यकार गणेशकुमार पौडेलको जीवनीको अध्ययन**

यस शीर्षक अन्तर्गत पृष्ठभूमि वंश परम्परा-जन्म र नामकरण, बाल्यकाल-उपनयन र शिक्षा दीक्षा, वैवाहिक तथा पारिवारिक स्थिति, आर्थिक अवस्था र पेसा, सेवा, साहित्यिक र सामाजिक क्षेत्रमा प्रवेश, रुचि, अविस्मरणीय घटना, भ्रमण, सम्मान तथा पुरस्कार, प्रेरणाको स्रोत, चिन्तन-विचार र दर्शन र अन्त्यमा निष्कर्ष रहेका छन् ।

(ग) परिच्छेद तीन : **साहित्यकार गणेशकुमार पौडेलको व्यक्तित्वको अध्ययन**

यस शीर्षक अन्तर्गत पृष्ठभूमि, बाह्यव्यक्तित्व तथा आन्तरिक व्यक्तित्व अन्तर्गत विविध व्यक्तित्वहरू, जीवनी-व्यक्तित्व र साहित्यलेखनका बीच अन्तःसम्बन्ध र अन्त्यमा निष्कर्ष रहेका छन् ।

(घ) परिच्छेद चार : **साहित्यकार गणेशकुमार पौडेलको कृतित्वको अध्ययन**

यस शीर्षक अन्तर्गत नेपाली साहित्यमा गणेशकुमार पौडेलको आगमन र उनको साहित्ययात्रा, पौडेलका पुस्तकाकार कृतिहरूको अध्ययन, पौडेलका फुटकर लेख/रचनाहरूको विवरण, पौडेलको व्यक्तित्व र कृतित्वका बीच अन्तःसम्बन्ध र अन्त्यमा निष्कर्ष रहेकाछन् ।

(ङ) परिच्छेद पाँच : **उपसंहार र निष्कर्ष**

यस शीर्षक अन्तर्गत प्रत्येक परिच्छेदको निष्कर्ष र समग्र निष्कर्ष एवं उपसंहार प्रस्तुत गरिएको छ ।

यसरी प्रस्तुत शोधकार्यको पूर्वभाग र मध्यभागका साथै पश्चभागमा सन्दर्भग्रन्थ र परिशिष्ट समेत समावेश गरी साङ्गोपाङ्ग शोधपत्र प्रस्तुत गरिएको छ ।

## परिच्छेद : दुई

# साहित्यकार गणेशकुमार पौडेलको जीवनी

## २.१ पृष्ठभूमि

'सहित' शब्दमा (ब्यञ्/यत्) 'य' प्रत्यय लगाएर आदिवृद्धि गरी साहित्य शब्दको निर्माण हुन्छ ।[१] साहित्य हितकारी र लोकोपकारी हुनुपर्छ । यो रसिलो, गुनिलो र पोषिलो पनि हुनुपर्छ । भाषाको हार्दिक अभिव्यक्ति साहित्य हो अर्थात् शब्द र अर्थको सामञ्जस्यबाट प्राप्त हुने हार्दिक सन्तुष्टि नै साहित्य हो । साहित्य रचना गर्ने व्यक्ति कवि हो । कवि शब्दको प्रयोग सर्वेश्वर परमात्माका लागि भएको पाइन्छ । यसरी सबै जान्ने वा वर्णन गर्न सक्ने सर्वेसर्वा व्यक्तिको रूपमा कवि शब्दलाई लिइन्छ । ऋग्वेदमा कवि शब्द जगत् स्रष्टा ब्रह्मा वा ईश्वरकै पर्यायका रूपमा आएको छ । यसै भएर कविद्वारा रचित सिर्जनाहरू हितकारी हुन्छन् भन्न सकिन्छ अर्थात् सकल जगतको कल्याणकारी तत्त्व नै कविद्वारा सृजित परिकार हो ।[२] कुनै पनि व्यक्तिको जीवन यात्राका क्रममा घटित घटनाहरूको सङ्कलित रूप नै जीवनी हो ।[३] बाँचुञ्जेल गरेका कर्मको बयान वा जीवनचरित्रका रूपमा पनि जीवनीको परिभाषा रहेको हुन्छ ।[४] व्यक्तिको जीवनका विभिन्न आरोह अवरोहहरू व्यक्तित्वको निर्माण, उत्थान र पतनमा व्यक्तिको जीवनका घटना सन्दर्भहरू परिपूरक हुन्छन् । मनुष्यको जस्तो उत्कृष्ट चोला लिएर यस धर्तीमा आँखा खोलेपछि जीवन जिउने क्रममा आइपर्ने सुख-दुःख, आँसु-हाँसो जस्ता कुराहरूलाई आत्मसात गर्नैपर्दछ, यो सत्य र शाश्वत कुरा पनि हो । कसैको जिन्दगी पाइला-पाइलामा चुम्दै अग्रतातर्फ लम्किएको हुन्छ भने कसैको जीवनी हर मोड, हर क्षण घात-प्रति-घातको सिकार बनेर रूग्णता भित्र रूमलिएको हुन्छ । यस

---

१ विष्णुप्रसाद पौडेल, **संस्कृत काव्यशास्त्र**, (काठमाडौं: भुँडीपुराण प्रकाशन, २०५७), पृ. २५ ।

२ शिवहरि कोइराला, **साहित्यकार रहशर्माको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन**, अप्र. स्नातकोत्तर शोधपत्र, (चितवनः नेपाली विभाग, वी.ब.क्या. २०६५), पृ. ९ ।

३ मीनादेवी घिमिरे, **साहित्यकार रविकिरण निर्जीवको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, अप्र. स्नातकोत्तर शोधपत्र, (चितवनः नेपाली विभाग, वी.ब.क्या. २०५९), पृ. ११ ।

४ रामचन्द्र ढुङ्गाना (सम्पा.), **संक्षिप्त नेपाली कोश**, पाँचौं संस्क., (ललितपुरः साझा प्रकाशन, २०५७), पृ. १८५ ।

सम्बन्धी मूल्याङ्कन पद्धति आ-आफ्नै भएता पनि व्यक्तिको जीवन सामाजिक, साहित्यिक, प्राविधिक तथा अन्य क्षेत्रमा कति परिचालन भयो, त्यसैलाई मुख्य आधार बनाएर जीवनको सार्थकता निरर्थकताका बारेमा कित्ता निर्धारण गर्ने गरिन्छ ।[५] साहित्य सिर्जनामा लागेका स्रष्टाहरूको यो संसारबाट पञ्चतत्वको भौतिक शरीरले अन्त्येष्टि प्राप्त गरे पनि आफ्ना कृतिका माध्यमबाट युगौंसम्म बाँचिरहन सक्दछन् । सार्थक जीवन नै इहलोक र परलोकमा समेत अर्थपूर्ण र फलदायी हुन्छ भन्ने हाम्रो सनातन मान्यता रही आएको छ ।[६] यस खालको सार्थक जीवन नै विशिष्ट जीवन हुन्छ र सबैको चासो, चिन्तन, आदर्श, अनुकरण र श्रद्धाको केन्द्रबिन्दु बन्दछ । यस क्षेत्रमा समाहित व्यक्तिहरूको जीवनको भौतिक समाप्ति पछि पनि उनीहरू सबैका निम्ति स्मरणीय र प्रेरणाको स्रोत बन्दछन् । यिनै विविध क्षेत्रमध्ये विषयवस्तुको सन्दर्भानुसार साहित्यक्षेत्रलाई अँगाली सार्थक जीवनको अस्तित्वलाई संवरण गर्ने अनेक व्यक्तिहरू मध्ये गणेशकुमार पौडेल पनि एक हुन् । कुनै खास व्यक्तिको व्यक्तिगत जीवनका आन्तरिक र बाह्य चरित्रको चित्रण गर्नु नै जीवनीको मुख्य अभिप्राय भएकाले यसै विषयभूमिमा रहेर साहित्यकार गणेशकुमार पौडेलको व्यक्तिगत जीवनका विभिन्न उतार चढावहरूलाई केलाई आन्तरिक र बाह्य चरित्रका महत्त्वपूर्ण पक्षका बारेमा प्रस्तुत शोधपत्रमा चर्चा गरिएको छ ।

## २.२ वंशपरम्परा, जन्म र नामकरण

गणेशकुमार पौडेलका पुर्खाहरू पूर्वीनेपाल अन्तर्गत रामेछाप जिल्लाको सैंपु भन्ने ठाउँमा बसोबास गर्दै आएको पाइन्छ । गणेशकुमार पौडेलका नवौं पुस्ताका ऋषिकेश पौडेल जयप्रकाश मल्ल राजाका पालामा राजदरबारमा राजगुरुज्यूको पदमा रहेर काम गर्दै आएका तथा उक्त पदमा बसी निस्वार्थ सेवा गरेकाले राजा जयप्रकाश मल्ल खुशी भई सैंपु भन्ने जङ्गल क्षेत्र पुरस्कार स्वरूप बिर्ता दिएका थिए ।[७] यसरी उक्त जङ्गल फँडानी गरी बसोबास योग्य बनाई बस्न थालेको पाइन्छ । गणेशकुमार पौडेलको तीन पुस्तेमा वंशावली अनुसार

५ सीतादेवी पौडेल, **साहित्यकार हरिहर सविताको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, अप्र. स्नातकोत्तर शोधपत्र, (चितवनः नेपाली विभाग, वी.ब.क्या. २०६६), पृ. ८ ।

६ शिवहरि कोइराला, **साहित्यकार रह शर्माको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, अप्र. स्नातकोत्तर शोधपत्र, (चितवनः नेपाली विभाग, वी.ब.क्या. २०६५), पृ. १२ ।

७ शोधनायकसँगको मौखिक अन्तर्वार्ता अनुसार ।

प्रपितामह उमानाथ पौडेल, पितामह भवनाथ पौडेल तथा पिता खड्‌गबहादुर पौडेल रहेको जानकारी हुन आउँछ ।[८]

वि.सं. २०१० फागुन ७ गते रामेछापको सैंपुपुलमा जन्मिएका गणेशकुमार पौडेलको साहित्यिक कर्मथलो भने मकवानपुर हुन पुग्यो । आत्रेय गोत्र भएका पौडेलको रामेछापको सैंपुबाट बसाइ-सराइका क्रममा पूर्वी चितवनको जिरौनामा करीब १७-१८ वर्ष बसी हाल आएर मकवानपुरको वनसखण्डी मार्ग, हेटौंडा २ मा बसोवास गर्दै आएका छन् । पिता खड्‌गबहादुर पौडेल तथा माता विष्णुमाया पौडेलका छोरा गणेश एक्लो सन्तान हुन् । उनको जन्मकुण्डलीको नाम पनि गणेश नै रहेको तथा घरमा बोलाउँदा गोपाल भन्ने गरेको कुरा अवगत भएको छ । घरमा बोलाउने नाम जे भएपनि खास गरी नेपाली नागरिकताको प्रमाणपत्रमा उल्लिखित आधिकारिक नाम चाहिँ गणेशकुमार पौडेल नै हो ।[९]

## २.३ बाल्यकाल, उपनयन र शिक्षादीक्षा

पिता खड्‌गबहादुर पौडेल तथा माता विष्णुमाया पौडेलका एक्लो सन्तानका रूपमा जन्मेका गणेशको बाल्यकाल तीनवर्षसम्म मातापिता दुवैको तथा त्यस पश्चात् पिताको निधन भएकाले माताको लालनपालनमा बितेको पाइन्छ । पाँच वर्षको उमेरसम्म आफ्नो जन्मथलो रामेछापको सैंपुमा हाँस-खेल गर्दै डुल्दै-फिर्दै व्यतीत भएको तथा आफ्ना सँगी, साथी, दौंतरी र बाल सखाहरूसँग पाँच वर्षको उमेरमै आफ्नो जन्मथलो छोडी पूर्वी चितवनको जिरौनामा आई सत्र-अठार वर्षसम्म बसोबास गरेको पाइन्छ । वि.सं. २०२७ सालमा जिरौना स्थित घरमै हिन्दू संस्कार अनुरूप गणेशकुमारको चूडाकर्म अर्थात् उपनयन संस्कार धूमधामले सम्पन्न भएको पाइन्छ ।[१०]

मामाहरूको सहयोगमा अलि-अलि घरमै लेखपढ गर्न सिकेर कक्षा पाँचबाट औपचारिक अध्ययनको सुरूवात गरेको पाइन्छ । चौध-पन्ध्र वर्षको उमेरमा कक्षा पाँच अर्थात् प्राथमिक शिक्षा उत्तीर्ण गरेका गणेश कक्षा छ भने टाँडीको नेपाल हाइस्कूलमा उत्तीर्ण भएपछि कक्षा सात, आठ, नौ र दश चितवनकै नारायणी रात्रि मा.वि.मा पढ्ने अवसर प्राप्त गरेका थिए । तिनताका त्यहाँ बेलुकामा पढाइ हुने भएकाले स्कूल नजिकै डेरा

---

८ पुण्यप्रसाद पौडेल, *गोल्डमेडलिस्ट डा. गणेशकुमार पौडेल,* **आत्रेयदेखि पौडेलसम्म सैंपु अवस्थली**, (काठमाडौंः शब्दघर अपसेट प्रेस, २०६४), पृ. ३३३

९ श्रीमती राधा पौडेलसँगको मौखिक अन्तर्वार्ता अनुसार ।

१० शोधनायकसँगको मौखिक अन्तर्वार्ता अनुसार ।

लिई बस्न बाध्य पौडेलले पहिलो पटक वि.सं. २०२८ सालको प्रवेशिका परीक्षामा अनुत्तीर्ण भएपछि पुनः २०३५ सालमा प्राइवेट दिएर उत्तीर्ण गरेको जानकारी शोधनायकबाटै प्राप्त भएको छ । जागिरे जीवन भएकाले आफ्नो अध्ययनलाई निरन्तरता नदिए पनि पछि गएर भारतको सरस्वती साहित्य महाविद्यालयबाट प्रवीणता प्रमाणपत्र तह (इ.सं. १९८६) तथा स्नातक तह (इ.सं. १९८८) को स्व अध्ययन गरी परीक्षा दिएर प्रमाणपत्र हासिल गरेको कुरा शोधनायकबाटै थाहा हुन आउँछ । यस पछि पनि उनले एम.बी.इ.एच. (इ.सं. १९९३), एम.डी.इ.एच. (इ.सं. १९९५), पी.एच.डी. (इ.सं. २००२), डी.एस.सी. (इ.सं. २००७) गरेका छन् ।[११]

## २.४ वैवाहिक तथा पारिवारिक स्थिति

ओखलढुङ्गाको चुप्लु भदौरेबाट मकवानपुरको हेटौंडा-२, बनसखण्डी मार्गमा बसाईं सरेका प्रेमबहादुर कार्की र शान्तिदेवी कार्कीका पाँच सन्तान एक छोरा र चार छोरी मध्ये माइली छोरी राधा कार्कीसँग २०३४ सालमा गणेशकुमार पौडेल वैवाहिक सूत्रमा आबद्ध भएका हुन् ।[१२] त्यति बेला यिनी चौबीस वर्षका थिए । हाल पौडेलका दुई छोराहरू छन् । दुवै छोरा गौरब र सौरभ क्रमशः यूरोप र अमेरिकामा रहेको जानकारी हुन आउँछ । जेठा छोरा गौरब विगत तीन वर्षदेखि यूरोपमा बस्दै आएका छन् भने कान्छा छोरा सौरभ पढ्ने सिलसिलामा अमेरिका गएका छन् । उनले इलेक्ट्रोनिक इञ्जिनियरिङ्गमा स्नातकोत्तर तह पूरा गरी जागिरे जीवन व्यतित गरी बसेको जानकारी शोधनायकबाटै प्राप्त भएको छ । जेठा छोरा गौरबको विवाह भएको छैन अर्थात् एक्लै वैदेशिक रोजगारमा लागेका छन् भने कान्छा छोरा सौरभ आफूसँगै पढ्ने साथीसँग प्रेम विवाह गरी दुवै जना विगत चार वर्षदेखि अमेरिका बस्दै आएको जानकारी पाइन्छ । परिवारका सदस्यमा आफू पनि एक्लो छोरो तथा आफ्ना पिता पनि एउटै छोरा तथा पितामह दुई जना दाजुभाइ रहेको कुरा शोधनायकबाटै थाहा हुन्छ । आफू तीन वर्षको हुँदा वि.सं. २०१३ सालमा पिता खड्गबहादुर पौडेलको तथा २०५८ सालमा माता विष्णुमाया पौडेलको पनि निधन भएको हो । दुई छोरा र एउटी बुहारी पनि बाहिर भएकाले गणेशकुमार पौडेल र उनकी श्रीमती राधा मात्र घरमा बस्दै आएको जानकारी प्राप्त भएको छ ।

---

११ शोधनायकसँगको लिखित अन्तर्वार्ता अनुसार ।

१२ श्रीमती राधा पौडेलसँगको मौखिक अन्तर्वार्ता अनुसार ।

## २.५ आर्थिक अवस्था र पेसा

मध्यम वर्गीय किसान परिवारमा जन्मेका गणेशकुमार पौडेलका पुर्खाहरूको पेसा खेतीपाती बाहेक नोकरी तथा यदाकदा व्यापार व्यवसायमा संलग्न भएको जानकारी पाइन्छ । विशेष गरी पुर्खाहरूको पेसा खेती किसान र घर गृहस्थी नै भएकाले पौडेलले बालककाल देखि नै घरायसी कामकाजमा सघाउँदै आएको जानकारी पाइन्छ तर हाल पौडेल नोकरीमा संलग्न रहेको पाइन्छ । पुर्ख्यौली पारिवारिक स्थिति जे जस्तो भएतापनि हाल पौडेलको आर्थिक अवस्था अत्यन्त राम्रो छ । छोटो छरितो परिवार त्यसैमा पनि खेतीयोग्य प्रशस्त जग्गा जमिन, हेटौंडामा राम्रा मध्ये गनिने साढे दुई तलाको राम्रो ठूलो घर, सवारीका लागि निजी मोटरबाइक, आफू व्यवसायका हकमा जागिरे, छोराहरू आयआर्जनका निम्ति युरोप तथा अमेरिकामा भएकाले उनको आर्थिक अवस्था अत्यन्त राम्रो छ ।[१३]

पेसाका हकमा पौडेल वि.सं. २०२८ सालदेखि मुखियास्तरको नोकरीबाट पदोन्नति हुँदै जाँदा खरदार, ना.सु. हुँदै हाल अधिकृत स्तरको सातौं तहमा जिल्ला जनस्वास्थ्य कार्यालय हेटौंडामा कार्यरत छन् ।[१४] तसर्थ उनको आर्थिक अवस्था उच्चस्तरको भएको जानकारी पाइन्छ ।

## २.६ सेवा

वि.सं. २०२८ मा लोकसेवा आयोग पहिलो पटकमै पास गरेपछि मुखिया पदमा काठमाडौंका लागि नियुक्ति लिई पौडेलले सरकारी सेवाबाट सेवा आरम्भ गरेको थाहा हुन्छ तर विभिन्न स्वास्थ्य सम्बन्धी नौ हप्ते, सात हप्ते, छ हप्ते, पाँच हप्ते जस्ता तालिमहरू गरेकाले २०२८ सालदेखि नै स्वास्थ्य सहायक (मुखिया) सरहको नियुक्ति पाई सेवा गरेको एकवर्ष पछि काठमाडौंबाट चितवन सरुवा भयो । तत्पश्चात् २०३२ सालमा इन्टरमिडियड सुपरवाइजर अर्थात् खरदार पदमा पदोन्नति भई चितवनबाट मकवानपुरको हेटौंडामा सरुवा भयो जहाँ चार वर्षसम्म बसेर सेवा गरेपछि पुनः २०३६ सालमा परिवार नियोजन सहायक अर्थात् ना.सु.को पदमा बढुवा हुँदा सरुवा भई कास्कीको पोखरामा जाने अवसर प्राप्त भयो । २०३९ सालमा पोखराबाट पाल्पाको तानसेनमा सरुवा भई त्यहाँबाट पुनः काठमाडौं सरुवा भयो । २०४१ सालमा त्यहाँबाट पनि सरुवा हुँदै मकवानपुरको हेटौंडा हुँदै पाल्पासम्म पुगे ।

---

१३ रेवतीरमण चौलागाईसँगको मौखिक अन्तर्वार्ता अनुसार ।
१४ शोधनायकसँगको मौखिक अन्तर्वार्ता अनुसार ।

त्यसपछि २०४२ सालदेखि हालसम्म हेटौंडाको मकवानपुरमा कार्यरत पौडेलको २०५६ सालमा अधिकृत छैठौं तहमा तथा २०६४ सालमा अधिकृत सातौं तहमा पदोन्नति भई हाल जिल्ला जनस्वास्थ्य कार्यालय हेटौंडामा कार्यरत छन् ।[१५] यसरी विभिन्न समयमा विभिन्न स्थानमा भिन्न भिन्न पदमा रहेर कार्यरत पौडेलले सेवा गरेको पाइन्छ ।

यसरी हेर्दा सरकारी सेवामा मुखिया पदको जिम्मेवारी सम्हाल्दै तथा विभिन्न समयमा भिन्न-भिन्न पदमा अलग-अलग कार्यालयहरूमा सेवा प्रदान गर्दै वर्तमानमा अधिकृत सातौं तहमा रही स्वास्थ्य सम्बन्धी सेवा गर्दै आफ्नो व्यक्तित्वलाई अझ खार्नमा र परिपक्व पार्नमा सहायता मिलेको पौडेल स्वयम्बाट जानकारी मिल्दछ ।[१६]

## २.७ साहित्यिक र सामाजिक क्षेत्रमा प्रवेश

गणेशकुमार पौडेल बीसको दशकको पूर्वार्द्धतिरबाटै साहित्य सिर्जन कार्यमा लागेका हुन् । हेटौंडाबाट प्रकाशित **परिवार नियोजन स्मारिका**मा २०२५ सालमा प्रकाशित *पाँच अरबको संसार* नामक कविता प्रकाशन गरेर यिनी नेपाली साहित्यमा प्रवेश गरेका हुन् ।[१७] यस पछिका दिनमा हालसम्म यिनका नौओटा पुस्तकाकार कृति र विभिन्न पत्रपत्रिकामा थुप्रै फुटकर लेख/रचनाहरू प्रकाशित छन् ।

साहित्य सर्जक व्यक्तित्वका अलावा पौडेल समाज सेवाको भावबाट अभिप्रेरित सामाजिक व्यक्तित्व पनि हुन् । आफ्नो जीवन व्यक्तिगत स्वार्थपूर्तिमा मात्र नखर्चिई सामाजिक हित, भलाई र कल्याणमा पनि समर्पण गर्नुपर्छ भन्ने पौडेलको दृढ अभिमत छ ।[१८] पौडेल मुख्यतः स्वास्थ्य सम्बन्धी क्षेत्रमा जागिरे भएता पनि साहित्यिक तथा सामाजिक क्षेत्रका विविध संघ संस्थामा आबद्ध भई समाज सेवाका विभिन्न क्षेत्रमा सक्रियताका साथ क्रियाशील भई पौडेलले योगदान पुऱ्याइ रहेको देखिन्छ ।

### २.७.१ साहित्यिक क्षेत्रमा भएका कार्यहरु

गणेशकुमार पौडेलको साहित्यिक क्षेत्रमा रहेको योगदान अनुकरणीय र महत्त्वपूर्ण छ । राजनैतिक, साहित्यिक, सामाजिक तथा प्राविधिक गरी कार्यक्षेत्र विभिन्न थरी भएता पनि

---

१५ शोधनायकसँगको लिखित अन्तर्वार्ता अनुसार ।

१६ शोधनायकसँगको लिखित अन्तर्वार्ता अनुसार ।

१७ नारायणप्रसाद चापागाई, *अतीतलाई फर्केर हेर्दा कविता सङ्ग्रह एक झलक*, **कुराकानी साप्ताहिक**, (वर्ष ४, अङ्क ३९, २०५७ पौष १७ गते सोमबार) पृ. ३

१८ सुशिला पाण्डेसँगको मौखिक अन्तर्वार्ता अनुसार ।

सबै क्षेत्रमा अत्यन्तै समानान्तर गतिमा पौडेल अगाडि बढीरहेकै छन् । विद्यार्थी जीवनदेखि नै कविता लेख्न थालेका पौडेल आफ्ना गुरूवर्ग तथा अग्रज दाजुहरूबाट प्रेरणा प्राप्त गरी हाल महाकाव्य समेत लेख्दै आएका छन् ।[१९] राष्ट्रिय परिवेश, जीवन जगतको उतार चढावका क्रममा देखिने भोगिने र वातावरणको दृश्यावलोकन पश्चात मनमा पैदा हुने अनुभूतिबाट यिनी साहित्य सृजन कार्यमा लागेको थाहा हुन्छ । यसैको प्रतिफल स्वरूप हालसम्म पौडेलका निम्नानुसारका नौवटा पुस्तकाकार कृति प्रकाशित भइसकेका छन्-

(क) **अतीतलाई फर्केर हेर्दा** (कविता सङ्ग्रह २०५६)

(ख) **मन्त्रीपुराण** (हास्यव्यङ्ग्य सङ्ग्रह २०५६)

(ग) **बंगलादेशको सफर** (यात्रा संस्मरण २०५७)

(घ) **बूढो गोरूले ओगटेको गाई** (हास्यव्यङ्ग्य सङ्ग्रह २०५७)

(ङ) **देवका पनि देव भ्रष्टेश्वर महादेव** (पाल्सी काव्य २०५८)

(च) **प्रतिनिधि सभास्तोत्रम् २०६०** (व्यङ्ग्यसूक्ति सङ्ग्रह २०६१)

(छ) **वार्ता** (गीतिकाव्य २०६२)

(ज) **गोरू महापुराण** (हास्यव्यङ्ग्य काव्य २०६३)

(झ) **सुँगुरको महिमा** (महाकाव्य २०६७)

माथि उल्लिखित कृतिहरूलाई मोटामोटी रूपमा वर्गीकरण गर्दा हास्यव्यङ्ग्य, कविता, महाकाव्य, गीतिकाव्य, यात्रा संस्मरण विधामा उक्त कृतिहरू रहेका देखिन्छन् । त्यस्तै स्थानीय एवं राष्ट्रिय स्तरका विभिन्न पत्रपत्रिकाहरूमा पौडेलले थुप्रै फुटकर कविता, मुक्तक, गीत, गजल, कथा, निबन्ध विधामा कलम चलाएको पाइन्छ । प्रकाशोन्मुख अवस्थामा रहेका पौडेलका **के मतलव** (महाकाव्य), **लघुकथा सङ्ग्रह** तथा **महाकवि लक्ष्मीप्रसाद देवकोटाको जीवनवृत्त** प्रकाशोन्मुख अवस्थामा रहेका छन् भने **जय सरुवा** र **शास्त्र भित्रका कुरा** चाहिँ अप्रकाशित अवस्थामा रहेका छन् ।[२०]

यस प्रकार पौडेलका उपर्युक्त साहित्यिक कृति र फुटकर लेखहरूको लेखनक्रम उपर दृष्टिपात गर्दा उनको लेखन कार्यले निरन्तरता र गतिशीलता प्राप्त गरेको प्रमाणित हुन्छ । त्यस्तै विभिन्न साहित्यिक, संघ संस्थामा आबद्ध भई साहित्योत्थानमा यिनले यथेष्ट मद्दत पुऱ्याइरहेको देखिन्छ, जुन निम्नानुसार छन् -

---

१९ शोधनायकसँगको लिखित अन्तर्वार्ता अनुसार ।
२० श्रीमती राधा पौडेलसँगको मौखिक अन्तर्वार्ता अनुसार ।

वि.सं. २०४६ देखि हालसमम साहित्यसंगम मकवानपुरका सदस्य तथा निवर्तमान उपाध्यक्षको पदमा छन् भने वि.सं. २०५५ सालदेखि हालसम्म सिस्नुपानी नेपाल हेटौंडाका सम्मानित सदस्य तथा हाल अध्यक्ष भई काम गर्दै आएका छन् ।[२१] त्यस्तै वि.सं. २०५८-१२-१० देखि हालसम्म जनमत साहित्यिक मासिक पत्रिकाका संरक्षक तथा मकवानपुर प्रतिनिधिका रूपमा रहँदै आएका छन् भने वि.सं. २०६४ देखि हालसम्म भीम विराग सङ्गीत साहित्य कला प्रतिष्ठानका विशिष्ट आजीवन सदस्य तथा हाल कार्य सचिवका रूपमा रहेका छन् ।[२२]

त्यस्तै २०२९ देखि ३०३२ सम्म नारायणी कला मन्दिर, नारायणगढ चितवन, २०४६ देखि हालसम्म प्रगतिशील लेखक संघ, २०५९ देखि हालम्म राष्ट्र अभियान पत्रिका, २०५६ देखि हालसम्म सिर्जना नाट्य समूह, २०६१ देखि हालसम्म गजल मञ्च हेटौंडाका साधारण सदस्य रहेका छन् भने २०५४ सालदेखि सागर साहित्यिक त्रैमासिक, २०५५ देखि मकवानपुर सांस्कृतिक कला केन्द्र, २०५९ देखि मातृभूमि साहित्य समाज, २०६० देखि झरना साहित्यिक परिवार तथा २०६५-८-५ देखि नेपाल स्रष्टा समाज मकवानपुरका आजीवन सदस्य रहेका छन् ।[२३] यसका अलावा दीपशिखा साहित्यिक त्रैमासिक (२०५३), जनस्वास्थ्य दीप स्मारिका (२०६२), इन्द्र सरोवर स्मारिका (२०६२) (२०६३), सुस्वास्थ्य मासिक (२०६५) (२०६६) मा सम्पादन समेत गरेका छन् ।

यस प्रकार साहित्यका विविध विधामा गरी नौ ओटा कृति र विभिन्न पत्रपत्रिकाहरूमा थुप्रै लेख रचनाहरू प्रकाशनका साथ विभिन्न साहित्यिक संघसंस्थामा समेत क्रियाशील भई नेपाली साहित्यको फाँटमा पौडेलले योगदान पुऱ्याइ रहेका छन् ।[२४]

## २.७.२ सामाजिक क्षेत्रमा भएका कार्यहरु

जीवन यापनको क्रममा आफू जागिरे भए पनि बाँकि समयमा गणेश पौडेल सामाजिक कार्यहरूमा दत्तचित्त रही आत्मसन्तुष्टि लिने गर्दछन् । धेरै सामाजिक सङ्घसंस्थामा आबद्ध पौडेलले आफ्नो सरल, शिष्ट, भावुक र उदार व्यक्तित्वलाई सामाजिक सङ्घसंस्था मार्फत अझ उद्दीप्त पार्दै अगाडि बढाइरहेको पाइन्छ । बाल्यकालदेखि कै पौडेलको

२१ सन्देश संवाददाता, *सिस्नुपानीको अध्यक्षमा पौडेल,* **हेटौंडा सन्देश**, (वर्ष ८ अङ्क १४, २०६५ फागुन १८ गते आइतबार), पृ. १ ।

२२ भीम विरागसँगको मौखिक अन्तर्वार्ता अनुसार ।

२३ सन्देश संवाददाता, *सिस्नुपानीको अध्यक्षमा पौडेल,* **हेटौंडा सन्देश**, (वर्ष ८ अङ्क १४, २०६५ फागुन १८ गते आइतबार), पृ. १ ।

२४ शोध अनुसन्धानबाट प्राप्त जानकारी ।

सामाजिक क्रियाकलापलाई यहाँ अभिलेखीकरण गर्न नसकिए पनि पछि आएर उनले ठूलो योगदान पुऱ्याएको प्रसङ्गबाट उनको सामाजिक क्षेत्रमा भएका कार्यहरूको विवरण तल उल्लेख गरिएको छ ।

वि.सं. २०३८ देखि हालसम्म नेपाल स्वास्थ्य प्राविधिक सङ्घ मकवानपुरका आजीवन सदस्य तथा पूर्व सल्लाहकार हुन् भने २०३९ देखि हालसम्म नेपाल परिवार नियोजन सङ्घका आजीवन सदस्य र हेटौंडामा शाखा खोले देखि पदेन सदस्यका रूपमा रहँदै आएका छन् । त्यस्तै २०४६-२०४८ सम्म नेपाल निजामति कर्मचारी सङ्गठनका सदस्य तथा निवर्तमान उपाध्यक्षका रूपमा कार्यभार सम्हाल्दै आएका छन् । २०५० देखि अल नेपाल इलेक्ट्रो होमियो एसोसिएसनका आजीवन सदस्य तथा हाल महासचिव नियुक्त भएका छन् भने २०५६ वनसखण्डी मन्दिरको संरक्षण समितिका आजीवन सदस्य तथा पूर्व कोषाध्यक्षको पदमा कार्यरत थिए । त्यस्तै २०६० देखि हालसम्म सेतो गुँरास सामाजिक संस्थाका उपाध्यक्ष हुन् भने २०६२ देखि हालसम्म वृद्धवृद्धा सेवा केन्द्रका सदस्य तथा हाल कार्यवाहक उपाध्यक्षका रूपमा काम गर्दै आएका छन् । पतञ्जली योग समिति हरिद्वार, जिल्ला शाखा नेपाल (मकवानपुर) २०६४ देखि हालसम्म उपाध्यक्षका रूपमा पदासीन छन् भने अन्य विभिन्न सङ्घ संस्थाहरूमा कतै आजीवन त कतै साधारण सदस्यका रूपमा काम गर्दै आफूलाई सामाजिक व्यक्तित्वका रूपमा परिचित गराएका छन् ।[२५]

सामाजिकताले ओतप्रोत गणेशकुमार पौडेलले निस्वार्थ भावले विभिन्न सामाजिक सङ्घ संस्थामा सेवा गर्दै आएका छन् । यस प्रकार सामाजिक सङ्घ संस्थामा काम गर्दा कतै आजीवन सदस्य, कतै पदेन सदस्य, कतै अध्यक्ष त कतै उपाध्यक्षको पद सम्हाल्दै आएका पौडेलले सामाजिक क्षेत्रमा पनि आफ्नो उल्लेख्य भूमिका निर्वाह गरेका छन् । उनले गरेका सामाजिक कार्यहरू अरूका निम्ति प्रेरणाको स्रोत बन्न सक्ने देखिन्छ । यस प्रकार सामाजिक क्षेत्र वा सङ्घ संस्थामा उनको ठूलो योगदान रहेको छ ।

## २.८ रुचि

साहित्य सर्जक व्यक्तित्व भएका पौडेल सानै उमेरदेखि कविताहरू लेख्नमा अग्रसर भइरहन्थे । विद्यार्थी जीवनमा विद्यालयमा हुने कार्यक्रमहरूमा पनि गीत, कविताहरू लेखेर वाचन गर्थे जसमा प्रायः पुरस्कारको भागिदार उनी नै हुने गर्थे । स्कूलको वार्षिकोत्सवमा

२५ शोध अनुसन्धानबाट प्राप्त जानकारी अनुसार ।

गीत, कविताहरू सुनाएर प्रथम स्थान हासिल गर्नु उनको रुचिको विषय नै बनेको थियो । तत्पश्चात अन्यत्र सामाजिक क्षेत्रमा पनि एवंरीतले उनको गीत तथा कविता वाचनमा रुचि बढ्दै गएको पाइन्छ ।

सादा जीवन उच्च विचारप्रति आस्था राख्ने पौडेल खानामा साधारण दाल, भात, तरकारी, दूध, दही तथा सागपातमा विशेष गरी फर्सीको मुन्टा नै बढी मन पराउँछन् । देश अनुसारको भेष भने झैं साहित्यिक कार्यक्रमहरूमा दौरा सुरुवाल तथा अन्यत्र विवाह पार्टी, सेमिनारहरूमा सुट लगाउनु नै गणेशको रुचिको विषय हो ।[२६] नेपाली साहित्यका विविध विधामा पौडेललाई सबैभन्दा बढी कविता विधा नै मन पर्ने तथा स्वदेशी पुस्तकमा **मुनामदन** र विदेशी पुस्तकमा **मधुशाला** नामक पुस्तक मन पर्छ भने आफूले जन्माएका कृतिहरू मध्ये सबैभन्दा मन परेको **वार्ता** गीतिकाव्य नै हो भन्ने जानकारी हुन आउँछ । त्यस्तै मन पर्ने स्वदेशी साहित्यकारमा लक्ष्मीप्रसाद देवकोटा र विदेशी साहित्यकारमा विलियम वर्डस्वर्थ हुन् भने मन पर्ने गायककार स्वर सम्राट नारायण गोपाल हुन् ।[२७] शान्तिको प्रतीक आकासी नीलो मन पराउनु कविताहरू लेखी रहनु पौडेलका अम्मल या भनौं रुचि नै हुन् ।

यसरी हेर्दा बाल्यकाल देखिकै रुचि लेख्नु, पढ्नु र गीत गाउनु सादाजीवन उच्च विचार मन पराउनु **मुनामदन** अनि **मधुशाला** जस्ता स्वदेशी तथा विदेशी पुस्तकहरू पढ्न मन पराउनु गणेश पौडेलका रुचि अन्तर्गत पर्दछन् ।

## २.९ अविस्मरणीय घटना

मनुष्यको जीवनयापनका क्रममा कहिलेकाहीँ यस्ता घटनाहरू घट्दछन् जुन घटनाक्रमले व्यक्तिको मनस्थितिमा लामो समयसम्म प्रभाव पारिरहेको हुन्छ । व्यक्ति विशेषको जीवनमा विभिन्न समयमा भिन्नभिन्न किसिमले असाधारण रूपमा घट्ने घटनाहरू वास्तवमा जीवनभरका लागि अविस्मरणीय हुने गर्दछन् । त्यस्तै यहाँ गणेशकुमार पौडेलका जीवनमा घटेका केही अविस्मरणीय घटनाहरूको चर्चा गरिएको छ ।

---

२६ श्रीमती राधा पौडेलसँगको मौखिक अन्तर्वार्ता अनुसार ।
२७ शोधनायकसँगको मौखिक अन्तर्वार्ता अनुसार ।

### २.९.१ रोचक घटना

वि.सं. २०३१ सालमा नारायणी कला मन्दिरको आयोजनामा आफ्नै भवनमा सांस्कृतिक कार्यक्रम राखिएको थियो । उक्त कार्यक्रम समापन पश्चात दियालो बङ्गालामा आई बसेका राजा वीरेन्द्र तथा रानी ऐश्वर्यसँग गणेशकुमार पौडेलको भेटघाट भएको थियो । भेटघाट भएको क्षण गणेशकुमार पौडेलको स्मरणमा अझै पनि ताजा रहेको छ । रहस्यमय दरबार काण्डमा राजपरिवारको दुःखद निधनले पनि उक्त स्मरणलाई अझ ताजा बनाउन सहयोग पुऱ्याएको पाइन्छ ।[२८]

### २.९.२ रमाइलो क्षण

साहित्यप्रति विशेष लगाव भएका गणेशकुमार पौडेल वि.सं. २०६० सालमा राष्ट्रकवि माधवप्रसाद घिमिरेसँग लमजुङ्गको बेसी सहरमा तीन दिनसम्म सँगै कुराकानी गरेर बसेको क्षणलाई आफ्नो मानसपटलमा अझै पनि तरोताजा रहेको तथा अविस्मरणीय रहेको जानकारी स्वयम् पौडेलबाट प्राप्त हुन आउँछ ।

### २.९.३ स्मृतिको क्षण

वि.स.. २०६४ साल माघ सत्र गते वरिष्ठ सङ्गीतकार अमर गुरुङ् र साहित्यकार कमलमणि दीक्षितसँग वनसखण्डी मन्दिरको भ्रमण र भलाकुसारीको क्षण गणेश पौडेलको स्मृतिमा आज पनि ताजा रहेको छ ।[२९]

## २.१० भ्रमण

मातृभूमिको सबै भू-भागप्रति अत्यन्तै प्रेम दर्साउने पौडेलले समय र परिस्थितिका कारण मुलुकका केही भूभागको अवलोकन गरेका छन् । पूर्व रामेछापमा जन्मिएका पौडेल जागिरको सिलसिलामा चितवन, काठमाडौं, तनहूँ (दमौली), कास्की (पोखरा), पाल्पा (तानसेन), मोरङ, सिराहा, सप्तरी, धनुषा, धनकुटा, सुनसरी, बारा, पर्सा, रौतहट, मकवानपुर, भक्तपुर, काभ्रे, गोरखा, लमजुङ, स्याङ्जा, रूपन्देही आदि ठाउँमा भ्रमण गरेका

---

२८ शोधनायकसँगको लिखित अन्तर्वार्ता अनुसार ।

२९ प्रयास संवाददाता, *संगीतकार तथा साहित्यकारसँगको कुराकानी,* **प्रयास** साप्ताहिक, (वर्ष २३, अङ्क ३७, २०६४ माघ १८ गते बिहीबार), पृ. ५ ।

छन् भने मेची अञ्चलको पाँचथर, इलाम, झापा, महाकाली अञ्चलको कैलाली, कञ्चनपुर पुगेका छन् । यसका अतिरिक्त भारत, भूटान र बंगलादेशको भ्रमण गरेका पौडेल भारत र भूटानको पासपोर्ट भिसा नचाहिने हुँदा पटक पटक भ्रमण गरेका छन् भने सरकारले नै परिवार नियोजन व्यवस्थापन तालिमका लागि पठाएको हुँदा बंगलादेशको भ्रमण गर्ने अवसर पाएको जानकारी स्वयम् पौडेलले गराएका छन् ।

## २.११ सम्मान तथा पुरस्कार

कुनै पनि व्यक्तिको कार्यको मूल्याङ्कन गरी उत्कृष्टताको आधारमा उसलाई थपबल, प्रोत्साहन तथा प्रेरणा मिलोस् भन्ने उद्देश्यले दिइने भौतिक तथा भावनात्मक उपहार तथा सम्मानलाई नै सामान्य अर्थमा पुरस्कार भन्ने गरिन्छ ।[३०] कवि गणेशकुमार पौडेल पनि यस्तै साहित्यिक प्रतिभा मध्यका एक हुन् । स्कुले जीवनदेखि साहित्य साधनातिर उन्मुख पौडेलले थुप्रै गीत तथा कविताहरू लेखेर सबैलाई चकित पार्दथे । हुने विरुवाको चिल्लो पात भनेझैं सानै उमेरदेखि गीत तथा कविताहरू लेख्दै आएका पौडेलका साहित्येतर सातओटा स्वास्थ्य सङ्ग्रह तथा नौओटा पुस्तकाकार साहित्यिक कृतिहरू प्रकाशित भइसकेका छन् भने थुप्रै फुटकर लेख रचनाहरू तथा अप्रकाशित र प्रकाशोन्मुख कृतिहरू रहेका छन् । प्रतियोगितात्मक साहित्यिक कार्यक्रमहरूमा पनि उनी धेरै ठाउँमा सम्मानित तथा पुरस्कृत भएको पाइन्छ ।[३१] उनले प्राप्त गरेका सम्मान तथा पुरस्कारहरू तल उल्लेख गरिएको छ -

नारायणी मा.वि.को वार्षिकोत्सवको उपलक्ष्यमा भएको कविता प्रतियोगिता (२०२७) मा प्रथम, गीत प्रतियोगिता (२०२७) मा श्रेष्ठ तथा पुनः कविता प्रतियोगिता (२०२९) मा प्रथम स्थान हासिल गरेका छन् । त्यस्तै साहित्य संगम मकवानपुरको १८औं सन्ध्याको कविता प्रतियोगिता (२०३९) मा प्रथम, १९औं सन्ध्याको कविता प्रतियोगिता (२०३९) मा पनि प्रथम स्थान नै प्राप्त गरेका छन् ।

सहिद स्मारक विकास समितिले सहिद दिवसको अवसरमा भएको कविता गोष्ठी (२०५३) मा सान्त्वना तथा सहिद मनोज झपेन्द्रको पाचौं पुण्य स्मृतिको कवि गोष्ठी प्रतियोगिता (२०५३) मा प्रथम भएको जानकारी प्राप्त भएको छ । त्यस्तै प्रतिभा सांस्कृतिक

---

३० बुद्धिनाथ अधिकारी, **रमेश गोर्खालीको जीवनी, व्यक्तित्व र कृतित्वको विश्लेषण र मूल्याङ्कन**, अप्र. स्नातकोत्तर शोधपत्र (चितवनः नेपाली विभाग, वीरेन्द्र ब. क्या. २०५६), पृ. १९ ।

३१ शोधनायकसँगको मौखिक अन्तर्वार्ता अनुसार ।

समूहको हास्यव्यङ्ग्य कविता प्रतियोगिता (२०५३) मा प्रथम भएका छन् भने कविवर भूपालसिंह नेपालीको पुण्यस्मृतिको कवि सम्मेलन (२०५४) मा पनि प्रथम स्थान हासिल गरेका छन् । वीरगञ्ज साहित्य परिषद पर्साबाट प्रथम वार्षिक साधारण सभा राष्ट्रिय कवि गोष्ठी (२०५५) मा पौडेललाई सम्मान गरेको जानकारी पाइन्छ । राष्ट्रव्यापी खुल्ला लघु कथा प्रतियोगिता (२०५६) मा उत्कृष्ट घोषित भएका पौडेल मकवानपुर सांस्कृतिक कला केन्द्रको लघुकथा प्रतियोगिता (२०५७) मा पुनः उत्कृष्ट हुन सफल भएका छन् । त्यस्तै कविवर माधवप्रसाद घिमिरेको रथयात्रामा राष्ट्रव्यापी कविता प्रतियोगिता (२०६०) मा उत्कृष्ट भएका छन् भने मकवानपुर सांस्कृतिक कलाकेन्द्रको मुखपत्रको गजल प्रकाशन (२०६१) मा पनि उत्कृष्ट ठहरिएको जानकारी पाइन्छ । वनसखण्डी मन्दिर प्रदर्शन समिति (२०५९) मा रजत पदक प्राप्त गरेका पौडेललाई हिमालयन एकेडेमी पश्चिम बंगाल भारत (इ.सं. २००३) बाट स्वर्णपदकद्वारा सम्मान गरिएको पाइन्छ । जिल्लास्तरीय शान्ति स्थापना (२०६१) मा गीत रचनाकारमा उत्कृष्ट भएका पौडेललाई साहित्यतर्फ मात्र नभई स्वास्थ्यतर्फ पनि उत्कृष्ट योगदान पुऱ्याए बापत स्वास्थ्य सेवा विभागबाट (२०६३) मा सम्मान गरिएको जानकारी स्वयं पौडेलबाट भएको छ । त्यस्तै फाहा एफ.एम. हेटौंडाबाट (२०६५) मा सक्रिय योगदान र मूल्याङ्कन (२०६५) का लागि हेटौंडा अस्पताल विकास समितिबाट, राबा पाबा प्रगीत समाज नेपाल (२०६६) बाट, विन्ध्यावासिनी मिडिया प्रा. लि. रेडियो फाहा सञ्चारको दोस्रो वार्षिकोत्सव (२०६६) मा, तथा नेपाल चीन जन मैत्रिक केन्द्र (२०६७) बाट सम्मान प्राप्त गरेको जानकारी पनि स्वयं गणेशकुमार पौडेलबाटै पाइन्छ ।

वि.सं. २०६८ कार्तिक ९ गते महाकवि लक्ष्मीप्रसाद देवकोटाको १०२ औं जन्मजयन्तीको अवसरमा वरिष्ठ लेखक खगेन्द्र संग्रौलाको प्रमुख आतिथ्यमा मोफसलका स्रष्टा गणेशकुमार पौडेललाई यसवर्षको सयपत्री राष्ट्रिय सम्मान प्रदान गरेको छ ।[३२] त्यसैगरी एसियाटिक सोसाइटी अफ बंगलादेशको आयोजनामा २०६८ फागुन ७ गतेदेखि १० दिनको बंगलादेश बसाइमा त्यहाँको प्रकाशन संस्था ओइक्कोले नेपालका नौ प्रतिनिधि सहित गणेशकुमार पौडेललाई सम्मान गरेको जानकारी पाइन्छ ।[३३]

---

३२ राजेन्द्र श्रेष्ठ, *सयपत्री प्रतिष्ठानको साहित्यिक यात्रा,* **काभ्रेटाइम्स** साप्ताहिक, (वर्ष १५, अङ्क ४०, २०६८ कार्तिक ८ गते मंगलबार), पृ. २ ।

३३ अन्नपूर्ण समाचारदाता, *बंगलादेशबाट फर्किए स्रष्टा,* **अन्नपूर्ण पोष्ट**, (वर्ष १०, अङ्क ३०१, २०६८ फागुन १९ गते शुक्रबार), पृ. १ ।

यस प्रकार थुप्रै फुटकर लेख रचना प्रकाशित कृतिहरू, साहित्यिक प्रतियोगितात्मक कार्यक्रमहरूका साथै विभिन्न सङ्घसंस्थामा आबद्ध भएकाले उनलाई थुप्रै सम्मान तथा पुरस्कार प्राप्त भएको जानकारी हुन आउँछ ।

## २.१२ प्रेरणाको स्रोत

साहित्यकारलाई साहित्यतर्फ लाग्ने प्रेरणा र लेखनमा कसै न कसैको प्रभाव त परेकै हुन्छ, चाहे त्यो प्रत्यक्ष वा अप्रत्यक्ष नै किन नहोस् सबैमा यो नियम लागु हुन्छ । जीवनरूपी रथलाई समयसँगै अगाडि बढाउँदै लैजाने क्रममा कुनै पनि मानिसलाई हर क्षेत्रमा अघि बढ्न महान व्यक्तिहरू अभिभावकहरू तथा गुरूहरूको नितान्त आवश्यकता पर्दछन् । वास्तवमा मनुष्यले उचित मार्ग निर्देशन र प्रेरणा प्राप्त गर्ने अवसर पायो भने मात्र उसमा अन्तर्निहित क्षमता र उर्जा प्रस्फुटित हुने मौका पाउँछ र ऊ अझै खारिएर, माझिएर र सशक्त पाराले मौलाएर झ्याङ्गिँदै जान्छ । गणेशकुमार पौडेल पनि वर्तमान अवस्थासम्म आफू यथास्थानमा स्थापित हुनको श्रेय आफूलाई पढाउने गुरू तथा आफूभन्दा अग्रज दाजुहरूलाई दिन्छन् । विद्यालय स्तरदेखि गीत तथा कविताहरू लेख्दै जाँदा झन्-झन् हौसला बढाइदिएर उनको लेखनकलालाई झन् प्रोत्साहन मिल्दै गयो । जसले गर्दा आज नेपाली साहित्यका एक चर्चित व्यक्तिका रूपमा स्थापित हुन सफल भएका छन् । यसै गरी राष्ट्रियस्तरका साहित्यकारहरूका जीवनी, व्यक्तित्व र कृतित्वलाई पनि उनले प्रेरणाको स्रोत मानेको जानकारी मिल्दछ ।[३४]

## २.१३ चिन्तन, विचार र दर्शन

मानिस सामाजिक प्राणी भएकाले भौतिक, सांस्कृतिक, प्राकृतिक र मानवीय क्रियाकलापको अन्तर्क्रियामा उसको जीवन सञ्चालन भइरहेको हुन्छ । वास्तवमा भन्नुपर्दा कुनै व्यक्ति कुन र कस्तो खालको चिन्तन, विचार र दर्शनबाट प्रभावित हुन्छ, उसको जीवन दृष्टि र व्यवहारमा पनि त्यसकै प्रतिबिम्ब झल्कनु स्वाभाविक हो । समाजमा विद्यमान सांस्कृतिक, नैतिक, ऐतिहासिक, आर्थिक, सामाजिक, वैचारिक, प्राकृतिक, राजनैतिक, सामाजिक आदि मान्यताबाट प्रभाव ग्रहण गर्दै व्यक्ति गतिशील भइरहन्छ । यो मानिसको नैसर्गिक विशेषता हो । समाज र प्रकृतिमा झैं मानिसको वैयक्तिक र सामाजिक

---

३४ शोधनायकसँगको मौखिक अन्तर्वार्ता अनुसार ।

जीवनचक्रमा अन्तःसम्बन्धात्मक मेल, सङ्घर्ष र सम्झौताको उपक्रम चलिरहन्छ । यसले उसलाई अविछिन्न, गतिशील, क्रियाशील र परिवर्तनशील बनाइरहन्छ ।

कार्लमाक्सको ऐतिहासिक द्वन्द्वात्मक भौतिकवादबाट प्रभावित पौडेल क्रान्तिकारी बामपन्थी विचारधाराका निकटवर्ती व्यक्ति हुन् ।[३५] राजनैतिक हिसाबले बाम विचारधाराका निकटवर्ती भएपनि देखिएका, भोगिएका र अपनाइएका गतिविधिहरू उपर सूक्ष्मातिसूक्ष्म रूपले नियाल्ने यान्त्रिक र जडसूत्रवादी व्यवहारवादी टीका टिप्पणी गरिहाल्ने सुधारोन्मुख अभिमत प्रकट गरिहाल्ने प्रवृत्तिगत विशेषता उनमा पाइन्छ ।

गणेशकुमार पौडेल जहिले पनि सानाभन्दा साना घटनाबाट प्रभावित भई गम्भीर भएर सोचिरहने, अनेकानेक तर्क वितर्कको उच्छवासमा आफूलाई चुर्लुम्म डुबाइरहने, हृदयलाई प्रभाव पार्ने कुनै पनि विषय वा घटना विशेषबाटै पग्लिएर प्रभावित भइरहने भावुक र संवेदनशील चिन्तक हुन् । राष्ट्रवादी विचारका धनी पौडेलमा परहित, सामाजिक भलाइ र उदात्त मानवीय गुण पाइन्छ ।

भौतिकवादप्रति दृढ आस्थावान् पौडेल अध्यात्मवादप्रति त्यति विश्वास राख्दैनन् । ईश्वरीय शक्तिलाई अलौकिक, अमूर्त र निराकार मानी तिनकै आधारमा समाजमा जति पनि धार्मिक कृत्यहरू भएका छन्, त्यसको भौतिक प्रयोजन नभएकाले त्यसप्रति उनी विमति प्रकट गर्दछन् । मानव जीवन प्रकृतिको उपज भए तापनि नियमित प्राकृतिक उपक्रम नै मानव जीवन हो भन्ने चिन्तन पौडेलले राख्छन् ।

पौडेल भावुक, कोमल हृदयी र चिन्तनशील व्यक्तित्वका रूपमा देखा पर्दछन् । उनी सामाजिक हित र भलाइमा लागि रहने आदर्श व्यक्तिका रूपमा प्रस्तुत भइरहेको पाइन्छ । मानवीय संवेदना र गुणका धनी शर्मा कार्लमार्क्सको द्वन्द्वात्मक भौतिकवादबाट प्रभावित क्रान्तिकारी वामपन्थी विचारधाराका निकटवर्ती व्यक्तिका रूपमा प्रस्तुत भएको जानकारी पाइन्छ ।

## २.१४ निष्कर्ष

कुनै पनि व्यक्तिको जीवनचक्रमा आएका विभिन्न घुम्ती, मोड, उतारचढाव, आरोह, अवरोह आदि घटनाहरूको शृङ्खलाबद्ध प्रस्तुति नै जीवनी हो । समाजमा रहेका अनुकरणीय व्यक्तिहरूले समाज र सिङ्गो मानव समुदायलाई नै विभिन्न रूपमा उल्लेखनीय र

३५ रेवतीरमण चौलागाईंसँगको लिखित जानकारी अनुसार ।

प्रशंसनीय योगदान दिइरहेका हुन्छन् यस उसले कुनै पनि व्यक्तिको जीवनीको अध्ययन अनुसन्धान गर्ने सिलसिलामा उनीहरूबाट भए गरिएका महनीय योगदानको कदर गर्दै उसको जीवनका समग्र पाटाहरूलाई केलाउने, खोजबिन गर्ने र विश्लेषण गर्ने काम गरिन्छ । यसै वृत्तमा रहेर यहाँ साहित्यकार गणेशकुमार पौडेलको जन्मदेखि हालसम्मको संक्षिप्त वृत्तान्त प्रस्तुत गरिएको छ ।

साहित्यकार गणेशकुमार पौडेलका पुर्खाहरू पूर्वी नेपाल अन्तर्गत रामेछाप जिल्लाको सैंपु भन्ने ठाउँबाट बसोबास गर्दै आएका हुन् भने पछि आएर विभिन्न ठाउँमा बसोबास गर्दै हाल पौडेल मकवानपुरको वनसखण्डी मार्ग, हेटौंडा २ मा बस्दै आएको पाइन्छ । पिता खड्गबहादुर पौडेल तथा माता विष्णुमाया बस्नेतका एकमात्र सन्तानका रूपमा जन्मिएका गणेश पौडेलको वि.सं. २०२७ सालमा जिरौना स्थित घरमा हिन्दू संस्कार अनुरूप गणेश कुमारको चूडाकर्म धूमधामले सम्पन्न भएको पाइन्छ ।

साउँ अक्षरको प्रारम्भिक ज्ञान मामा घरमै प्राप्त गरेका पौडेलले एकै चोटी कक्षा पाँचमा भर्ना भएर औपचारिक अध्ययनको सुरुआत गरेको पाइन्छ । कक्षा छ चितवन टाँडीको नेपाल हाइस्कूल तथा कक्षा सात, आठ, नौ र दश चाहिँ चितवनकै नारायणी रात्रि मा.वि.मा अध्ययन गरेका पौडेलले २०३५ मा मात्रै आएर उनले प्रवेशिका उत्तीर्ण गरेका हुन् । पुनः एम.बी.इ.एच., एम.डी.इ.एच., पी.एच.डी, डी.एस.सी.सम्मको अध्ययन गरी प्रमाणपत्र हासिल गरेका हुन् ।

प्रेमबहादुर कार्की र शान्तिदेवी कार्कीकी माहिली छोरी राधा कार्कीसँग २०३४ सालमा विवाह बन्धनमा बाँधिएका गणेशकुमार पौडेलका हाल दुई छोरा छन् । वि.सं. २०२८ सालदेखि मुखियास्तरको नोकरीबाट पदोन्नति हुने क्रममा खरदार, नासु हुँदै हाल अधिकृत स्तरको सातौं तहमा जिल्ला जनस्वास्थ्य कार्यालय हेटौंडामा कार्यरत छन् ।

वि.सं. २०२५ सालमा प्रकाशित *पाँच अरबको संसार* नामक कविता प्रकाशन गरेर नेपाली साहित्यको क्षितिजमा उदाएका गणेश पौडेलका हालसम्म क्रमशः **मन्त्रीपुराण** (हास्यव्यङ्ग्य सङ्ग्रह), **अतीतलाई फर्केर हेर्दा** (कविता सङ्ग्रह), **बूढो गोरूले ओगटेको गाई** (हास्यव्यङ्ग्य सङ्ग्रह), **बंगलादेशको सफर** (यात्रा संस्मरण), **देवका पनि देव भ्रष्टेश्वर महादेव** (पाल्सी काव्य), **प्रतिनिधि सभास्तोत्रम् २०६०** (व्यङ्ग्यसूक्ति सङ्ग्रह), **वार्ता** (गीतिकाव्य), **गोरू महापुराण** (हास्यव्यङ्ग्य काव्य), **सुँगुरको महिमा** (महाकाव्य) गरी जम्मा नौओटा पुस्तकाकार कृतिहरू प्रकाशित छन् । उनका **जय सरुवा र शास्त्र भित्रका कुरा** चाहिँ

अप्रकाशित छन् भने **के मतलव** लघुकथा सङ्ग्रह र **महाकवि लक्ष्मीप्रसाद देवकोटाको जीवनवृत्त** प्रकाशोन्मुख अवस्थामा रहेका छन् । सामाजिक सङ्घ संस्थामा काम गर्दा आजीवन सदस्य, पदेन सदस्य, उपाध्यक्ष, साधारण सदस्यको पद सम्हाल्दै पौडेलले उल्लेख्य भूमिका निर्वाह गरेका छन् ।

सादा जीवन उच्च विचारका धनी पौडेल वामपन्थी विचारधाराको निकटवर्ती व्यक्ति हुन् । यद्यपि देखिएका अपनाइएका असहज क्रियाकलाप र नकारात्मक पक्षहरूलाई औंल्याइहाल्ने एक स्वाभिमानी व्यक्ति पनि हुन् । विभिन्न सामाजिक सङ्घ संस्थामा सम्बद्ध भएकाले अति व्यस्ततापूर्ण जीवनशैली जागिरे पेसाको उत्तरदायित्व जस्ता विविध परिबन्द र व्यवधानका बावजुद पनि निरन्तर साहित्य सिर्जनामा क्रियाशील गणेशकुमार पौडेल मकवानपुरका जुझारू, कर्मठ, जल्दाबल्दा र आशलाग्दा साहित्यकार हुन् ।

## परिच्छेद : तीन

# साहित्यकार गणेशकुमार पौडेलको व्यक्तित्वको अध्ययन

## ३.१ पृष्ठभूमि

कुनै व्यक्तिमा हुने गुण वा विशेषतालाई व्यक्तित्व भनिन्छ ।[१] खास व्यक्तित्वमा हुने विशिष्टता वा शिक्षाले मान्छेको व्यक्तित्व विकास गर्न मद्दत गर्छ वा व्यक्तिको निजी विशेषतालाई व्यक्तित्व भनिन्छ ।[२] सामाजिक धरातलमा प्रतिष्ठित र परिचित गराउने सम्बन्धित क्षेत्र वा विषयको विशिष्ट वा प्रसिद्धिको गुण विशेषलाई पनि व्यक्तित्व मान्न सकिन्छ ।[३] कुनै पनि प्रकारको शक्ति भित्र निहित परिस्थिति अनुकूल सञ्चालन हुन सक्ने शक्तिले नै प्रत्येक क्षणमा नवीन खालको दृष्टिकोण व्यक्त गर्दछ । व्यक्तिभित्रको यही शक्ति वा प्रतिभालाई व्यक्तित्व भनिन्छ ।[४] कुनै पनि परिस्थितिसँग सम्झौता गर्ने क्रममा व्यक्ति विशेषले गाउँ समाज र सिङ्गो राष्ट्रमा छाड्ने उसको प्रतिभा र क्षमताको गहन, स्पष्ट र सारगर्भित छापलाई नै व्यक्तित्व भनिन्छ ।[५]

यसकै आधारमा मानिसले सम्बन्धित क्षेत्रमा विशिष्टता प्राप्त गर्दछ । एउटै व्यक्ति साहित्यकार, कलाकार, वैज्ञानिक, समाजसेवी, प्रवक्ता, खेलाडी, दार्शनिक, राजनीतिज्ञ आदि धेरै हुन सक्छ । यी क्षेत्रहरू व्यक्तिका पाटाहरू हुन् भने मूलरूपमा व्यक्तिको रुचि, क्षेत्र,

---

१ रामचन्द्र ढुङ्गाना (सम्पा.), **सङ्क्षिप्त नेपाली कोश**, पाँचौं संस्क., (ललितपुरः साझा प्रकाशन, २०५७), पृ. १८५ ।

२ हेमराज अधिकारी र बद्रीविशाल भट्टराई (सम्पा.), **प्रयोगात्मक नेपाली शब्दकोश**, द्वि. संस्क., (काठमाडौंः विद्यार्थी प्रकाशन प्रा.लि. २०६०), पृ. ९२९ ।

३ मेघराज दुवाडी, **सनत रेग्मीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, (चितवनः नेपाली विभाग, वीरेन्द्र ब. क्या. २०५९), पृ. २२ ।

४ अरूणविकास अधिकारी, **मुकुन्द आचार्यको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, (चितवनः नेपाली विभाग, वीरेन्द्र ब. क्या. २०५७), पृ. २१ ।

५ गङ्गाकुमारी भट्टराई, **कवि पोषराज पौडेलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, (चितवनः नेपाली विभाग, वीरेन्द्र ब. क्या. २०५९), पृ. ३० ।

प्रतिभा, अनुराग, साधना, बौद्धिकता, विचार, इच्छा, कार्यक्षेत्र र निरन्तर लगनशीलता नै व्यक्तित्वका निर्धारक तत्त्वहरू मानिन्छन् । हरेक व्यक्तिको व्यक्तित्व निर्माणमा निर्धारक सम्बन्धित व्यक्तिकै जीवन भोगाइको क्रममा आइपर्ने अनेक प्रकारका परिस्थिति, घटना, आरोह-अवरोह, उतार चढाव, क्रिया-प्रतिक्रिया, घात-प्रतिघात, चाप-प्रतिचाप, मोड-प्रतिमोड आदि जस्ता चक्रहरूले महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन् । व्यक्तिमा रहेको बाँचेको, जीवनको परिवेश, पृष्ठभूमि, पारिवारिक वातावरण, सामाजिक-सांस्कृतिक रुचि, पेसा, शिक्षा-दीक्षाले पनि व्यक्तित्व निर्माणमा उल्लेखनीय योगदान पुऱ्याइरहेका हुन्छन् ।[६] व्यक्तिको परिचायक तत्त्व भन्नु नै व्यक्तित्व हो र यसैको आधारमा समाजमा ऊ चिनिएको हुन्छ । जुनसुकै व्यक्तिमा आन्तरिक र बाह्य गरी दुई किसिमका व्यक्तित्व हुन्छन् । यिनै दुई व्यक्तित्वलाई नै मूलभूत व्यक्तित्व मानिन्छ ।

बाह्य व्यक्तित्व प्रारम्भिक आकर्षणको आधार बनेर आएपनि आन्तरिक व्यक्तित्वले नै कुनै पनि व्यक्तिलाई समाजमा स्थापित र सम्मानित हुन अहम् भूमिका निर्वाह गरेको हुन्छ । सबै व्यक्तिमा अनेक प्रकारका विशेष व्यक्तित्वहरू नभई केही विशिष्ट व्यक्तिमा मात्र यस खालका प्रतिभाहरू हुन्छन् । यिनै विशिष्ट व्यक्तिहरू मध्येका एक हुन् साहित्यकार गणेशकुमार पौडेल । त्यसैले यहाँ उनको बाह्य र आन्तरिक दुवै व्यक्तित्वलाई विभिन्न कोणबाट हेरिएको छ ।

## ३.२ बाह्य व्यक्तित्व

बाहिरबाट झट्ट हेर्दा देखिने साङ्गोपाङ्गो जीवनको भौतिक संरचना नै कुनै पनि मनुष्यको बाह्य व्यक्तित्व हो । गणेशकुमार पौडेलको आन्तरिक व्यक्तित्वसँगै बाह्य व्यक्तित्व पनि निकै आकर्षक देखिन्छ । अन्ठाउन्न वर्षको उमेर पाँच फिट आठ इन्च उचाई र लगभग अठहत्तर कि.ग्रा. तौल, शरीर सुहाउँदो ठिक्कको मोटाइ, अग्लो शरीर, गहुँगोरो वर्ण, कपाल फुलेको, चौडा छाती, चाक्लो उज्यालो मुखमण्डल, प्रायः जसो कमिज-पाइन्टको साधारण पहिरनमा रहने नम्र र मृदुभाषी, गम्भीर चिन्तनशील स्वभाव, चुस्त र फुर्तिलो शरीर जस्ता पक्ष नै पौडेलका शारीरिक परिचायक तत्त्व हुन् ।[७] अत्यन्त हक्की, सरल तथा निष्कपट व्यवहार, आकर्षक शारीरिक व्यक्तित्व र मीठो बोल्ने पौडेल खासै कुनै रोगबाट

६ गङ्गाकुमारी भट्टराई, **कवि पोषराज पौडेलको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन**, पूर्ववत्, पृ. ३० ।
७ शोध अनुसन्धानबाट प्राप्त जानकारी अनुसार ।

आक्रान्त भने छैनन् ।[८] अरूसँग कुराकानी गर्ने क्रममा सरल र मिजासिलो पाराले प्रस्तुत हुने अरूको कुरा ध्यान दिएर सुन्ने, अरूसँग चाँडै नै घुलमिल भइहाल्ने प्रवृत्तिका पौडेलसँग जोसुकै पनि प्रभावित भइहाल्ने देखिन्छ ।[९] त्यस्तै भलादमी शिष्ट, सरल र निष्कपट चारित्रिक विशेषताले गर्दा पनि उनको बाह्य व्यक्तित्व थप प्रशंसनीय देखिन्छ ।

## ३.३ आन्तरिक व्यक्तित्व

व्यक्तिभित्र अन्तर्निहित गुण, प्रतिभा, क्षमता वा विशेषतालाई आन्तरिक व्यक्तित्व भनिन्छ । समाजमा नै व्यक्तिको व्यक्तित्व निर्माण हुने भएकाले समाजमा देखेका, भोगेका, सुनेका र अनुभव गरेका क्रिया-प्रतिक्रियाबाट जुन अन्तर्बोध व्यक्तिमा जाग्दछ त्यसकै पार्श्ववती सेरोफेरोमा उसको व्यक्तित्व बन्दछ । हरेक व्यक्तिको व्यक्तित्व निर्माणमा पारिवारिक पृष्ठभूमि, सामाजिक, सांस्कृतिक, आर्थिक परिवेशका साथै शिक्षा-दीक्षाले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । यसै सन्दर्भमा गणेशकुमार पौडेलको समग्र व्यक्तित्व उपर दृष्टिगत गर्दा उनको आन्तरिक व्यक्तित्व बहुमुखी रहेको देखिन्छ । पौडेलले आजसम्म नेपाली साहित्यको श्री वृद्धिमा कति सेवा पुऱ्याए तथा समाज र राष्ट्रोत्थानमा के-कति योगदान पुऱ्याए भन्ने कुरा बुझ्नको निम्ति उनका जीवनका विभिन्न आयाम या पाटाहरूको अध्ययन हुनु ज्यादै आवश्यक छ । यदि यसो गरिएन भने उनको सेवा र योगदान त्यसै ओझेलमा परी हराउन सक्छ । त्यसैले उनका आन्तरिक व्यक्तित्वका पाटाहरूलाई साहित्यिक र साहित्येतर गरी दुई भागमा विभाजन गर्न सकिन्छ । गणेशकुमार पौडेलको साहित्यिक व्यक्तित्व अन्तर्गत कवि व्यक्तित्व, हास्यव्यङ्ग्य व्यक्तित्व र यात्रा संस्मरण व्यक्तित्व पर्दछन् । त्यस्तै साहित्येतर व्यक्तित्व अन्तर्गत सम्पादक व्यक्तित्व, सामाजिक व्यक्तित्व तथा चिकित्सक व्यक्तित्व रहेका छन् ।

### ३.३.१ साहित्यिक व्यक्तित्व

साहित्य संस्कृतको 'सहित' बाट बनेको हो । 'सहित' शब्दमा 'यत्' प्रत्यय लाग्नाले साहित्य बन्दछ ।[१०] साहित्यमा शब्द र अर्थको कल्पना र भावनाको भाव र विचारको अनुभव र अभिव्यक्तिको सहभावका साथै हित र कल्याणकारी भावनाको सम्पादन पनि गरेको

---

८ श्रीमती राधा पौडेलसँगको मौखिक अन्तर्वार्ता अनुसार ।

९ गौरव पौडेलसँगको मौखिक अन्तर्वार्ता अनुसार ।

१० मोहन हिमांशु थापा, **साहित्य परिचय**, पाँचौं संस्करण, (ललितपुर: साझा प्रकाशन, २०६६), पृ. ४ ।

हुनुपर्छ ।[११] हृदयभित्रका तरङ्गलाई लिपिबद्ध रूपमा उतार्नु साहित्य हो र जीवन जगतमा घट्ने यथार्थपरक घटनासँग घुलमिल भएर समाजमा भए देखिएका असमानता, व्यभिचार, अत्याचार, उत्पीडन आदिका साङ्ला तोड्न ती तरङ्ग प्रयोग गर्नुपर्दछ भन्ने विचारका गणेशकुमार पौडेल वि.सं. २०२५ सालदेखि हालसम्म नेपाली साहित्य साधनामा समर्पित व्यक्तित्व हुन् ।[१२] समसामयिक सन्दर्भहरूमा चोटिलो प्रहार गरिएका पौडेलका कविताहरू वर्तमान जीवनभोगाईका वास्तविकताहरूलाई सजीवरूपमा चित्रण गर्न ज्यादै सफल छन् ।[१३] कविताबाट लेखन कार्य आरम्भ गरेका उनी पछि गएर व्यङ्ग्यसूक्ति, हास्यव्यङ्ग्य कवितात्मक यात्रासंस्मरण (यात्रा निबन्ध), महाकाव्य लेखनकार्यमा त्यत्तिकै क्रियाशील रहेको पाइन्छ ।[१४] त्यस्तै **जय सरुवा** र **शास्त्रभित्रका कुरा** अप्रकाशित कृतिहरू छन् भने **के मतलब** (महाकाव्य), **लघुकथा सङ्ग्रह** तथा **लक्ष्मीप्रसाद देवकोटाको जीवनवृत्त** (जीवनी) प्रकाशोन्मुख अवस्थामा रहेका छन् ।[१५]

साहित्य यात्राको आभ्यासिक चरण अन्तर्गत शिशु अवस्थादेखि वयस्क अवस्था हुने बेला (२०२५-२०४५) सम्मका कविताहरू सङ्ग्रहित कविता सङ्ग्रह छ जसमा पौडेलका कविताहरूले स्वच्छन्दतावादी काव्यधारामा कतै व्यङ्ग्यचेत, कतै युगबोध, कतै दर्शन र संस्कृतिको झलक अनि धेरै चाहिँ समसामयिक परिस्थिति र गतिविधिको प्रतिनिधित्व गरेका छन् । पौडेलले कुनै पनि राजनैतिक धारलाई नसमातिकन अर्थात् आत्मासात नगरी स्वतन्त्र र तटस्थ भई विशुद्ध साहित्यिक मान्यतालाई आत्मासात् गर्दै साहित्य लेख्छन् ।[१६]

स्कुले जीवन अर्थात् २०२५ सालबाट लेखनकार्य आरम्भ गरेका गणेशकुमार पौडेलले *पाँच अरबको संसार* नामक फुटकर कविता प्रकाशन गरी नेपाली साहित्यको क्षितिजमा पदार्पण गरेका हुन् ।[१७] पौडेलका हालसम्म दुईवटा कविता सङ्ग्रह, एउटा कवितात्मक यात्रा संस्मरण, गीतिकाव्य, हास्य व्यङ्ग्य सङ्ग्रह, पाल्सी काव्य, व्यङ्ग्यसूक्ति सङ्ग्रह, हास्य व्यङ्ग्य काव्य तथा महाकाव्य गरी नौ ओटा कृतिहरू प्रकाशित छन् ।[१८] उनका कृतिहरूमा मानवीय मूल्य मान्यताको खोजी विकृति र विसङ्गतिको उछितो, व्यङ्ग्य विद्रोह,

---

११ ऐजन ।
१२ सुशिला पाण्डेसँगको लिखित अन्तर्वार्ता अनुसार ।
१३ विष्णुप्रसाद गौतम, *सुँगुरको महिमाको समीक्षा*, **हाम्रो मातृभूमि**, साहित्यिक त्रैमासिक, (वर्ष ८, अङ्क ३, २०६७), पृ. १७ ।
१४ रेवतीरमण चौलागाईसँगको लिखित अन्तर्वार्ता अनुसार ।
१५ शोधनायकसँगको लिखित अन्तर्वार्ता अनुसार ।
१६ शुशीला पाण्डेसँगको लिखित अन्तर्वार्ता अनुसार ।
१७ शोधनायकसँगको मौखिक अन्तर्वार्ता अनुसार ।
१८ मोहन लाखेसँगको मौखिक अन्तर्वार्ता अनुसार ।

परिवर्तनको चाह, राष्ट्रप्रेमको भाव आदि विशेषताहरू पाइन्छन् ।[१९] विभिन्न पत्रपत्रिकामा हालसम्म उनका थुप्रै फुटकर लेख रचनाहरू प्रकाशित भइसकेकाछन् । यसले गर्दा उनको साहित्यिक व्यक्तित्व बहुआयमिक देखिन्छ ।[२०] नेपाली साहित्यमा कवि, गीतकार र पछिल्लो चरणमा आएर व्यङ्ग्य लेखन विधातर्फ आकर्षित व्यक्तित्वको रूपमा गणेशकुमार पौडेललाई चिन्न सकिन्छ ।[२१] साहित्यिक व्यक्तित्वको चर्चा हुँदा उनको व्यक्तित्वलाई निम्न प्रकारले वर्गीकरण गरी अध्ययन गर्न सकिन्छ ।

### ३.३.१.१ कवि (कविता, काव्य, गीतिकाव्य) व्यक्तित्व

पहिलो प्रकाशित कृति *पाँच अरबको संसार* नामक कविता छपाएर गणेशकुमार पौडेल नेपाली साहित्यको फाँटमा सार्वजनिक रूपमा देखा पर्दछन् । आभ्यासिक कालमा उनी कविता लेख्न तर्फ आकृष्ट र कवित्व प्रतिभा प्रस्फुटनको विकासोन्मुख आयामतर्फ क्रमशः लम्केको पाइन्छ ।[२२] यसपछि पनि उनका थुप्रै कविताहरू प्रकाशित हुँदै गएको तथा कविताको बृहत्रूप महाकाव्य समेत जन्माउन पुगेका छन् ।[२३] उनका कृतिहरूमा देशप्रेमको भावना सशक्त रूपमा सलबलाएको पाइन्छ । देशप्रतिको प्रेमले गर्दा राष्ट्रका उत्तराधिकारी भनाउँदाहरूका कुकृत्य, अन्याय, अत्याचार, घुसखोर, भ्रष्टाचार आदि अँध्यारा पक्षका बारेमा कविले आफ्ना कृतिका माध्यमबाट उल्लेख गरेका छन् ।

कृति प्रकाशन गर्ने क्रममा **अतीतलाई फर्केर हेर्दा** कविता सङ्ग्रह प्रकाशित गरेका थिए जसमा २०२५ देखि २०४५ सालसम्मका एकचालीसओटा कविताहरू सङ्कलित छन् । समाजमा रहेका सामाजिक, राजनैतिक, आर्थिक तथा विविध पक्षमाथि झटारो हान्दै त्यस्ता विकृति र विसङ्गतिबाट आफूलाई मुक्त गर्दै यस साहित्यिक कृतिले समाज विकासको लागि थप उर्जा थपेको छ ।[२४]

साहित्य साधनाको उत्तरार्द्धतिर गणेशकुमार पौडेलले कविताको बृहत् रूप महाकाव्य समेत लेखेर नेपाली साहित्यको भण्डारलाई अझ भरिलो बनाउन खोजेका छन् । उनको **वार्ता** गीतिकाव्य २०६२ मा प्रकाशित कृति समय सापेक्ष कृतिका रूपमा आएको छ । **वार्ता**

---

१९ मोहन दुवालसँगको लिखित अन्तर्वार्ता अनुसार ।

२० रमेश गोर्खालीसँगको लिखित अन्तर्वार्ता अनुसार ।

२१ भीम विरागसँगको लिखित अन्तर्वार्ता अनुसार ।

२२ राजेन्द्र गुरागाईसँगको लिखित अन्तर्वार्ता अनुसार ।

२३ रामचन्द्र फुर्सतीसँगको लिखित अन्तर्वार्ता अनुसार ।

२४ नारायणप्रसाद चापागाईं, *अतीतलाई फर्केर हेर्दा कविता सङ्ग्रह एक झलक*, **कुराकानी साप्ताहिक**, (वर्ष ४, अङ्क ३९, २०५७ पौष १७ गते सोमवार), पृ. ३ ।

त्यतिबेलाको द्वन्द्व समाधानका लागि एउटा मात्र अनिवार्य आवश्यकता रहेको तथ्यलाई गीति कविता बनाएर सार्वजनिक गरेका थिए । नेपालको परिस्थितिलाई मध्यनजर गर्दै गीतकारको भावना मात्रै नभई सिंगो नेपाली नागरिकहरूको प्रतिनिधित्व यस काव्यले गरेको पाइन्छ । नेताहरूले आफ्नो हातमा सत्ता हत्याउन नेपाली जनतालाई दाउमा लगाएका छन् । उनीहरू पनि अब सुध्रिएर आउनु नितान्त जरूरी भएको छ भन्दै आफ्नो अडानलाई त्यागेर देश र जनताको भलाई सोच्ने कुरा पौडेलले गरेका छन् ।[२५]

त्यस्तै **सुँगुरको महिमा** महाकाव्य (२०६७) उनको हालसम्म प्रकाशित कृतिहरूमध्ये अन्तिम कृति हो जसमा मुलुकको ठेक्का लिएर बसेका तथाकथित नेताहरूलाई सुँगुरको कोटीमा राखेर व्यङ्ग्यको बाढी बगाएका छन् । यस महाकाव्यमा देशले भोगिरहेका अनेक समस्याहरूको उजागर गर्दै विकृति र विसङ्गतिका सम्वाहकहरूलाई सुँगुरको संज्ञा दिँदै तिनैले गर्दा यो देशको हालत नसुध्रिएको कुरा व्यक्त गरेका छन् ।[२६] यस अतिरिक्त स्थानीय र राष्ट्रियस्तरका विभिन्न पत्रपत्रिकाहरूमा उनका थुप्रै गजल, मुक्तक, छेस्का, हाइकू, फुटकर तथा दाना कविताहरू प्रकाशित छन् । यसरी नेपाली साहित्यको कविता फाँटलाई हराभरा र समृद्ध पार्नमा गणेशकुमार पौडेलको कवि व्यक्तित्व सह्रनी लायक रहेको पाइन्छ ।

### ३.३.१.२ हास्यव्यङ्ग्य (व्यङ्ग्यसूक्ति, हास्य व्यङ्ग्य, पाल्सी) व्यक्तित्व

आकृतिजन्य कायिक अभिव्यक्तिले बोध गराउने र अर्थजन्य व्यञ्जनावृत्तिले सङ्केत गर्ने दुई बेग्ला बेग्लै शब्दहरूको जोड नै हास्य व्यङ्ग्य हो ।[२७] समाजका बेथिति र विसङ्गति रूढी र कुरीतिहरूलाई हास्य व्यङ्ग्यले उडाउन मद्दत दिन्छ, सुधारमा बल थपिन्छ, उपयोगिता वादी अभियानमा सघाउ मिल्छ ।[२८] गणेशकुमार पौडेलको हास्य व्यङ्ग्य व्यक्तित्व पनि कवि व्यक्तित्व जत्तिकै सशक्त रहेको छ । जीवनयापनका क्रममा कृति प्रकाशनका हिसाबले साहित्यिक तथा साहित्येतर गरी चौथो भएता पनि साहित्यिक तथा हास्य व्यङ्ग्यकै दृष्टिकोणले उनको पहिलो प्रकाशित कृति **मन्त्री पुराण** वि.सं. २०५६ सालमा प्रकाशित भयो । गद्यलयमा आधारित उन्चालीसओटा कविताहरू समाविष्ट प्रस्तुत कृतिमा रिमरिमे व्यङ्ग्यका

---

२५ छविरमण सिलवाल, *वार्ता गीतिलहर भित्रका सन्देश,* **जनप्रहार** साप्ताहिक, (बनेपाः जनमत प्रकाशन, वर्ष २२, अङ्क १२, २०६२ मंसिर २ गते विहीवार), पृ. ८ ।

२६ लक्ष्मण गाम्नागे, *हाम्रो समयको दस्तावेज,* **सुँगुरको महिमा**, गणेशकुमार पौडेल, (बनेपाः जनमत प्रकाशन, २०६७ जेठ), पृ. उल्लेख छैन ।

२७ कृष्णचन्द्र सिंह प्रधान, *नेपाली साहित्यमा हास्य व्यङ्ग्यः प्राप्ति र सर्वेक्षण,* **मधुपर्क**, हास्य व्यङ्ग्य अङ्क, (काठमाडौँः गोरखापत्र संस्थान, वर्ष ३०, अङ्क ४, पूर्णाङ्क ३३९, २०५४ भदौ), पृ. ५

२८ कृष्ण गौतम, *नेपाली साहित्यमा हास्य व्यङ्ग्यः प्राप्ति र सर्वेक्षण,* **मधुपर्क**, हास्य व्यङ्ग्य अङ्क, पूर्ववत्, पृ. ६७, ६८ ।

साथ शासक वर्ग र नेताहरूप्रति व्यापक असन्तुष्टिका छचल्काहरू पाइन्छन् । यस सङ्ग्रहमा कविले राजनीतिकर्मी, राजनीतिज्ञ, नेता र मन्त्री प्रति आफ्नो तीव्र आक्रोश र क्रोध प्रकट गरेका छन् एवम् ती अमात्य र महामात्यप्रति खिन्न हुने विभिन्न कारणहरू दर्शाउँदै मन्त्री प्रति यिनी रूष्ट हुँदै सङ्ग्रहको नाम नै **मन्त्री पुराण** राखेका छन् ।[२९] नेपाली नेताहरूले गरेका गल्तीहरूले भोलिका दिनहरूमा जनघाती काम पनि गर्न सक्छन् भन्ने कुराको खास आशय यहाँ व्यक्त भएको छ ।[३०] तथ्यगत र वस्तुगत दृष्टिले प्रायः कविताहरू ठीक छन् भने केहीको भाषा भने सपाट, ठाडो र रूखो समेत छ । सत्ताको पौडी खेली दुर्जन दुर्योधन हुनेहरूलाई सम्झाउन र धम्क्याउन यसो गरिएको हुनुपर्छ ।[३१]

यसै गरी २०५७ सालमा प्रकाशित गणेशकुमार पौडेलको तेस्रो कृति **बूढो गोरूले ओगटेको गाई** अर्को दोस्रो हास्य व्यङ्ग्य कृति हो जुन एउटै शीर्षकमा रचिएको छ । उक्त कृतिलाई सरसर्ती हेर्दा भू.पू. प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईलाई छेड हानेका छन् । इज्जतलाई खसीको मासुझैं बेचेर सुख सुविधाप्रति लिप्त भई जनधनको सुरक्षा गर्न नसकेकोमा कविले खेद प्रकट गर्दै गाइ ब्याउला र दूध खाउँला भन्ने जन आकांक्षा निराशामा बदलिएको कुरालाई प्रस्तुत कृतिमा उतारेका छन् ।[३२]

त्यस्तै २०५८ सालमा प्रकाशित **देवका पनि देव भ्रष्टेश्वर महादेव** तेस्रो हास्य व्यङ्ग्य कृति हो जसमा देशमा चलिरहेको भ्रष्टाचार र दुई रूप बोकी हिंडेका नेताहरू प्रति पौडेलले यस कृति मार्फत् तीखो व्यङ्ग्य प्रहार गर्दै कलियुगमा सबै भ्रष्ट हुन्छन् त्यसैले महादेव पनि भ्रष्ट भएको कुरा उल्लेख गरेका छन् ।[३३]

साहित्य साधनाको उत्तरार्द्धतिर अर्थात् २०६१ मा **प्रतिनिधिसभास्तोत्रम् २०६०** (व्यङ्ग्यसूक्ति सङ्ग्रह) निकालेका पौडेलले उक्त कृतिमा दुईसय एक ओटा सूत्रहरू संगालेका छन् । प्रतिनिधि सभा नरहेको अवस्थामा देशको स्थितिलाई समेटेर लेखिएको प्रतिनिधिसभास्तोत्रम् २०६० ले वास्तवमै सटिक व्यङ्ग्य प्रहार गर्न सफल भएको छ ।[३४]

---

२९ रमेश गोर्खाली, *भूमिका,* **मन्त्री पुराण**, गणेशकुमार पौडेल, (मकवानपुरः सिस्नुपानी नेपाल, २०५६), पृ. उल्लेख छैन ।

३० अच्युतरमण अधिकारी, *मन्त्री पुराण,* **गोरखापत्र**, (२०५६ मङ्सिर १८ गते शनिवार), पृ. ५ ।

३१ रमेश गोर्खाली, *भूमिका,* **मन्त्री पुराण**, गणेशकुमार पौडेल, पूर्ववत्, पृ. उल्लेख छैन ।

३२ श्यामकुमार बानिया, *बूढो गोरूले ओगटेको गाई नियाल्दा,* **कुराकानी साप्ताहिक**, (वर्ष ४, अङ्क ७, २०५७ श्रावण १६ गते) पृ. ३ ।

३३ सिर्जना दुवाल, *देवका पनि देव भ्रष्टेश्वर महादेव भित्रबाट,* **जनमत**, (काभ्रेः जनमत प्रकाशन, वर्ष २१, अङ्क ७, २०६०), पृ. ६३ ।

३४ विश्व शाक्य, *भूमिका,* **प्रतिनिधिसभास्तोत्रम् २०६०**, गणेशकुमार पौडेल, (मकवानपुरः सिस्नुपानी नेपाल, २०६१), पृ. उल्लेख छैन ।

त्यस्तै २०६३ सालमा लेखिएको हास्य व्यङ्ग्य काव्य **गोरू महापुराण**मा देशमा व्याप्त अराजकता र विषमताका विरुद्ध आफूलाई उभ्याउँदै निरंकुशताकै प्रतीक बाघलाई नमासेसम्म र यिनका आसेपासे रहेर चिप्लो घस्दै अवसर लुट्न सिपालु गोरूहरू रहेसम्म देशले मुक्ति पाउन गाह्रो हुने तथा गणतन्त्रको चाहना यस कविता मार्फत् राखिएको छ ।[३५]

यसरी गणेशकुमार पौडेलले माथि उल्लेखित थुप्रै हास्यव्यङ्ग्य काव्य लेखेर नेपाली साहित्यलाई सुम्पँदै व्यङ्ग्य काव्य लेखनतर्फ सुधारोन्मुख प्रगति हासिल गर्दै उनी व्यङ्ग्य कविका रूपमा स्थापित भएको पाइन्छ ।

## ३.३.१.३ यात्रासंस्मरणकार (यात्रा निबन्ध) व्यक्तित्व

निबन्ध विधाकै एक अत्यन्त मनोरम र लोकप्रिय प्रस्तुतिका रूपमा रहेको यात्रा निबन्धको महत्ता अहिले अझ बढ्दै गएको छ र यो क्रम बढ्ने निश्चित छ । लाखौं लाखौं यात्रीहरू हरेक राष्ट्रबाट हरेक युगमा वर्षेनि देश खाएर शेष पल्टन संसार घुम्न जान्छन् तर आफूले आर्जित गरेका अनुभवहरू हाम्रा लागि लेखी छाडेर जाँदैनन् ।[३६] गद्य कवितामा पनि यात्रा संस्मरण लेख्ने प्रवृत्रिमा केही वर्ष यता साहित्यकारहरूको रुचि भएको देखिन्छ । गणेशकुमार पौडेलले **बंगलादेशको सफर** (यात्रा संस्मरण २०५७) कृतिमा पन्ध्र शीर्षकमा आफ्ना यात्रानुभूति गद्यकवितामा प्रस्तुत गरेका छन् । उक्त कृतिमा बंगलादेशको भौगोलिक, आर्थिक, राजनीतिक, प्रशासनिक, सामाजिक, धार्मिक र ऐतिहासिक अवस्थाको थोर बहुत ज्ञान हुन्छ ।

यसरी साहित्यकार गणेशकुमार पौडेलले आफ्नो यात्रानुभूति उल्लेख गर्दै एउटै मात्र यात्रा निबन्ध मार्फत् आफूलाई नियात्राकारका रूपमा परिचय दिएका छन् ।

## ३.३.२ साहित्येतर व्यक्तित्व

एउटै व्यक्तित्व भित्र पनि धेरै प्रकारका अभिरुचि, क्षमता, प्रतिभा, सीप र कौशल रहेका हुन्छन् जसका कारण समाजका अनेक कार्यक्षेत्रमा उसले आफूलाई संलग्न गराउन सक्दछ यसै परिप्रेक्ष्यमा गणेशकुमार पौडेलको व्यक्तित्व पनि बहुआयामिक देखिन्छ । साहित्यका साथै साहित्येतर व्यक्तित्व पनि उनमा पाइन्छ ।

---

३५ मोहन दुवाल, *प्रकाशकीय*, **गोरू महापुराण**, गणेशकुमार पौडेल, (काभ्रेः जनमत प्रकाशन, २०६३ चैत्र), पृ. उल्लेख छैन ।

३६ बालकृष्ण पोखरेल, *यी नियात्राबारे*, **बेलाइततिर बरालिँदा**, (विराटनगरः पूर्वाञ्चल पुस्तक भण्डार, २०२६), पृ. उल्लेख छैन ।

### ३.३.२.१ सम्पादक व्यक्तित्व

पाठकवर्गलाई यथार्थ र सत्यतथ्य एवम् सूचनामूलक सुरुचिपूर्ण सामग्रीले सूचित गराउन एवम् युगानुकूल सृजना गरिएका साहित्यका विविध विधाका सामग्री प्रदान गर्नु सम्पादकको काम हो । युगानुकूल सिर्जित विविध विधाका सामग्री पत्रपत्रिकामा समेटी प्रस्तुत गर्ने सचेतता असल सम्पादकमा हुनुपर्छ । यसकारण सम्पादन एउटा संवेदनशील जिम्मेवारीपूर्ण, कठिन र श्रमसाध्यपूर्ण कार्य हो ।[३७] गणेशकुमार पौडेलले केही पत्रपत्रिकाको सम्पादन क्षेत्रमा पनि हात हालेको पाइन्छ । उनले **दीपशिखा साहित्यिक त्रैमासिक** (२०५३), **जनस्वास्थ्य दीप स्मारिका** (२०६२), **इन्द्रसरोवर स्मारिका** (२०६२), (२०६३), **सुस्वास्थ्य मासिक** (२०६५), (२०६५, २०६६) पत्रपत्रिकाको सम्पादन कार्य निर्वाह गरी आफ्नो सम्पादक व्यक्तित्वलाई अगाडि बढाएको पाइन्छ ।[३८]

यस दृष्टिले उपर्युक्त पत्रपत्रिकाहरूको सम्पादनकार्य गरी पौडेलले आफ्नो सम्पादक व्यक्तित्वलाई पनि अगाडि बढाएको पाइन्छ ।

### ३.३.२.२ सामाजिक व्यक्तित्व

गणेशकुमार पौडेल जतिखेर पनि सामाजिक भावले आप्लावित भइरहने व्यक्ति हुन् । पौडेलले साहित्य रचना र प्राविधिक क्षेत्रको कर्तव्य निर्वाहका साथसाथै सामाजिक क्षेत्रमा पनि योगदान दिएका छन् ।[३९] समाजोत्थानका लागि विभिन्न संघसंस्था खोल्न सहयोग गर्ने जिम्मेवारी वहन गर्ने संस्थागत विकासमा क्रियाशील भइरहने विशेषताहरू उनमा पाइन्छन् । सामाजिक दायित्व पूरा गर्ने गणेशकुमार पौडेलले विभिन्न सङ्घसंस्थाहरूको जिम्मेवारी वहन गरेका छन् ।[४०]

वि.सं. २०३८ देखि हालसम्म नेपाल स्वास्थ्य प्राविधिक संघ मकवानपुरका आजीवन सदस्य तथा पूर्व सल्लाहकार हुन् भने वि.सं. २०३९ देखि हालसम्म नेपाल परिवार नियोजन संघका आजीवन सदस्य र हेटौंडामा शाखा खोलेदेखि पदेन सदस्यका रूपमा रहँदै आएका छन् ।[४१] त्यस्तै वि.सं. २०४६-२०४८ सम्म नेपाल निजामति कर्मचारी सङ्गठनका सदस्य

---

३७ मीनादेवी घिमिरे, रविकिरण 'निर्जीव'को जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन, अप्रकाशित स्नातकोत्तर शोधपत्र (चितवनः नेपाली विभाग, वीरेन्द्र ब. क्या. २०५९), पृ. २६ ।

३८ सौरभ पौडेलसँगको मौखिक अन्तर्वार्ता अनुसार ।

३९ सुशिला पाण्डेसँगको मौखिक अन्तर्वार्ता अनुसार ।

४० गौरव पौडेलसँगको मौखिक अन्तर्वार्ता अनुसार ।

४१ भीमसागर गुरागांईसँगको मौखिक अन्तर्वार्ता अनुसार ।

तथा निवर्तमान उपाध्यक्षका रूपमा कार्यभार सम्हाल्दै आएका छन् । वि.सं. २०५० देखि हालसम्म अल नेपाल इलेक्ट्रो होमियो एसोसीएसनका आजीवन सदस्य तथा हाल महासचिवमा नियुक्त भएका छन् भने वि.सं. २०५६ देखि हालसम्म वनसखण्डी मन्दिरको संरक्षण समितिका आजीवन सदस्य तथा पूर्व कोषाध्यक्षको पदमा कार्यरत थिए । त्यस्तै वि.सं. २०६० देखि हालसम्म सेतोगुराँस सामाजिक संस्थाका उपाध्यक्ष हुन् भने वि.सं. २०६२ देखि हालसम्म वृद्धवृद्धा सेवा केन्द्रका सदस्य तथा हाल कार्यवाहक उपाध्यक्षका रूपमा काम गर्दै आएका छन् । पतञ्जली योग समिति हरिद्वार, जिल्ला शाखा नेपाल (मकवानपुर) मा २०६४ देखि हालसम्म उपाध्यक्षका रूपमा पदासीन छन् भने अन्य विभिन्न संघसंस्थाहरूमा कतै आजीवन त कतै साधारण सदस्यका रूपमा काम गर्दै आफूलाई सामाजिक व्यक्तित्वका रूपमा परिचित गराएका छन् ।[४२]

### ३.३.२.३ चिकित्सा व्यक्तित्व

गणेशकुमार पौडेल पेसाले चिकित्सा क्षेत्रमा समर्पित छन् तसर्थ उनले धेरै विरामी तथा ग्राहकहरूलाई स्वास्थ्य तथा परिवार नियोजन सम्बन्धी उचित परामर्श दिँदै आएका छन् ।[४३] विभिन्न स्वास्थ्यसम्बन्धी छ हप्ते, नौ हप्ते, पाँच हप्ते, सात हप्ते जस्ता तालिमहरू लिएर स्वास्थ्य सेवातर्फ उन्मुख गणेशकुमार पौडेलले स्वास्थ्य सहायक (मुखिया) सरहको नियुक्ति पाएपछि पुनः परिवार नियोजन सहायक अर्थात् ना.सु.को पदमा कार्यरत थिए । मुखिया, खरदार, ना.सु., अधिकृतसम्म पदोन्नति हुँदै जाँदा जिल्ला जनस्वास्थ्य कार्यालय हेटौंडामा कार्यरत पौडेल स्वास्थ्य सेवातर्फ पनि आकर्षित हुँदै गए । वि.सं. २०२८ मा भरतपुर अस्पतालको परिवार नियोजन क्लिनिकमा सेवारत अवस्थामा भेट भएका तथा तीन दशकको अविरल यात्राको विषयगत अनुभवलाई संगालेर पौडेलले **सामुदायिक प्रजनन विज्ञान** नामक पुस्तक लेखी ज्ञान बाँड्ने अठोट गरे जुन प्रयत्न प्रशंसनीय छ ।[४४]

### ३.३.२.४ जीवनी, व्यक्तित्व र साहित्य लेखनका बीच अन्त:सम्बन्ध

गणेशकुमार पौडेलको अन्ठाउन्न वर्षे जीवनावधि उपर दृष्टिगोचर गर्दा विभिन्न परिवेशबाट उनको जीवनचक्र सञ्चालन भएको देखिन्छ । पूर्व २ नं. रामेछापको सैंपुमा

---

४२ भीमसागर गुरागांईसँगको लिखित अन्तर्वार्ता अनुसार ।

४३ शोधनायकसँगको मौखिक अन्तर्वार्ता अनुसार ।

४४ मथुरा श्रेष्ठ, *भूमिका*, **सामुदायिक प्रजनन् विज्ञान**, गणेशकुमार पौडेल, (मकवानपुरः न्यू हेटौंडा, २०५७), पृ. उल्लेख छैन ।

जन्मिएका पौडेलको बाल्यकाल भारतको लंकापाडा स्थित मामाघरमा बिते पनि पछि नेपालमै आएर आफ्नो शिक्षादीक्षा प्रारम्भ गरेका हुन् । सैंपुबाट बसाई सराई गरेका तथा जागिरको सिलसिलामा कहिले पूर्व त कहिले पश्चिम पुग्नुपर्ने भएकाले शिक्षा-दीक्षामा पनि केही असर पऱ्यो र शैक्षिक क्षेत्रमा नियमितता आएको छैन जसको फलस्वरूप वि.सं. २०२८ सालमा दिएको प्रवेशिका परीक्षामा सफल हुन नसकेपछि एकैचोटी वि.सं. २०३५ सालमा उत्तीर्ण भएको पाइन्छ । त्यस्तै प्रवीणता प्रमाणपत्र तह तथा स्नातक तहको शिक्षा नेपालबाट नभइ भारतबाट हासिल गरेको पाइन्छ । वि.सं. २०२८ सालमा पहिलो पटक प्रवेशिका परीक्षामा अनुत्तीर्ण भएका पौडेलले २०२८ सालमा नै लोकसेवा आयोगको परीक्षा भने एकै चोटी पास गरेर जागिरे जीवनको सुरुआत गरेको पाइन्छ । वि.सं. २०३५ सालमा प्राइवेट संस्था मार्फत् प्रवेशिका परीक्षा उत्तीर्ण गरेका पौडेलको नोकरीमा बढुवा र सरुवा हुँदै गयो । उता भारतबाट प्रवीणता प्रमाणपत्र तह (इ.सं. १९८६) तथा स्नातक तहको परीक्षा (इ.सं. १९८८) भने नियमित रूपमा पास गर्दै गएका पौडेलले एम.बी.इ.एच. (इ.सं. १९९३), एम.डी.इ.एच. (इ.सं. १९९५), डी.एस.सी. (इ.सं. १९९७) र पी.एच.डी. (इ.सं. २००२) पनि हासिल गरेको शोध अध्ययनबाट स्पष्ट भइसकेको छ ।

वि.सं. २०२८ सालदेखि मुखिया स्तरको नोकरीबाट पदोन्नति हुँदै जाँदा खरदार, ना.सु. हुँदै हाल अधिकृत स्तरको सातौं तहमा जिल्ला जनस्वास्थ्य कार्यालय हेटौंडामा कार्यरत छन् । जागिरे जीवन व्यतित गर्दै आइरहेका पौडेल विभिन्न सामाजिक एवम् साहित्यिक सङ्घसंस्थामा आबद्ध छन् । विशेषतः राष्ट्रिय अनि अन्तराष्ट्रिय रङ्गमञ्चमा देखिएका विसङ्गति, बेथिति, अन्याय, अत्याचारप्रति दृष्टि पुऱ्याई तिनलाई आफ्ना रचना मार्फत् उजागर गर्न चाहने पौडेलका लेख र सिर्जनात्मक कृतिमा जीवन भोगाइका कटु यथार्थ र यस्तै खाले विभिन्न भावानुभूतिहरू प्रतिबिम्बित भएका छन् । जीवनयापनका आरोह-अवरोह, घात-प्रतिघात र अन्तर बाह्य वातावरणबाट उनको साहित्यिक, सम्पादक, सामाजिक, चिकित्सा आदि व्यक्तित्वको निर्माण चाहिँ सिकारु गतिको प्रतिभा र अध्ययन मननका साथ क्रमिक लेखन शैलीको आभ्यासिक विकासबाट भएको देखिन्छ ।

यसप्रकार पौडेलका स्रष्टा व्यक्तित्वका विभिन्न आयामहरू गीतकार, नियात्राकार, कवि तथा हास्यव्यङ्ग्यकार मध्ये कवि तथा हास्य व्यङ्ग्य व्यक्तित्व नै सापेक्षिक तवरले सफलतातिर लम्केको देखिन्छ । यिनै क्षेत्रमा यिनले अझै अभ्यास र साधना गर्दै गए आशातीत सफलता हात पार्न सक्ने प्रबल सम्भावना देखिन्छ । पौडेलका मौलिक सिर्जनाहरू

सरल, सरस र सुबोधपूर्ण अभिव्यक्ति प्रयोग गरी जीवन भोगाइका क्रममा अनुभूतिजन्य घटनाहरूका साथै राष्ट्र अन्तराष्ट्रमा भए गरेका विकृति, बेथिति, अन्याय, अत्याचार, भ्रष्टाचार जस्ता अनैतिक क्रियाकलापहरूलाई सीधा व्यङ्ग्य प्रहार गर्नु उनको निजी विशेषता मानिन्छ ।

जीवनको अन्ठाउन्न वसन्तमा आइपुग्दा पनि सामाजिक र प्राविधिक क्षेत्रमा सक्रिय रहनुका साथै जीवन-जगत र साहित्यप्रतिको अनुरागमा कत्ति पनि शिथिलता आएको पाइँदैन । बरू लेखनकला र शैलीमा क्रमिक सुधार आइरहेको पाइन्छ । यिनै विविध सन्दर्भले गर्दा नेपाली साहित्यको श्री वृद्धिमा निरन्तर संलग्न गणेशकुमार पौडेल स्रष्टा व्यक्तित्वका रूपमा प्रतिष्ठित साहित्यकार हुन पुगेका छन् ।

## ३.४ निष्कर्ष

व्यक्तिको खास परिचय व्यक्तित्वबाट नै हुन्छ । जीवनका विभिन्न आयामहरू र समाजसँगको सम्बन्धको आधारमा व्यक्तिको व्यक्तित्व निर्माण हुन्छ । साहित्यकार गणेशकुमार पौडेलको व्यक्तित्वलाई बाह्य र आन्तरिक गरी दुई किसिमले वर्गीकरण गरिएको छ । बाह्य व्यक्तित्वका रूपमा हेर्दा अग्लो कदका, चाक्लो अनुहार, गहुँगोरो वर्णको उज्यालो मुखमण्डल, भावपूर्ण आँखा, शरीर सुहाउँदो मोटाइ भएका ५'८" उचाइ भएका सरल र नम्र, निष्कपट र मृदुभाषी व्यक्तित्वका रूपमा देखिन्छन् । अन्याय, अत्याचार, दुराचार, पापाचार, भ्रष्टाचार पटक्कै नसहने, सत्य र न्यायको लागि जस्तोसुकै चुनौतिको सामना गर्न पछि नपर्ने पौडेललाई झट्ट बुझ्दा विद्रोही र अराजक स्वभावका लागेपनि उनीसँग प्रत्यक्ष साक्षात्कार गरी अन्तर्हृदयी भावले कुराकानी गर्दा उनी असाध्यै कोमल सहृदयी व्यक्तिका रूपमा प्रकट भइहाल्छन् ।

सामाजिक, आर्थिक, सांस्कृतिक र खासगरी राजनीतिक विकृति र विरोधाभासहरू माथि तीव्र र सीधा प्रहार गर्दै समानता, सामाजिकता, स्वतन्त्रता, राष्ट्रियता र मानवतावादी भावना अभिव्यक्त गरेका छन् । साहित्यकार पौडेलको प्रवृत्तिगत स्वभावको प्रभाव उनका रचनाहरूमा छताछुल्ल भई पोखिएका छन् । उनको आन्तरिक व्यक्तित्व विभिन्न क्षेत्रमा प्रवाहित भएको देखिए तापनि व्यङ्ग्यकार व्यक्तित्व नै सशक्त र प्रभावकारी रूपमा उजिलिएको प्रतीत हुन्छ । उनको साहित्येतर व्यक्तित्व अन्तर्गत सामाजिक, सम्पादक, चिकित्सक आदि परे पनि सामाजिक व्यक्तित्व नै प्रमुख परिचायक ठहर्छ ।

साहित्यकार गणेशकुमार पौडेलको अन्ठाउन्न वर्षसम्मका भोगाइका अनुभव र उपलब्धिहरूलाई केलाउँदा उनमा हालसम्म **अतीतलाई फर्केर हेर्दा** (कविता सङ्ग्रह), **मन्त्री पुराण** (हास्य व्यङ्ग्य सङ्ग्रह), **बंगलादेशको सफर** (यात्रा संस्मरण), **देवका पनि देव भ्रष्टेश्वर महादेव** (पाल्सी काव्य), **प्रतिनिधिसभास्तोत्रम् २०६०** (व्यङ्ग्यसूक्ति सङ्ग्रह), **वार्ता** (गीतिकाव्य), **गोरू महापुराण** (हास्य व्यङ्ग्यकाव्य), **बूढो गोरूले ओगटेको गाई** (व्यङ्ग्यकाव्य), **सुँगुरको महिमा** (महाकाव्य) गरी नौ ओटा कृतिहरू प्रकाशित भएको पाइन्छ । यसका अतिरिक्त थुप्रै फुटकर कविता, गीत, लघुकथा तथा फुटकर लेखहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भएका पाइन्छन् भने **जय सरुवा** र **शास्त्र भित्रका कुरा** अप्रकाशित छन् । यसै गरी लघुकथा सङ्ग्रह, **के मतलब** (महाकाव्य) र **महाकवि लक्ष्मीप्रसाद देवकोटाको जीवनवृत्त** प्रकाशोन्मुख अवस्थामा रहेका छन् ।

विशेषगरी पौडेलका सिर्जनाकृतिहरू राष्ट्रप्रेम, समाज सुधारक र मानवतावादी भावभूमिमा केन्द्रित रहेका पाइन्छन् । सामाजिक र राजनैतिक विकृति, विसङ्गति, जीवनभोगाइका आरोह-अवरोह, सामाजिक असमानता, राजनैतिक अस्थिरता, भ्रष्टाचार, शोषण, अन्याय, अत्याचार, लोडसेडिङ समस्या, नारी समस्या आदि विषयलाई लिएर यिनले आफ्ना रचनाका विषयवस्तु बनाएका छन् । यिनले आफ्ना कृतिहरूमा आफूले देखे भोगेका विविध घटना र असन्तुष्टिहरू, राष्ट्रका जल्दाबल्दा समस्याहरू, शासकवर्गका गैर जिम्मेवारीपूर्ण कार्यशैली र समाजका बेथितिहरूप्रति झटारो प्रहार गर्दै उदाङ्गो पारिदिएका छन् । ती सबै भाव, शैली र सौन्दर्यका दृष्टिले उच्चकोटीका हुन नसकेपनि विषयवस्तु प्रतिपादनमा समर्थवान नै छन् । आफ्ना जीवनका अनुभव, भावना र विचारहरूलाई साहित्य र साहित्येतर दुवै क्षेत्रबाट प्रस्तुतीकरण गरी समाजका निम्ति योगदान दिने साहित्यकार गणेशकुमार पौडेलको व्यक्तित्व सफल, प्रतिष्ठित, उदाहरणीय र अनुकरणीय देखिन्छ ।

# परिच्छेद : चार

# साहित्यकार गणेशकुमार पौडेलको कृतित्त्वको अध्ययन

## ४.१ नेपाली साहित्यमा गणेशकुमार पौडेलको आगमन र उनको साहित्य यात्रा

नेपाली साहित्यमा गणेशकुमार पौडेलको आगमन र उनको साहित्य यात्रालाई यसप्रकार देखाइएको छ :

### ४.१.१ नेपाली साहित्यमा गणेशकुमार पौडेलको आगमन

आधुनिक नेपाली कविताको विकासक्रम अन्तर्गत पूर्वार्द्धमा स्वच्छन्दतावादी-प्रगतिवादी धारा अत्यन्त प्रखर रह्यो । २००७ सालको प्रजातान्त्रिक थालनी र त्यसपछि सामाजिक, आर्थिक विषमता र शोषणका विरूद्धमा पनि यो क्रान्तिचेत निकै प्रखर हुन लाग्यो । यही तात्पर्यमा प्रगतिवादलाई परिभाषित गरेर भन्ने हो भने नेपाली कविताको स्वच्छन्दतावादी धाराको २००४-२०१६ सालका बीचको दोस्रो चरणलाई स्वच्छन्दतावादी प्रगतिवादी धाराका रूपमा चिनाउन सकिन्छ । स्वच्छन्दतावादी कविहरू मध्ये प्रगतिवादी प्रवृत्तिलाई समेत पर्याप्त मात्रामा अँगाल्ने समकालीन र उत्तरवर्ती प्रमुख प्रतिभाहरूको नाम लिनु पर्दा लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ, गोपालप्रसाद रिमाल, केदारमान 'व्यथित', युद्धप्रसाद मिश्र आदि पर्दछन् ।[१] स्वच्छन्दतावादी प्रगतिवादी धाराका केन्द्रीय प्रतिभा देवकोटाले कविताका लघु, मध्यम र बृहत् तीनवटै उपविधामा आफ्नो तीव्र कल्पना शक्ति र आशुकवित्वको वेगमा स्वच्छन्दतावादी प्रायः सबै प्रवृत्तिलाई र प्रगतिवादी व्यङ्ग्य विद्रोह एवम् क्रान्तिको चेतलाई अभिव्यक्ति दिएका छन् ।[२] यसै परिप्रेक्ष्यमा गणेशकुमार पौडेल नेपाली साहित्यमा प्रगतिवादी धारालाई प्रतिनिधित्व र अवलम्बन गर्ने प्रतिभा हुन् । यसर्थ

---

१ वासुदेव त्रिपाठी र सहयोगीहरू (सम्पा.), **नेपाली कविता** (भाग ४), दोस्रो संस्क., (ललितपुरः साझा प्रकाशन, २०५४), पृ. १२३ ।

२ वासुदेव त्रिपाठी र सहयोगीहरू (सम्पा.), **नेपाली कविता** (भाग ४), दोस्रो संस्क., पूर्ववत्, पृ. १२५ ।

वर्गवाद र शक्तिवादले सिर्जित विकृत र विसङ्गत परिस्थितिका चरम उद्वेलनलाई यिनी गहिरिएर सूक्ष्मताले निरिक्षण गर्दछन् र जनघाती भूल कसैको होस् तिनलाई यी अक्षम्य ठान्छन् ।[३] कविताका फुटकर रूप फुटकर कवितादेखि मध्यम रूप लामा कविता तथा बृहत् रूप महाकाव्यमा समेत कलम चलाएका पौडेल नेपाली साहित्यमा सर्वप्रथम *पाँच अरबको संसार* नामक फुटकर कविता लेखेर उदाएका हुन् । यिनका कवितामा विशेष गरी देश भित्र व्यापक रूपमा सलबलाइरहेका विसङ्गतिहरू, आर्थिक विषमता, राजनैतिक अस्थिरता मन्त्रीहरू प्रतिको रुष्टता, घुसखोरी, अन्याय, अत्याचार जस्ता समस्याहरू माथि व्यङ्ग्य विद्रोहका भावनाहरू पोखिएको पाइन्छ । सुरु-सुरुमा सामान्यतवरले फुटकर कविता लेख्ने गरेका गणेशकुमारले कविता लेखनको बीचको समयमा सामान्य रूपमा व्यङ्ग्य मिश्रित कविताहरू लेख्न थालेको पाइन्छ भने उत्तरार्द्धमा आएर भयङ्कर रूपमा सीधा प्रहार गर्दै हास्य व्यङ्ग्य सङ्ग्रह तथा महाकाव्यको समेत बीजारोपण गर्न पुगेका छन् ।

साहित्यमा पछि मात्रै विकसित भएपनि व्यवहारमा हास्य व्यङ्ग्यको उपयोग सामूहिक जीवनबाटै सुरुभई सामाजिकतामा परिवेशित भई सांस्कृतिक चाडपर्व, धर्मकर्म, विधिव्यवहारमा समेत यसको उपयोग हुँदै आएको पाइन्छ । यसले जीवनलाई सहजतामा अङ्गीकार गरिएको अनुमानित हुन्छ । मनोरञ्जनप्रधान, हास्योत्पादक हास्यव्यङ्ग्य साहित्य र विविध गरी हास्य व्यङ्ग्य साहित्यलाई तीन खण्डमा विभाजन गर्न सकिन्छ । वि.सं. २०१३ तिरदेखि नेपाली कविता निकै बदलिएर देखा पर्न थाल्यो । एकातिर सामाजिक हेराइमा तीव्र यथार्थताले जरा गाड्यो भने अर्कोतिर मनोवैज्ञानिक तीक्ष्णतामा पनि अभिवृद्धि भयो । एकथरि कविहरू सामाजिक बनोटको चिरफारमा लागे, अर्काथरि जीवनका पीडा, आस्तित्विक समस्या तथा विसङ्गतिको खोजमा जागरूक बने अनि अर्काथरि कविहरू परम्परागत मार्ग मै निर्भय भएर हिंड्न रमाए ।[४] अहिले कविहरू गरिबी भ्रष्टाचार, घुसखोरी, चेलीबेटी बेचबिखन, शोषण, दमन, जातीय तथा धार्मिक ईर्ष्या र युद्ध, आर्थिक दुर्दशा, महङ्गी, षडयन्त्र, राजनीतिक आडम्बर, दुष्टता र अत्याचारलाई नङ्ग्याउन हास्य व्यङ्ग्यको सहारा लिइरहेका छन् ।[५] यस्तै विसङ्गति र बेथितिप्रति रूष्ट भई आफ्ना भावना पोख्दै नेपाली साहित्यमा गणेशकुमार पौडेलको आगमन भएको पाइन्छ । उनको **मन्त्री पुराण** हास्य व्यङ्ग्य सङ्ग्रह २०४६ देखि २०५६ सम्मका फुटकर कविताहरूको सङ्गालो हो जसमा

---

३ रमेश गोर्खाली, *भूमिका,* **मन्त्रीपुराण**, गणेशकुमार पौडेल, (मकवानपुरः शुलभ उपसेट, २०५६), पृ. उल्लेख छैन ।

४ कृष्ण गौतम, *नेपाली कवितामा हास्य व्यङ्ग्य,* **मधुपर्क**, हास्य व्यङ्ग्य अङ्क, (वर्ष ३०, अङ्क ४ पूर्णाङ्क ३३९, २०५४ भदौ), पृ. ६८ ।

५ ऐजन ।

मन्त्रीहरूको राजनैतिक व्यवहारप्रति रुष्ट हुँदै व्यङ्ग्य प्रहार गरेका छन् । उनका हालसम्म नौओटा साहित्यिक कृतिहरू प्रकाशित भइसकेका छन् । **अतीतलाई फर्केर हेर्दा** (२०५६) फुटकर कविताहरूको संगालो हो जसमा २०२५ सालदेखि अर्थात् कविता लेख्न सुरु गरेको समयदेखि २०४५ सालसम्मका कविताहरू लेखिएका छन् । त्यस्तै **बूढो गोरूले ओगटेको गाई** (२०५७) हास्य व्यङ्ग्य सङ्ग्रह, **बंगलादेशको सफर** (२०५७) यात्रा संस्मरण, **देवका पनि देव भ्रष्टेश्वर महादेव** (२०५८) पाल्सी महाकाव्य, **प्रतिनिधि सभास्तोत्रम् २०६०** (२०६१) व्यङ्ग्यसूक्ति सङ्ग्रह, **वार्ता** (२०६२) गीतिकाव्य, **गोरू महापुराण** (२०६३), **सुँगुरको महिमा** (२०६७) महाकाव्य प्रकाशित कृतिहरू हुन् । यसका अतिरिक्त थुप्रै फुटकर लेख रचना पनि विभिन्न पत्रपत्रिकामा प्रकाशित भइसकेका छन् । त्यस्तै **लघुकथा सङ्ग्रह, के मतलब** (महाकाव्य) तथा **लक्ष्मीप्रसाद देवकोटाको जीवनवृत्त** प्रकाशोन्मुख अवस्थामा रहेका छन् भने **जय सरुवा** र **शास्त्र भित्रका कुरा** भने अप्रकाशित नै रहेका छन् ।

यस प्रकार साहित्यका विविध विधाहरूमा कलम चलाएका गणेशकुमार पौडेलको नेपाली साहित्यमा आगमन भएको पाइन्छ ।

### ४.१.२ लेखनका लागि प्रेरणा र प्रभाव

हरेक साहित्यकारलाई साहित्यतर्फ लाग्ने प्रेरणा र लेखनमा कसै न कसैको प्रभाव त परेकै हुन्छ, चाहे त्यो प्रत्यक्ष वा अप्रत्यक्ष नै किन नहोस् ? सबैमा यो नियम लागु भएझैं गणेशकुमार पौडेलमा पनि लागु हुनु स्वाभाविक मानिन्छ । उनी साथै उमेरदेखि साहित्यप्रति निकै अभिरुचि देखाउँदथे । सानैदेखि कविता तथा गीत प्रतियोगिताहरूमा सहभागी हुँदै आफ्नो लेखनकार्यलाई अगाडि बढाउँदै लगेका पौडेलले विभिन्न कविहरूका लेख रचनाहरू तथा कृतिहरूको अध्ययन गर्दथे । यसरी साहित्यप्रति झुकाव राख्दै अध्ययन गर्दै जाँदा साहित्यको महत्त्व अझ राम्ररी बुझ्दै गए, छिटफुट रूपमा कोर्दै गए । जसअन्तर्गत पौडेलले देशमा व्याप्त विसङ्गति तथा विकृतिहरू अनि घुसखोरी, भ्रष्टाचारहरूप्रति व्यङ्ग्य प्रहार गर्दै व्यङ्ग्य साहित्यतर्फ आकृष्ट बन्दै गएको देखिन्छ । समसामयिक सन्दर्भहरूमा चोटिलो प्रहार गरिएका पौडेलका कविताहरू वर्तमान जीवन भोगाइका वास्तविकताहरूलाई सजीव रूपमा

चित्रण गर्न ज्यादै सफल छन् तथा सामाजिक जागरणका लागि पौडेल ज्यादै सचेत र जुझारू देखिन्छन् ।[६]

गणेशकुमारलाई साहित्यको भूमिका विचरण गराउने प्रेरणा र प्रभावका स्रोतहरू आफूभन्दा अघिका दाजुहरू, राष्ट्रियस्तरका विभिन्न साहित्यकारहरू, आफ्नै गुरूहरूका अतिरिक्त मान्यजनका सकारात्मक सन्देश, जीवन जगतका यावत अनुभवहरू, मन छुने खालका घटनाक्रमहरू, कुनै पनि चीज-बीज, प्रकृति र वातावरणको दृश्यावलोकन पश्चात् मनमा पैदा हुने अनुभूति, विसङ्गति, विकृति, अन्याय, अत्याचार, शोषण, घुसखोरी, भ्रष्टाचार आदिप्रति असन्तुष्टिहरू हुन् । यिनैको प्रेरणा र प्रभावको परिणाम स्वरूप पौडेल साहित्य लेखनतर्फ अभिमुख भएका छन् । पौडेल कविता र गीत विधामार्फत् समाज र राष्ट्रमा देखिएका आपसी खिचातानी, अन्याय अत्याचारको जरो उखेल्न उद्यत देखिन्छन् भने लेख सङ्ग्रहमार्फत् समसामयिक समाज र राष्ट्रका विकृति र विसंगति उपर ध्यानाकर्षण गराउँदै तिनमा नितान्त सुधारको खाँचो औंल्याउँछन् ।

यसरी यिनै सेरोफेरोमा रहेर विविध प्रभाव र प्रेरणालाई आत्मसात् गरी अन्याय, अत्याचार, विकृति वेथितिका विरूद्ध शङ्खघोष गरेर जागृतिको सञ्चार गराउँदै पौडेल साहित्यप्रति सिर्जना गर्न पुग्छन् ।

### ४.१.३ लेखनको परम्परा

वि.सं. २०२५ सालमा **स्वास्थ्य** मासिक पत्रिकामा *पाँच अरबको संसार* शीर्षकको कविता छापी गणेशकुमार पौडेलले नेपाली साहित्य लेखन परम्परा बसालेका हुन् । खास गरी उनले प्राप्त गरेका साहित्यिक प्रेरणा तथा प्रभावले नै उनलाई साहित्य संसारतिर डोऱ्याई कविता तथा गीतहरू लेख्न थालेको पाइन्छ । सुरुको *पाँच अरबको संसार* शीर्षकको कवितालाई हेर्दा जनसंख्या वृद्धिदर जति तीव्ररूपमा बढी रहेकोछ त्यति नै तीव्ररूपमा नेपालका वनजङ्गल तथा अन्य चीजहरू नाँसिदै गइरहेको छ । यसको निवारणका लागि अर्थात् स्वास्थ्य जीवन जीउने आग्रह गर्दै उक्त कविता लेखिएको पाइन्छ ।

यो कविता प्रकाशित हुँदाको अवस्था पौडेलको लेखनयात्राको आभ्यासिक रूपमा रहेको देखिन्छ । यसै प्रकारले पौडेलले आफ्नो कलम गीत तथा कविताहरू लेख्नतर्फ दौडाइरहेको पाइन्छ । उनका २०२५ देखि २०४५ सम्मका फुटकर कविताहरूको सँगालोको

६ विष्णुप्रसाद गौतम, *सुँगुरको महिमाको समीक्षा,* **हाम्रो मातृभूमि** साहित्य त्रैमासिक, (वर्ष ८, अङ्क ३, २०६७ साल), पृ. १७ ।

रूपमा **अतीतलाई फर्केर हेर्दा** (२०५६) नामक कविता सङ्ग्रहको जन्म भयो । पुनः तत्पश्चात् २०४६ खेखि २०५६ सम्मका फुटकर कविताहरू (हास्य व्यङ्ग्य) को सँगालो **मन्त्री पुराण** (२०५६) को जन्म हुन पुग्यो । त्यसपछिका दिनहरूमा पौडेलका पुस्तकाकार कृतिहरू (हास्य व्यङ्ग्य) को प्रकाशन हुन थाल्यो । यसप्रकार फुटकर लेख रचनाहरूका अतिरिक्त हालम्म नौ ओटा कृतिहरू प्रकाशित भइसकेका छन् । अझै अप्रकाशित तथा प्रकाशनको तयारी तयारी अवस्थामा पनि त्यस्तै केही लेखरचनाहरू रहेका छन् जुन चाँडै नै हाम्रो सामु आउने छन् । त्यति मात्रै नभइ केही साहित्येतर कृतिहरू पनि प्रकाशित भइसकेका छन् भने सम्पादनका क्षेत्रमा पनि उनको सक्रियता रहेको पाइन्छ ।

समग्रमा हेर्दा विभिन्न पत्र-पत्रिकामा समसामयिक विषयवस्तुमा छरिएर रहेका रचनाहरूका अतिरिक्त उनका कविता सङ्ग्रह, हास्य व्यङ्ग्य सङ्ग्रह, गीति कविता, यात्रा संस्मरण जस्ता विभिन्न विधामा केन्द्रित भई हालसम्म नौ ओटा पुस्तकाकार कृतिहरू प्रकाशित भइसकेका छन् भने **जय सरुवा** र **शास्त्रभित्रका कुरा** चाहिँ अप्रकाशित तथा **के मतलब** (महाकाव्य), **लघुकथा सङ्ग्रह**, **महाकवि लक्ष्मीप्रसाद देवकोटाको जीवनवृत्त** (जीवनी) प्रकाशोन्मुख कृतिका रूपमा रहेका छन् ।[७]

पौडेलका हालसम्म प्रकाशित कृतिहरूको विवरण तल उल्लेख गरिएको छ :

| क.सं. | कृतिको नाम | विधा | प्रकाशन वर्ष |
|---|---|---|---|
| १) | अतीतलाई फर्केर हेर्दा | कविता सङ्ग्रह | वि.सं. २०५६ |
| २) | मन्त्री पुराण | हास्य व्यङ्ग्य सङ्ग्रह | वि.सं. २०५६ |
| ३) | बंगलादेशको सफर | यात्रा संस्मरण | वि.सं. २०५७ |
| ४) | बूढो गोरूले ओगटेको गाई | हास्य व्यङ्ग्य सङ्ग्रह | वि.सं. २०५७ |
| ५) | देवका पनि देव भ्रष्टेश्वर महादेव | पाल्सी काव्य | वि.सं. २०५८ |
| ६) | प्रतिनिधि सभास्तोत्रम् २०६० | व्यङ्ग्यसूक्ति सङ्ग्रह | वि.सं. २०६१ |
| ७) | वार्ता | गीतिकाव्य | वि.सं. २०६३ |
| ८) | गोरू महापुराण | हास्य व्यङ्ग्य | वि.सं. २०६३ |
| ९) | सुँगुरको महिमा | महाकाव्य | वि.सं. २०६७ |

माथि उल्लेखित कृतिहरू पौडेलका प्रकाशित कृतिहरू हुन् ।

७ शोधनायकसँगको मौखिक अन्तर्वार्ता अनुसार ।

## ४.१.४ गणेशकुमार पौडेलको साहित्ययात्रा

कुनै पनि साहित्यकारको साहित्ययात्रालाई विभाजन गर्ने केही न केही आधारहरू त हुन्छन् नै । साहित्यकारको साहित्यिक लेखनको इतिहासमा देखापरेका विभिन्न साहित्यिक रचनाका प्रवृत्तिगत परिवर्तन, रचनाहरूका परिमाण र गुणस्तर, धारागत प्रवृत्तिको अन्तर्विकास, साहित्यिक रचना अथवा कृतिगत प्रकाशन, चिन्तन पक्षको परिवर्तन इत्यादि जस्ता आधारहरूको जगमा उभिएर उसको साहित्य यात्राको काल विभाजन गर्ने गरिन्छ ।[८]

वि.सं. २०२५ मा *पाँच अरबको संसार* नामक कविता प्रकाशित गरी साहित्यलेखन यात्रा शुभारम्भ गरेका पौडेल हालसम्म पनि यस क्षेत्रमा क्रियाशील छन् । करीब चार दशक लामो समयावधिको लेखन यात्रामा उनले नौ ओटा पुस्तकाकार कृति एवम् फुटकर रूपमा लेख, कविता, कथा, गीत विधामा कलम चलाई नेपाली साहित्य भण्डारलाई समृद्ध पार्ने कार्यमा योगदान दिइरहेको नै देखिन्छ ।

विशेष गरी कविता, कथा, लेख, गीत जस्ता विधामा कलम चलाएका पौडेलका हालसम्म नौ ओटा पुस्तकाकार कृति र दुईसय भन्दा बढी फुटकर रचनाहरू प्रकाशित भइसकेका छन् भने दुई ओटा रचनाहरू विविध कारणवश प्रकाशित हुन नसकेर पाण्डुलिपि कै रूपमा रहेका देखिन्छन् तथा **के मतलब** (महाकाव्य), **लघुकथा सङ्ग्रह** अनि महाकवि **लक्ष्मीप्रसाद देवकोटाको जीवनवृत्त** (जीवनी) प्रकाशोन्मुख कृतिका रूपमा रहेका छन् ।

यसप्रकार यिनको चारदशक लामो साहित्यिक यात्रालाई निम्नानुसार तीन चरणमा विभाजन गरी अध्ययन गर्न सकिन्छ ।

(क) प्रथम चरण : वि.सं. २०२५-२०४५ सम्मका कविताहरू
(अतीतलाई फर्केर हेर्दा कविता सङ्ग्रह)

(ख) द्वितीय चरण : वि.सं. २०४६-२०५५ सम्मका हास्य व्यङ्ग्य कविताहरू
(मन्त्री पुराण हास्य व्यङ्ग्य सङ्ग्रह)

(ग) तृतीय चरण : वि.सं. २०५७ - हालसम्मका पुस्तकाकार कृतिहरू
(बूढो गोरूले ओगटेको गाई व्यङ्ग्य काव्य)

---

८ मीनादेवी घिमिरे, रविकिरण 'निर्जीव'को जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन, पूर्ववत्, पृष्ठ ३१ ।

### (क) प्रथम चरण (वि.सं. २०२५-२०४५)

वि.सं. २०२५ सालमा *पाँच अरबको संसार* नामक कविता प्रकाशन गरी नेपाली साहित्यको भूमिमा गणेशकुमार पौडेलले पहिलोचोटी पाइला टेकेका हुन् । यिनी बीसको दशकको पूर्वार्द्धतिरबाटै साहित्य सिर्जनकार्यमा लागेको पाइन्छ । हेटौंडाबाट प्रकाशित **परिवार नियोजन स्मारिका** (२०२५) मा *पाँच अरबको संसार* नामक कविता प्रकाशन गरेर यिनी नेपाली साहित्यमा प्रवेश गरेका हुन् ।[९] पौडेलका २०२५ देखि २०४५ सम्म करिब दुई दशकको अवधिमा विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भइसकेका कविताहरू मात्र सङ्ग्रहित **अतीतलाई फर्केर हेर्दा** नामक कविता सङ्ग्रहमा पौडेलका कविताहरूले स्वच्छन्दतावादी काव्यधारामा कतै व्यङ्ग्यचेत कतै युगबोध, कतै दर्शन र संस्कृतिको झलक अनि धेरै चाहिँ समसामयिक परिस्थिति र गतिविधिको प्रतिनिधित्व गरिरहेको छ ।[१०] **अतीतलाई फर्केर हेर्दा** कृतिमा जम्मा जम्मी एकचालीस ओटा कविताहरू रहेका छन् । पौडेलका प्रथम चरणका कविताहरू वि.सं. २०२५ देखि २०४५ सम्म लेखिएका हुन् जुन पौडेलको लेखन यात्रामा शिशु अवस्थादेखि वयस्क अवस्था हुने बेलासम्मको साहित्यिक यात्राको उमेर हो । उनको यस कृति भित्रका कविताहरूमा सामाजिक कुरीति तथा वेथिति अनि अन्याय र अत्याचार, दमन र शोषणमा बाँचीरहेका जनताहरूका बेदनाप्रति पोखिएका भावनाहरू पाइन्छन् । त्यस्तै राष्ट्रका मन्त्री भनाउँदा नेताहरूप्रतिको व्यङ्ग्य पनि कताकति रूपमा उनका यस समयका कविताहरूमा पाइन्छन् । दाइजोको विरोध गर्दै हिँड्ने युवक पनि आफू दुलहा बनेर जग्गेमा बसेको बेला सिन्दुर नहाली दाइजोको सपना देख्ने, विवाहलाई सम्मानको लागि नभएर दाइजो भित्र्याउने साधनको रूपमा हेर्ने गरेको आधुनिकतामाथि व्यङ्ग्य प्रहार गरिएको छ ।

यस चरणका केही कविताहरू अत्यन्त मार्मिक, कतै व्यङ्ग्यचेत, कतै सामाजिक रीतिरिवाज तथा सामाजिक कुप्रथाका बारेमा लेखिएका छन् भने साहित्यिक कृतिहरूको पनि समय सापेक्ष पहिचान रहँदै गएको आजको साहित्यिक युगमा उम्मेदवार, पुजारी, दलबदलु भाङ्ग्रे, प्रजातन्त्र आएको छ, वसन्त, मण्डले, विदेश भ्रमण, सहयोगी दाता, मन्त्री र कार्यकर्ताहरू, आकांक्षी नेता, रेडियो नेपाल, परिवार नियोजन, काला व्यापारी, विदेशी

---

९ नारायणप्रसाद चापागाईं, *अतीतलाई फर्केर हेर्दा कविता सङ्ग्रह एक झलक*, **कुराकानी साप्ताहिक**, (वर्ष ४, अङ्क ३९, २०५७ पौष १७ गते सोमबार), पृ. ३ ।

१० रामचन्द्र फुर्सती, *मन्तव्य*, **अतीतलाई फर्केर हेर्दा**, गणेशकुमार पौडेल, (मकवानपुरः शुलभ अपसेट प्रेस, २०५६), पृ. उल्लेख छैन ।

सहायता शीर्षकहरूले स्तरीयताको निर्वाह गर्न सकेका छैनन् । यति हुँदा हुँदै पनि यस कविता सङ्ग्रहमा रहेको ज्ञानात्मक सन्देशात्मक, व्यङ्ग्यात्मक आदि पक्ष धारिलै रूपमा रहेका छन् । उनको कवि व्यक्तित्वले जति जति अभ्यास गर्दै जान्छ उति उति समाजभित्र, राष्ट्रभित्र पस्दै जान्छ र देश र समाज भित्र रहेका गुण र दुर्गुणहरूको मर्म पनि पहिल्याउँदै जान्छ अनि समाजभित्रका गुणपक्षलाई उजागर गर्दै दुर्गुण पक्षलाई हटाई समाज सुधार गर्नु पर्ने कुराको सन्देश समेत दिन खोजिएको पाइन्छ । स्तरीयताको निर्वाह कमै भएको र भाषिक क्षमता पनि परिपक्व भै नसकेकोले यस अवधिलाई आभ्यासिक वा प्रयोगावस्था मानिएतापनि पहिलो चरणमा नै छरिएर रहेका कविताहरूलाई समेटेर एउटै सङ्ग्रहमा राखी कृति प्रकाशन गर्नु पौडेलको साहित्यलेखनको महत्त्वपूर्ण उपलब्धि हो । यस चरणमा एउटा पनि कृति प्रकाशित नगरेकाले विभिन्न प्रकाशित फुटकर कविताहरूका आधारमा प्रथम चरणको साहित्यिक प्रवृत्तिहरूलाई औंल्याउनुपर्ने देखिन्छ ।

**यस चरणका प्रवृत्तिहरु**

यस चरणका कविताहरूमा एउटै विषयमा मात्र केन्द्रित नभई समसामयिक घटना, परिस्थिति र वातावरणसँग मेल खाने विविध विषयमा कविताहरू लेखेका छन् । मान्छे, म किन राष्ट्रको सेवक भएँ, बेलैमा नियोजन गरौं, प्रजातन्त्र, नारी, दाइजो, महाकवि तिमी, जातीय छुवाछुत, नेपाल र नेपाली, मान्छे र पन्छी, दशैंमा होमिएका बोकाहरू जस्ता विविध विषयवस्तु भएका कविताहरूले स्वच्छन्दतावादी काव्यधाराममा कतै व्यङ्ग्यचेत, कतै युगबोध, कतै दर्शन र संस्कृतिको झलक अनि धेरै चाहिँ समसामयिक परिस्थिति र गतिविधिको प्रतिनिधित्व गरिरहेका छन् । तसर्थ यस चरणका रचनाहरूमा विशेष गरी स्वच्छन्दतावादी धारा अन्तर्गत रहेर कविता सिर्जना गर्ने प्रवृत्ति तथा रमरस व्यङ्ग्यात्मक कविताहरू लेख्ने प्रवृत्तिहरू देखिन्छन् । विषयवस्तुमा विविधता बौद्धिकता, चेतनामूलक, सन्देशमुलक प्रवृत्तिहरू यस चरणका कविताहरू अध्ययन गर्दा देखिन आउँछन् ।

**(ख) द्वितीय चरण (वि.सं. २०४६-२०५५ सम्मका हास्य व्यङ्ग्य कविताहरु) (हास्यव्यङ्ग्यसङ्ग्रह मन्त्री पुराण)**

वि.सं. २०४६-२०५५ सालसम्मको अवधिलाई साहित्यिक यात्राको दोस्रो चरण वा विकासकाल मानिन्छ । प्रजातन्त्र पश्चात देशमा केही सुधार आउला भन्ने आशा लिएर

बाँचेका जनताहरू निराशामा डुब्नु पऱ्यो । वि.सं. २०४६-२०५५ सम्म लेखिएका जति पनि कविताहरू छन् ती सबै मन्त्री पुराण नामक हास्य व्यङ्ग्य कविता सङ्ग्रहमा सङ्ग्रहित छन् । जम्मा जम्मी उन्चालीस रचनाहरू समावेश गरिएका कवितामा पौडेलले राजनीतिकर्मी, नेता र मन्त्रीप्रति आफ्नो तीव्र आक्रोश र क्रोध प्रकट गरेका छन् त्यसैले यस सङ्ग्रहको नाम नै मन्त्री पुराण राखेका छन् । विशेषतः मलाई नेता हुनु छैन, हाम्रा मन्त्रीज्यू सक्षम नेता हुनुहुन्छ, शासकलाई चिनौं, नेता मन्त्री भएपछि, त्यो नेपाली ठिटो, सडक र सदन, यहाँ यस्तै छ र मन्त्रीसँग सावधान जस्ता रचनाहरूले यथार्थ जगतको परिचय दिएका छन् । तसर्थ सरकार वा कार्यपालिका हाँकेर बसेका मन्त्रीहरूको विविध अराजक भ्रष्ट गतिविधि देख्दा पौडेल अत्यधिक मर्माहत र दिकदार छन् र त्यसैको प्रतिक्रिया स्वरूप यस्ता प्रहारक एवं व्यङ्ग्यात्मक रचना कोर्न पुगेका छन् ।

यस चरणका कवितामा पौडेलले प्रगतिवादी विचारधारालाई प्रतिनिधित्व र अवलम्बन गरेका छन् । तसर्थ वर्गवाद र शक्तिवादले सिर्जित र विकृत तथा विसङ्गत परिस्थितिका चरम उद्वेलनलाई यिनी गहिरिएर सूक्ष्मताले निरीक्षण गर्छन् । सरल अभिव्यक्ति भित्र चोटिलो प्रहार कवि पौडेलको काव्यिक विशेषता हो । सत्ता स्वार्थको संकुचित घेराबाट बाहिर आएर समाज र राष्ट्रको सर्वोपरी विकासमा हातेमालो गर्ने सन्देश बोकेको यो सङ्ग्रहमा पौडेलले भैरव अर्याल, केशव पिंडाली, वासुदेव लुइटेल, बालमुकुन्द देव पाण्डेय, श्याम गोतामे, लोकेन्द्र चन्द आदिले फराकिलो, सुकिलो र उदात्त तुल्याएको नेपाली व्यङ्ग्य शास्त्रलाई भावी समय र युगावधिमा अझ समृद्ध पार्न व्याङ्गिक संचेतनालाई अन्तस्करणदेखि नै समेट्ने प्रयास व्यङ्ग्य कवि पौडेलले गरेका छन् । उनका यस चरणका कविताहरूका आधारमा उनको यस चरणका प्रवृत्तिहरूलाई औंल्याउन सकिन्छ ।

## यस चरणका प्रवृत्तिहरु

यस चरणमा प्रकाशित कविताहरूको अध्ययन गर्दा प्रगतिवादी, विकृत र विसङ्गत प्रति व्यङ्ग्यात्मकता, भौतिकवाद प्रति झुकाव, वर्गवाद र शक्तिवादप्रतिको विद्रोहात्मकता जस्ता प्रवृत्ति पाइन्छन् । समाजका विकृति र विसङ्गतिप्रति व्यङ्ग्यवाण प्रहार गरी समाज सुधारको चाहना, देश हाक्ने शासक तथा मन्त्रीहरूप्रति व्यङ्ग्यात्मकता तथा देश सुधारको चेतना प्रदान गर्नुका साथै वर्णनात्मकता, निजात्मकता, आत्मपरकता, बौद्धिकता तथा

चिन्तनशीलता, गद्यात्मकता, आगन्तुक शब्दहरूको प्रयोगमा प्रबलता, मानवताका लागि सचेतता जस्ता प्रवृत्तिहरू पौडेलका यस चरणका प्रवृत्तिहरू अन्तर्गत पर्दछन् ।

**(ग) तृतीय चरण (वि.सं. २०५६-हालसम्म (बूढो गोरूले ओगटेको गाई देखि लिएर आजसम्म प्रकाशित विभिन्न पुस्तकाकार कृतिहरु)**

वि.सं. २०५६ देखि गणेशकुमार पौडेलले पुस्तकाकार कृति प्रकाशन गर्ने जमर्को गरे जस अनुरूप हालसम्म पौडेलका साहित्यिक विषयमा मात्र नौ ओटा पुस्तकाकार कृति प्रकाशित भइसकेका छन् । विगतमा छरिएका २०२५-२०४५ सम्मका फुटकर कविताहरू एउटै पुस्तक **अतीतलाई फर्केर हेर्दा** नामक कृतिमा सङ्ग्रहित छन् भने त्यस्तै २०४६-२०५५ सम्मका अर्थात् प्रजातन्त्र प्राप्ति पछिका व्यङ्ग्यात्मक फुटकर कविताहरूलाई **मन्त्री पुराण** हास्य व्यङ्ग्य सङ्ग्रहमा संगालेका छन् । यसरी फुटकर रूपलाई पुस्तकाकार दिँदै नयाँ सिर्जनाहरू पुस्तकाकार कृतिमा नै प्रकाशित गरेका, थोरै कृति प्रकाशित गरेपनि धेरै अटाइएका पौडेलका कृतिहरू साँच्चै नै अमूल्य छन् । दोस्रो चरणका फुटकर कवितामा व्यङ्ग्यात्मकताको रमरम स्वाद पाइएता पनि तेस्रो चरणमा आएर पौडेलले व्यङ्ग्यको झटारो प्रबल रूपमा हानेको पाइन्छ । उनका **बूढो गोरूले ओगटेको गाई** (हास्य व्यङ्ग्य सङ्ग्रह २०५७), **देवका पनि देव भ्रष्टेश्वर महादेव** (पाल्सी महाकाव्य २०५८), **प्रतिनिधिसभास्तोत्रम् २०६०** (व्यङ्ग्यसूक्ति सङ्ग्रह २०६१), **गोरू महापुराण** (हास्य व्यङ्ग्यकाव्य २०६३) हरूमा मन्त्री तथा देश हाँकेर बसेका तथाकथित नेताहरूप्रतिको रोष प्रकट गर्दै लेखिएका कृतिहरू हुन् । त्यस्तै **वार्ता** (गीतिकाव्य २०६२) ले देशमा मच्चिएको नेताहरू बीचको आपसी द्वन्द्वलाई वार्ता गर्ने सन्देश बोकेको छ भने **सुँगुरको महिमा** (महाकाव्य २०६७) ले विकृति र विसङ्गतिमा व्याप्त रहेर बाँच्न रूचाउने राजनीतिज्ञ भनाउँदा छ सय एक सभासद् तथा नेताहरूलाई सुँगुरकै कोटीमा राखेर सीधा प्रहार गरेका छन् । आफ्नो पेशाप्रति समर्पित पौडेलले स्वास्थ्य सेवा विभागबाट बंगलादेश जाने सुअवसर सरकारबाट नै प्राप्त भएको हुँदा उनले आफ्नो वैदेशिक भ्रमणको यात्रा संस्मरण **बंगलादेशको सफर** लेखेका छन् जुन कृतिमा पौडेलका आफ्ना अनुभूतिहरू उल्लेख गरिएको पाइन्छ । यसप्रकार नौओटा पुस्तकाकार कृति प्रकाशित गर्नु पौडेलको साहित्य यात्राको तेस्रो चरण उर्वरकाल मानिन्छ । यस समयमा माथि उल्लेखित नौओटा कृतिहरूका अलावा **जय सरुवा** र **शास्त्रभित्रका कुरा** पनि रचना भएको तर विभिन्न कारणले प्रकाशन हुन नसकी पाण्डुलिपिकै

रूपमा रहेको पाइन्छ भने **के मतलब** (महाकाव्य), **लघुकथा सङ्ग्रह** तथा **लक्ष्मीप्रसाद देवकोटाको जीवनवृत्त** (जीवनी) रचना अर्थात् कृति प्रकाशोन्मुख अवस्थामा रहेका छन् । यसका अतिरिक्त साहित्यिक यात्राको तेस्रो चरणमा पौडेलका थुप्रै फुटकर लेख रचना, कविता, कथाहरू पनि प्रकाशित भएका छन् । यी सबै कृति तथा रचनाहरूको अध्ययनका आधारमा उनको तेस्रो चरणका प्रवृत्तिहरूलाई केलाउन सकिन्छ ।

## यस चरणका प्रवृत्तिहरु

यस चरणका कृतिहरूको अध्ययन गर्दा पौडेल विशेष गरी व्यङ्ग्यमा नै रमाएका तथा सबैजसो कृतिहरू व्यङ्ग्यका झटारोले घाइते भएका हुँदा व्यङ्ग्यात्मक प्रवृत्ति सबैभन्दा बढी पाइएको छ । मार्क्सवादी विचारधाराबाट प्रभावित पौडेल प्रयोगवादतर्फ पनि ढल्किँदै आफ्ना काव्यकृतिहरूमा बिम्ब र प्रतीकको पनि केही मात्रामा प्रयोग गरेका छन् । दोस्रो चरणसम्म गद्यात्मक प्रवृत्ति मात्रै भएका पौडेलका कृतिमा गद्यात्मक, पद्यात्मक तथा झ्याउने अर्थात् गीतिलयमा पनि उनले कृतिहरू रचना गरेका छन् । तसर्थ गद्यात्मकता, पद्यात्मकता तथा गीत्यात्मकता तीनवटै प्रवृत्ति उनको साहित्ययात्राको यस चरणमा पाइन्छन् । झर्रा शब्दको अधिकतम प्रयोग तथा आगन्तुक शब्दको प्रयोग, आत्मपरकता, नवीनता, सर्गात्मकता, थोरबहुत सूत्रात्मक, विधात्मक विविधता भाषाशैलीमा सुधार जस्ता विभिन्न प्रवृत्तिहरू बोकेका उनका कृतिहरूमा राष्ट्रियता विद्रोहात्मक, क्रान्तिकारीको भावना सल्बलाएका विचारणीय र सन्देशमूलक छन् । यस प्रकार साहित्ययात्राको उर्वरकाल अर्थात् तेस्रो चरणमा उनका थुप्रै प्रवृत्तिहरूलाई औंल्याउन सकिन्छ ।

समग्रमा गणेशकुमार पौडेलको साहित्यिक सिर्जना यात्राको प्रथम चरण आभ्यासिक तथा शिशु अवस्था देखिन्छ । दोस्रो चरणमा रमरम व्यङ्ग्यात्मकता पाइन्छ । कृति प्रकाशनका क्षेत्रमा प्रथम तथा दोस्रो चरणमा शिथिल रहे पनि लेखनको क्षेत्रमा भने निरन्तरता रहेको पाइन्छ । तेस्रो चरणमा अएर लेखन र प्रकाशन दुवैमा निरन्तरता पाइन्छ । फुटकर कवितादेखि साहित्ययात्रा प्रारम्भ गरेका गणेशकुमार पौडेलले कविता, यात्रा संस्मरण, हास्यव्यङ्ग्य काव्य, महाकाव्य जस्ता विविध विधामा पुस्तकाकार कृतिको सिर्जना र प्रकाशन गर्दै आजको क्षणसम्म आइपुग्दा उनको लेखन प्रतिभा गुणात्मक रूपमा उत्तरोत्तर प्रगतितर्फ उन्मुख हुँदै गइरहेको पाइन्छ । विभिन्न समयमा प्रकाशित पुस्तकाकार एवं

फुटकर कविता, लघुकथा, जीवनी, नियात्रा, हास्य व्यङ्ग्य काव्य, व्यङ्ग्यसूक्ति, महाकाव्य जस्ता रचना तथा कृतिले पौडेललाई एक सफल व्यङ्ग्य कविको रूपमा स्थापित गरेको छ ।

## ४.२ गणेशकुमार पौडेलका पुस्तकाकार कृतिहरुको अध्ययन

साहित्यकार गणेशकुमार पौडेल मकवानपुर जिल्लाका साहित्यिक प्रतिभा हुन् । उनी युग चेतनाका भावुक स्रष्टा हुन् । उनका प्रकाशित कृतिहरूले समाज र राष्ट्रमा व्याप्त विकृति, विसङ्गति, अन्याय, अत्याचार, दमन, शोषण, घुस, भ्रष्टाचारप्रतिको विद्रोह तथा व्यङ्ग्य प्रहार गर्दै सुधारमूलक चेतना तथा सन्देश दिन खोजेका छन् । उनका प्रकाशित पुस्तकाकार कृतिहरूको तल विश्लेषण गरिएको छ ।

### ४.२.१ अतीतलाई फर्केर हेर्दा कविता सङ्ग्रहको अध्ययन

**अतीतलाई फर्केर हेर्दा** कविता सङ्ग्रहमा २०२५ देखि २०४५ सम्म प्रकाशित कविताहरू रहेका छन् ।

#### ४.२.१.१ शीर्षक

कुनै कविता, निबन्ध आदि रचनाको परिचय गराउने शब्द वा शब्दावली वा नामलाई शीर्षक भनिन्छ ।[११] कुनै पनि रचना, कृति आदिको मुख्य नाम वा टाउकोलाई नै शीर्षक भनिन्छ ।[१२] शीर्षक कविता कृतिको नामकरण मात्र नभई कृतिका सारभूत भाव विचारको सूचक, सङ्केत वा उद्घाटक समेत हुनुपर्छ ।[१३] शीर्षकले विषयवस्तु प्रस्तुति, भाव वा विचारको केन्द्रीय कथ्यप्रति सङ्केत गर्दछ । शीर्षक नै कविताको केन्द्रीय सारभूत वस्तु हो ।[१४] **अतीतलाई फर्केर हेर्दा** साहित्यकार गणेशकुमार पौडेलको प्रथम पुस्तकाकार कृति हो । यो वि.सं. २०२५ देखि वि.सं. २०४५ सम्म प्रकाशित भइसकेका फुटकर कविताहरूको सङ्ग्रह हो । समाज र राष्ट्रमा हुने विविध विषयको लेखाजोखा गरिएका कविताहरू पौडेलको साहित्यलेखनको शिशु अवस्था वा प्रारम्भिक अवस्थाका कविताहरू हुन् । जम्मा जम्मी

---

११ सूर्यविक्रम ज्ञवाली, (प्र. सम्पा.) **नेपाली सङ्क्षिप्त शब्दकोष**, (काठमाडौं: ने.रा.प्र.प्र. २०४०), पृ. १३ ।

१२ वसन्तकुमार शर्मा नेपाल, **नेपाली शब्द सागर**, दोस्रो संस्क., (काठमाडौं: भाभा पुस्तक भण्डार, २०५८), पृ. १२४९ ।

१३ वासुदेव त्रिपाठी र सहयोगीहरू (सम्पा.), **नेपाली कविता** (भाग-४), पूर्ववत्, पृ. १७ ।

१४ कृष्णविलास पौड्याल, **आधुनिक नेपाली कविता, काव्य** (काठमाडौं: नवीन प्रकाशन, २०६६), पृ. ८ ।

एकचालीस कविताहरूको सङ्कलन रहेको प्रस्तुत कृतिमा गद्य र पद्य दुवै लयको मिश्रण पाइन्छ ।

### ४.२.१.२ संरचना

कुनै वस्तुको बाहिरी ढाँचा, आकार, प्रकार, आकृति, रूपाकृति आदिलाई संरचना भनिन्छ ।[१५] विभिन्न अवयव वा घटकहरूको पारस्परिक सम्बन्धद्वारा निर्मित वस्तु वा कृतिको पूर्ण जीवन्त र स्वनिष्ठ अस्तित्व नै संरचना हो ।[१६] संरचना दुई प्रकारको हुन्छ आन्तरिक र बाह्य । **अतीतलाई फर्केर हेर्दा** कविता सङ्ग्रह बाह्य संरचनाका दृष्टिले सैंतीस पृष्ठको एकचालीस ओटा कविता समावेश गरिएको लघु आकारको कृति हो । छोटामा छ पंक्तिदेखि लिएर लामा उनान्सय पंक्तिसम्मका कविताहरू रचिएका छन् । वि.सं. २०५६ सालमा लेखक स्वयंको प्रकाशकत्वमा पाँचसयप्रति प्रकाशित यस कृतिको बाहिरी आवरणमा अगाडिपट्टि ठूला अक्षरमा कृतिको नाम **अतीतलाई फर्केर हेर्दा** लेखिएको छ तथा तल सानो अक्षरमा प्रकाशक तथा लेखक गणेशकुमार पौडेल लेखिएको छ भने पछाडिपट्टि लेखकको फोटो सहितको परिचय तथा प्रकाशित कृतिहरू दिइएको छ । कृतिको अग्रभागमा रामचन्द्र फुर्सतीको *मन्तव्य* लेखिएको छ भने त्यसपछि पौडेलले *मेरो लेख्नु* शीर्षकमा आफ्ना केही कुरा राखेका छन् तथा त्यसपछि विषयक्रम राखी कविताका शीर्षक तथा पृ.सं. लेखिएको छ ।

आन्तरिक संरचनाका दृष्टिले हेर्दा कविताहरू गद्यलयमा लेखिएका छन् । कविताहरूमा मुक्त छन्दको प्रयोगका साथै अन्त्यानुप्रासको आधिक्यता पनि पाइन्छ । २०४६ सालको प्रजातन्त्र आउनु अघि देशमा भएका अन्याय, अत्याचार, दमन, शोषण, विकृति र विसङ्गति तथा अन्य विविध विषयवस्तुलाई कविताको माध्यमबाट देखाउन खोजिएको छ ।

### ४.२.१.३ विषयवस्तु

**अतीतलाई फर्केर हेर्दा** वि.सं. २०२५ देखि २०४५ सम्मको अवधिमा प्रकाशित भएका कविताहरूको सङ्ग्रह हो । यस सङ्ग्रहका प्रत्येक कविताहरू अलग-अलग विषयवस्तुमा बाँधिएका छन् । यस सङ्ग्रहमा दुई दशकको अवधिभित्र कविका अनुभव, जीवनभोगाइ तथा

---

१५ हेमाङ्गराज अधिकारी र बद्री विशाल भट्टराई (सम्पा.), **प्रयोगात्मक नेपाली शब्दकोष**, दोस्रो संस्क., (काठमाडौंः विद्यार्थी प्रकाशन प्रा. लि., २०६३), पृ. ९५२ ।

१६ खगेन्द्रप्रसाद लुइटेल, **कविताको संरचनात्मक विश्लेषण**, (काठमाडौंः विद्यार्थी पुस्तक भण्डार, २०६२), पृ. ४८ ।

देशमा भइरहेका विकृति, विसङ्गति, अन्याय, अत्याचार, दमन शोषण आदि विषयवस्तुको चित्रण गरिएको छ ।

*म किन राष्ट्रसेवक भएँ ?* शीर्षक कवितामा राष्ट्रसेवक बन्नको लागि विभिन्न दुःख-दर्द सहनु पर्ने र यथार्थता हुँदा पनि झूठो ठहरिने तर नेता बन्दा मारूती कारमा चढेर श्रीमतीलाई समेत पाँचतारे होटलमा डिस्को नचाउन सफल हुने आधुनिक नेताहरूप्रतिको व्यङ्ग्य पनि सकारात्मक देखिन्छ । *बेलैमा नियोजन गरौं* शीर्षक कवितामा स्वर्गको ढोका खोल्न छोरा नै अपरिहार्य रहेको प्रसङ्ग जोड्दै आधुनिक समाजमा छोराछोरीप्रति रहेको भेदभावबाट परिवारको आकारमा पर्ने समस्याले बाबुआमा पश्चातापमा परेको प्रसङ्गमा छोरी पनि छोरा जस्तै सन्तान हो, छोरा र छोरीमा भेदभाव राख्नु हुँदैन भनिएको छ । *दाइजो* शीर्षकमा एउटा दाइजोको विरोधमा उठेको युवक पनि जग्गेमा पुगेपछि सिन्दुर नहाली दाइजोको सपना देखेको प्रसङ्ग जोड्दै विवाहलाई सम्मानको लागि नभएर दाइजो भित्र्याउने साधनको रूपमा हेर्ने गरेको आधुनिकतामाथि व्यङ्ग्य प्रहार गरिएको छ भने दाइजोलाई धोका र बेइज्जतको रूपमा स्वीकारिएको छ । यसका केही पंक्तिहरू:

दाइजो लिएको होइन नपुंसकता लिएको हो
आत्मसम्मान पाएको हैन धोका खाएको हो
जीवनसाथी होइन अर्काको सम्पत्ति उठाएको हो,
न्यानो माया र ननिभ्ने ज्योति होइन बेइज्जत भित्र्याएको हो

(दाइजो - पृ. १६)

समाजमा पिछडिएका किसान, मजदुरबाट नै सात, छत्तीस र छयालीसका क्रान्तिहरूमा धारणा सहित फेरि पनि ती दुर्दशासँग लड्नसक्ने क्षमता निष्ठावान किसान मजदुरमा नै भएको र स्वार्थ, सत्ताधारी नेताको विरूद्धमा आवाज उठाउने शक्ति पनि उनीहरूमा नै रहेको प्रसङ्ग *चम्किला ताराहरू उठ* शीर्षकको कवितामा उल्लेख गरिएको छ ।

हरेक दुःख-कष्टमा पनि समान व्यवहार गर्न सक्नु पर्ने सन्देश बोकेको *फूल फूलेको रूख,* आफ्नो स्वार्थका लागि जस्तोसुकै अभिनय पनि गर्न सक्ने *अभिनेताहरू अभिनय गर्छन्,* चुनावमा मात्र विभिन्न आश्वासन दिँदै शहरबाट गाउँमा आउने *त्यो नेता चुनावमा आउँछ* जस्ता कविताहरू पनि उत्तिकै सार्थक रहेका छन् । साहित्यमा अग्रज कविको सम्झना गरिएको *महाकवि तिमी,* नाता, घुस र कोसेलीबाट मात्र सम्भावित विदेश भ्रमण र जागिर, देशको गीत गाउँदै देशको घाउमा मलम लगाउने, रूढिवादी कुराको विरोध गर्दै

राष्ट्रघातीलाई भाला र तरवारले नभएर धारिला शब्दको प्रयोग गर्ने कविमाथि अवहेलना गरिएको *त्यो मान्छे को थियो ?* जस्ता कविताका माध्यमबाट चित्रण गरिएको छ ।

उसले निदाइरहेकाहरूलाई ब्यूँझाउन कविता लेख्थ्यो
त्यो मान्छे अभावै अभावले पीडित जनताको हृदयमा बस्थ्यो
अन्धकार निर्मूल गर्ने अभियानमा ऊ सदैव जुट्थ्यो
राष्ट्रघातीहरूलाई भाला र तरबार हैन उसले त धारिला शब्दको प्रयोग गर्थ्यो
भन्नुहोस्, त्यो मान्छे को थियो ? जसले बाँचुञ्जेल अवहेलना पायो ।

(त्यो मान्छे को थियो ? - पृ. २३)

इमान, कर्तव्य, स्वाभिमान, योग्यता र प्रमाणपत्रको कदर नहुने वर्तमान परिवेशमा *हराएको भाग्य,* कर्मठ राष्ट्रसेवकले पनि आफ्नो पद जोगाउन समय अनुसार घुसपेस, चाकरी र चाप्लुसीको बाध्यता भएको *कर्मठ राष्ट्र सेवक* कस्तो हुनुपर्छ भन्ने कुराको व्यङ्ग्य पनि सटीक रूपमा प्रहार गरिएको छ । *मान्छे* शीर्षक कवितामा मानव मरणशील प्राणी भएको कारण उसले आफ्ना बाँचेका दिनहरूमा गल्ति नै नगर्ने गरे पनि आफ्नो गल्तिलाई स्वीकार्नु पर्छ भन्दै विवेकी रहेको मानव पनि ईर्ष्या र घमण्डको  कारण पक्षीको दाँजोमा पनि पुग्न नसकेको व्यङ्ग्य *मान्छे र पक्षी,* भेदभाव विहीन उत्पत्तिमा श्रम, सीप, रगत र मासु सबै चलेको तर पानी नचलेको प्रसङ्गलाई जोड्दै शोषण र दमनको कारण नै छुवाछुतको जन्म भएको र यो मानिसले मानिसलाई गर्ने व्यवहार नभएर लाछीहरूले आफ्नो खुबी प्रदर्शन गर्न सजिलो बनाएको संस्कार *जातीय र छुवाछुत* मा उल्लेख गरेका छन् ।

मानव उत्पत्ति त भेदभाव रहित थियो
जब निजी स्वामित्वको सूत्रपात भयो
तब निरीह वर्गको उदय पनि सँगै भयो
अनि शोषण दमनको चक्र चल्न थाल्यो
त्यही चक्रले जातजाति र छुवाछुत जन्मायो ।

(जातीय छुवाछुत, - पृ. ३५)

थाप्लोमा नाम्लो, पिठ्यूँमा भारी, हत्केलामा ठेला, उसको साथमा खुकुरी र लेक, बेसीका उकाली, ओरालीमा बन्दुक, बारूद र गोलीमा नबर्सने, कुनै प्रलोभनमा नफँसी कालो बादलसँग जुझ्दै उज्यालो घाम ल्याउने, रगत बगाउने *नेपाल र नेपाली,* सामन्तको भव्य

महलमा सीमित रहँदै आफ्नो अस्तित्व जोगाउन नसक्ने विजया दशमीको व्यङ्ग्यात्मक प्रस्तुती *दशैंमा होमिएका बोकाहरू* उत्तिकै साहित्यिक र सार्थक देखिन्छन् ।

दशैं आउनुपर्थ्यो गरीबको झोपडीमा राम बनेर
गरीबलाई ऋणमा नडुबाई महीमा गाएर
तर दशैं आउँछ, यहाँ सामन्तको महलमा राम बनेर
गरीबको झोपडीमा चैं ठसठसि बोको गन्हाएर ।

(दशैंमा होमिएका बोकाहरू, - पृ. ३७)

संक्षेपमा मूल्याङ्कन गर्दा समसामयिक परिस्थिति र गतिविधिको प्रतिनिधित्व गरिरहेका यी कविताहरूमा व्यङ्ग्यचेत, युगबोध, कतै दर्शन र संस्कृतिको झलक पाइनुका साथै कविता ज्ञानात्मक, सन्देशात्मक, व्यङ्ग्यात्मक रहेका छन् ।

## ४.२.१.४ भावविधान

आत्मालापी, कविकथनात्मक, आख्यानीकृत वा नाटकीकृत जुन रूपमा जीवन जगत्को कथन गरिए पनि त्यसको चुरोस्वरूप केन्द्रीय कथ्य वा विषयवस्तु चाहिँ कुनै न कुनै भावविधान या भावविचार हुन्छ र परिणाममा चाहिँ कवितामा त्यो अनुभव वा सूक्ष्म विचार भावमय, रागमय रूपमा कलात्मक रूपान्तरण हुनुपर्ने हुन्छ ।[१७] मानवीय जीवनजगत्का यावत् विषयवस्तुलाई मानवचेतना भित्र अनुभव तथा अनुभूतिको लयात्मक, रागात्मक र कलात्मक निष्कर्षका रूपमा विशेष प्रकारको भाव-अर्थ प्रदान गर्नु नै यथार्थतः कविताको भाव विधान हो ।[१८] कविता सिर्जनाका लागि प्रयुक्त मूल विषयवस्तु र अवधारणा विशेषलाई भाव भनिन्छ ।[१९] विविध विषयवस्तुमा उनिएको **अतीतलाई फर्केर हेर्दा** (कविता सङ्ग्रह) विविध भाव वा विचार भएको कविता सङ्ग्रह हो । सामाजिक, राजनैतिक विकृति र विसङ्गतिको चित्रण, नारीमाथिको दुर्व्यवहार, सत्ताको लोलुपता, जीवनबोधका पीडाहरू जस्ता आदि विषयवस्तु बनाएर प्रस्तुत गरिएको यस सङ्ग्रहका कविताहरूको यहाँ भाव वा विचारका आधारमा अध्ययन गरिएको छ ।

---

१७ वासुदेव त्रिपाठी र सहयोगीहरू (सम्पा.), **नेपाली कविता** (भाग-४), पूर्ववत्, पृ. २० ।
१८ ईश्वरीप्रसाद गैरे, **आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य**, पूर्ववत् पृ. २० ।
१९ खगेन्द्रप्रसाद लुइटेल, **कविताको संरचनात्मक विश्लेषण**, पूर्ववत्, पृ. २१९ ।

## (क) राष्ट्रियता

यस कविता सङ्ग्रहभित्रका कविताहरूमा देशप्रेमका भावनाहरू मुखरित भएका छन् । नेपालीहरूले आफ्नो देशप्रति गरेका कर्तव्यहरूको चित्रण गरिएको छ । राष्ट्रप्रतिको मोहले नेपाली जनता खुकुरी, हलो, जुवा, कुटो, कोदालो, हतौडी, गोली र बारूद बोकी आफ्ना सबै दुःख पीडा बिर्सदै निर्लज्ज निरंकुश शासकको विरोधमा लड्दै सात, छत्तीस र छयालीस साल विजय मनाउँदै हर्ष प्रकट गरेका छन् । यसरी राष्ट्र र राष्ट्रियताप्रति समर्पित कविताका अंशहरू यहाँ उल्लेख गरिएको छ ।

निरंकुश निर्लज्ज शासकको विरोधमा
पौडी खेल्दै हिँडेथे रगताम्मे भेलमा
सात छत्तीस र छयालीस साल जन्माउँदै
विजय हासिल गरेथे कालो बादलसँग प्रहार गर्दै
अनि झलमल्ल घाम लागे पछि, हर्षले मुग्धभै
भनेथे हाम्रो राष्ट्र र हामी केवल हौं नेपाल र नेपाली

(नेपाल र नेपाली - पृ. ३६)

देश भित्र-भित्र दिन-पर-दिन खोक्रिरहेको छ ।
व्यक्तिगत स्वार्थको लागि सत्ताधारीहरूले लुकामारी चलाएको छ
हिस्साको बाँड-फाँडमा देशलाई नङ्गाईसकेको छ
निर्मम र भयावह ढङ्गले नरसंहार भै रहेको छ
राष्ट्र र जनमानसमा अस्तव्यस्त छाएको छ
त्यसैले म चम्कीला ताराहरूलाई दुईहात जोडी
विन्ती गरिरहेको छु ढाक्रो र छाप्रोमा बत्ती बाल्न उठ ।

(चम्किला ताराहरू उठ - पृ. १८)

मै हुँ भन्ने राष्ट्रका उत्तराधिकारी भनाउँदा नेताहरूले आफ्नो व्यक्तिगत स्वार्थकालागि राष्ट्रलाई नङ्गाइरहेका छन् । तसर्थ यहाँ पौडेलले राष्ट्र र जनमानसमा छाएको अस्त व्यस्तलाई सम्हाल्न तथा नेपाली जनतालाई सङ्घर्ष गर्न उठ भन्दै आह्वान गरेका छन् । यसरी यहाँ राष्ट्रप्रतिको भाव अभिव्यक्त भएको छ ।

### (ख) सामाजिकता

यस कविता सङ्ग्रहभित्रका कविताहरू समाजमा विवाह तथा चाडपर्वका नाममा विकृति, आर्थिक असमानता धनीले गरीबमाथि गरेको अन्याय, अत्याचार, दमन, शोषण, जातीय हिंसा, पुरातनवादी संस्कार आदिलाई कविताका माध्यमबाट मीठो भाव व्यक्त गरिएको छ ।

दशैं आउनुपर्थ्यो
गरीबको झोपडीमा राम बनेर
गरीबलाई ऋणमा नडुबाई महिमा गाएर
तर दशैं आउँछ यहाँ सामन्तको महलमा राम बनेर
गरीबको झोपडीमा चैं ठसठसी बोको गन्हाएर ।

(दशैंमा होमिएका बोकाहरू, - पृ. ३७) ।

हुने खानेलाई दशैं एउटा ठूलो तथा रमाइलो चाडका रूपमा आउँछ भने दुईछाक खान र एकसरो लाउन धौ-धौ हुने गरीबहरूलाई दशैं दशाका रूपमा आउँछ । तसर्थ यहाँ पौडेलले धनी होस् या गरीब सबैका घरमा दशैं दशैं कै रूपमा नै आओस्, अन्यायका विरूद्धमा न्याय, असुरका विरूद्धमा सुरको विजय होस् र टीका लगाई आशिर्वाद पाइयोस् भन्ने भाव व्यक्त गरेका छन् ।

जब निजी स्वामित्वको सूत्रपात भयो
तब निरीहवर्गको उदय पनि सँगै भयो
अनि शोषण दमनको चक्र चल्न थाल्यो
त्यही चक्रले जातजाति र छुवाछुत जन्मायो

(जातीय-छुवाछुत - पृ. ३५) ।

एउटै नेपाल आमाका सन्तति युगौंदेखि शोषिएर, पिल्सिंदै कष्टमय जीवन बिताइरहेका छन् । निजी स्वामित्वको उदयसँगै जातीय छुवाछुतको जन्म भयो भन्दै जातीय छुवाछुत मानव उत्पत्ति सँगै नभई पछि आएर मानिसले आफैं बनाएको हो भन्दै कवितामा उल्लेख गरेका छन् ।

आफ्नो पाखुरी बजार्न नसक्ने हुतिहारा हो
जानी राख दाइजो लिनु अभिसाप हो
अर्काको भरमा बस्ने परजीविहरू हो
दाइजो लिएर बाँच्नु त पशु समान पो हो ।

(दाइजो - पृ. १६) ।

अर्काको सम्पत्तिमा मोज गर्न चाहने तथा आफ्नै पौरखले बाँच्न नसक्ने परजीविहरूले दाइजो पाए सिन्दुर हाल्छु नत्र सिन्दुर हाल्दिन भन्दै जग्गेमा दुलहा बनेर बस्ने हुतिहाराहरूलाई अर्काको सम्पत्ति लिएर बाँच्नु त पशु समान हो भन्दै दाइजो प्रथाको विरोध गर्दै पौडेलले सामाजिक भाव व्यक्त गरेका छन् ।

## (ग) राजनैतिकता

यस सङ्ग्रह भित्रका विविध विषयवस्तुमा रचिएका कविताहरू मध्ये राजनीतिसम्बन्धी कविताहरू पनि लेखिएका छन् । देशका उत्तराधिकारी भनाउँदाहरूले देश र जनताप्रति राम्रो व्यवहार नगरी आफ्नो दूनो सोझ्याउन तत्पर रहने नेता तथा सांसदप्रति व्यङ्ग्य प्रहार गरेका छन् ।

बिरामीको बहानामा पेश्की लिएर थाइल्याण्ड जान पाइने
औषधि उपचारको बिल भरपाई ल्याउनै नपर्ने
कोठीको बीलभरपाई ल्याए पेश्की फर्छ्यौट भै हाल्ने
उसको लागि राष्ट्रिय ढुकुटीमा जति पनि पैसा हुने
राष्ट्रसेवकहरूका लागि सुविधा बढाउन कहिल्यै नपुग्ने
थुक्क म, म किन नेता नभै राष्ट्रसेवक भएछु ?

(म किन राष्ट्र सेवक भएँ ? - पृ. २)

जतिसुकै पैसा खर्च गरेर पढे पनि प्रतिस्पर्धा गरेर लोकसेवा लडे पनि दुईछाक राम्ररी खान र जहान पाल्न पनि धौ-धौ हुने राष्ट्र सेवकको जिन्दगीलाई धिक्कार्दै नेता हुन न त सम्पत्ति सिध्याएर पढ्नु पर्ने न त प्रतिस्पर्धा गरी जागिर खानु पर्ने, मात्रै एकचोटी सांसद वा नेता भए आजीवन कार चढेर हिँड्न पाइने तथा बंगलामा बस्न पाइने जिकिर गरेका छन् । बिरामीको बहानामा विदेश जान पाइने, बिल भरपाई ल्याउनै नपर्ने राष्ट्रको ढुकुटी जतिसुकै सिध्याए पनि हुने जस्ता कुराहरूको उल्लेख गर्दै देशको राजनैतिक भावप्रति व्यङ्ग्यको झटारो हानेका छन् ।

यस प्रकार समग्रमा राष्ट्रिय भाव, सामाजिक भाव, राजनैतिक भावहरू यस **अतीतलाई फर्केर हेर्दा** कविता सङ्ग्रह भित्रका कवितामा पाइन्छन् ।

## ४.२.१.५ भाषाशैली

भाषाका माध्यमबाट गरिने अभिव्यक्तिका प्रकारलाई भाषाशैली भनिन्छ । भाव वा विचारको अभिव्यक्तिका लागि कविताको अति महत्त्वपूर्ण तत्त्व भाषा शैली हो । भाषाकै सामर्थ्य वा शक्तिद्वारा कविता सिर्जना हुन्छ र कविताको गौरव पनि त्यसमा प्रयुक्त भाषामै अन्तर्निहित हुन्छ । भाषा परिवर्तनशील वस्तु हो । भाषाशैली विना कविताको परिकल्पना गर्नु सम्भव हुँदैन ।[२०] कवितालाई साकार र मूर्त तुल्याउने साधन भाषा हो र यसको प्रयोगगत विविधताका आधारमा विधागत विभेद जन्मन्छ । अन्य गद्य विधाका तुलनामा कविताको भाषा लयात्मक, रागात्मक, ध्वन्यात्मक, सौन्दर्यमूलक, आलङ्कारिक, भावोपयोगी, विचलनयुक्त, सुगठित, गतिहीन हुनुका साथै अधिकांशतः उच्च प्रयुक्ति र अंशतः मध्यम प्रयुक्तिमा आधारित हुन्छ । प्रयुक्ति विषयवस्तु वा प्रयोक्तामा निर्भर भए पनि कवितामा मुख्यतया उच्च प्रयुक्तिकै प्राधान्य रहन्छ । यसउसले यसैबाट कविताको स्तरीयताको मापन निर्धारण गर्ने गरिन्छ ।[२१] जुन अर्थको कथन कुनै कविता कृतिले गर्नुछ, त्यसका लागि उपलब्ध भएका भाषिक विकल्पहरू मध्येबाट सबैभन्दा बढी ललित र रागात्मक अनि व्यञ्जक र लयात्मक हुन सक्ने गरी वर्ण, शब्द, पद, पदावली, वाक्य खण्ड, वाक्य र अनुच्छेद विधान समेत सिर्जित हुने कुरा नै कविताको भाषा शैली हो ।[२२] कवितामा भाव र यसै भावबाट उद्‌बुद्ध हुने अनुभूतिलाई बोक्ने, संवहन गर्ने तत्त्व भाषा हो र यही भावानुभूतिलाई विशिष्ट तौरतरिका, विधि, पद्धति एवं ढाँचा, ढर्रा र विशेष किसिमको प्रक्रिया अपनाउने तत्त्व नै शैली हो ।[२३] अतीतलाई फर्केर हेर्दा सङ्ग्रहका कविताहरू सहजशैलीमा अति सरल शब्दहरूको प्रयोग गरिएका छन् । झर्रा तथा आगन्तुक शब्दहरूको संयोजन भएका कविताहरू गद्यात्मक छन् भने कुनै कुनै कवितामा अनुप्रासीय संरचना क्रममा धेरै मिल्दाजुल्दा देखिए पनि कतिपय ठाउँमा नमिलेका जबर्जस्ती मिलाउने प्रयत्न गरिएकाले सिकारूकर्मीले बाँधेको हलो जस्तो टुँडा र चुसा देखिन्छन् । व्याकरणिक दृष्टिले कतै कतै अशुद्ध भएतापनि अर्थ प्राधान्यताका आधारले प्रारम्भिक अवस्थाका कविताहरू ठीकै मान्नुपर्ने देखिन्छ । कतै सरल भाषामा भाव व्यक्त गरिएको छ भने कतै रमरम व्यङ्ग्यको प्रहारले भावलाई तीव्र पारिएको देखिन्छ । समग्रमा भाषाशैली त्यति वजनदार र गहकिलो नभएकाले

---

२० कृष्णविलास पौड्याल, **आधुनिक नेपाली कविता, काव्य**, पूर्ववत्, पृ. ८ ।

२१ खगेन्द्रप्रसाद लुइटेल, **कविताको संरचनात्मक विश्लेषण**, पूर्ववत्, पृ. २४६ ।

२२ वासुदेव त्रिपाठी र सहयोगीहरू (सम्पा.), **नेपाली कविता** (भाग-४), पूर्ववत्, पृ. १९ ।

२३ ईश्वरीप्रसाद गैरे, **आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य**, पूर्ववत्, पृ. २३ ।

हल्का र फिका जस्तो प्रतीत हुन जान्छ । शिल्पगत रूपमा भाषाशैलीतर्फ लेखक सचेष्ट हुन थालेको आभास मिल्छ । शैली जटिल नभई सरल भएकाले कृति सर्वसाधारण पाठकका निम्ति बोधगम्य नै देखिन्छ । भावलाई समुचित स्वरूप र काया प्रदान गर्नका निम्ति सरल, सहज भाषाशैली अपनाउनु कृतिको मुख्यपक्ष मान्नुपर्ने देखिन्छ ।

### ४.२.१.६ जीवनदृष्टि

निरूद्धेश्य वा निष्प्रयोजन साहित्यको रचना नगरिने हुनाले साहित्यकै एक प्रमुख विधा कविताको रचना पनि निरूद्धेश्य वा प्रयोजनहीन वा जीवनदृष्टि नभएको हुँदैन । यसका साथै कविता सिर्जनामा कुनै न कुनै उद्देश्य वा जीवनदृष्टि अवश्यै हुन्छ ।[२४] जीवन दृष्टिको अर्को नाम उद्देश्य हो यसकारण कुनै पनि विषयवस्तुमा आधारित भएर भावमय अनुभूति प्रधान कलात्मक व्यञ्जना, अभिव्यञ्जनात्मक प्रकटीकरण नै कविताको उद्देश्य वा जीवनदृष्टि हो ।[२५] **अतीतलाई फर्केर हेर्दा** कविता सङ्ग्रहले समाजमा रहेका सामाजिक, धार्मिक, राजनैतिक, आर्थिक तथा विविध पक्षमाथि झटारो हान्दै त्यस्ता विकृति र विसङ्गति कृतिले समाज विकासको लागि थप उर्जा थपेका छन् । सामाजिक क्षेत्रमा रहेका अन्धविश्वास रूढिवादी परम्परा, नारी माथिको अन्याय, अत्याचार, दाइजो प्रथा, धनीवर्गले गरीब वर्गमाथि गरेको दमन शोषणको घोरभर्त्सना गर्दै समाजसुधारको चेतावनी दिएको छ । त्यस्तै राजनैतिक क्षेत्रमा राष्ट्रको जिम्मेवारी बोकेर हिँडेका उत्तराधिकारीहरू नेता तथा सांसदहरूले गर्ने झुठो व्यवहार, भ्रष्टाचार, राष्ट्रिय सम्पत्तिको विनासलाई रोक्न तथा राष्ट्रप्रतिको सद्भावलाई सही बाटोतिर डोऱ्याउन सन्देश दिँदै सोझा-साझा जनताको आँखा खुलाउन खोज्नु यस सङ्ग्रहको जीवनदृष्टि रहेको छ ।

### ४.२.१.७ लयविधान र दृष्टिविन्दु

यहाँ लयविधान र दृष्टिविन्दुलाई छुट्टा-छुट्टै शीर्षक राखी उल्लेख गरिएको छ ।

#### ४.२.१.७.१ लयविधान

कविता काव्यको महत्त्वपूर्ण तत्त्वको रूपमा लय विधानलाई मानिन्छ । वास्तवमा लयले नै कविताको पहिचान गराउँदछ । कवितामा लयले लालित्यता सिर्जना गराउँदछ ।

---

२४ खगेन्द्रप्रसाद लुइटेल, **कविताको संरचनात्मक विश्लेषण**, पूर्ववत्, पृ. २३५ ।
२५ ईश्वरीप्रसाद गैरे, **आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य**, पूर्ववत्, पृ. २४ ।

साथै श्रुतिमोहक समेत गराउँदछ । भाषाशैलीको पंक्तिगत र पंक्तिपुञ्जगत (श्लोकात्मक वा अनुच्छेदात्मक) उच्चारण र श्रवणका क्रममा रम्य लाग्ने साङ्गीतिक ध्वनिगत स्थिति नै लयविधान हो ।[२६] सङ्गीतमा आरोह-अवरोहको विशेषक्रम वा गाउने शैली नै लय हो ।[२७] मानवीय जीवनका गतिको लयलाई कविताको लयले सबैभन्दा बढी समात्न, पक्रन र अभिव्यक्ति दिन सक्षम भएकाले नै प्राचीनकालदेखि आजसम्म कविता विधा लोकप्रिय र प्रभावपूर्ण विधा हुन सक्षम भएको छ ।[२८] कवितालाई अन्य गद्यविधाबाट अलग्याउने र तिनका बीच विभेदक रेखा कोर्ने काम लयले नै गर्ने हुनाले यसबाट कविताको अत्यन्त निजी र मौलिक तत्त्वको रूपमा लिइन्छ । छन्दोबद्ध कवितामा छन्द र यसको संरचनाका माध्यमबाट लयको उत्पत्ति हुन्छ भने गद्य कवितामा अर्थका माध्यमबाट लयको उत्पत्ति हुन्छ । **अतीतलाई फर्केर हेर्दा** कविता सङ्ग्रह गद्यलयमा आधारित छ भने यसको अन्त्यानुप्रास कतै समान छ त कतै असमान रहेको पाइन्छ । प्रस्तुत कृतिभित्रको एउटा कविता **महाकवि तिमी** भने झ्याउरे लयमा संरचित छ जुन यसप्रकार रहेको छ :

बाँचेका थिए अभावलाई बोकी दुर्गति भोगेर
जेलिएका थिए पीडालाई बोकी यातना सहेर
सागरमा डुब्थे चन्द्रलाई छुन्थे कल्पना गरेर
विभूति आज महाकवि बने नेपालकै केशर ।

(महाकवि तिमी - पृ. २०)

माथि उल्लेख गरिएका पंक्तिहरू यसै कृति भित्रको **महाकवि तिमी** शीर्षकको कविता हो । यसमा पौडेलले महाकवि लक्ष्मीप्रसाद देवकोटाका बारेमा उल्लेख गरेका छन् ।
त्यस्तै अर्को *जागिर* कविताका केही पंक्तिहरू :

जागिर खानेहरूले जागिर खाएकै छ
महिनावारी तनखा पाएकै छ
ठाउँ पाउनेले घुस खाएर महल बनाएकै छ
नपाउनेले भुस भरेर पनि पेट त चलाएकै छ

(जागिर - पृ. २७)

---

२६ वासुदेव त्रिपाठी र सहयोगीहरू (सम्पा.), **नेपाली कविता** (भाग-४), पूर्ववत्, पृ. १९ ।
२७ सूर्यविक्रम ज्ञवाली, (प्र. सम्पा.) **नेपाली सङ्क्षिप्त शब्दकोष**, पूर्ववत्, पृ. ६५५ ।
२८ ईश्वरीप्रसाद गैरे, **आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य**, पूर्ववत्, पृ. २१ ।

माथि उल्लेखित पंक्तिहरू मुक्तलयमा लेखिएका छन् भने यसमा खाएकै छ-पाएकै छ, बनाएकै छ-चलाएकै छ जस्ता शब्दहरूले समान अन्त्यानुप्रासको संयोजन गरेका छन् । त्यस्तै *मेरो पुण्यभूमि* शीर्षकका केही पंक्तिहरू:

मेरो पुण्यभूमि,
आज दूषित वातावरणमा अवस्थित छ
जलमात्र अपवित्र भएको हैन
चढाउने फूल पनि अशुद्ध भएको छ,
त्यसैले लाग्छ यहाँ यमदूत उभिएको छ

(मेरो पुण्यभूमि - पृ. ४)

माथिका पंक्तिहरूमा समान अन्त्यानुप्रासको संयोजन भएको पाइँदैन ।

यसप्रकार समग्रमा भन्नुपर्दा यस कृतिभित्र एउटा कविता झ्याउरे लय तथा अन्य कविता मुक्तलयमा आधारित रहेका छन् भने कतै अन्त्यानुप्रासको संयोजन असमान छन् त कतै समान रहेको पाइन्छ ।

### ४.२.१.७.२ दृष्टिविन्दु

कविले कविता भन्नका लागि चयन गरेको कथनभूमि नै दृष्टिविन्दु हो । यसलाई कविको कथनभूमि निर्दिष्ट गर्ने तरिका वा कवितालाई पाठक समक्ष प्रस्तुत गर्ने विधि पनि भनिन्छ । यसै विधिबाट कविको भाव, अनुभूति, विचार, विषय, वस्तु, भोगाइ, धारणा आदि विभिन्न कुराहरू पाठक सामु उपस्थित गर्ने तरिका नै दृष्टिविन्दु हो ।[२९] तसर्थ कृति उपस्थित गर्ने पद्धतिलाई दृष्टिविन्दु भनिन्छ । दृष्टिविन्दु मुख्यतः प्रथम पुरूषात्मक र तृतीय पुरूषात्मक हुन्छ ।[३०] **अतीतलाई फर्केर हेर्दा कविता** सङ्ग्रह तीनवटै पुरूषात्मक शैलीमा लेखिएको कृति हो । यिनका केही दृष्टान्तहरू तल प्रस्तुत गरिएको छ ।

प्रथम पुरुष दृष्टिविन्दु प्रयोग भएका कविताका केही पंक्तिहरू:

एक वर्ष अघि घुम्दै जाँदा एउटा बेवारिसी लाशलाई देखेथें
मैले पत्रिकामा उसको समवेदना सन्देश पनि पढेथें ।
एक वर्ष पछि घुम्दै फिर्दै फेरि त्यही ठाउँमा पुगें
त्यो बेवारिसी लास देखेको ठाउँमा मैले एउटा सालिक देखें ।

(त्यो मान्छे को थियो ? - पृ. २२)

२९ खगेन्द्रप्रसाद लुइटेल, **कविताको संरचनात्मक विश्लेषण**, पूर्ववत्, पृ. २४६ ।
३० मोहनराज शर्मा, **समकालीन समालोचना सिद्धान्त र प्रयोग**, (काठमाडौं: ने.रा.प्र.प्र., २०५५), पृ. ५६५ ।

माथि उल्लिखित पंक्तिहरूमा प्रथम पुरूष दृष्टिविन्दुको प्रयोग भएको छ । द्वितीय पुरूष दृष्टिविन्दु प्रयोग भएका कविताका केही अंश

किन ओड्छौ भलादमी मुकुण्डो
सेवा गर्छौं भनी समाजको
नाउँ भन्छौ एन.जि.ओ.
अनि आइ.एन.जि.ओ.

(समाज सेवाको नाउँमा - पृ. १५)

ऐ देशका चम्किला ताराहरू हो उठ
हलो जुवा, कुटो कोदालो मात्र होइन
खुकुरी भाला र तरवार लिएर जुट
इतिहास साक्षी छ क्रान्तिको अगुवा तिमी नै थियौ
सात, छत्तीस र छयालीस साल तिमीले नै जन्माएका थियौ ।

(चम्किला ताराहरू उठ - पृ. १८)

माथि उल्लिखित पंक्तिहरूमा द्वितीय पुरूष दृष्टिविन्दु प्रयोग भएको छ ।

तृतीय पुरूष दृष्टिविन्दु भएका कविताका केही अंशः

यहाँका अभिनेताहरू कोही चिच्याउँछन्
कोही मुसोलिनी बन्छन् कोही हिटलर बन्छन्
अनि मानव अधिकारको बिगुल फुक्दै
हतियारले सजिएर जनसाधारणको निर्मम हत्या गर्छन् ।

(अभिनेताहरू अभिनय गर्छन् - पृ. ३०)

धिक्कार छ त्यो लाटो कोसेरोलाई
यहाँ हरेक बिहानीले उसलाई उपेक्षा गर्छ
किनकी ऊ निरर्थक संसारमा छ
क्रुर कालरात्रिमा रमाई प्रलय बोलाउँछ ।

(लाटो कोसेरो - पृ. ११)

यसरी यस कृतिभित्र तीनओटै दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ ।

### ४.२.१.८ छन्द, रस र अलङ्कार

छन्द, रस र अलङ्कारलाई भिन्दाभिन्दै शीर्षकमा राखेर अध्ययन गरिएको छ ।

### ४.२.१.८.१ छन्द

संस्कृतको 'छदि' धातुबाट निर्मित 'छन्द' शब्दको अर्थ आनन्दित पार्नु, फकाउनु, बाँध्नु आदि हुन्छ । छन्दले कवितात्मक भाषाशैलीलाई आकर्षक, सजीव, प्रभावकारी र चमत्कारपूर्ण बनाइदिन्छ किनकी यसमा गेयता र सूत्रबद्धता हुन्छ ।[३१] भाषिक ध्वनिको सङ्गठन वा नियमीकरण र गति, यति एवं लय मिलेको वर्ण, मात्रा आदिको गणना अनुसार पद्यात्मक रचना गरिने कुनै निश्चित मान वा रूपलाई छन्द भनिन्छ । छन्द विविध विषयको भाव र अर्थहरूको लयबद्ध संवाहक हो जो अक्षर-अक्षर र शब्द-शब्दका सुगुम्फनबाट पूर्णता प्राप्त गर्दछ ।[३२] छन्दमा हुने वर्ण र मात्राको व्यवस्थाकै आधारमा छन्दलाई वार्णिक र मात्रिक गरी दुई किसिमले वर्गीकरण गरेर यसै अन्तर्गत सबै छन्दलाई समावेश गरिएको छ । छन्दलाई लयका आधारमा बद्ध र मुक्त गरी दुई किसिमले वर्गीकरण गरिन्छ । गण व्यवस्था भएका शास्त्रीय छन्द र अन्य नियममा बाँधिएका सबै छन्दहरू बद्ध हुन् भने नियममा नबाँधिएको स्वतन्त्र किसिमको छन्द मुक्त छन्द हो । गद्य कवितामा यस्तै मुक्त छन्दको प्रयोग हुन्छ । **अतीतलाई फर्केर हेर्दा** सङ्ग्रहमा त्यस्तो शास्त्रीय वा अन्य कुनै प्रचलित छन्द पाइँदैन । सबै गद्यलयको मुक्तछन्दमा लेखिएको छ तर त्यसभित्रको *महाकवि तिमी* एक मात्र कविता झ्याउरे छन्दमा लेखिएको छ भने अन्य सबै गद्यलयको मुक्त छन्दमा लेखिएका छन् ।

झ्याउरे छन्दमा लेखिएका कविताका केही पंक्तिहरू:

प्रस्फुटित आत्मा सम्पत्तिको नाउँमा कलम जाँगरी
प्रमिथस थियो, शाकुन्तल थियो अनि त्यो भिखारी
कसैको आँशु कसेको हाँसो त्यो उनको जीवन
सुलोचना थियो कुञ्जिनी थियो मुना र मदन ।

(महाकवि तिमी)

यहाँ पौडेलले झ्याउरे छन्दमा उल्लेख गरेको पाइन्छ ।

### ४.२.१.८.२ रस

हृदयले जुन कुराको आस्वादन गर्छ अथवा स्वाद प्राप्त गर्दछ त्यही नै रस हो ।[३३] सहृदयका मनमा वासना वा संस्कारका रूपमा सुषुप्त अवस्थामा रहेको इत्यादि स्थायी भाव

---

३१ कृष्णप्रसाद पराजुली, **राम्रो रचना: मीठो नेपाली**, बाह्रौं संस्करण, (काठमाडौं: सहयोगी प्रेस, २०४६), पृ. २५८ ।

३२ नारायणप्रसाद खनाल, **समीक्षाका आकारहरु**, (नवलपरासी: त्रिवेणी साहित्य परिषद्, २०६५), पृ. १० ।

३३ कृष्णप्रसाद पराजुली, **राम्रो रचना: मीठो नेपाली**, पूर्ववत्, पृ. २७९ ।

रूपी त्यस्तो आनन्दात्मक चित्र वृत्तिलाई रस भनिन्छ ।[३४] पूर्वीय साहित्यमा रसवादीहरू रस नै काव्यको आत्मा हो भन्ने ठान्छन् । भरतपुनि नै रस सम्प्रदायका अधिष्ठाता हुन् र उनैले काव्यका माध्यमबाट प्राप्त हुने आत्मिक वा मानसिक आस्वादन नै रस हो जो मानव मनका विभाव, अनुभाव र व्यभिचारी भावको संयोगबाट निष्पन्न हुन्छ र एक प्रकारको आनन्दमय क्रियामा देखापर्दछ ।[३५] **अतीतलाई फर्केर हेर्दा** कविता सङ्ग्रहमा यदाकदा रूपमा रस पाइएको छ अन्यथा रसको दृष्टिकोणबाट त्यति चर्चा योग्य छैन ।

**(क) संयोग शृङ्गार रस**

मेरी प्रियसी वसन्त आई
सारा संसार ढकमक्क छाई
मलाई देख्दा आँचल उठाई
अँगालो हाली छातीमा लुकाई
युगौंसम्म छातीमा निदाई

(वसन्त - पृ. ६)

यहाँ नायक म ले नायिका वसन्त ऋतुको वर्णन गर्ने क्रममा संयोग शृङ्गार रस उत्पत्ति हुन्छ ।

**(ख) शान्त रस**

निर्वेद शान्त रसको स्थायी भाव हो जसको अर्थ हुन्छ सांसारिक विषय, वासना, भौतिक सुख-दुःख, धन-सम्पत्ति, माया-मोह, मान-सम्मान आदिबाट पृथक भई आन्तरिक वा आध्यात्मिक परमानन्दमा लीन हुनका निम्ति परमार्थतर्फ उन्मुख हुँदा मानवीय अन्तर्मनमा उत्पन्न हुने एक किसिमको वैराग्यात्मक चित्र वृत्ति शान्त रस हो ।

हरियो बान्की कस्तो सुहाएको
खुशीका पलहरूमा कोकिल गाएको
साँच्चै त्यो संसार कस्तो रमाइलो छ
प्रत्येक क्षणहरू आनन्दमय छ
अबोध पन्क्षीमा हर्ष र खुशीले ढाकेको छ ।

(मान्छे र पन्क्षी - पृ. ३४)

---

३४ ईश्वरकुमार श्रेष्ठ, **पूर्वीय एवम् पाश्चात्य साहित्य समालोचनाः प्रमुख मान्यता र प्रणाली**, तेस्रो संस्करण (संशोधित), (ललितपुरः साझा प्रकाशन, २०५८), पृ. ९१ ।

३५ कृष्णप्रसाद आचार्य, **आधुनिक नेपाली महाकाव्य र खण्डकाव्य**, (कीर्तिपुरः क्षितिज प्रकाशन, २०६४), पृ. १७३ ।

यहाँ पन्क्षीलाई देखेर कविको मनमा आनन्द छाएको तथा रमाइलोको अनुभूति हुने शान्त रसको प्रयोग भएको छ ।

**(ग) वीर रस**

शत्रु वा प्रतिद्वन्द्वीको पराक्रम, उदारता, दानशीलता आदिको प्रशंसा सुनेर आफूले पनि त्यस्तै कार्य गरेर यशस्वी हुने जुन उत्साह मनमा जाग्छ त्यसैबाट वीररसको उत्पत्ति हुन्छ ।

ऐ देशका चम्किला ताराहरू हो उठ
हलो, जुवा, कुटो, कोदालो मात्र होइन
खुकुरी, भाला र तरवार लिएर जुट
इतिहास साक्षी छ क्रान्तिको अगुवा तिमी नै थियौ
सात छत्तीस र छयालीस साल
तिमीले नै जन्माएका थियौ ।

(चम्किला ताराहरू उठ - पृ. १८)

यहाँ चम्किला तारा भनेर सम्पूर्ण नेपाली जनतालाई आह्वान गर्दै पौडेलले आफ्नो राष्ट्रका निम्ति लड्नुपर्छ भन्ने भावलाई वीर रसका माध्यमबाट देखाइएको छ ।

## ४.२.१.८.३ अलङ्कार

कवितालाई सजाउने सुन्दर पार्ने र थप चामत्कारित प्रदर्शन गर्ने अर्को तत्त्व अलङ्कारलाई मानिन्छ । 'अलम्' पूर्वक कृ धातुमा करण या भावका अर्थमा '(धञ)अ' प्रत्यय लागी अलङ्कार शब्द निर्माण हुन्छ । अर्को अर्थमा 'अलम्' भन्नाले 'प्रर्याप्त' भन्ने पनि बुझिन्छ । यस प्रकार प्रशस्त सीप कुँदेर वा साह्रै राम्रो बनाएर भनिएको कथनलाई अलङ्कार भनिन्छ ।[३६] काव्यको आन्तरिक तथा बाह्य सौन्दर्य बढाउने साधन, उपकरणलाई अलङ्कार भनिन्छ । अलङ्कार भन्नाले जसरी समाजका टप, कुण्डल, तिलहरी आदि कामिनीका शृङ्गार पदार्थ भन्ने बुझिन्छ, त्यसरी नै कविताका अर्थमा उपमा-रूपकादि लक्षण भएको अनेक वाग्वैदग्ध्ययुक्त काव्य शोभा कारक पदावली भन्ने बुझिन्छ ।[३७] **अतीतलाई फर्केर हेर्दा** कविता सङ्ग्रह अलङ्कारको दृष्टिकोणबाट पनि त्यति सशक्त कृतिका

---

३६ विष्णुप्रसाद पौडेल, **संस्कृत काव्यशास्त्र**, पूर्ववत्, पृ. ७० ।
३७ नारायणप्रसाद खनाल, **समीक्षा प्रहर-प्रहरका**, (नवलपरासी: त्रिवेणी साहित्य परिषद, २०६१), पृ. १५ ।

रूपमा स्थापित भएको पाइँदैन । तथापि कतै-कतै आलङ्कारिक झिल्का-झिल्की भने पाइन्छ नै । केही उदाहरण हेरौं :

**(क) अन्त्यानुप्रास अलङ्कार**

पाउको आधा वा पाउको अन्तमा अन्तिम अक्षर पूर्णरूपले मिलेमा अन्त्यानुप्रास अलङ्कार हुन्छ ।

त्यो रूख नै हो प्रकृति जगतकै पहिलो प्रतीक मानिने
त्यो रूख नै हो प्राणी जगतकै अपार गुण लगाउने
त्यो रूख नै हो आहारा मानवकै लटरम्म फल फल्ने
मान्छे छैन होला सायद त्यो रूखको पक्कै प्रशंसा नगर्ने ।

(फल फलेको रूख - पृ. २८)

यहाँ एउटा पंक्तिको अन्तिम अक्षर अर्को पंक्तिसँग ठ्याक्कै मिलेको छ त्यसैले यहाँ अन्त्यानुप्रास अलङ्कारको प्रयोग भएको छ ।

**(ख) प्रश्नालङ्कार**

प्रश्नको प्रयोग भएमा प्रश्नालङ्कार हुन्छ । यहाँ केही पंक्तिहरूमा प्रश्नालङ्कारको प्रयोग भएको पाइन्छ ।

पेटभरि खान नपाई बाँच्नु पनि के बाँच्नु ?
छातिभरि पीडा बोकेर हाँस्नु पनि के हाँस्नु ?
मुटुभरिका व्यथालाई कतिञ्जेल सहनु ?
लाज पचाई सधैं साहुकहाँ कति उधारो माग्नु ?
सारा इज्जत गुमाएर राष्ट्रसेवक हौं भन्नु पनि के भन्नु ?
थुक्क म, म किन राष्ट्रसेवक भएछु ?

(म किन राष्ट्र सेवक भए ? - पृ. २)

माथि उल्लिखित पंक्तिहरूमा प्रश्न भाव प्रकट भएकाले प्रश्नालङ्कारको प्रयोग भएको पाइन्छ ।

**(ग) स्वभावोक्ति अलङ्कार**

कुनै वस्तु, व्यक्ति वा दृश्य आदिको यथार्थपरक चित्रात्मक वर्णन गरिएमा स्वभावोक्ति अलङ्कार हुन्छ ।

अस्त व्यस्त रूपले जंगल मासिइरहेछ
बाढी र पैरो प्रत्येक साल बढिरहेछ
आर्थिक समस्याले दिन पर दिन पोलिरहेछ
शिक्षा र स्वास्थ्यको स्तर घटिरहेछ
बेरोजगारी समस्याले अग्ररूप लिइरहेछ
गास वास र कपासको ह्रास भइरहेछ ।

(पाँच अरबको संसार - पृ. ९)

माथि उल्लिखित पंक्तिहरूमा जनसंख्या वृद्धिका कारण देशको स्थिति दिन प्रतिदिन खस्कँदै गइरहेको यथार्थलाई वर्णन गरिएको छ त्यसैले यहाँ स्वभावोक्ति अलङ्कारको प्रयोग भएको छ ।

**(घ) छेकानुप्रास अलङ्कार**

अनेक व्यञ्जनवर्णहरूको सोही स्वरूप र क्रममा एकपटक आवृत्ति उत्पन्न हुने अनुप्रास अलङ्कारलाई छेकानुप्रास अलङ्कार भनिन्छ ।

काहीँ दशदिनमा जागिरेले बोनस पाउँछन्
काहीँ दश दिनसम्म जागिरेले पोटुका कस्छन्
विवश निमुखा कर्मचारीको हाल् बेहाल छ
घुस खोर्हरूलाई भने जागिर् मालामाल छ

(जागिर - पृ. २७)

यहाँ द, व, ह, ल्, र् वर्णहरूको आवृत्ति एकपटक मात्र भएको छ त्यसैले यहाँ छेकानुप्रास अलङ्कार पाइन्छ ।

**(ङ) वृत्यनुप्रास अलङ्कार**

एक व्यञ्जनको एकपटक वा अनेकपटक आवृत्ति तथा अनेक व्यञ्जनहरूको उसै क्रममा वा क्रम विना एकपटक वा अनेकपटक आवृत्ति भएमा वृत्यनुप्रास अलङ्कार हुन्छ ।

यदि प्रभुको पूजा पाठ गर्न सकेनौं भने
जिन्दगी भरी एउटै पदमा पदासिनु पर्ला
घर जग्गा जमीनको त कुरै छाड
सधैं भरी डेरामा जिन्दगी बिताउनुपर्ला

(कर्मठ राष्ट्र सेवक कस्तो हुनुपर्छ ? - पृ. २५)

यहाँ प, द वर्णको धेरैपटक तथा न, ज, र वर्णको एकपटक आवृत्ति भएको हुनाले वृत्यनुप्रास अलङ्कारको प्रयोग भएको छ ।

यसप्रकार यहाँ गद्यलय मुक्त छन्द, रस अन्तर्गत वीर, शृङ्गार र शान्त रस तथा अलङ्कार अन्तर्गत अन्त्यानुप्रास, प्रश्नालङ्कार, स्वभावोक्ति छेकानुप्रास, वृत्यनुप्रास जस्ता अलङ्कारहरूको प्रयोगले कविताहरू सजिएका छन् ।

## ४.२.१.९ बिम्ब र प्रतीक

माथि उल्लेखित बिम्ब र प्रतीकलाई दुई छुट्टा-छुट्टै उपशीर्षक राखेर अध्ययन गरिएको छ ।

### ४.२.१.९.१ बिम्ब

बिम्बलाई पनि कविताको महत्त्वपूर्ण लघुसंरचक घटक वा तत्त्व मानिन्छ । स्रष्टाको मानसपटलमा रहेको अभिव्यक्तिलाई प्रस्तुत गर्ने एक किसिमको चित्रलय भाषाका रूपमा बिम्बलाई लिइन्छ र यो सर्जकका मानसपटलमा रहेको मानसिक तस्विरलाई सम्मूर्तित बनाउने चित्रात्मक भाषा हो । बिम्बहरू परम्परित र निजी दुवै हुन सक्छन् तापनि बिम्बको मुख्य उद्देश्य भनेको पाठक सामु कविताको भाव वा विचारलाई मूर्तिकरण गरेर अझ सम्वेग्य बनाउनु हो । कुनै कृतिमा मुख्य कथ्य (कथन गरिएको: प्रस्तुत) अर्थको सहचर प्रतिच्छायाका रूपमा आउने अर्को सहप्रस्तुत वा सहवर्ती अर्थ बिम्ब हो ।[३८] बिम्बहरूले साहित्यलाई सजावट गर्दछन् । अनुभूतिका अभिव्यञ्जकहरू सम्मूर्तित कल्पनासूत शब्दचित्रको प्रस्तुति बिम्बमा देखिन्छ । सर्जकका मानसपटलमा रहेको मानसिक तस्विरलाई सम्मूर्तित बनाउने चित्रात्मक भाषा नै बिम्ब हो ।[३९] **अतीतलाई फर्केर हेर्दा** कविता सङ्ग्रहमा केही बिम्बहरू रहेका छन् जुन यसप्रकार छन्:

**(क) प्रकृति बिम्ब-**

प्रकृति जगत् वा मानव निरपेक्ष सौन्दर्यसत्ताको बिम्बमय चित्रणबाट कवितामा प्राकृतिक बिम्बको सिर्जना हुन्छ ।

अ) कयौं हुरी अनि झरी सारा विपत पचाई
कयौं घर्षण अनि हुण्डरी सारा बज्रानुपात दबाई
आफू फेरि पुन बिउँझी आफ्नो अस्मिता बचाई
राता पहेँला दाना देखाई अनि सबलाई लोभ्याई

(फल फलेको रूख - पृ. २८)

---

३८ वासुदेव त्रिपाठी र सहयोगीहरू (सम्पा.), **नेपाली कविता**, (भाग-४), पूर्ववत्, पृ. २० ।
३९ लक्ष्मणप्रसाद गौतम, **समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण**, पूर्ववत्, पृ. १ ।

आ) काहीँ फूल अन्धकार भूमरीभित्र गुम्सिएर फुलेको छ
काहीँ फूल सारा हण्डर र दुःख पिल्सिएर फुलेको छ
काहीँ फूल गगन चुम्बी घरको छतमा फुलेको छ
काहीँ फूल फोहोर थुपारिएको गड्डामा फुलेको छ ।

(फूल - पृ. १७)

रूख प्रकृति जगतकै पहिलो प्रतीक मानिने हुरी, झरी, घर्षण, हुण्डरी, अन्धकार भूमरीभित्र गुम्सिएर फुलेको, हण्डर र दुःख पिल्सिएर फुलेको, फोहोर थुपारिएको गड्डा जस्ता पदावली प्राकृतिक बिम्बका रूपमा रहेका छन् ।

**(ख) यातुधार्मिक बिम्ब-**

तान्त्रिक अनुष्ठानहरूबाट टिपिएका बिम्बहरूलाई तान्त्रिक बिम्ब भनिन्छ । यस्ता बिम्बहरू यातुधार्मिक बिम्बका नामले चिनिन्छन् ।

प्रेतको करङ भाँचेर ढ्याङ्ग्रो ठोक
चौरीको पुच्छरले रोग मन्साउने हैन
जगल्टा उखेलेर चमर बनाउ अब त
ए झाँक्रीहरू हो रोग मन्साउँदा
कुखुरा र बोकाको टाउको होइन
दानवको टाउको काटेर रगत चढाऊ

(ढ्याङ्ग्रो - पृ. ८)

प्रेतका करङ भाँचेर, जगल्टा उखेलेर, चौरीको पुच्छरले रोग मन्साउनु, ढ्याङ्ग्रो ठोक्नु जस्ता पदावलीहरू यातुधार्मिक बिम्बका रूपमा प्रयुक्त छन् ।

**(ग) ऐतिहासिक बिम्ब-**

राष्ट्रिय अन्तर्राष्ट्रिय घटना सन्दर्भलाई प्रस्तुत गरी वर्तमान बोध प्रकट गर्ने सन्दर्भमा विश्वयुद्धका घटनाहरूका साथै विश्व इतिहासमा चर्चित बनेका ऐतिहासिक विषयलाई काव्य बिम्बका रूपमा प्रयोग गरिएको पाइन्छ ।

हलो जुवा कुटो कोदालो मात्र होइन
खुकुरी भाला र तरवार लिएर जुट
इतिहास साक्षी छ क्रान्तिको अगुवा
तिमी नै थियौ सात छत्तीस र छयालीस साल

तिमीले नै जन्माएका थियौ

स्वार्थी नेताले सुगौलीको सन्धिमात्र गरेका होइनन्

त्यसपछि पनि अनगिन्ती नदीनालाहरू बेचिसकेका छन् ।

(चम्किला ताराहरू उठ) पृ. १८-१९ ।

कवितांशमा इतिहास बोध छ र हलो, जुवा, कुटो, कोदालो, खुकुरी, भाला, तरवारले क्रान्ति गर्दा चाहिने ऐतिहासिक हतियारहरू वस्तुविम्बका रूपमा आएका छन् । त्यस्तै सात, छत्तीस र छयालीस सालले प्रजातन्त्रका निम्ति विगतमा भएका ठूला-ठूला क्रान्तिलाई जनाउँछ भने सुगौली सन्धि, नदीनाला बेचिनु जस्ता पदावलीहरू ऐतिहासिक काव्य बिम्बका रूपमा प्रयोग गरिएको छ ।

(घ) **दृश्य/चाक्षुस बिम्ब-**

चक्षुद्वारा दृश्य हुनु वा चक्षुसंवेद्य हुनु यस्ता बिम्बको सामान्य अभिलक्षण हो ।

यहाँको रात सधैं सफा छ

झलमल्ल चन्द्रमा चम्किएको छ

तर यहाँको दिन आज यस्तो छ

अन्धकारले ढाकिएर निस्सासिएको

चन्द्रमाको किरण दिनमा झर्दैन

धर्तीमा उज्यालो हुने सूर्य उदाएकै छैन ।

(सूर्य बन्दीमा छ) - पृ. १० ।

यस कवितांशमा सूक्ष्म रूपमा निशाकालीन प्रकृतिको दृश्य चित्र उपस्थित छ । रातको समयमा आकास सफा रहेको तथा सूर्य बन्दीमा भएकाले दिनमा अन्धकारले ढाकिएको छ अर्थात् अपराधीहरूलाई खुल्लारूपले प्रोत्साहित गरिएको छ भने शान्ति सुरक्षालाई बन्दी बनाएर कैद गरिएको छ । यहाँ चन्द्रमा चम्किएको, अन्धकारमा निस्सासिएको, रात सफा हुनुले दृश्य बिम्बको सङ्केत गर्छ ।

(ङ) **सांस्कृतिक बिम्ब-**

सामाजिक र सांस्कृतिक रागहरूलाई अभिव्यञ्जित गर्ने बिम्बहरूलाई सांस्कृतिक बिम्ब भनिन्छ ।

दशैंमा होमिएका बोकाहरू

जीवनलाई कष्टमय सम्झिँदैनन्

तर यहाँ दशैं मान्नेहरू
बोका भएर सुमारिन्छन्
यो कस्तो सामाजिक लोकाचार हो
दशैं सकिएपछि दशामा परिणत हुने
आर्थिक विपन्नतिर धकेलिएर
गरीब झन् गरी बन्ने

(दशैंमा होमिएका बोकाहरू - पृ. ३७ ।)

नेपालीको आफ्नो मौलिक संस्कृति नेपालीहरूका लागि प्यारो र महनीय हुन्छ । यहाँ हिन्दू धर्मको महान चाह दशैंमा सामाजिक चलन अनुसार सबैका घरमा दशैं त मनाउँछन् तर हुनेखानेलाई दशैं दशैंकै रूपमा आउँछ तर दुई छाक खान र एकसरो लाउन धौ धौ हुनेहरूकहाँ चाहिँ दशैं दशाका रूपमा भित्रिन्छ । यहाँ दशैं बोका जस्ता शब्दले सूक्ष्मरूपमा संस्कृति बिम्बको प्रतिनिधित्व गरेको छ ।

### ४.२.१.९.२ प्रतीक

प्रतीक शब्दले कुनै कुरा वा अभिव्यक्तिको सङ्केत भन्ने बुझाउँछ । बिम्ब र प्रतीक प्रायः उस्तै-उस्तै लागे पनि यी दुई भिन्न तत्त्व हुन् अर्थात् बिम्ब र प्रतीक केही हदसम्म समान छन् तापनि धेरै हदसम्म असमान पनि छन् । हरेक अनुभूत बिम्ब सञ्चित रूपमा प्रतीक हुन्छन् र पूर्व प्रतीकात्मक वस्तुसँग बिम्ब सम्पृक्त भएर रहेको हुन्छ ।[४०] कवितामा प्रयोग गरिने प्रतीकहरू परम्परित र नवनिर्मित गरी दुई किसिमका हुन्छन् । नवनिर्मित प्रतीकहरू वैयक्तिक हुने भएकाले ती दुरूह, कठीन हुन्छन् र तिनको बेग्ला-बेग्लै अर्थ लाग्ने हुन्छ भने परम्परित प्रतीकहरू सरल हुने भएकाले ती जसले प्रयोग गरेपनि तिनको अर्थ एउटै हुन्छ । कविताको सौन्दर्य अभिव्यक्तिको लागि प्रतीकको भूमिका विशिष्ट हुने भएकाले यसबाट कवितामा भएको सूक्ष्म सौन्दर्य अभिव्यक्त हुन्छ र प्रतीकको प्रभाव यस सन्दर्भमा क्षणिक, निर्दिष्ट, एकार्थी र सङ्केतक मात्र पनि भएको देखिन्छ । मानिसले आफू भित्र निष्पन्न भावानुभूतिहरू व्यक्त गर्ने शब्द नपुगेपछि प्रतीकको आड लिइन्छ । यो रूप मान्छेका हरेक स्वभाव र क्रियाभित्र पर्दछ । व्यक्तभावलाई प्रस्तुतमा मनोरम बनाउनुका साथै

---

४० लक्ष्मणप्रसाद गौतम, **समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण**, पूर्ववत्, पृ. ४१ ।

अप्रस्तुतमा सघन तुल्याउनु नै प्रतीकको मुख्य विशेषता हो ।[४१] **अतीतलाई फर्केर हेर्दा** कविता सङ्ग्रहमा प्रतीकको त्यति प्रयोग भएको पाइँदैन तर कतै-कतै प्रतीकको झिल्का झिल्की रहेको पाइन्छ । केही उदाहरणहरू हेरौं:

**(क) तानाशाही शासकको प्रतीक**

सूर्यका किरणहरू स्वतन्त्र छैनन्
हत्कडीमा जकडिएका छन्
उसका पाउहरू चल्दैनन् नेलमा जेलिएका छन्
आज सूर्यको हाल यस्तो छ
खग्रासको चार किल्ला भित्र बन्दी हुनु परेको छ ।

(सूर्य बन्दीमा छ - पृ. १०)

यहाँ सूर्यका किरणहरूले नेपाली जनता तथा खग्रास तानाशाहीको प्रतीकको रूपमा आएको छ ।

**(ख) निर्भरताको प्रतीक**

आफ्नो पाखुरी बजार्न नसक्ने हुतिहारा हो
जानी राख दाइजो लिनु अभिसाप हो
अर्काको भरमा बस्ने परजीविहरू हो
दाइजो लिएर बाँच्नु त पशु समान पो हो ।

(दाइजो - पृ. १६)

यहाँ परजीविहरू अर्काको भरमा बाँच्ने निर्भरताको प्रतीकको रूपमा आएको छ ।

**(ग) शितलताको प्रतीक**

तर जनताको पोलिरहेको घाउमा घिउकुमारी लगाई दर्द हटाउँथ्यो
उसले निदाइरहेकाहरूलाई ब्यूँझाउन कविता लेख्यो ।

(त्यो मान्छे को थियो - पृ. २२)

यहाँ घिउकुमारी शितलताको प्रतीकको रूपमा आएको छ ।

यसप्रकार उपर्युक्त केही बिम्ब र प्रतीकहरूको आयोजना गरी बिम्ब प्रतीकको सादृश्य सम्बन्धलाई उद्दीप्त पारी यस कृतिको केही मात्रामा शोभा बढेको देखिन्छ ।

---

४१ कृष्णप्रसाद पराजुली, **राम्रो रचना: मीठो नेपाली**, पूर्ववत्, पृ. २७२ ।

### ४.२.१.१० निष्कर्ष

गणेशकुमार पौडेलको पुस्तकाकार कृतिमध्ये वि.सं. २०५६ सालमा प्रकाशित **अतीतलाई फर्केर हेर्दा** कविता सङ्ग्रह प्रथम कृति हो । २०२५ देखि २०४५ सालसम्म प्रकाशित भएका फुटकर कविताहरूको संगालोको रूपमा रहेको यो कृतिमा साना-ठूला गरी एकचालीस ओटा कविताहरू रहेका छन् । यस सङ्ग्रहका प्रत्येक कविताहरू अलग-अलग विषयवस्तुमा लेखिएका छन् । दुई दशकभित्र पौडेलका अनुभव, जीवनभोगाइ तथा देशमा भइरहेका विकृति-विसङ्गति, अन्याय-अत्याचार, दमन शोषण आदि विषयवस्तुको अलग-अलग चित्रण गरिएको छ । यस सङ्ग्रहले समाजमा रहेका सामाजिक, धार्मिक, राजनैतिक, आर्थिक तथा विविध पक्षमाथि झटारो हान्दै समाज विकासका लागि थप उर्जा थपेको छ साथै राष्ट्रप्रतिको सद्भावलाई सही बाटोतिर डोऱ्याउन सन्देश दिँदै सोझा-साझा जनताको आँखा खुलाउने उद्देश्य बोकेको छ । पुजारी, उम्मेदवार, रेडियो नेपाल, मण्डले, काला व्यापारी जस्ता केही शीर्षकका कविताहरूमा स्तरीयता नपाइए पनि केही कविताहरू ज्ञानात्मक, सन्देशात्मक, व्यङ्ग्यात्मक आदि पक्ष धारिलै रूपमा रहेको हुँदा तथा बिम्ब र अलङ्कारहरू समेत हल्कारूपमा आएकाले कृतिको शैलीशिल्प पक्ष ठीक-ठीकै देखिन्छ ।

कृतिमा झर्रा (ढ्याङ्ग्रो, करङ्ग, डङ्किनी, झाँक्री, डम्फु, खैंजडी, मुकुण्डो, यमराज आदि) तथा आगन्तुक (कस्टडी, मुसोलिनी, हिटलर, ज्याउल हक, भूटो, चाउचेस्को, महमद आदि) शब्दहरूको प्रयोगका बाबजुद पनि व्याकरणिक अशुद्धता भने प्रशस्त मात्रामा यत्रतत्र फिँजिएको पाइन्छ । यथासक्य रूपमा अन्त्यानुप्रास मिलाइए तापनि मुक्त लयमा लेखिएका गद्य कविता सरल भाषामा लेखिएको छ जसले गर्दा सामान्य पाठकहरूले पनि सजिलैसित भावग्रहण गर्नसक्ने देखिन्छन् । समग्रमा भाषाशैली त्यति वजनदार र गहकिलो नभएकाले हल्का फुल्का र फिका जस्तो प्रतित हुन जान्छ ।

### ४.२.२ मन्त्री पुराण हास्यव्यङ्ग्यसङ्ग्रहको अध्ययन

मन्त्री पुराण हास्यव्यङ्ग्यसङ्ग्रहमा २०४६ देखि २०५५ सम्मका प्रकाशित भएका व्यङ्ग्य कविताहरू सङ्ग्रहित छन् । यस सङ्ग्रहमा जम्मा जम्मी उन्चालीसओटा रचनाहरू छन् । मन्त्री पुराण पौडेलका विद्यार्थीकालीन लेखनको एउटा विचारणीय नमूना हो । व्यङ्ग्यात्मक कविताहरूको यस संगालोमा जति पनि रचनाहरू छन् तिनले निष्पक्ष र निर्भीकतापूर्वक चेतनात्मक र सुधारात्मक सन्देशलाई संवाहन गरेको पाइन्छ ।

## ४.२.२.१ भूमिका

कविता अनुभूतिको अन्तरङ्गको स्वतःस्फूर्त भाव लहरी हो, जो उन्मेष वा आहलादको क्षणमा प्रस्फुटन हुन्छ । कविता भावनाको कोमल अभिव्यक्ति भएकाले कविता जीवनगत भोगाइका अनुभूतिलाई भाषाका माध्यमबाट सुन्दर ढङ्गले प्रस्तुत गरिने कलात्मक अभिव्यक्ति भएको हुँदा कवितामा सहृदयी पाठक रसानुभूतिको अनुभव गरी आह्लादित हुन्छन् ।[४२] साहित्यमा पछि मात्रै विकसित भएपनि व्यवहारमा हास्यव्यङ्ग्यको उपयोग सामूहिक जीवनबाटै सुरु भयो । हास्यको कारकतत्व विपरितता हो, व्यङ्ग्यको विसङ्गति । प्रसङ्गवश हाँसो नै जब व्यङ्ग्य भएर कसैमाथि बज्रिन्छ तब सो हाँसो पनि व्यङ्ग्यमा परिभाषित हुन्छ र यसै लाक्षणिकतालाई व्यञ्जनाले अर्थ्याउँछ ।[४३] व्यङ्ग्य एउटा वाणी र बोधको कलात्मक सीप हो । सुभाव र कुभावको प्रयोजन वाक्य र सन्दर्भको विशिष्टताद्वारा मानवीय दुर्गुण चिनाउने साहित्य साधनका रूपमा यो रहेको छ ।[४४] भारतीय साहित्यमा कन्हैयालाल भन्छन् 'असलमा व्यङ्ग्य परिहासपूर्ण हलुङ्गो मनस्थितिमा लेख्न सकिन्न । जबसम्म रचनाकारले विसङ्गति, पाखण्ड, असामञ्जस्य र भ्रष्टाचारप्रति वितृष्णा भाव राख्दैन त्यसलाई मानसिक रूपमा भित्रभित्रै निचोर्न थाल्दैन तबसम्म व्यङ्ग्यका निम्ति आवश्यक अनिवार्य आक्रोशको उत्पत्ति हुन सक्दैन ।' 'हास्य र व्यङ्ग्य शब्दहरू मिलेर बनेको शब्द दुवै अर्थको प्राधान्य बनेर प्रयोगमा आउँछ । यसले हास्य र व्यङ्ग्यको स्थितिलाई सँग सँगै लक्षित गर्ने र प्रहार गर्ने समस्य शब्द हो । जुनसुकै पनि रचनामा अन्तर्निहित तत्त्व बनेर हास्यव्यङ्ग्य प्रजनक गुण भएको लिखित सामग्री हास्यव्यङ्ग्य हो ।'[४५]

## ४.२.२.२ शीर्षक

कुनै पनि कृतिको बाह्यावरणमा दिइने नाम नै कृतिको शीर्षक हो । कृतिभित्र व्यक्त गरिएको वा भन्न खोजिएको कुरा शीर्षकबाट पनि थाहा हुन सक्छ । शीर्षकले विषयवस्तुको मूल भावलाई पनि केही हदसम्म समेट्न सक्छ । तसर्थ शीर्षक कविता कृतिको नामकरण

---

४२ कृष्णविलास पौड्याल, **आधुनिक नेपाली कविता काव्य**, (काठमाडौंः नवीन प्रकाशन, २०६६), पृ. ७ ।

४३ कृष्णचन्द्रसिंह प्रधान, *नेपाली साहित्यमा हास्यव्यङ्ग्यः प्राप्ति र पर्यवेक्षण*, **मधुपर्क**, हास्यव्यङ्ग्य अङ्क, (वर्ष ३०, अङ्क ४ पूर्णाङ्क ३३९, भदौ २०५४), पृ. ५ ।

४४ विष्णु प्रभात, *कला साहित्यमा हास्यव्यङ्ग्य शैली*, **मधुपर्क**, हास्यव्यङ्ग्य अङ्क, (वर्ष ३०, अङ्क ४, पूर्णाङ्क ३३९, भदौ २०५४), पृ. ७२ ।

४५ राजेन्द्र सुवेदी, *नेपाली हास्यव्यङ्ग्यको परम्परा र प्रवृत्ति*, **बृहत नेपाली हास्यव्यङ्ग्य गोष्ठी** (कार्यपत्र), पृ. ५ ।

मात्र नभई कृतिका सारभूत भाव विचारको सूचक, सङ्केत वा उद्घाटक समेत हुनुपर्छ ।[४६] शीर्षक बिनाको कुनै पनि रचना उद्देश्य बिनाको मानिस जस्तै हुन्छ । तसर्थ शीर्षकले कुनै पनि रचनाको अर्द्धअस्तित्वलाई बहन गरेको हुन्छ । **मन्त्री पुराण** साहित्यकार गणेशकुमार पौडेलको दोस्रो पुस्तकाकार कृति हो । यो वि.सं. २०४६ देखि २०५५ सम्म फुटकर रूपमा प्रकाशित भइसकेका फुटकर कविताहरूको सङ्ग्रह हो । यस सङ्ग्रहमा पौडेलले राजनीतिकर्मी, राजनीतिज्ञ, नेता र मन्त्रीप्रति आफ्नो तीव्र आक्रोश र क्रोध प्रकट गरेका छन् । मन्त्री भन्ने असहज प्राणीप्रति यिनी यति रूष्ट छन् कि कृतिको नाउँ नै **मन्त्री पुराण** राखेका छन् । यस कृतिभित्र जम्मा जम्मी उन्चालीस ओटा शीर्षकका रचनाहरू समावेश गरिएका छन् ।

### ४.२.२.३ संरचना

वस्तुको निर्माण तत्त्व वा रचनाका घटकहरूको परस्पर सम्बन्धको सामञ्जस्यतालाई संरचना भनिन्छ र एक किसिमले यसलाई निर्मित वा बनोट पनि भनिन्छ । सबै अङ्ग, भाग वा घटकले पूर्ण निर्मितिलाई संरचनाको संज्ञा दिइन्छ ।[४७] संरचना दुई प्रकारको हुन्छ- आन्तरिक र बाह्य । कुनै पनि रचनाको बाह्य संरचना भन्नाले स्थूल रूप र आन्तरिक रचना भन्नाले सूक्ष्म रूप भन्ने बुझिन्छ । **मन्त्री पुराण** बाह्य संरचनाका छयहत्तर पृष्ठको उन्चालीस ओटा कविताहरू समाविष्ट भएको फुटकर कविताहरूको सङ्ग्रह हो । पौडेल स्वयंद्वारा प्रकाशित उक्त कृतिको आवरण पृष्ठ, **शुभेच्छाको पाती**, सम्मति, शुभकामना, भूमिका, लेखकको भनाइ तथा विषयक्रम छ । कृतिको पछाडि पौडेलको हाफ फोटो राखिएको छ । यसको अगाडिको आवरण पृष्ठमा ठूलो अक्षरमा मन्त्री पुराण लेखिएको छ । त्यस नजिकै एउटा पजेरो राखिएको छ भने एउटा प्रहरीले त्यहीं नजिकै उभिएका मन्त्री र मन्त्राणीलाई स्वस्ती गरिरहेको चित्र प्रस्तुत गरिएको छ । अलिमाथि कैलास पर्वतमा शिवजी हातमा त्रिशूल लिएर ध्यान बसीरहेका छन् भने उनको हातबाट तथास्तुको वरदान स्वरूप एउटा किरण पजेरोमा, अर्को घरमा तथा तेस्रो किरण मन्त्रीमाथि देखाइएको छ । मूल्य रू तीस रहेको, मकवानपुर अवस्थित शुलभ अपसेट प्रेस हेटौंडाबाट एक हजार प्रति पुस्तक छपाइएको पाइन्छ । मोहनप्रसाद लाखेद्वारा *शुभेच्छाको पाती* पौडेललाई चढाइएको, रामचन्द्र

---

४६ वासुदेव त्रिपाठी र सहयोगीहरू (सम्पा.), **नेपाली कविता** (भाग ४), पूर्ववत्, पृ. १२९-१३० ।

४७ मोहनराज शर्मा, **समकालीन समालोचना सिद्धान्त र प्रयोग**, पूर्ववत्, पृ. १७६ ।

फुर्सतीद्वारा *सम्मति,* भीम विरागद्वारा *शुभकामना,* रमेश गोर्खालीबाट *भूमिका* लेखिएको छ भने अन्त्यमा *लेखकको भनाई* राखिएको छ ।

आन्तरिक संरचनाका दृष्टिले हेर्दा गद्यलय अर्थात् मुक्त छन्दमा लेखिएको छ भने कतै समान त कतै असमान अन्त्यानुप्रासको संयोजन पाइन्छ । वि.सं. २०४६ सालको प्रजातन्त्रको पुनर्बहाली पछि यो देशमा भएको भ्रष्टाचार, अन्याय, अत्याचार, शोषण, दमन, विकृति र विसङ्गतिलाई कविताको माध्यमबाट देखाउन खोजिएको छ ।

## ४.२.२.४ विषयवस्तु

साहित्यको प्रयोजन आनन्दका लागि मात्र नभएर शिक्षाप्रद हुनु पनि जरूरी हुन्छन् । त्यसैले कुनै पनि कृतिको विषयवस्तु ज्ञानवर्द्धक र उपयोगी हुनुपर्दछ । स्रष्टाले विषयवस्तुको केन्द्रीयतामा साहित्यको सिर्जना गर्दछ । त्यसैले विषयवस्तुलाई साहित्यको महत्त्वपूर्ण तत्त्वको रूपमा लिन सकिन्छ । विषयवस्तुहरू आफू बाँचेकै समाजका यथार्थ पक्ष, जीवनभोगाइका कटु अनुभव एवं सामाजिक र राजनीतिक घात-प्रतिघात तथा सामाजिक विकृति र विसङ्गतिहरूमा आधारित हुन्छन् ।[४८] मन्त्री पुराण वि.सं. २०४६ देखि २०५५ सम्मको अवधिमा प्रकाशित भएका फुटकर कविताहरूको सङ्ग्रह हो । यस सङ्ग्रहका प्रायः सबै कविताहरू एउटै किसिमको विषयवस्तुमा आधारित छन् । यस सङ्ग्रहमा करीब एक दशकको अवधिभित्र अर्थात् प्रजातन्त्र प्राप्तिपछि नेता तथा मन्त्री भनाउँदाहरूको कथनी र करनी बीचको व्यवहारलाई पौडेलले चित्त बुझ्दो गरी प्रस्तुत गरेका छन् ।

*हाम्रा मन्त्रीज्यू* सक्षम नेता हुनुहुन्छ शीर्षक कवितामा पञ्चायत कालमा पञ्चायती व्यवस्थालाई अँगाल्ने तथा बहुदलमा पनि मन्त्री नै बन्न सक्ने सक्षम नेताको चरित्र चित्रण गरिएको छ । तस्करी र भ्रष्टाचारको संरक्षण गर्न चेलीबेटी बेचबिखनमा सहयोग पुऱ्याउन, चुनाव जित्नका लागि देशबेच्ने कार्यमा समेत सम्झौता गर्न सक्ने विरोधीलाई मार्न आफैं बन्दूक उठाउन सक्ने सक्षम नेता रावण भएपनि रामबनेको ढोंग रचने मन्त्री मात्र नभई जे गर्न पनि सक्ने सक्षम नेता हुन् भन्दै चरित्र चित्रण गरिएको छ । *हाइ'रे प्रजातन्त्र* शीर्षकमा हुने खाने शोषक र सामन्तलाई मात्र प्रजातन्त्र आयो तथा सर्वहारा वर्गलाई प्रजातन्त्र आएन भन्ने गुनासो लेखिएको पाइन्छ भने शासकलाई चिनौं शीर्षकमा देशमा प्रजातन्त्र आउँदा पनि निरंकुशतामा रमाएर बस्ने शासकले सधैं बन्दूक र लाठीको भरमा दमन शोषण गर्दै

---

४८ मीनादेवी घिमिरे, **साहित्यकार रविकिरण निर्जीवको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, पूर्ववत्, पृ. ७० ।

धनी र गरीब बीचको खाडल झन् गहिरिँदै गएको उल्लेख गरेका छन् । मन्त्रीहरूलाई आजीवन भत्ताको व्यवस्था गर्न, मन्त्रीका आफन्तहरू कोही विदेश पढ्न, कोही विदेश भ्रमण गर्न गएकै छन् भने आफन्त जति सबैले जागिर खाइसकेका छन् । तसर्थ यस्ता थुप्रै *विकास कार्यमा मन्त्री ज्यू* शीर्षकमा उल्लेख भएका छन् । यो धरतीमा एउटा यस्तो देश छ जहाँ विकास र योजनाहरू त्यसै अलपत्र परिरहेका छन् जहाँ सरकार पनि आफू देखि आफैं लज्जित छ, स्वच्छ शासकको अभाव, अस्वस्थ नेता छन् । मानसिक सन्तुलन ठीक नभएर सत्तापक्ष र प्रतिपक्ष बीच भिडन्त भइरहेको छ, त्यो धरती अरू कुनै नभएर नेपाल हो । हत्या, अपराध, भ्रष्टाचार जस्ता अनैतिक कार्यमा अग्रसर हुने नरभक्षी, नरपिचास तथा रक्त पिपासुहरूलाई सँधै तक्माले सम्मान गरिन्छ तर बहादुर शाह, भीम मल्ल, भीमसेन थापा, अमरसिंह थापा जस्ता व्यक्तिलाई तक्मा होइन मृत्युले स्वागत गरिन्छ । तक्माले जिउँदो आशलाई मरेको लासलाई सम्मान गरिन्छ भन्दै पौडेलले तक्मालाई घृणा लाग्ने वस्तुको रूपमा *तक्मा कसले पाउँछ* शीर्षकमा उल्लेख गरेका छन् । तक्मालाई हत्या, अपराध, भ्रष्टाचारको जन्मकुण्डली हो भनेका छन् । *नेता मन्त्री भएपछि* शीर्षकमा नेताको गरिमा झन् बढेको हुँदा भ्रष्टाचारलाई प्रोत्साहन दिने, राष्ट्रिय ढुकुटी रित्याउन सधैं व्यस्त रहने तथा अनेकौं प्रोपोगन्डा रच्ने काम नेता मन्त्री भएपछि भइरहेका छन् । *धर्म र राजनीतिमा* चितुवाहरूले गाईको छाला ओडी सोझा-साझा जनताको छातीमा नङ्ग्रा धस्छन् अर्थात् चितुवा जस्ता हिंस्रक जन्तुले गाईको छाला ओडी गाई जस्तो साधु जनावर देखिएर दमन शोषण गर्न, अन्याय र अत्याचार गर्ने मन्त्रीहरूको प्रवृत्ति छ जसले गर्दा जनताहरू जीवन र मरणको दोसाँधमा पिल्सिएर बसेका छन् । *संघर्ष* शीर्षकमा दमन शोषणका विरूद्ध संघर्ष गर्नु पर्दछ, शोषित पीडितको हक र अधिकार लिन क्रान्ति गर्न बिर्सनु हुँदैन, दासताका विरुद्ध संघर्ष गर्नुपर्छ भनिएको छ । *शहीदको सम्मानमा मन्त्रीज्यू*मा मन्त्रीज्यूले सहीदको सपना साकार पार्न सहीदको रगत जस्तै रातो रंगीला र डिस्को पोशाक पहिरिएका सुन्दरीहरूसँग पाँचतारे होटलमा डिस्को डान्स गर्दै रेडलेबल ह्विस्की र ब्राण्डी पिउनु, रातो पजेरो चढ्नु, गगनचुम्बी महलमा रातो रङ पोत्नु, सुन्दरी प्रतियोगिताको उद्घाटनमा रातो रिबन काट्नु जस्ता राता वस्तुहरूको प्रयोग गर्दै हाम्रा मन्त्रीज्यूले सहीदको सम्मान गरिरहेका छन् । *शक्ति कोसँग हुन्छ ?* शीर्षकमा सूर्यलाई हत्केलाले छेक्न सकिँदैन, त्यसैगरी समाजमा विकृति, विसङ्गतीलाई लोभ लालच र प्रलोभनले ढाक्न सक्दैन, त्यो एक न एक दिन पर्दाफास भई जनता सामु आएर छाड्छ । त्यस्तै हिट्लर र मुसोलिनीका तानाशाही

निरंकुशतन्त्र जसरी सधैंभरी आफ्नो कब्जामा जनतालाई राख्न सकेन त्यसरी नै घुसखोरी, अनैतिक चरित्र भएका भ्रष्ट मन्त्रीको हातमा सत्ता धेरै समय नटिक्ने तथा शक्ति जनताको हातमा रहेको ठोकुवा गरिएको छ । *हाम्रा मन्त्रीज्यू सुरक्षित हुनुहुन्छ* उहाँ अरू देशका ठूला-ठूला व्यक्तिहरूको जस्तो पदच्यूत, हत्या, गमन, मृत्यु हुँदैन । हाम्रा मन्त्रीले अन्याय, अत्याचार, दमन, शोषण, भ्रष्टाचारका विरूद्धमा आवाज उठाउने विरोधीलाई पैतालाले थिच्नु भएको छ तसर्थ उहाँ अत्यन्त सुरक्षित हुनुहुन्छ भन्दै व्यङ्ग्य प्रस्तुत गरिएको छ । आजको युग भनेको दमन, शोषणमा दबेर बस्ने युग नभई त्यसका विरूद्धमा बुलन्द आवाज उठाउँदै क्रान्ति गर्ने प्रजातान्त्रिक युग हो भनिएको छ । *तथास्तुको वरदान पाउने हाम्रा मन्त्रीज्यू* ब्रह्माजी भन्दा पनि ठूला भएकाले मातृभूमिको खुला बलात्कार गरेपनि अर्थात् जस्तोसुकै अनैतिक काम गरे पनि मन्त्रीज्यूलाई कहीं कतैबाट केही हुँदैन । उहाँ निर्धक्क खुले आम छाती फुलाएर हिँड्नु हुन्छ किनकी मातृभूमिको अङ्ग-अङ्गमा बलत्कार भएपनि अर्थात् कोशी महाकाली बेचिए पनि मेचीको साँध नाघेर शत्रुले कब्जा गरेपनि नेपाल आमा चिच्याई चिच्याई रोए पनि मन्त्रीज्यूलाई केही फरक पर्दैन । न त मन्त्रीज्यूको आत्मा नै रून्छ न त कसैले श्राप दिएर नै मन्त्रीज्यूलाई लाग्छ किनकी उहाँले त शिवजीबाट तथास्तुको वरदान पाउनु भएको छ ।

जननीलाई खुला बलत्कार गर्ने, तँ पातकी होस् भनेर
कोशीले चिच्याई चिच्याई कराएर के भो र
मेची रोएर के भो र, जङ्गे पिलर गार्ड बसे
के गर्न सक्यो र, टनकपुरको घाउ टन्किएर के भो र
पुनः जननीको बलत्कार भयो,
महाकालीले डाँको छोडेर रूनु पऱ्यो ।

(तथास्तुको वरदान पाउने हाम्रा मन्त्रीज्यू - पृ. ३६, ३७)

*हाम्रा मन्त्रीज्यूको चारित्रिक विशेषता*मा सोझा-साझा जनताका आँखामा मलमपट्टि लगाएर तिनीहरूलाई भ्रम जालमा फँसाएर बोलीमा मिठास थपेर भाषण गरिरहेका हुन्छन् जुन कुरा नेपाली जनतालाई साँच्चै झैं लाग्छ तर मन्त्रीहरूको वास्तविक स्वरूप भन्नुपर्दा आफ्नो दुनो सोझ्याउन करोडौंको सम्पत्ति रातारातमा आफ्नो बनाउँछन् । त्यतिले मात्रै नपुगेर कुनै पनि काम पटाइदिन्छु भन्दै घुसलिने, चेलीबेटी बेचविखनका लागि आफूले कमिसन लिँदै थप प्रोत्साहन दिने, कुनै पनि पदका लागि टेण्डर खुलाएर लिलाम बढाबढ गर्दै

प्रशस्त सम्पत्ति कुम्ल्याउने, त्यतिले मात्र नपुगी मन्त्रीका श्रीमती समेतले नजराना, भेटी लिने गर्छन् जसले गर्दा समाज र राष्ट्रमा अझ उग्ररूपमा विकृति र विसंगति तथा भ्रष्टाचार बढ्दै जान्छ । त्यस्तै *राजनीति*मा विभिन्न बिम्ब र प्रतीक लगाएर राजनीति अपवित्रताको गठबन्धन हो, षडयन्त्रकारी र व्यभिचारीले स्वार्थपूर्ति गरेर ठगी खाने भाँडो हो, दुर्गन्धित फोहोर थुपारिएको कन्टेनर हो भन्दै राजनीति शब्दलाई घृणाको प्रतीकका रूपमा व्यक्त गरिएको छ । *हाम्रा मन्त्रीज्यूलाई जानकारी छैन* शीर्षकमा असल नेतृत्वका लागि जसरी विभिन्न राष्ट्रमा कैयौं शासक तथा मन्त्रीहरूलाई त्यहाँका जनताले संघर्ष र क्रान्ति गरे अनि त्यहाँका त्यस्ता बेइमान तानाशाही, निरंकुश शासकहरू कसैलाई फाँसिदिने, कसैलाई राज्यच्यूत गर्ने, जस्ता व्यवहारबाट अन्जान भए झैं जूठो हाडका लागि जसरी कुकुरहरू एकआपसमा लड्छन् ठीक त्यसैगरी हाम्रा मन्त्रीज्यूहरू कुर्सीका निमित एक आपसमा लडिरहेका छन् जसको परिणाम भोलि के हुन्छ, थाहा छैन । *मन्त्रीज्यूको ताण्डव नृत्य* शीर्षकमा मन्त्रीहरूले आफूले पहिले गरेका गल्तिहरूलाई पनि ढाकछोप गरी रूप बदलेर हरेक क्षेत्रमा नाचिरहेका छन् अर्थात् आफ्नो हैकम जमाइरहेकाछन् । उद्योगपतिलाई हातमा लिने बित्तिकै करोडपति हुन पल्केका मन्त्रीहरूबाट भेटी र दक्षिणा लिन कहीँ पनि पछि नपर्ने जनघाती र देशघाती काममा सधैं सेवारत रहिरहने मन्त्रीको नृत्य हेर्दै डरलाग्दो छ । मन्त्रीले जे जति तोडफोड गरेपनि कुनै उजुरी नलाग्ने सुरा सुन्दरीमा मस्त रहने देखि लिएर बम बन्दुक छुरा जस्ता हतियार चलाउन पनि पछि नपर्ने मन्त्रीको वर्णन गरिएको छ ।

आफ्नो ताण्डवनृत्यको सिलसिलामा
सुन्दरीदेखि सुरासम्म
बम र बन्दुकदेखि छुरासम्म
अनि पार्टीदेखि राज्य सञ्चालनसम्म
उहाँ सधैं ताण्डव नृत्य नाच्न मै
तल्लीन हुनुहुन्छ ।

(मन्त्रीजीको ताण्डव नृत्य - पृ. ५०)

*सडक र सदन* शीर्षकमा सदनभन्दा सडक नै शक्तिशाली छ भन्दै सडकमा जात्रालाग्नेदेखि लिएर कहिले शान्ति जुलुस त कहिले राँके जुलुस लगाउँदै जिन्दाबाद र मुर्दाबादको नारा घन्किन्छ । कहिले सडकमा शक्तिको प्रदर्शन गर्दै शासकको पुतला पनि जलाइन्छ । सडकमा जन्ती मात्र नभई मलामी पनि त्यही सडकमा नै हिँड्ने गर्छन् । सदन

भनेको सिङ्गो राष्ट्रको अभिमत हो तर सडकमा नै जनता उत्रेर संघर्ष गरे, क्रान्तिको बिगुल फुके, फलस्वरूप राणाकाल, पञ्चायतकाल सबैलाई बिदा गर्न जनता सफल भए । त्यसैले सदनभन्दा सडक नै शक्तिशाली भएको कुरा उल्लेख गरिएको छ ।

भनिन्छ प्रजातन्त्रका संसद सर्वोच्च शक्ति हो ।
सदन भन्नु नै शक्तिको मूर्त रूप हो
चाहे बहुमत होस् चाहे अल्पमत होस्
सदन त सिङ्गो राष्ट्रको अभिमत हो
तर यहाँ सदनभन्दा सडक नै शक्तिशाली छ
यही सडकबाट पञ्चायत ढल्यो
यही सडकले राणालाई बिदा गऱ्यो
अझै यसले कतिलाई बिदा गर्ने हो ।

(सडक र सदन - पृ. ५२)

*जहाँ महिषासुरले शासन गरेको हुन्छ* शीर्षकमा मन्त्रीले आफ्नो सत्ता टिकाउन बारूद र गोलीको भरमा प्राणको आहुति दिने महापुरूषहरू, संघर्ष अनि क्रान्तिमा सरिक हुने वीर सपुतहरू नेल र हतकडिको सहारा लिँदै निरंकुश शासनको मोज गरिरहेको कुरालाई उद्घाटित गरिएको छ । *मन्त्रीज्यूलाई सत्ताको घमण्ड*मा आफू कुर्चीमा बसेपछि हत्या, हिंसा, भ्रष्टाचार, अपराध गर्दै राष्ट्रलाई निरंकुशताको घेरामा बाँधेर सत्ताको गर्व गर्ने मन्त्रीहरूबाट जनतालाई होसियार हुन आह्वान गरिएको छ । जबसम्म देशमा दमनकारी पाइला चल्छ तबसम्म नागरिकको अधिकार वञ्चित भएकै हुन्छ त्यसैले त्यस्ता दमनकारी पाइलालाई मेटाउनुपर्छ भन्ने जिकिर गरिएको छ । त्यस्तै *मन्त्रीज्यूको छाया* शीर्षकमा सचिव जतिसुकै विद्वान र सभ्य भएपनि तथा मन्त्री अनपढ र असभ्य भएपनि मन्त्रीको आदेश अनुसार सचिवले आफ्नो जागिर बचाउन जस्तोसुकै कुकार्य नै किन नहोस् गर्नै पर्ने बाध्यतालाई प्रस्तुत गरिएको छ ।

सचिव जतिसुकै सज्जन भए पनि
मन्त्री दुर्जन छ भने पनि
त्यो दुर्जन मन्त्रीसँग झुक्नै पर्छ
हाँसको बीचमा बकुल्लो भएर
बाँच्नको लागि हाँस्नै पर्छ ।

(मन्त्रीज्यूको छाँया - पृ. ६८-६९)

नेताहरूको व्यवहारबाट दिक्क भई नेताहरूले जस्तो काम गर्ने चाहना नभएका पौडेलले स्वतन्त्रता र समानताको नारा लगाउँदै साम्यवाद र पूँजीवादको नाउँमा जनतालाई ठग्दै झूठो आश्वासन दिने काम पौडेलले कहिल्यै नगर्ने तथा *मलाई नेता हुनुछैन* शीर्षकमा कहिल्यै नेता नहुने प्रण गरेका छन् । *मन्त्रीसँग सावधान* शीर्षकमा जनताहरूलाई धर्मको रनभूलमा पारेर गरिबीको दलदलमा फसाउँदै देशलाई अधोगतितिर धकेल्ने प्रवृत्ति भएका नेताहरूसँग सावधान रहन सतर्क गराएका छन् । मन्त्रीहरूको व्यक्तिवादी चरित्रले राष्ट्रलाई पूर्णरूपमा प्रदुषित बनाएका छन् । जहाँ जनतालाई सास फेर्न पनि गाह्रो भइरहेको छ । तसर्थ यस्ता मन्त्रीलाई भोलिको इतिहासमा विक्षिप्त पार्न जनतालाई मन्त्रीसँग सतर्क रहन आह्वान गरेका छन् ।

समग्रमा सरकार वा कार्यपालिका हाँकेर बसेका मन्त्रीहरूको विविध अराजक भ्रष्ट गतिविधि देख्दा पौडेल अत्यन्त मर्माहत र दिकदार छन् र त्यसैको प्रतिक्रियास्वरूप यस्ता प्रहारक एवं व्यङ्ग्यात्मक रचना कोर्न पुगेका छन् । राजाशाही र पंचशाहीको समाप्ति पश्चात् लोकशाही वा बहुदलीय राजनैतिक पद्धति त्यसै झुल्किएको होइन । यसका अतीत र पृष्ठभूमिमा थुप्रै राष्ट्रवासी नागरिकका अहर्तिश श्रम, त्याग, तपस्या, प्राणोत्सर्ग र शहादतका गाथा रहेका छन् तर यस खुल्ला राजनैतिक पद्धतिमा समेत जनसेवक र जनताको मान्छे कहलिएका कार्यपालहरूले जे जति भ्रष्टाचार र राजनीतिसूचक भाँडभैलो मच्चाएका छन् ती सम्मुख अतीतका गलत क्रियाकलाप पनि फिक्का झैं भएका लाग्छन् । कहिले मिनि केबिनेट त कहिले जम्बो केबिनेट गठन गर्दै अनेक दुष्ट लीला गरिरहने साँसद र मन्त्रीहरूप्रति पौडेल औधि रूष्ट छन् र आलोच्य तथा निन्दात्मक भाव टिपेर व्याङ्गिक चरमोत्कर्ष र पाठकीय मथिंगल तान्न समर्थ छन् ।

आज प्रजातन्त्रको बदनामी गर्न खोज्ने कैयौं मन्त्री महोदयले यस धरतीमा के कस्ता काम गरे, सहिदको आकांक्षा कसरी ध्वस्त-ध्वस्त भएको छ त्यसप्रति पौडेलको ज्यादै गुनासो छ । मन्त्रीको क्षमता, विकास कार्य, जनभावना विपरित कार्य, मन्त्री भएपछि फेरिएर अति स्वार्थी भएको नेता, उनीहरूले गर्ने सहिदको सम्मान, इम्परर न्यू क्लोथभन्दा पनि नग्न मन्त्रीको अवस्था, नेपालमा शक्तिको सही मालिक, मन्त्रीको सुरक्षितता, वरदान प्राप्त मन्त्री, मन्त्रीकै चारित्रिक विशेषता, मन्त्रीको ताण्डव नृत्य, सडक र सदनको यथार्थ अवस्था, कुर्सीको विचित्रता इत्यादीका साथ मन्त्रीज्यूले करीब-करीब आफूलाई राष्ट्रदेव नै बनाउने प्रयास गरेको यथार्थ लगायत आजको प्रजातान्त्रिक यथार्थ मन्त्री पुराणमा व्यक्त छ ।

## ४.२.२.५ भावविधान

कुनै पनि कृतिको उत्कृष्टता वा लोकप्रियता त्यसमा अभिव्यक्त भावविधानमा निर्भर गर्दछ । देशमा विद्यमान राजनैतिक अस्थिरता गलत क्रियाकलाप, अनैतिकता, अन्याय, अत्याचार र बेथितिको जरो उखेली सुसभ्य, सुसंस्कृत, अनुशासित र मर्यादित जीवनशैली अपनाउनका लागि आम नागरिकहरूलाई जागरूक र सचेत रहने भाव मन्त्रीपुराणमा पाइन्छ । विशेष गरी देशको असामञ्जस्य राजनैतिक स्थितिप्रति व्यङ्ग्य विद्रोह गर्दै देशका उत्तराधिकारी मन्त्री तथा नेता भनाउँदाहरूप्रति रोष प्रकट गरिएकाले राजनैतिक भाव प्रशस्त मात्रामा भेटिन्छ । देशको अराजक स्थितिप्रतिको जिम्मेवारी बहन गर्ने मन्त्रीहरूको भ्रष्ट आचरणलाई औंल्याइएको पाइन्छ ।

**(क) ऐतिहासिक भाव**

वीर गोर्खालीले विश्वमै आफ्नो ख्याति कमाएको प्रसङ्गलाई उल्लेख गरिएको छ । नेपाली वीर योद्धाले आफ्नो ज्यानको बाजी राख्दै मातृभूमिप्रति अगाध आस्था राख्दै हातमा खुकुरी भिरेर शत्रुलाई परास्त गरेको ऐतिहासिक भावका केही पंक्तिहरू छन् जुन यस प्रकार छन् :

विश्वका ठूला ठूला युद्धमा बहादुरी कमाएको
वीरतापूर्ण परम्परा भएको
जस्तो सुकै शक्तिको पनि सामना गर्ने
वीर गोर्खाली भनी विश्वमै चिनिएको त्यो नेपाली ठिटो खुकुरी भिरेको

(त्यो नेपाली ठिटो - पृ. ३१)

**(ख) राष्ट्रिय भाव**

यस सङ्ग्रह भित्र राजनैतिक भावका अतिरिक्त देश प्रेमको भाव पनि व्यक्त भएको पाइन्छ । वीर सपुतहरूले प्राणको आहुति दिएर रक्षा गरेको आफ्नो भू-भाग नेता तथा मन्त्री भनाउँदाहरूले बेचेर दक्षिणा भेटी लिइसके । तसर्थ यहाँ आफ्नो भू-भागको खोजी गर्दै पौडेलका कविताका केही अंशहरू :

कहाँ छ मेरो हराउन खोजको भू-भाग
निरन्तर खोजी राखेको छ
कतै मेरो हराउन खोजेको भू-भाग
सिक्किम मै बिलाउने त हैन

कि त सोभियत संघ जस्तै हराउने हो
सिक्किम उसले पचाइसक्यो
उसको लागि त्यो टनकपुर त केही हैन ।

(कहाँ छ मेरो हराउन खोजेको भू-भाग, पृ. ६५)

**(ग) राजनैतिक भाव**

यस सङ्ग्रहभरी नै राजनीतिक व्यक्तिहरू विशेषगरी नेता र मन्त्रीहरूप्रतिको व्यङ्ग्य भाव प्रशस्त मात्रामा छताछुल्ल भएर पोलिएको पाइन्छ ।

**अ) मन्त्रालयमा होस्**

विभाग र क्षेत्रीय निर्देशनालयमा होस्
कुनै सभा गोष्ठीमा होस्
जहाँ गएपनि जुन ठाउँमा पुगे पनि
हाम्रो मन्त्रीज्यू विद्वान् कहलिनु हुन्छ
सही नेतृत्व दिन नसकेर के भो र ?
जनताले मन्त्रीज्यूको
मुख हेरेर बसेकै छन्
जनता जनार्दन थाकेर के भो र ?
हाम्रा मन्त्रीज्यू ताजै छन् ।

(हाम्रा मन्त्रीज्यू जनमुखी हुनुहुन्छ - पृ. १३)

**आ) हाम्रा मन्त्रीज्यू मुलुकको हर क्षेत्रमा**

दाँत र नंग्रा गाडेर
सधैं सत्तामा बस्नुहुन्छ
अनि आफूलाई सच्चा
प्रजातन्त्रवादी हुँ भन्न हुन्छ
अनि आफ्ना हुक्के, ढोके, चम्चे,
अरौटे, भरौटे र कुरौटे सँग बसी
जब राष्ट्र शोकाकुल बन्छ
राष्ट्र आँसुको पोखरीमा डुबेको हुन्छ
तब उहाँ बडा दशैं मनाउनु हुन्छ ।

(मन्त्रीज्यूलाई सत्ताको घमण्ड - पृ. ६१)

यसप्रकार माथि उल्लिखित कवितांशहरूले राष्ट्रमा भएका असक्षम नेताहरूप्रति व्यङ्ग्यवाण चलाइएको छ । जसले देशलाई उन्नति होइन अवनतिको मार्गतिर धकेलिरहेका छन् । समग्रमा भन्नुपर्दा ऐतिहासिक तथा राष्ट्रिय भावका साथै प्रचुर मात्रामा राजनैतिक भावको व्यङ्ग्यवाण यस सङ्ग्रहमा प्रशस्त मात्रामा पाउन सकिन्छ ।

### ४.२.२.६ भाषाशैली

भावना, अनुभूति वा विचारलाई पाठक समक्ष प्रभावकारी रूपमा सम्प्रेषण गर्ने माध्यम नै भाषा हो र कविता भाषाको विशिष्ट प्रयोगद्वारा नै विशिष्ट र प्रभावकारी हुन्छ । गणेशकुमार पौडेलको **मन्त्रीपुराण** गद्यलयमा लेखिएको उन्चालीस फुटकर रचनाहरूको संगालो हो । यसको भाषाशैली सरल, सुबोध्य हुँदाहुँदै पनि कताकति विदेशी व्यक्तिहरूको नामकरणले हल्का दुर्बोध्य पनि बन्न पुगको छ । झर्रा, तत्सम तथा आगन्तुक शब्दको प्रयोगले सजिएको कवितामा कतै समान त कतै असमान अन्त्यानुप्रासको संयोजन पाइन्छ । कवितामा कतै सोझो भनाइ पाउन सकिन्छ भने कतै व्यङ्ग्यात्मक भनाइ पाउन सकिन्छ । गद्यलयमा आधारित कवितामा व्याकरणिक अशुद्धिहरू पनि प्रशस्त पाइन्छन् । एउटै विषयमा केन्द्रित रहेर लेखिएको **मन्त्रीपुराण** भाषाशैलीका दृष्टिले पहिलो कृतिभन्दा केही स्तरीय रहेको पाइन्छ । तथ्यगत र वस्तुगत दृष्टिले प्रायः कविताहरू ठीक छन् बरू केहीको भाषा भने सपाट, ठाडो र रूखो समेत रहेको छ । तसर्थ सरल भाषा, सुललित शैली, मीठो अभिव्यक्ति भएर पनि राजनैतिक आक्रोश भने अलिक बढी मात्रामा पाइन्छ ।

### ४.२.२.७ जीवनदृष्टि

कविता सिर्जना गरेर त्यसका माध्यमबाट कविले दिन खोजेको सन्देश वा अभिप्राय नै उद्देश्य वा जीवनदृष्टि हो र कुनै उद्देश्य विना कविता सिर्जना नगरिने हुँदा यो कविताको मुख्य तत्त्वका रूपमा रहेको हुन्छ । कुनै पनि कृतिले प्रत्यक्ष वा परोक्ष रूपमा समाजमा केही न केही प्रभाव त पारेकै हुन्छ । यसै क्रममा समकालीन परिस्थिति, राष्ट्र र समाजमा भएका राजनैतिक अन्योल, अन्याय, अत्याचार, भ्रष्टाचार जस्ता विकृति विसङ्गतिहरूलाई निर्मूल गरी सभ्य, सुसंस्कृत, समुन्नत र स्वावलम्बी राष्ट्रको रूपमा मुलुकलाई स्थापित गर्नुपर्ने, मन्त्रीहरू कुबाटो, कुकर्मलाई त्यागेर सुबाटो र सुकर्मतिर लागेमा देशको विकाश हुने जस्ता सन्देशमूलक जीवनदृष्टि पाइन्छन् ।

## ४.२.२.८ लयविधान र दृष्टिविन्दु

यहाँ लयविधान र दृष्टिविन्दुलाई छुट्टाछुट्टै शीर्षक राखी उल्लेख गरिएको छ।

### ४.२.२.८.१ लयविधान

सामान्यतया लय भन्नाले ध्वनिप्रवाहको ढाँचा भन्ने बुझिन्छ र यसको उत्पत्ति गति, यति, प्रवाह एवं विरामहरूको पारस्परिक तथा क्रमिक योगबाट हुन्छ। छन्दोबद्ध कवितामा छन्द र यसको संरचनाका माध्यमबाट लयको उत्पत्ति हुन्छ भने गद्य कवितामा अर्थको माध्यमबाट लयको उत्पत्ति हुन्छ। **मन्त्री पुराण** गद्यलयमा लेखिएको कृति हो। यदाकदा समान अन्त्यानुप्रासको संयोजन भएको पाइए पनि यसको कुनै लय छैन। यो मुक्तलयमा आधारित छ भने *शासकलाई चिनौं* शीर्षकको कविता झ्याउरे लयमा आधारित छ जुन यसप्रकार छ :

असमान सन्धि विदेशी थियो हिंसा र दुराचार
बन्दुक र लाठी सधैं बर्साई गरिनेछ अत्याचार
दुष्कर्मी कालो, पिरो र दुषित धुँवाले पोल्दैछ
धनी र गरीब बीचको खाल्डो झन गहिरो हुँदैछ

(शासकलाई चिनौं - पृ. ५)

माथि उल्लिखित पंक्तिहरू यस कृति भित्रको शासकलाई चिनौं शीर्षकको कविता हो जुन पौडेलले झ्याउरे लयमा रचना गरेका छन्। त्यस्तै समान अन्त्यानुप्रासको संयोजन भएतापनि मुक्तलयमा संरचित केही कविताका पंक्तिहरू :

फूल बनेर शहीद फक्रिएको छ
त्यसैले संसार सुगन्धित भै दिएको छ।
हरेक बिहानीको किरणमा शहीद झुल्कन्छ
हरेक संगीतको तालमा शहीद गुञ्जन्छ।

(शहीद - पृ. २६)

माथि उल्लिखित पंक्तिहरूमा फक्रिएको छ - भैदिएको छ, झल्कन्छ - गुञ्जन्छ जस्ता समान अन्त्यानुप्रासको संयोजन भएतापनि कविता मुक्तलयमा आधारित छ।

### ४.२.२.८.२ दृष्टिविन्दु

कवितामा दृष्टिबिन्दुका माध्यमबाट कविले आफ्ना कुराहरू व्यक्त गर्दा अन्य कुनै सहभागीको माध्यमबाट गर्दछ र त्यसको वक्ता वा सहभागी को हो भन्ने कुरा दृष्टिविन्दुले देखाउँछ । **मन्त्री पुराण**मा प्रथम, द्वितीय तथा तृतीय पुरुष अर्थात् तीनवटै दृष्टिविन्दुको संयोजन पाइन्छ । सबैभन्दा बढी तृतीय पुरुष दृष्टिविन्दुमा कविता रचना गरिएका छन् भने प्रथम तथा द्वितीय पुरुष दृष्टिविन्दुमा छिटफुट रूपमा मात्र कविता रचना गरिएका छन् ।

(क) प्रथम पुरुष दृष्टि विन्दुमा रचना गरिएका कविताका केही अंशः

मलाई नेता हुनुछैन
त्यसैले मलाई आदर्शको भाषण गर्नुछैन
म त विद्रो गर्न संघर्षको मैदानमा उभिएको छ
नेताहरूको चरित्र देखेर अस्थिपञ्जर भएको छ
नेताहरूको विचार देखेर मेरो हुर्मत काढिएको छ
नेताहरूलाई देख्दा मेरो दृष्टिबाट आकृति टाढिएको छ ।
त्यसैले मलाई नेता हुनु छैन ।

(मलाई नेता हुनु छैन - पृ. ७१)

(ख) द्वितीय पुरूष दृष्टिविन्दुमा रचना गरिएका कविताका केही अंश :

त्यसैले ए चेतना भ्रष्ट भएकाहरू हो
अनुहारमा मोसो पोती शवयात्रामा नहिंड
निश्चित स्वार्थको लागि किन लागिपर्छौ ?
त्यसरी असत्यको पार्थिव शरीरलाई किन बोक्छौ ?

(शक्ति कोसँग हुन्छ ? - पृ. २९)

(ग) तृतीय पुरूष दृष्टिविन्दु भएका कविताका केही अंशः

हाम्रा मन्त्रीज्यू सत्तामा हुँदा
एकातिर मानव अधिकारको
विगुल बजिरहेको हुन्छ
अर्को तिर बालिका
बलत्कृत भइरहेकै हुन्छ
चेलीबेटीहरू वेश्यालयमा

बेचिइरहेकै हुन्छ
फेरि हाम्रा मन्त्रीज्यू चैं रातारात
करोडपति बनिरहनुहुन्छ ।

(हाम्रा मन्त्रीजीको चारित्रिक विशेषता, पृ. ४१)

यसरी यस कृति भित्र तीनवटै दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ ।

## ४.२.२.९ छन्द, रस र अलङ्कार

छन्द, रस र अलङ्कारलाई भिन्दाभिन्दै शीर्षकमा राखेर अध्ययन गरिएको छ ।

### ४.२.२.९.१ छन्द

छन्द भन्नाले छाँटकाँट बुझिन्छ । छन्द शब्द संस्कृतको छद् धातुबाट आएको हो, जसको अर्थ आनन्दित पार्नु, फकाउनु, बाँध्नु आदि हुन्छ । छन्दोबद्ध भाव छिट्टै सम्झन सकिन्छ । यसमा बढ्ता सजीवता हुन्छ र यसैले प्रभावकारी र चमत्कारपूर्ण पनि हुन्छ ।[४९] वर्तमान युगमा भने काव्य कविताहरू छन्दविहीन पनि हुने हुँदा छन्दको अनिवार्यता देखा पर्दैन तर छन्दमा विद्यमान गेयता र सूत्रात्मकता यसका आकर्षणका मुख्य कारण हुन् । छन्दमा बाँधिएका अभिव्यक्ति कण्ठस्थ गर्न सजिलो र लयात्मकताले श्रुतिमधुर पार्ने हुँदा छन्दको विशेष महत्त्व भने सार्वकालिक रूपमै रहिरहेको पाइन्छ ।[५०] **मन्त्री पुराण** मुक्त छन्दमा रचना गरिएको कृति हो । प्रस्तुत कृतिमा त्यस्तो कुनै शास्त्रीय तथा प्रचलित छन्दको प्रयोग पाइँदैन । कृतिभरि नै गद्यलयको मुक्तछन्दमा कविता रचना गरिएको छ भने **शासकलाई चिनौं** कविता झ्याउरे छन्दमा लेखिएको पाइन्छ । जसका केही अंश यहाँ प्रस्तुत छन् :

सार्वभौमसत्ता अखण्डमाथि हुनेछ कुठाराघात
अभावको सङ्कट अनि कालो धन्दा घात र प्रतिघात
मामाको घोडा फुपूको श्राद्ध त्यो दुषित विकृति
समाजमा पीडा विषालु कला त्यो कुरूप संस्कृति ।

(शासकलाई चिनौं - पृ. ५)

---

४९ कृष्णप्रसाद पराजुली, **राम्रो रचना: मीठो नेपाली**, पूर्ववत्, पृ. २९८ ।
५० फणीन्द्रराज काफ्ले, **साहित्यका केही सैद्धान्तिक पक्ष**, (काठमाडौं: आलोक छापाखाना, २०४६), पृ. ३५ ।

## ४.२.२.९.२ रस

रस शब्दको निर्माण आस्वादनार्थक रस धातुमा अ प्रत्यय लगाएर गरिन्छ । यसको फरक-फरक अर्थमा फरक-फरक व्युत्पादन गरिने भएपनि रस्यस्ते आस्वाद्यते इति रसः अर्थात् जसको आस्वादन गरिन्छ त्यो वस्तु रस हो भन्ने व्युत्पादन बढी प्रचलित छ ।[५१] **मन्त्री पुराण**मा विविध रसहरूको संयोजन पाइन्छ ।

(क) **वीभत्स रस**

घृणित वस्तु वा व्यक्तिलाई देखेर उत्पन्न हुने चित्रवृत्ति वीभत्स रस हो ।

एक टुक्रा सिनोको लागि
ऊ मरिमेट्छ
निर्लज्ज भै झम्टिन्छ
अरूको मुटु कलेजो लुच्छ
खप्पर र गिदीको सुरूवा पिउँछ ।

(गिद्ध शहीद हुन सक्दैन - पृ. २४)

यहाँ मानवेतर पक्षी गिद्धले जस्तो व्यवहार गर्ने जो कोही व्यक्ति पनि शहीद हुन सक्तैन भन्ने भाव देखाइएकोछ ।

(ख) **अद्भूत रस**

कुनै चमत्कारपूर्ण एवं अलौकिक किसिमका अथवा असामान्य खालका पात्र, वस्तु, दृश्य आदि देख्दा मानवीय मनमा उत्पन्न हुने एक किसिमको आश्चर्य भाव हो ।

शान्ति सुरक्षाका मुकुण्डोधारी
स्वयम् हुन अपराधी
अनि हत्यारा र भ्रष्टाचारी
त्यसैले यहाँ
विचलित अनगिन्ती मनहरू
शोक र वहका उर्लंदा सागर भएर
वियोग र पीडाका
ज्वालाले दनदनाउँदै

(मन्त्रीज्यूलाई सत्ताको घमण्ड - पृ. ६२)

---

५१ विष्णुप्रसाद पौडेल, **संस्कृत काव्यशास्त्र**, पूर्ववत्, पृ. ११४ ।

मन्त्री सत्तामा पुगेपछि आफ्नो शक्ति जनतामाथि परिचालन गर्ने घमण्डी तथा स्वार्थी नेताहरूको व्यवहार देखाइएको छ ।

(ग) **वीर रस**

शत्रु वा प्रतिद्वन्द्वीको पराक्रम, उदारता, दानशीलता आदिको प्रशंसा सुनेर आफूले पनि यस्तै कार्य गरेर यशस्वी हुने जन उत्साह मनमा जाग्दछ, त्यसैबाट वीररसको उत्पत्ति हुन्छ ।

विश्वका ठूला ठूला युद्धमा बहादुरी कमाएको
वीरतापूर्ण परम्परा भएको
जसतोसुकै शक्तिको पनि सामना गर्ने
वीर गोर्खाली भनी विशवमै चिनिएको
त्यो नेपाली ठिटो खुकुरी भिरेको
दौरा सुरूवाल कम्मरमा बाँधेको ।

(त्यो नेपाली ठिटो - पृ. ३१)

(घ) **रौद्र रस**

रिस उठाई अन्धाधुन्ध मारकाट गर्ने रस रौद्र रस हो । यसमा रिसले आँखा नदेख्ने अवस्था हुन्छ ।

प्रजातन्त्र र मानवअधिकारको साइनबोर्ड भ्रुण्ड्याएर
आफ्नो सत्ता टिकाउन गोली हानिएको छ
त्यसैले गोली हान्ने सरकारलाई
निर्लज्ज र निरंकुश भन्न मन लाग्छ
यहाँका खाइपल्केका ब्वाँसाहरूलाई
छालाकाडी नून चूक हालेर भ्रुण्ड्याउन मन लाग्छ
पैसा र स्वार्थको लागि नैतिकता बेच्ने मतियारहरूलाई
सुलीमा चढाई गोली ठोक्न मन लाग्छ ।

(यहाँ यस्तै छ - पृ. ६३-६४)

माथिका पंक्तिहरूमा उच्च तथा ठूला पदमा बसेका तथा नेता मन्त्रीहरूले मुखमा राम राम बगलीमा छुरा जस्तो व्यवहार गर्ने व्यक्तिहरूप्रतिको रिस भाव व्यक्त गरिएको छ ।

**(ङ) करूण रस**

धुरूधुरू रूवाई विह्वल बनाउने रस करूण रस हो ।

उसका छोराहरूले टुहुरो भएँ भन्दैनन्
उसकी पत्नीले सिउँदो पुछियो भन्दिनन्
उसको आमाले पुत्रको शोक मान्दिनन्
शहीद त ज्योतिको पनि महाज्योति बन्दारहेछन् ।

(शहीद - पृ. २६)

यहाँ शहीद बनेका व्यक्तिले आफ्नो परिवारका सदस्यलाई सदाका लागि छोडेर गएपछिको अवस्थालाई उल्लेख गरिएको छ ।

समग्रमा भन्नुपर्दा रौद्र, करूण, वीर, अद्भूत, वीभत्स जस्ता रसहरूको संयोजनले कृतिलाई अझ सुमधुर बनाएको ।

## ४.२.२.९.३ अलङ्कार

अलम् + कृ धातुमा धञ (अ) प्रत्यय भई अलङ्कार शब्द बन्दछ । यसको अर्थ आभूषण वा गहना हुन्छ र काव्यालङ्कार काव्यकै गहना हुन् ।[५२] जसले शोभा बढाउँछ, जसद्वारा काव्य सुशोभित हुन्छ भनी भामहले भनेका छन् । यस्तै काव्य शोभालाई बढाउने नै अलङ्कार हो । अलङ्कार हुनाले नै काव्य ग्राह्य हुन्छ, सौन्दर्य नै अलङ्कार हो भन्ने अलङ्कारवादीहरूले अलङ्कारलाई काव्यको मुख्य आधार मानेका छन् । **मन्त्री पुराण** विभिन्न अलङ्कारहरूले सजिएको कृति हो ।

**(क) अन्त्यानुप्रास अलङ्कार**

पाउको अन्तमा अक्षर पूर्ण रूपले मिलेमा अन्त्यानुप्रास हुन्छ ।

राखेको हुन्छ उसले राष्ट्रियतालाई नै धितोमा
बलत्कार गरेको हुन्छ उसले सार्वभौमिक सत्तामा
सत्ता टिकाउँछ उसले सेनाले बुट बजारेको भरमा
निरंकुशता बचाउँछ उसले रगताम्मे भेलमा

(जहाँ महिषासुरले शासन गरेको हुन्छ - पृ. ६०)

---

५२ फणीन्द्रराज काफ्ले, **साहित्यका केही सैद्धान्तिक पक्ष**, (काठमाडौंः आलोक छापाखाना, २०४६), पृ. ३५ ।

यहाँ एउटा पंक्तिको अन्तिम अक्षर 'मा' अर्को पंक्तिको अन्तिम अक्षर 'मा' सँग मिलेको छ । त्यसैले यहाँ अन्त्यानुप्रास अलङ्कारको संयोजन पाइन्छ ।

**(ख) छेकानुप्रास**

जहाँ एक वा अनेक व्यञ्जनवर्ण एक पटक मात्र दोहोरिन्छ त्यहाँ छेकानुप्रास अलङ्कार हुन्छ ।

षडयन्त्रकारी र व्यभिचारीले
स्वार्थपूर्ति गरेर ठगी खाने भाँडो हो
त्यसमा सन्त महन्त र पुजारी मात्र हुँदैन
त्यो त हत्यारा र अपराधीको जुवाको खाल हो ।

(राजधानी - पृ. ४४)

यहाँ र त म वर्ण एक एक पटक दोहोरिएका छन् । त्यसैले छेकानुप्रास अलङ्कारको संयोजन भएको पाइन्छ ।

**(ग) वृत्यानुप्रास**

एक व्यञ्जन वर्णको एक पटक वा अनेक पटक आवृत्ति तथा अनेक व्यञ्जनहरूको उसै क्रममा वा क्रमविना एक पटक वा अनेक पटक आवृत्ति भएमा वृत्यानुप्रास हुन्छ ।

यहाँको सडकमा त हिँड्न सक्नेहरू मात्र हिँड्छन्
हिँड्न नसक्नेहरू बेलैमा किनारा लाग्छन्
सडकलाई चिन्न नसक्नेहरू लगातार पछारिन्छन्
अझ कोही त झन् ढलमै भासिन्छन् ।

(सडक र सदन - पृ. ५१)

यहाँ ह न व्यञ्जन वर्णको बारम्बार आवृत्ति भएको छ त्यसैले यहाँ वृत्यानुप्रास अलङ्कारको संयोजन भएको पाइन्छ ।

**(घ) अतिशयोक्ति अलङ्कार**

अभिव्यक्तिलाई प्रभावशाली पार्न लोक प्रसिद्ध उक्तिलाई अति नै बढाइ चढाइकन कुनै विषयको वर्णन गर्नु अतिशयोक्ति अलङ्कार हो ।

स्वर्गमा देवहरूले गर्ने सुखभोग
यमलोकमा यमराजले गर्ने सुखभोग
इन्द्रले उर्वसीसँग गर्ने सुखभोग

मर्त्यलोकमा मानिसले गर्ने सुखभोग
यी तीनै लोकमा गरिने सम्पूर्ण सुखभोग
त्यही मन्त्री पदमा नै छ ।

यहाँ मन्त्री पदमा पुगेपछि मानिसले तीनै लोकको आनन्द प्राप्त गर्छ भन्दै मन्त्रीहरूलाई व्यङ्ग्य प्रहार गर्न खोजिएको छ ।

## ४.२.२.१० बिम्ब र प्रतीक

माथि उल्लेखित बिम्ब र प्रतीकलाई दुई छुट्टा-छुट्टै उपशीर्षक राखेर अध्ययन गरिएको छ ।

## ४.२.२.१०.१ बिम्ब

कुनै कृतिमा प्रमुख कथ्यार्थको सहचर प्रतिच्छायाको रूपमा आउने अर्को सहप्रस्तुत वा सहवर्ती अर्थलाई बिम्ब भनिन्छ ।[५३] सजीव, सुन्दर, मनोरम र सरस मानचित्र वा मानस प्रतिच्छवि नै काव्य बिम्ब हो, जसमा कविको भावना, कविको अनुभूति, संवेदना र कवि कल्पनाले मूर्तरूप धारण गर्दछ ।[५४] बिम्बहरूले साहित्यलाई सजावट गर्छन् । बिम्बमा कुनै निश्चितता र निर्दिष्टता हुँदैन र यो बहुअर्थी पनि हुन सक्छ । साथै अर्थ प्रतिध्वनित गरिसकेपछि प्रभाव छाडिराख्नु यसको विशेषता हो । **मन्त्री पुराण**मा पनि केही मात्रामा बिम्बको झिल्काझिल्की रहेको पाइन्छ ।

**(क) ऐतिहासिक बिम्ब**

राष्ट्रिय अन्तर्राष्ट्रिय घटना सन्दर्भलाई प्रस्तुत गरी वर्तमान बोध प्रकट गर्ने सन्दर्भमा विश्वयुद्धका घटनाहरूका साथै विश्व इतिहासमा चर्चित बनेका ऐतिहासिक विषयवस्तुलाई काव्य बिम्बका रूपमा प्रयोग गरिएको पाइन्छ ।

भियतनामले अमेरिकालाई चकित गराएको
ब्रिटिसको उपनिवेशबाट ब्रुनाईले मुक्ति पाएको
नामिबियामा रगतको खोलो बगेर स्वतन्त्रता फर्किएको
हाम्रा मन्त्रीज्यूलाई थाहा छैन
कैयौं देशको तानाशाहलाई नेतृत्वबाट झारेको
(हाम्रा मन्त्रीज्यूलाई जानकारी छैन - पृ. ४५)

---

५३ वासुदेव त्रिपाठी र सहयोगीहरू (सम्पा.), **नेपाली कविता** (भाग-४), पूर्ववत्, पृ. २० ।
५४ लक्ष्मणप्रसाद गौतम, **समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण**, पूर्ववत्, पृ. १० ।

कवितांशमा इतिहास बोध छ र विश्वमा विगतमा भएका क्रुर शासनका विरूद्धमा जनताहरूले क्रान्ति गरेर मुक्ति पाएको कुरालाई ऐतिहासिक काव्यबिम्बका रूपमा प्रस्तुत गरिएको छ ।

**(ख) दृश्य/चाक्षुस बिम्ब**

ऐन्द्रियिक संवेदनाका आधारमा दृश्यतत्त्वसँग सम्बद्ध बिम्ब नै चक्षुसंवेद्य वा चाक्षुस बिम्ब हो ।

छाला ओडी ब्वाँसोले भेडाको
पसेको हुन्छ बथानमा बाख्राको
राजनीति पनि त्यस्तै हो गरिने आडमा धर्मको
जनता चाहिँ हुन्छन् त्यहाँ दोसाँधमा जीवन र मरनको

(धर्म र राजनीति - पृ. २०)

जसरी ब्वाँसोले भेडाको छाला ओडेर बाख्राको बथानमा पस्छ त्यसरी नै धर्मको आडमा नेताहरूले राजनीति गर्छन् तर त्यहाँ जनता जीवन र मरणको दोसाँधमा पिल्सिरहेका हुन्छन् । तसर्थ दृश्य संवेदनाका माध्यमबाट व्यङ्ग्यमिश्रित भावमा चाक्षुस बिम्बको सहज प्रयोग यहाँ देखिन्छ ।

**(ग) क्रान्ति बिम्ब**

क्रान्ति चेतनाको भाव उद्बुद्ध गराउने सन्दर्भमा क्रान्तिबिम्ब प्रयोग गरिन्छन् । क्रान्ति चेतनालाई अभिव्यक्त गर्ने कविताहरू प्रायः वीररस प्रधान हुन्छन् । परिवर्तन, स्वतन्त्रता, स्वाधीनता, मुक्ति र प्रजातान्त्रिक हक अधिकारका निम्ति क्रान्ति गर्ने भावको अभिव्यञ्जनाका लागि प्रयुक्त हुने यस्ता बिम्बहरू कतिपय सन्दर्भमा राजनीतिक परिदृश्य र विसङ्गति बोधबाट अभिप्रेरित देखिन्छन् भने कतिपय सन्दर्भमा क्रान्तिको नैरन्तर्य बोधका निमित्त पनि प्रयुक्त देखिन्छन् ।

क्रान्ति जनताको जीवनस्तर सुधार्ने माध्यम हो
तसर्थ क्रान्तिकारीले क्रान्ति बिर्सनु खेदको कुरा हो
शासकको फासिष्ट सपनालाई चकनाचुर पारेर
असहाय अनाथ दीनदुःखीलाई मुक्त पार्नु हो ।

(संघर्ष - पृ. २१)

कवितांशमा शासकको निरंकुशताबाट दीनदुःखीलाई मुक्त गर्ने माध्यमका रूपमा क्रान्ति माध्यम बनेको छ । जसलाई स्वयं क्रान्तिकारीले बिर्सनु हुँदैन भन्ने भाव उल्लेख भएको छ ।

(घ) **समसामयिक यथार्थ बिम्ब**

समसामयिक यथार्थ बिम्ब युग जीवनका बेथिति र विकृतिले जन्माएका विविध भाव व्यक्त गर्ने क्रममा यस्ता बिम्बहरूको प्रयोग गरिन्छ ।

यहाँ अनगिन्ती मानिसहरू
भोकले व्याकुल भएका छन्
शोकले विह्वल भएका छन्
हाहाकारले विचल्लीमा परेका छन्
तर यहाँ मगज सडेका पागल सिल्लीहरू
भागबण्डाको खोजमा दौडिरहेका छन्
चर्को घुसखोरी र भ्रष्टाचारीबाट हिस्सा लिन्छन्
अनि सत्तामा हिस्साको बाँडफाँड गर्छन् ।

(हाइ रे प्रजातन्त्र - पृ. ४)

माथि उल्लिखित कवितांशमा समसामयिक जीवनको यथार्थलाई पस्किएको छ । एकातिर भोक, शोक र हाहाकारले व्याकुल भएका छन् भने अर्कातिर घुस र भ्रष्टाचारले भुँडी चर्किएका नेताहरू भने अझै सत्ताको बाँडफाँडमा जुटिरहेको भाव व्यक्त गरिएको छ ।

## ४.२.२.१०.२ प्रतीक

मानिसले आफूभित्र निष्पन्न भावानुभूतिहरू व्यक्त गर्ने शब्द नपुगेपछि प्रतीकको आड लिन्छ । यो रूप मान्छेका हरेक स्वभाव र क्रियाभित्र पर्दछ । व्यक्तभावलाई प्रस्तुतमा मनोरम बनाउनुका साथै अप्रस्तुत सघन तुल्याउनु नै प्रतीकको मुख्य विशेषता हो ।[५५] कुनै सूक्ष्म कुरा अभिव्यक्त गर्न कुनै स्थूल वस्तुको चयन गर्ने प्रतीक विधान हो र यसले सामान्य भन्दा भिन्दै अर्थदिने हुनाले अन्य सङ्केत भन्दा भिन्न हुन्छ । प्रतीकमा निर्दिष्टता र निश्चितता हुन्छ जसको कारण प्रतीक प्रायः एकार्थी हुन्छ । प्रतीकको उद्देश्य भाव र

५५ कृष्णप्रसाद पराजुली, **राम्रो रचनाः मीठो नेपाली**, पूर्ववत्, पृ. २७२ ।

विचारलाई सङ्केतित गर्नु मात्र हो ।[५६] **मन्त्री पुराण** सङ्ग्रहका केही मात्रामा प्रतीकको पनि प्रयोग गरेका छन् । तलका केही कवितांश हेरौं :

**(क) तानाशाही शासकहरूको प्रतीक**

यहाँ तक्मा जङ्गे जस्तो नरभक्षीको छातीमा भ्रुण्डिएको थियो
तर बहादुर शाहको छातीमा हैन
यहाँ तक्मा नरशमशेर जस्तो रक्त पिपासुले पायो
तर अमरसिंह थापा जस्ताहरूले हैन ।

(तक्मा कसले पाउँछ - पृ. ११)

यहाँ नरभक्षी, रक्त पिपासु जस्ता प्रतीकहरूले तानाशाही शासकहरूको प्रतिनिधित्व गरेका छन् ।

**(ख) हिंसाको प्रतीक**

गिद्ध शहीद हुन सक्तैन
उसले सुगौलीमा अमरसिंह थापालाई लुछेको छ
उसले कोशी र गण्डकीलाई चुसेको छ
उसले टनकपुर र महाकालीलाई
लास बनाएर सिनो हसुरेको छ
त्यसकारण गिद्ध शहीद हुन सक्तैन ।

(गिद्ध शहीद हुन सक्तैन - पृ. २४)

यहाँ गिद्धलाई हिंसाको प्रतीक मानिएको छ किनकी हिंस्रक पक्षीले मरेको सिनो खान्छ तसर्थ त्यस्तो सिनो खाने तुल्य पक्षी जस्तो व्यक्तिलाई सहीद हुन नसक्ने भाव व्यक्त गरिएको छ ।

**(ग) निर्भरताको प्रतीक**

आफूसँग पुरुषार्थ नभएका ती परजीविहरू
जुको बनी टाँसिन अरूको शरीर खोजी हिंड्छन्
अब कसैको शरीरमा टाँसिन्छन्
अनि रगत चुसी ढाडिन्छन्

(त्यो दानव पनि आज मान्छे बनेको छ - पृ. ३९)

---

५६ लक्ष्मणप्रसाद गौतम, **समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण**, पूर्ववत्, पृ. ४३-४४ ।

स्वावलम्बी नभई अर्काको भरमा बाँच्ने जुकोलाई निर्भरताको प्रतीकका रूपमा लिइएको छ । यसले आफूलाई नढाडिएसम्म अर्काको शरीरको रगत चुसी रहन्छन् ।

(घ) **वीरताको प्रतीक**

हरेक बेलुका शहीदको सम्मानमा
शहीदको रगत जस्तै रातो
रेडलेबल ह्विस्की पिउनुहुन्छ
उहाँले शहीदको सम्झनामा
शहीदको रगत जस्तै रातो
पजेरो चढ्नुहुन्छ ।

(शहीदको सम्मानमा मन्त्रीज्यू - पृ. २२)

यहाँ रातो वीरताको प्रतीकका रूपमा आएको छ । माथिको कवितांशमा मन्त्रीलाई व्यङ्ग्य हान्दै मन्त्रीज्यूले सधैं शहीदको सम्मान स्वरूप शहीदको रातो रगत जस्तै हरेक राता वस्तुहरूको प्रयोग गर्छन् भन्ने आशय पाइन्छ ।

यसप्रकार उपर्युक्त केही बिम्ब र प्रतीकहरूको आयोजना गरी बिम्ब प्रतीकको सादृश्य सम्बन्धलाई उद्दीप्त पारी यस कृतिको केही मात्रामा शोभा बढेको देखिन्छ ।

## ४.२.२.११ निष्कर्ष

गणेशकुमार पौडेलका पुस्तकाकार कृतिमध्ये वि.सं. २०५६ सालमा प्रकाशित **मन्त्री पुराण** हास्य व्यङ्ग्य कविता सङ्ग्रह दोस्रो कृति हो । यस कविता सङ्ग्रहमा जति पनि कविताहरू छन् ती सबै प्रजातन्त्रको आगमन पछि अर्थात् २०४६ सालदेखि २०५६ सालसम्म लेखिएका फुटकर कविताहरूको सङ्गालो हो जसमा देशका उत्तराधिकारी भनाउँदा नेता तथा मन्त्रीहरूप्रति रूष्ट हुँदै पौडेलले अत्यन्त आक्रोशित रूपमा मन्त्रीहरूको उछितो काढेका छन् । मन्त्री भन्ने असहज प्राणीप्रति यिनी यति रूष्ट छन् कि पुस्तकको नाउँ नै मन्त्री पुराण राखेका छन् । यस कविता सङ्ग्रहले राजनीतिक क्षेत्रमा देखापरेको विकृति विसङ्गतिलाई समेट्दै त्यसलाई कतै व्यङ्ग्यात्मक रूपमा त कतै सीधा प्रहार गरेका छन् । कृतिमा झर्रा, आगन्तुक, तत्सम तथा राजनैतिक शब्दहरूको बढी प्रयोग देखिन्छ भने

व्याकरणिक अशुद्धता पहिलो कृतिको तुलनामा केही कमै भएको मान्नु पर्ने देखिएको छ । गद्यलयको मुक्त छन्दमा लेखिएका कविताहरूमा कतै-कतै अन्त्यानुप्रासको संयोजनले लय विधानलाई गतिदिने प्रयास पनि देखिन्छ । कृति सरल भाषामा भएकाले सामान्य पाठकहरूले पनि सजिलैसित भावग्रहण गर्न सक्ने देखिन्छ । यदाकदारूपमा रस र अलङ्कार तथा बिम्ब र प्रतीकको प्रयोगले कृतिलाई सरस र गहन बनाएको छ ।

## ४.२.३ बंगलादेशको सफर (यात्रा संस्मरण) को अध्ययन

दुई भिन्ना-भिन्नै अर्थ बोध गराउने शब्द 'यात्रा' र 'निबन्ध'को संयुक्त रूप नै यात्रा निबन्ध हो र यसरी संयुक्त भएपछि यसले एउटा छुट्टै विशिष्ट अर्थ दिन्छ । यात्रा निबन्ध भन्नाले यात्रामा आधारित रहेर गद्यमा लेखिएको रचना भन्ने बुझिन्छ । यात्रानिबन्ध यात्रास्थानबारे हुबहु वर्णनमात्र हुनु हुँदैन । यसका लागि निजात्मकताको अत्यन्त आवश्यक र महत्त्व रहेको छ । निजात्मकताले नै यात्रा निबन्धलाई साहित्यिक मूल्य र जीवन्तता प्रदान गर्छ । नेपाली साहित्यमा यात्रामा आधारित गद्य रचनालाई यात्रावर्णन, यात्रा वृतान्त, यात्रा विवरण र यात्रा संस्मरण जस्ता विभिन्न नामले सम्बोधन गर्ने गरेको पाइन्छ ।[५७] तसर्थ गद्य र पद्य वा गद्य कवितामा लेखिएका यात्रामा आधारित रचना दुवैलाई बुझाउने हुनाले यात्रामा आधारित गद्य रचनालाई यात्रा निबन्ध भनिन्छ ।[५८]

### ४.२.३.१ शीर्षक

कुनै मानिसलाई सर्र हेर्दा उसको मुहारले परिचय गरेझैं कुनैपनि कृतिलाई बाहिरको शीर्षकले नै परिचय दिलाउँछ अर्थात् शीर्षकबाट उक्त कृति भित्रका विषयवस्तुको बारेमा लगभग अनुमान गर्न सकिन्छ । गणेशकुमार पौडेलको चौथों कृतिका रूपमा प्रकाशित **बंगलादेशको सफर** दुई हप्ताको छोटो अवधिमा आफूले संगालेका अनुभवहरूलाई यात्रा संस्मरणका रूपमा प्रकाशित गरिएको कृति हो । बंगलादेश भन्नाले पाकिस्तानबाट छुट्टिएको एउटा सानो राज्य तथा सफर भन्नाले यात्रा भन्ने बुझिन्छ अर्थात् बंगलादेशको यात्रा गर्ने क्रममा यहाँको बारेमा स्मृति स्वरूप लेखिएको रचना यहाँ यात्रा संस्मरणका रूपमा आएको छ । गद्य कवितामा लेखिएको प्रस्तुत कृतिमा बंगलादेशको भौगोलिक, आर्थिक, राजनीतिक,

---

५७ प्रमोद प्रधान, **नेपाली निबन्धको इतिहास,** (काठमाडौं: रत्नपुस्तक भण्डार, २०६६) पृ. २१३ ।
५८ ऐजन ।

प्रशासनिक, सामाजिक, धार्मिक, ऐतिहासिक अवस्थाका बारेमा सामान्य जानकारी गरिएको छ । उक्त कृतिभित्र बंगलादेशमा धनी र गरीबको खाल्डो, शहीदपार्क, ढाकाको बसाई, पानीले पानीकै बलत्कार, ट्याक्सी बिहीन ढाका सहर, राजनीति पार्टी र बंगलादेशको अर्थतन्त्र, धार्मिक दंगा नभएको बंगलादेश, नेशनल म्यूजियम, शहीद मिनार, बंगलादेशमा बाढी, कौवालाई बेल पाक्यो हर्ष न विष्मात, ढाकाको भद्र पुरुष जमन, बंगलादेशलाई चुनौती, छिमेकीसित भारतको नीति गरी चौध ओटा शीर्षकमा बंगलादेशका बारेमा वर्णन गरिएको छ । **बंगलादेशको सफर** शीर्षकले बंगलादेशको यात्राका समयमा लेखिएको यात्रा विवरण अर्थात् यात्रा संस्मरण भन्ने सजिलै बुझ्न सकिन्छ ।

## ४.२.३.२ संरचना

गणेशकुमार पौडेलको चौथो कृति **बंगलादेशको सफर** वि.सं. २०५७ सालमा स्रष्टा स्वयम्कै प्रकाशकत्वमा न्यू हेटौंडा छापाखानाद्वारा एकहजार प्रति प्रकाशन भएको कृति हो । कृतिको अग्रभागमा पौडेलले प्रकाशक, मिति, मूल्य, सर्वाधिकारी आदि सूचना राखेका छन् भने त्यसपछिको पृष्ठमा स्वयम् पौडेल र बंगलादेशका स्वास्थ्य सचिवज्यूको भेटघाटको क्षणमा लिइएको तस्विर देख्न सकिन्छ भने स्वास्थ्य सेवा विभागबाट पत्रात्मक शुभेच्छा, हेटौंडा स्कूल अफ म्यानेजमेन्टका प्रिन्सिपल यादव शर्माद्वारा भूमिका त्यसपछि विषयक्रम राखिएको प्रस्तुत कृतिको बीच बीचमा बंगलादेशका विभिन्न ठाउँहरूको तस्विर पनि राखिएको छ । बाह्यावरणको अग्रभागमा बंगलादेशको नक्सा राखिएको छ भने त्यसकै भित्रपट्टि तालिममा सहभागी व्यक्तिहरूको तस्विर छापिएको छ तथा बाह्यावरणकै पश्चभागमा लेखकको परिचय तथा उसका हालसम्म प्रकाशित कृतिहरू राखिएको छ । जम्मा जम्मी चौवन्न पृष्ठको मध्यम आकारको कृतिमा चौध ओटा शीर्षकहरू रहेका छन् । गद्यकवितात्मक शैलीमा लेखिएको तथा बीचबीचमा बंगलादेशका विभिन्न ठाउँहरूको तस्विरले आफू त्यहीं गएको भान हुन्छ । त्यस्तै आन्तरिक संरचना अन्तर्गत प्रस्तुत कृतिमा बंगलादेशको भौगोलिक, आर्थिक, राजनीतिक, प्रशासनिक, सामाजिक आदि विषयमा गद्य कवितात्मक शैलीमा लेखिएको छ ।

## ४.२.३.३ विषयवस्तु

गणेशकुमार पौडेलको **बंगलादेशको सफर**मा राजनीतिमा खिँचातानी, शहीदहरूको योगदान, बंगलादेशका मानिसहरूले पानीबाट भोगेको दुःख, बंगलादेशको अर्थतन्त्र, धार्मिक आस्थाका कारण हुने कलह र युद्धहरू, बंगलादेशका गरीब जनताहरूले भोगेको दुःख, पीडा र भारतले छिमेकी देशहरूसँग गर्ने व्यवहार र नीति जस्ता कुराहरूलाई बढो मार्मिक तरीकाबाट प्रस्तुत कृतिमा उतार्न सफल हुनु भएको छ । पाकिस्तानबाट पूर्वी पाकिस्तानलाई अलग्याएर स्वतन्त्र राष्ट्र बंगलादेश बनाउने इतिहासका महान् नायकहरू जसले मुलुकको स्वतन्त्रता र स्वाधीनताका लागि आफ्नो बलिदान दिन पछि परेनन् जसले गर्दा पाकिस्तानबाट विजय हासिल गरेरै छाडे । त्यसपछि तिनै महान् वीर सहीदहरूको सम्झनामा उनीहरूको सम्मानका लागि ढाका सहरबाट केही पर सहीदपार्क पनि बनाइएको कुरा *सहीद पार्क*मा उल्लेख गरिएको छ । त्यस्तै बंगलादेशको जनस्वास्थ्य तथा जनसंख्या नियन्त्रणको स्थिति नेपालको दाँजोमा स्तरीय रहेको तथा त्यहाँका हरेक क्षेत्रमा काम गर्ने मानिसले कुनै ढिला-सुस्ती-बहाना नगरी लगनशीलता इमान्दारी पूर्वक काम गर्ने भएकाले थोरै समयमा बंगलादेश प्रगतिका पाइलातिर लम्किएको कुरा गम्भिरताका साथ प्रस्तुत गरिएको पाइन्छ ।

बंगलादेशको आयस्रोत राम्रो हुँदाहुँदै पनि त्यहाँको अर्थतन्त्र बलियो नहुनु, त्यहाँका राजनीतिक पार्टीहरू एकले अर्काको खुट्टा तान्ने प्रवृत्ति भएको हुँदा अधिकांश नागरिकहरूलाई जुलुस र आन्दोलनले कंगाल बनाउनु, त्यसमाथि पनि एक लाख सड्चालीस हजार वर्ग कि.मी. क्षेत्रफल भएको बंगलादेश समुद्री सतहबाट अत्यन्त कम उचाईमा छ जसको हावापानी उष्ण छ तर बाढी र समुद्री आँधीबाट लाखौं लाख जनता प्रभावित हुनु जस्ता कारणले त्यहाँको आर्थिक उन्नति भने सन्तोषजनक नभएको देखिन आउँछ । तत्कालीन पाकिस्तानको तानाशाह शासकले एकै समयमा एउटै ठाउँका दुई सय जना विद्यार्थीहरूको हत्या गऱ्यो जुन ठाउँमा सहीद विद्यार्थीहरूको सम्झनामा *सहीद मिनार* बनाइएको कुरा अवगत हुन्छ । घर हुनेहरूलेमात्र सुविधा भोग्न पाउने तथा घरबार बिहीन जनता त्यस्ता सुविधाबाट वञ्चित हुनु परेको यथार्थलाई पनि यहाँ गम्भिरताका साथ उल्लेख गरिएको छ ।

यहाँ कतिपय धनीले गरीबलाई दिएका दुःख-पीडाहरूलाई भोग्दै गरीबहरू नारकीय जीवन बिताउन बाध्य भएका क्षणहरूलाई सम्झना गराउँदै धनीको जीवनलाई पूर्णिमाको जुन र गरीबको जीवनलाई औंसीको रातसँग तुलना गरेका छन् । मानिस जन्मन्छ, जन्मनु नै

मर्नु हो तर मर्नुको पनि विविध प्रक्रिया हुन्छन् । जसले देश र जनताका खातिर ज्यानको आहुति दिन्छन् त्यस्ता व्यक्तिहरू सम्मानित हुनुपर्ने भावना उतार्न पौडेल सफल भएका छन् । बंगलादेशका जनताहरू आफ्नो कर्तव्य र दायित्वको पूर्णरूपमा पालना गर्ने भएकाले नै उनीहरू पाकिस्तानबाट छुट्टिन पुगेको तथा बंगलादेशमा प्रशस्त पानी अर्थात् समुद्र भएपनि समुद्रबाट प्रशस्त लाभ उठाउन नसकेको बरु उल्टो पानीले गर्दा बंगलादेशका कतिपय जनताहरू घरबार बिहीन भएको तीतोतथ्य प्रस्तुत गरेका छन् । यसप्रकार पन्ध्रदिने बंगलादेशको भ्रमणका क्रममा पौडेलले विविध विषयमाथि अध्ययन अवलोकन गरेर कवितात्मक शैलीमा **बंगलादेशको सफर** यात्रा संस्मरण लेखेका छन् ।

### ४.२.३.४ जीवनदृष्टि

प्रत्येक साहित्यिक रचना कुनै न कुनै प्रयोजनको लागि लेखिएको हुन्छ । प्रयोजन नै उद्देश्य हो ।[५९] जसलाई जीवनदृष्टि भनिन्छ । त्यसैले जीवनदृष्टि भनेको कृतिको माध्यमबाट रचनाकारले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा समाजलाई दिने विचार, चिन्तन वा सन्देश हो । प्रस्तुत कृतिमा बंगलादेशको भौगोलिक, आर्थिक, राजनैतिक, प्रशासनिक, सामाजिक, धार्मिक र ऐतिहासिक अवस्थाको बारेमा सामान्य जानकारी उल्लेख गरिएको छ । एउटा गरीब देश यसका देशवासीको भौतिक र मानसिक दरिद्रताको सही चित्रण गरिएको छ । **बंगलादेशको भ्रमण**बाट आफूले बटुलेका अनुभवहरू धेर थोर रूपमा पाठकसमक्ष बाढ्नु पौडेलको उद्देश्य रहेको छ जसले गर्दा घर मै बसी बंगलादेशका बारेमा थोर बहुत ज्ञान हासिल हुन्छ । प्रस्तुत कृति **बंगलादेशको सफर** अध्ययन गर्दा त्यहाँको आर्थिक, भौतिक, धार्मिक, राजनैतिक, ऐतिहासिक स्थितिको बारेमा घरमै बसेर जान्न पाइन्छ । यसरी विदेश भ्रमणबाट डलरमा दैनिक भ्रमण भत्ता आर्जन गर्ने र हजारौं कर्मचारीहरूलाई उछिनेर यात्रा संस्मरण लेखी आफ्ना अनुभव बाँड्ने काम पौडेलले गरेका छन् ।

### ४.२.३.५ भाषाशैली

कुनै पनि भाव या विचार अभिव्यक्त गर्ने माध्यम भाषा हो । भाषालाई अभिव्यक्त गर्ने ढङ्ग र तरिका शैली हो ।[६०] **बंगलादेशको सफर** यात्रा संस्मरणको भाषा सरल, स्वाभाविक

---

५९ मोहनराज शर्मा, **समकालीन समालोचना सिद्धान्त र प्रयोग,** पूर्ववत्, पृ. ४१० ।
६० मोहनहिमांशु थापा, **साहित्य परिचय,** काठमाडौं, पूर्ववत, पृ. १७६ ।

र बोलीचालीमा प्रयोग हुने स्तरको छ । प्रस्तुत संस्मरण कवितात्मक शैलीमा लेखिएको छ । सरल, मिश्र, संयुक्त सबै प्रकारका वाक्यहरूको प्रयोग भएता पनि अल्प विराम, अर्ध विराम तथा पूर्ण विराम जस्ता चिन्हरूको कतै प्रयोग भएको पाइँदैन । शब्द स्रोतका दृष्टिबाट हेर्दा तत्सम् तद्भव र झर्रा शब्दहरू नै बढी प्रयोग भएका छन् । *नेश्नल म्युजियम* संस्मरण भित्रको शीर्षक नै अंग्रेजी आगन्तुक शब्दबाट लिइएको छ भने मिनिमम चार्ज, डाइनिङ्ग रुम, बेडरुम, कम्पाउण्ड, बाथरुम, सिटीबस, अटो जस्ता अंग्रेजी शब्दहरूको प्रयोग भएको छ भने कौवालाई बेल पाक्यो हर्ष न विष्मात भन्ने उखान नै शीर्षकका रूपमा चयन गरेको पाइन्छ । त्यस्तै उल्फाको धन फुपूको श्राद्ध भन्ने उखानको नयाँ रूप मामाको घोडा फुपूको श्राद्धको प्रयोगले भाषामा मिठास ल्याउन खोजिएको अनुभव हुन्छ । यस संस्मरणलाई हेर्दा वर्णनात्मकताका छनकहरू देखिएपनि आफ्ना निजात्मक अनुभूतिलाई पौडेलले पोखेका छन् ।

### ४.२.३.६ निष्कर्ष

**बंगलादेशको सफर** यात्रासंस्मरण गणेशकुमारको चौथो पुस्तकाकार कृति हो । स्वास्थ्य मन्त्रालयले अमेरिकी सहायता नियोगको आर्थिक सहयोगमा मित्रराष्ट्र बंगलादेशको अध्ययन भ्रमण गर्ने अवसर पदान गरेको थियो जसको फलस्वरूप पौडेलले दुईहप्ताको छोटो अवधिमा आफूले संगालेका अनुभवहरूलाई यात्रासंस्मरणका रूपमा प्रकाशित गरेका हुन् । यसमा बंगलादेशको भौगोलिक, आर्थिक, राजनैतिक, प्रशासनिक, सामाजिक, धार्मिक र ऐतिहासिक स्थितिको बारेमा सामान्य जानकारी उल्लेख गरिएको छ । कवितात्मक शैलीमा लेखिएको प्रस्तुत कृतिभित्र जम्मा-जम्मी चौधओटा शीर्षकहरू रहेका छन् । बंगलादेशमा धनी र गरीबको खाल्डो, पानीले पानीकै बलत्कार, राजनीतिक पार्टी र बंगलादेशको अर्थतन्त्र, बंगलादेशमा बाढी, कौवालाई बेल पाक्यो हर्ष न बिष्मात, बंगलादेशलाई चुनौति, छिमेकीसित भारतको नीति जस्ता शीर्षकहरूले कृतिलाई केही स्तरीयता प्रदान गरेको पाइन्छ ।

## ४.२.४ देवका पनि देव भ्रष्टेश्वर महादेव (पाल्सी काव्य) को अध्ययन

साहित्यकार गणेशकुमार पौडेलद्वारा वि.सं. २०५८ सालमा प्रकाशित **देवका पनि देव भ्रष्टेश्वर महादेव** (पाल्सी काव्य) लाई विभिन्न दृष्टिकोणबाट अध्ययन गरिएको छ ।

### ४.२.४.१ शीर्षक

कुनै पनि शीर्षकले नै मूलभूतरूपमा त्यसभित्र समाहित विषयहरूको समुच्चयमा प्रतिनिधित्व गर्दछ । गणेशकुमार पौडेलद्वारा सृजित पाँचौं कृतिको शीर्षक **देवका पनि देव भ्रष्टेश्वर महादेव** रहेको छ । सत्य, त्रेता, द्वापर युगमा मात्र सम्मानित व्यक्तिहरू सच्चारित्रिक हुन्थे तर कलियुगका सबै उच्च पदाधिकारी र सम्मानित व्यक्तिहरू भ्रष्ट रहेछन् भन्दै भ्रष्टाचारीहरू तथा महाभ्रष्टचारीहरूको महिमा गाएका छन् । भ्रष्टाचार, दमन, अन्याय, माफियातन्त्र, पाखण्ड, लुच्याई जस्ता प्रवृत्ति बोकेको कलियुगका उच्च ओहदामा विराजमान सबै व्यक्तित्वहरूको चरित्रलाई उजागर गर्दै कलियुगका मानिसमात्र नभई देवताहरू समेत भ्रष्ट रहेछन् भन्ने कुरा पस्कँदै यस पाल्सी काव्यले तीखो प्रहार गरेको छ । पाल्सी भन्नु नै व्यङ्ग्य हो भन्ने कुरा पनि प्रस्तुत कृति पढ्दा थाहा हुन आउँछ । विगतका दशकमा प्रजातन्त्रको नाउँमा देशभित्र भए गरेका उल्लेख्य उपलब्धीहरूको पूर्णसूची यसै काव्यमा उल्लेख गरिएको छ ।

### ४.२.४.२ संरचना

विभिन्न अवयव वा घटकहरूको पारस्परिक सम्बन्धद्वारा विभिन्न वस्तु वा कृतिको पूर्ण, जीवन्त र स्वनिष्ठ अस्तित्व नै संरचना हो ।[६१] वस्तुको निर्माण तत्त्व वा रचनाको घटकहरूको परस्पर सम्बन्धको समानजस्यतालाई संरचना भनिन्छ र एक किसिमले यसलई निर्मित वा बनोट पनि भनिन्छ । बाह्यसंरचनाका दृष्टिले **देवका पनि देव भ्रष्टेश्वर महादेव** जम्मा जम्मी बहत्तर पृष्ठमा संरचित मध्यमाकारको कृतिका रूपमा देखिन्छ । सेतो रङको पृष्ठभूमिमा नीलो रङले नेपालको मानचित्र कोरिएको छ जहाँ नेपाली जनताले भरिभराउ छ त्यसकै माथिपट्टि राजपरिवारलाई तथा राजपरिवार विनाश गर्ने कुतत्वलाई देखाइएको छ भने बाह्यावरणको पश्चभागमा रचनाकारको सङ्क्षिप्त परिचय तथा उनका प्रकाशित कृतिहरूको सूची उल्लेख गरिएको छ । वि.सं. २०५८ सालमा सिस्नुपानी नेपालद्वारा प्रकाशित प्रस्तुत कृतिमा अनन्तयात्री श्रीधर खनालद्वारा *मेरो शुभकामना,* सिस्नुपानी नेपालद्वारा *प्रकाशकीय* तथा चट्याङ मास्टरद्वारा *भूमिका* लेखिएको प्रस्तुत कृति दुईहजार रहेको छ । गणेशजी आज्ञा गर्नुहुन्छबाट सुरु गरिएको रचना कहीं कतै गएर विश्राम नगरी सिधै समापन भएको प्रस्तुत कृतिभित्र कहीं पनि शीर्षक, उपशीर्षक तथा सर्गको आयोजना

---

६१ खगेन्द्रप्रसाद लुइटेल, **कविताको संरचनात्मक विश्लेषण**, पूर्ववत्, पृ. ४८ ।

भएको पाइँदैन । कृतिभित्रको आन्तरिक संरचनालाई हेर्दा हास्यव्यङ्ग्य शैलीमा विभिन्न बिम्ब प्रतीकहरू तथा रसभावको संयोजन पाइन्छ । प्रस्तुत कृतिभित्रका विषयवस्तुले राष्ट्रभित्र घटित विसंगति, कुरीति, अत्याचार, भ्रष्टाचार आदि पक्षको पर्दाफास गरिएकाले आन्तरिक संरचना सबल रहेको पाइन्छ ।

### ४.२.४.३ विषयवस्तु

साहित्यको प्रयोजन आनन्दका लागि मात्र नभएर शिक्षाप्रद हुनु पनि जरूरी हुन्छ । यसै भएर कुनै पनि कृतिको विषयवस्तु ज्ञानबर्द्धक र उपयोगी हुनुपर्छ । कुनै पनि कृतिमा समाहित विषयवस्तुले त्यसको महानता र महत्ताको स्तर निर्धारण गर्दछ । यस दृष्टिकोणबाट **देवका पनि देव भ्रष्टेश्वर महादेव**मा समाविष्ट विषयवस्तुहरूलाई केलाउँदा नेपालको तीतो सत्यलाई उजागर गर्दै विभिन्न विद्वान तथा उच्च ओहृदाका मै हुँ भनाउँदाहरूको उछितो काढेका छन् । देशमा चलिरहेको भ्रष्टाचार र मुखमा राम राम बगलीमा छुरा भने भैंm दुई रूप बोकी हिँडेका नेताहरूप्रति पौडेलले यस काव्यमा रोष प्रकट गरेका छन् । व्यङ्ग्यात्मक अर्थात् पाल्सीकाव्य **देवका पनि देव भ्रष्टेश्वर महादेव** मार्फत् पौडेलले भ्रष्टाचार गर्न पल्केकाहरूलाई तिखो व्यङ्ग्य प्रहार गरेका छन् । कलियुगमा सबै भ्रष्ट हुन्छन् त्यसैले देव पनि भ्रष्ट भएका छन् भन्दै कटुयथार्थलाई काव्यमा पस्केका छन् ।

मलाई कसैले भगवान नभनोस्  
त्यसैले अलिकति पाप गर्छु  
मलाई कसैले त मानिस भनोस्  
त्यसैले आदर्शको जप गर्छु ।

सनातन धर्मका आदर्शको पृष्ठभूमिमा कोरिएको वर्तमानको चित्र सेतो भुईंमा काला अक्षर भएका छन् अर्थात् पूर्णिमाको जूनको अगाडि औंसीको रात नै आदर्श बनेर भ्रष्टेश्वर बनेका छन् । सरकारहरूको सरकारले आफू स्वस्थ रहन गर्ने उठबस, दौडधुप आदिको प्रस्तुतिमा खुल्ला बजार, नीति अनुरूप संसद र चेलाचेली उत्पादन आयात-निर्यात र व्यापार प्रबर्द्धनका कुरा छन् । बहुदलीय प्रजातान्त्रिक राज्यव्यवस्था, आफूले ल्याएको दाबी गर्दै देशमा विद्यमान गरिबीलाई हेरेर सात पुस्तालाई मात्रै पुग्ने सम्पत्ति कमाउने सोचे ।

आफ्नो पद खतरामा पर्दा  
प्रजातन्त्र खतरामा छ भन्छन्

फेरि पद सुरक्षित हुँदा प्रभु
प्रजातन्त्र, देश, संसार
जहाँ सुकै जाओस्
आफू कमाउन व्यस्त रहन्छन् ।

प्रजातान्त्रिक राज्यमा प्रहरी र प्रशासनसेवा, योजना आयोग, अख्तियार दुरूपयोगको निष्क्रियता, निवारण आयोग, गुप्तचर विभाग, राष्ट्रियसभा, हिन्दू सभ्यता, सनातन धर्म, लोडसेडिङ्ग, चक्काजाम नेपाल बन्द, पानी बन्द, सत्याग्रह, बहुमतको सरकार, अल्पमतको सरकार, लागुपदार्थको आयात-निर्यात, शान्ति सुरक्षाको बिग्रँदो स्थिति, ओझेलमा परेका तीर्थस्थलहरू, अस्तव्यस्त कार्यपालिका, व्यवस्थापिका तथा न्यायपालिका, राजनैतिक अस्थिरता, तस्करीतन्त्रको संरक्षण, चेलीबेटी माथि हिंसा तथा बलत्कार जस्ता विविध विषयका बारेमा पौडेलले आफ्ना मनका भावनाहरू यस काव्यमा पोखेका छन् । जालझेल, चोरी, लुच्याईं, अपहरण, घुसपैठ, डकैती, फट्याईं जस्ता अनैतिक कार्य गर्न पछि नपर्ने, चाहे उपहारका नाममा होस् या त कमिसनका नाममा होस्, चाहे साथीभाइलाई पुग्ने सम्पत्ति जोडेर मोजमस्ति मै डुबिरहेका पदाधिकारीहरूका कुकार्य आफ्नो अस्तित्व भइञ्जेलसम्म भूमिगत गराउँछन् । नैतिक र अनुशासनलाई धरौटी राख्दै निर्णय र भाषण एकथरि गर्ने तथा काम र व्यवहार अर्कै गर्ने, राजस्व छलेर अरबौं कुम्ल्याउने, आयात निर्यातबाट ब्रह्मलूट गरेर आफू र आफन्त पोस्ने, कुकर्मी र असत्तीहरूको चाङ्गमाथि उफ्रिँदै न्यायप्रेमी जनताहरूको आवाजलाई धज्जी उडाउने जस्ता घृणित कार्य गर्न कहिल्यै पछि पर्दैनन् । जता हेऱ्यो त्यतै लथालिङ्ग देशको हरेक क्षेत्रप्रति नैरास्यता छाएको देखेर पौडेलले निर्धक्क भई सत्तालाई काव्यमा प्रकट गरेका छन् ।

## ४.२.४.४ भावविधान

कवि कल्पना र चिन्तनद्वारा बाहिरी वस्तुसित साक्षात्कार गरेर वा आफ्नै सुख-दुःखात्मक अनुभूतिलाई काव्यको रूप दिनु भावपक्ष अन्तर्गत पर्दछ । राष्ट्रिय भावनाले ओतप्रोत भई पाल्सीकाव्यको धारण गर्ने प्रस्तुत कृति **देवका पनि देव भ्रष्टेश्वर महादेव**मा राजनैतिकभाव, प्रशासनिकभाव, सामाजिकभाव, धार्मिकभाव, नैतिकभाव जस्ता सबै भावको संयोजन पाइन्छ । भावनाको प्राचुर्यता रहेपनि कता-कता ननिफनिएको चामलको भात खाए जस्तो अनुभव हुन्छ । यद्यपि भाव सघनताको दृष्टिबाट प्रस्तुत कृति सक्षम नै ठहरिएको छ ।

**(क) राष्ट्रिय भाव**

आफ्नो देशको विकाश र उन्नतिको बाटोमा तगारो तेर्स्याउने भ्रष्ट आचरणका नेताहरूले आफ्नो देशको धर्म बेच्ने, मूर्ति बेच्नेहरूले देशै बेच्न बेर नलाग्ने भन्दै राष्ट्रिय भाव उद्धृत भएको छ । प्रस्तुत राष्ट्रियभाव बोकेका केही पंक्तिहरूः

जसले प्रगति र उन्नतिको
तगारो तेर्स्याएका छन्
देशप्रति भक्तिभाव छैन
भ्रष्ट समाज र भ्रष्ट आचरण
आफ्नो देशको मूर्ति बेच्ने
अनि धर्म बेच्नेहरूले
देश बेच्न के बेर (पृ. ६६-६७)

**(ख) धार्मिक भाव**

आफ्नो अस्तित्वको रक्षाका लागि धर्मको नाउँ बेच्ने देशद्रोहीहरूले देवालय र मन्दिरहरू जीर्ण अवस्थामा पुग्दा पनि कानमा तेल हालेर बस्ने देशका उत्तराधिकारीहरूमाथि व्यङ्ग्य प्रहार गरेका छन् । मूर्ति र गजुर चोरेर बेच्ने तथा धार्मिक स्थलको संरक्षण र प्रबर्द्धन गनुको सट्टा त्यस्ता स्थलहरू ओझेलमा पर्दै गएकाले धर्मप्रति आस्था राख्दै पौडेलको धार्मिकभाव अभिव्यक्त भएको छ ।

फेरि प्रभुले धर्मको आडम्बरमा
आफ्नो अस्तित्व बचाउन
सक्रिय होइबक्सन्छ
तर धर्म पाउन होइन
त्यसैले हाम्रो संस्कृति देवालय र मन्दिरहरू
धरासायी हुँदै छन्
मूर्ति र गजुर चोरेर बेच्ने
प्रवृत्ति निरन्तर बढिरहेको छ ।

**(ग) राजनैतिक भाव**

देशका उत्तराधिकारी भनाउँदा शासकले प्रजातन्त्रको नाममा ठगी गर्ने, हत्या गर्ने, तर्साउने त कतिलाई लोभ र आश देखाउने जस्ता तल्लो दर्जाको खेल खेल्दै आफ्नो सत्ता

टिकाउँछन् । यसरी राजनैतिक रूपबाटै देशमा आतङ्क मच्चाएर भ्रष्ट शासक बनेका जनउत्तरदायीप्रतिको राजनैतिक विद्रोह पौडेलले गरेको पाइन्छ ।

प्रजातन्त्रको नाउँमा ठगीतन्त्र चलाउनुहुन्छ
कतिलाई झुट्टा मुद्दामा
फसाउनुहुन्छ
यसरी राजनैतिक रूपबाटै प्रभुले
आतङ्क मच्चाउनुहुन्छ
आफैं भ्रष्ट शासक भएर
जनउत्तरदायी बन्नुहुन्छ (पृ. २३)

**(घ) सामाजिक भाव**

समाजको स्वच्छ तथा स्वस्थ जीवनशैली सबै भताभुङ्ग भएर अपराधकर्मीहरूको जीवनशैली चलेको छ । त्यस्तै धर्म, संस्कृति र इमान्दार जीवनशैलीका सट्टा पाखण्डी र अपराधीहरूकै बोलवाला बढेको छ । तसर्थ समाजमा बसेर सामाजिकताको दुरूपयोग भएकाले त्यसप्रति पौडेलले खेद प्रकट गरेका छन् ।

पवित्र नदी मानिएको
नदीहरूमा फोहोर थुपारेर
अब पानी बग्दैन ढल बग्छ
समाजमा स्वच्छ र हराभरा
जीवनशैली
समाप्त भएर अपराधकर्मीहरूको
जीवनशैली
विकसित भएको छ (पृ. ४०)

**(ङ) ऐतिहासिक भाव**

देशका मै हूँ भन्ने नेता तथा मन्त्रीहरूले विगत एकतन्त्रीय जहानीय राणाशासन तथा मण्डले शासनले गर्दा एकातिर संसारभर कै नेपाली जनता कङ्गाल भएको अर्कोतर्फ प्रजातन्त्रलाई पनि त्यही शक्तिले लङ्गडो बनायो । तसर्थ विगतलाई फर्केर हेर्दा जस्तो किसिमको व्यवहार पहिले थियो अहिले आएर पनि त्यस्तै किसिमको व्यवहार चलिरहेको छ । जनताले मरिमेटेर ल्याएको प्रजातन्त्र पनि अस्तित्व विहीन भएको छ ।

एकसयचार वर्षसम्म
एकतन्त्री
जहानीया राणाशासन
सञ्चालन भयो
तीसवर्षसम्म
मण्डले शासन प्रभुको
यस्तै शक्तिबाट सञ्चालन भयो
जसले नेपाली जनतालाई
संसारभरकै कङ्गाल बनायो
प्रभुको त्यही शक्तिले नै बनायो
प्रजातन्त्रलाई लङ्गडो (पृ. २४-२५)

यसप्रकार राष्ट्रिय भाव, धार्मिक भाव, राजनैतिक भाव, सामाजिक भाव तथा ऐतिहासिक भावहरू यस कृतिमा मुखरित भएका छन् ।

## ४.२.४.५ भाषाशैली

जुन अर्थको कथन कुनै कविता कृतिले गर्नुछ त्यसका लागि उपलब्ध भएका भाषिक विकल्पहरूमध्येबाट सबैभन्दा बढी ललित र रागात्मक अनि व्यञ्जक र लयात्मक हुनसक्ने गरी वर्ण, शब्द/पद, पदावली, वाक्यखण्ड, वाक्य र अनुच्छेद विधान समेत सृजित हुने कुरा नै कविताको भाषाशैली हो ।[६२] कवितामा भाव र यसै भावबाट उद्बुद्ध हुने अनुभूतिलाई बोक्ने संवहन गर्ने तत्त्व भाषा हो र यही भावानुभूतिलाई विशिष्ट तौरतरिका, विधि पद्धति एवम् ढाँचा, ढर्रा र विशेष किसिमको प्रक्रिया अपनाउने तत्त्वशैली हो ।[६३] गणेशकुमार पौडेलको प्रस्तुत कृति **देवका पनि देव भ्रष्टेश्वर महादेव**मा प्रयुक्त भाषाशैली सरल र सहज हुँदाहुँदै व्यङ्ग्यात्मक छ । गद्यलयमा काव्यको भाव पोखिएको छ । तत्सम, तद्भव, झर्रा र आगन्तुक शब्दहरूको संयोजन प्रस्तुत कृतिमा पाइन्छ । मुखमा राम राम बगलीमा छुरा उखानको प्रयोगका साथै स्याउँस्याउँती, थिलो-थिलो, भकभकी जस्ता अनुकरणात्मक शब्द रे, त, नै जस्ता नियातको संयोजन पाइन्छ भने भाङ-धतुरो, घुन-पुत्लो, पिचास, बोक्सी,

६२ वासुदेव त्रिपाठी र सहयोगीहरू (सम्पा.), **नेपाली कविता** (भाग-४), पूर्ववत्, पृ. १९ ।
६३ ईश्वरीप्रसाद गैरे, **आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य**, पूर्ववत् पृ. २३ ।

भुत्रैसिती जस्ता झर्रा शब्द अनि डिग्री, डिप्लोमा, हिप्नोटिज्म जस्ता अंग्रेजी आगन्तुक शब्दले कृतिलाई सुमधुर बनाएको छ ।

### ४.२.४.६ जीवनदृष्टि

वाङ्मयको धर्तीमा कुनै पनि कृति पदार्पण भइसकेपछि त्यसले केही न केही जीवनदृष्टि बोकेर आएको हुन्छ नै । यही मान्यतालाई शिरोधार्य गर्दै गणेशकुमार पौडेलको **देवका पनि देव भ्रष्टेश्वर महादेव**मा प्रजातन्त्रका ठेकेदारहरूप्रति विगत दशकमा प्रजातन्त्रको नाउँमा देशमा भएका ठगी, अपराध, भ्रष्टाचार, अन्याय, अत्याचार, हत्या, बलत्कार, हिंसा, बन्द र हड्ताल, चेलीबेटी बेचविखन, राष्ट्रिय सम्पत्तिको विनास जस्ता थुप्रै-थुप्रै कुराहरू उल्लेख गर्दै यस्ता कुकृत्यहरूबाट मुक्त भई सम्मानित र सच्चारित्रिक भई काम गर्न आह्वान गरिएको छ । प्रजातन्त्रको दुरूपयोग नगरी सही सदुपयोग गरौं तथा नेपालीको त्याग र तपस्यालाई त्यसै खेर नफालौं भन्ने आशय नै व्यङ्ग्यात्मक रूपमा प्रस्तुत कृति जन्मिएको छ ।

### ४.२.४.७ लयविधान र दृष्टिविन्दु

माथि उल्लेखित लयविधान र दृष्टिविन्दुलाई दुई छुट्टाछुट्टै उपशीर्षक राखेर अध्ययन गरिएको छ ।

#### ४.२.४.७.१ लयविधान

वास्तवमा लयले नै कविताको पहिचान गराउँछ । संगीतात्मक आरोह अवरोहको विशेषक्रम वा गाउने शैली नै लय हो ।[६४] छन्दोबद्ध कवितामा अन्तरलयका साथ बाह्यलयको चाप बढी हुन्छ भने गद्य कवितामा बाह्यलयको चाप हुँदैन र भएपनि अत्यन्त न्यून हुन्छ । तसर्थ गद्यकवितामा आन्तरिक लयको प्रयोग बढी हुन्छ । गणेशकुमारको प्रस्तुत कृति **देवका पनि देव भ्रष्टेश्वर महादेव**मा गद्यलयको प्रयोग पाइन्छ । यसमा बाह्यलय कम भएतापनि प्रचुर मात्रामा भावको तीव्रता पाइन्छ । यदाकदा अन्त्यानुप्रासको संयोजन पाइने प्रस्तुत कृतिमा बाह्यलय नगण्य नै रहेको पाइन्छ । कतै विश्राम, भाग, खण्ड, सर्ग, अनुच्छेद नभएको गणेशजी आज्ञा गर्नु हुन्छबाट सुरु भई प्रस्तुतकाव्य इति देवका पनि देव भ्रष्टेश्वर महादेव काव्यम् समाप्ते भनेर टुङ्गिएको छ ।

---

६४ सूर्यविक्रम ज्ञवाली, (प्र. सम्पा.) **नेपाली सङ्क्षिप्त शब्दकोष**, पूर्ववत्, पृ. ६५५ ।

## ४.२.४.७.२ दृष्टिविन्दु

कवितालाई पाठक समक्ष प्रस्तुत गर्ने तरिका वा कथन पद्धति नै दृष्टिविन्दु हो । यसै पद्धतिबाट कविको भाव, अनुभूति, विचार, विषयवस्तु, भोगाई, धारणा आदि विभिन्न कुराहरू अभिव्यक्त हुन्छन् । प्रस्तुत कृति **देवका पनि देव भ्रष्टेश्वर महादेव** तृतीय पुरूष शैलीमा लेखिएको काव्य हो ।

## ४.२.४.८ छन्द, रस र अलङ्कार

छन्द, रस र अलङ्कारलाई भिन्दा-भिन्दै उपशीर्षक राखेर अध्ययन गरिएको छ ।

## ४.२.४.८.१ छन्द

छन्दहरू निश्चित नियममा आबद्ध हुन्छन् र यस्तो नियम प्रत्येक छन्दमा अलग-अलग हुन्छन् । छन्दमा वर्ण र मात्राको गण व्यवस्था हुन्छ र छन्द यिनै गण, मात्रा आदिको विशिष्ट नियमद्वारा अनुशासित एवं नियमबद्ध हुन्छ भने नियममा नबाँधिएको स्वतन्त्र किसिमको छन्द मुक्त छन्द हो जुन अनुशासित एवं नियमबद्ध हुँदैनन् । त्यस्तै **देवका पनि देव भ्रष्टेश्वर महादेव** मुक्त छन्दमा आधारित रचना हो । यसमा गति, यति, गण, मात्रा आदि केही कुरा पनि समावेश भएको पाइँदैन । प्रस्तुत कृतिमा त्यस्तो कुनै शास्त्रीय तथा प्रचलित छन्दको प्रयोग पाइँदैन । कृतिभरी नै गद्यलय तथा मुक्त छन्दको संयोजन पाइन्छ ।

## ४.२.४.८.२ रस

हृदयले जुनकुराको आस्वादन गर्छ अथवा स्वाद प्राप्त गर्छ त्यही नै रस हो ।[६५] पूर्ववर्ती आचार्यहरूले यसलाई आस्वाद्य वस्तुका रूपमा या वस्तुगत अनुभूतिका रूपमा चिनाउँदै आएका थिए भने परवर्ती आचार्यहरूले यसलाई क्रमश: आत्मास्वादन या आत्मपरक अनुभूतिका रूपमा चिनाएका छन् ।[६६] प्रस्तुत कृति **देवका पनि देव भ्रष्टेश्वर महादेव**मा विभिन्न रसहरूको संयोजन पाइन्छ ।

---

६५ कृष्णप्रसाद पराजुली, **राम्रो रचना: मीठो नेपाली**, पूर्ववत्, पृ. २७९ ।
६६ विष्णुप्रसाद पौडेल, **संस्कृत काव्यशास्त्र**, पूर्ववत्, पृ. १४० ।

**(क) वीभत्सरस**

घृणित वस्तु वा व्यक्तिलाई देखेर उत्पन्न हुने चित्रवृत्ति वीभत्सरस हो । यसको स्थायीभाव घृणा हो ।

आफ्नो स्वार्थको लागि
महादेव हूँ भन्दै
मरेको लास काँधमा हाली
त्यो लासलाई सत्यदेवी भन्दै
सारा संसारकै भ्रमण गर्छन्
त्यो लास सडेर
स्याउँ-स्याउँती कीरा परेर
अगाडि पर्नै नहुने गरी
ठसठसी गन्हाएर
सारा दुर्गन्ध फैलाउनुभयो (पृ. ५०)

देशको शासन चलाउने ठेकेदारहरूको घृणित व्यवहारलाई यहाँ व्यङ्ग्यका रूपमा उल्लेख गरिएको छ । तसर्थ यस्तो घृणित कार्य गर्ने हुनाले यहाँ वीभत्स रसको संयोजन भएको छ ।

**(ख) अद्‌भूत रस**

कुनै चमत्कारपूर्ण एवम् अलौकिक किसिमका अथवा असामान्य खालका पात्र, वस्तु, दृश्य आदि देख्दा मानवीय मनमा उत्पन्न हुने एक किसिमको आश्चर्यभाव हो । यसको स्थायीभाव विष्मय अर्थात् आश्चर्य हो ।

दिपेन्द्रको मुकुण्डो लाएर
राजा वीरेन्द्रको वंश नाश गर्ने
यिनीहरू मध्ये कै थिए
त्यो मुकुण्डो युवराज दिपेन्द्रको
अनुहारसँग मिल्दो जुल्दो (पृ. ७०)

दिपेन्द्रको मुकुण्डो लगाएर स्वयं दिपेन्द्र लगायत राजपरिवारको हत्या गरेका हत्यारा अपराधीको रूप देख्दा यहाँ आश्चर्य उत्पन्न भएको कुरा उल्लेख छ ।

**(ग) रौद्ररस**

रिस उठाई अन्धाधुन्ध मारकाट गर्ने रस रौद्ररस हो । यसमा रिसले आँखा नदेख्ने अवस्था हुन्छ । यसको स्थायीभाव क्रोध हो ।

प्रभुले कतिलाई चक्रले काटेर मारे
कतिलाइ त्रिशुलले घोचेर मारे
प्रभुले कतिलाई गोलीले उडाए
कतिलाई विष खुवाएर मारे
कतिलाई विषालु ग्याँस सुँघाएर मारे
कतिलाई जिउँदै जमिनमा गाडे (पृ. १०)

यसप्रकार आफ्नो हातमा सत्ता भइञ्जेल देशको नेतृत्व गर्ने ठेकेदारहरूले जस्तोसुकै घृणित काम गरे पनि सजाँयको भागेदार हुनु नपर्ने हुनाले यहाँ क्रोध उत्पन्न हुन्छ जसले गर्दा यहाँ क्रोधभाव उत्पन्न भएको छ ।

## ४.२.४.८.३ अलङ्कार

अलङ्कारको अर्थ गहना वा आभूषण हुन्छ र काव्यालङ्कार काव्यकै गहना हुन् ।[६७] जसरी मानिसलाई गहनाले सिंगार्दछ त्यसरी नै उपमा आदि अलङ्कारले काव्यलाई आभूषित गरी आकर्षक पार्दछ । राम्रा राम्रा शब्दहरूको योजनाबाट अथवा शब्दको आधारमा हुने अलङ्कारलाई शब्दालङ्कार भन्दछन् भने अर्थको आधारमा हुने अर्थात् अर्थको चमत्कारबाट काव्यको शोभा बढाउने अलङ्कारलाई अर्थालङ्कार भनिन्छ ।[६८] प्रस्तुत कृति **देवका पनि देव भ्रष्टेश्वर महादेव**मा यदाकदा सामान्य रूपमा अलङ्कारहरूको संयोजन पाइन्छ ।

**(क) अन्त्यानुप्रास अलङ्कार**

पाउको अन्त्यमा अक्षर पूर्णरूपले मिलेमा अन्त्यानुप्रास हुन्छ ।

एकले अर्काको खुट्टा तान्नै पर्छ
लात्ताले अरूको पेटमा हान्नै पर्छ
सत्तामा पुग्न पनि पैसै चाहिन्छ
सत्ता बचाउन पनि पैसै चाहिन्छ (पृ. ५२)

---

६७ फणीन्द्रराज काफ्ले, **साहित्यका केही सैद्धान्तिक पक्ष**, पूर्ववत्, पृ. २८ ।
६८ फणीन्द्रराज काफ्ले, **साहित्यका केही सैद्धान्तिक पक्ष**, पूर्ववत्, पृ. २८-२९ ।

**(ख) प्रश्नालङ्कार**

प्रश्नको प्रयोग भएका प्रश्नालङ्कार हुन्छ ।

सो आशीर्वचनमा प्रभुले भन्नुहुन्छ
समय अनुसार चाल चल्न जान्नुपर्छ
दुनियामा असम्भव भन्नु नै के छ ? (पृ. ६२)

माथि उल्लेखित अन्तिम पंक्तिमा प्रश्नभाव भएकाले यहाँ प्रश्नालङ्कारको संयोजन पाइन्छ ।

**(ग) स्वभावोक्ति अलङ्कार**

कुनै पनि व्यक्ति वा दृश्य तथा जीवन जगतको यथार्थतालाई शब्दहरूमा वर्णन गरिएमा त्यहाँ स्वभावोक्ति अलङ्कार हुन्छ ।

अनगिन्ती विकृति र विसङ्गतिहरू छन्
फेरि भोकाहरू खानलाई मरेका छन्
विरामी पर्दा स्वास्थ्य उपचार नपाएर
अनगिन्ती मानिसहरू अकालमै मरेका छन्
नाङ्गाहरू लाज पचाएर हिँडेका छन्
यो सम्पूर्ण समस्याहरूलाई नाश पार्न
ज्ञानको खाँचो भएको छ (पृ. ६५)

माथिका पंक्तिहरूमा जीवन जगतको यथार्थ चित्रण गरिएको छ तसर्थ यहाँ स्वभावोक्ति अलङ्कारको संयोजन पाइन्छ ।

**(घ) वृत्यानुप्रास अलङ्कार**

एक व्यञ्जन वर्णको एकपटक वा अनेकपटक आवृत्ति तथा अनेक व्यञ्जनहरूको उसै क्रममा वा क्रमविना एकपटक वा अनेकपटक आवृत्ति भएमा वृत्यानुप्रास अलङ्कार हुन्छ ।

नैतिक र अनुशासन धरौटीमा राख्नुहुन्छ
प्रभुको निर्णय र भाषण एउटा हुन्छ (पृ. २३)

माथिका पंक्तिहरूमा न र स भ वर्णहरू कुनै एकपटक त कुनै बारम्बार दोहोरिएको हुनाले यहाँ वृत्यानुप्रास अलङ्कार प्रयोग भएको छ ।

## ४.२.४.९ बिम्ब र प्रतीक

बिम्ब र प्रतीकलाई भिन्ना-भिन्नै उपशीर्षक राखेर अध्ययन गरिएको छ ।

### ४.२.४.९.१ बिम्ब

बिम्बको शाब्दिक अर्थ छाया, दर्पण, प्रतिबिम्ब, छायाचित्र, छवि, प्रतिच्छवि आदि हो भन्ने देखिन्छ र यस शाब्दिक अर्थले सूर्यचन्द्रको गोलाकार बिम्बलाई पनि बुझाउँछ तर बिम्बको शाब्दिक अर्थ यत्तिमा मात्र सीमित हुँदैन । साहित्यिक/काव्यिक क्षेत्रमा प्रयुक्त हुने बिम्ब पनि यिनै पर्यायसँग समानता राख्ने बिम्ब नै हो ।[६९]

**(क) घ्रातव्य बिम्ब/गन्धसंवेद्य बिम्ब**

इन्द्रिय संवेद्यताका आधारमा घ्राणतत्वसँग सम्बद्ध बिम्बलाई घ्रातव्य बिम्बका रूपमा मानिन्छ । यसको सम्बन्ध गन्धतत्वसँग हुन्छ ।[७०]

स्याउँ-स्याउँती कीरा परेर
अगाडि पर्नै नहुने गरी
ठसठसी गन्हाएर
सारा दुर्गन्ध फैलाउनुभयो
टाढा-टाढैबाट
रूमालले नाक छोपेर
तर्किएर जाँदा पनि
ह्वास्स गन्हाएर
बान्ता गर्नुपर्‍यो । (पृ. ५०-५१)

यहाँ स्याउँ-स्याउँती कीरा, ठसठसी गन्हाउनु, ह्वास्स गन्हाउनु आदि पद-पदावलीहरू सशक्त बिम्ब विधायक तत्त्वका रूपमा आएका छन् र यसका माध्यमबाट वर्तमान नेपाली राजनीतिक क्षेत्रमा देखिएका तीव्र असङ्गतिप्रति व्यङ्ग्य गरिएको छ ।

**(ख) यातुधार्मिक बिम्ब**

तान्त्रिक अनुष्ठानहरूबाट टिपिएका बिम्बहरूलाई तान्त्रिक बिम्ब भनिन्छ ।

भूतप्रेत र मसानहरूको
सबैभन्दा ठूलो नाइके बीर मसान

---

६९ लक्ष्मणप्रसाद गौतम, **समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण**, पूर्ववत्, पृ. २८४ ।
७० लक्ष्मणप्रसाद गौतम, **समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण**, पूर्ववत्, पृ. १६७ ।

प्रभुको रक्षक हो
त्यो नै सेनाको अधिपति हो
त्यसैले हाम्रा प्रभु देवका पनि देव
भ्रष्टेश्वर महादेवको अगिपछि लाग्ने
भूत-प्रेत र पिचास अनि मसान र मुर्कुट्टाहरू
ती सबै हाम्रा परम प्रभुका सेनाहरू हुन् । (पृ. ४६)

यहाँ भूत, प्रेत, मसान, पिचास, मुर्कुट्टा जस्ता पदहरूले यातुधार्मिक बिम्ब सिर्जना गरेका छन् ।

**(ग) समसामयिक यथार्थबिम्ब**

समसामयिक बिम्ब युग जीवनका बेथिति र विकृतिले जन्माएका विविध भाव व्यक्त गर्ने क्रममा यस्ता बिम्बहरू राजनीतिक, आर्थिक, सामाजिक आदि क्षेत्रबाट लिइएको पाइन्छ ।

अनैतिक शासक र प्रशासकको
बाहुल्य रहेको ठाउँमा
शक्तिमा रहेका व्यक्तित्वलाई
घुस दिई वा कमिसन टक्र्याई
व्यापारी वा उद्योगपतिहरू
दिनदिनै यस्तै प्रस्ताव लिई
भेटघाट गरिरहेकै हुन्छन् (पृ. १६)

शासन सत्ताका ठेकेदारहरूको चरित्रलाई यथार्थरूपमा उतार्ने सन्दर्भमा पनि समसामयिक बिम्बको प्रयोग गरिएको छ ।

## ४.२.४.९.२ प्रतीक

कुनै कुरा वा अभिव्यक्तिको सङ्केत प्रतीकले बुझाउँछ । निश्चितता र निर्दिष्टता हुने प्रतीक प्रायः एकार्थी हुन्छ । यो कुनै वस्तुको सङ्केतित भएर रूढ अर्थमा देखा पर्दछ । प्रतीकको ग्रहण गर्ने क्रममा कविले जीवन जगत, समाज, इतिहास, संस्कृति, विज्ञान आदि विविध क्षेत्रबाट धेरै प्रतीकहरूको प्रयोग गर्ने भएकाले तिनको जानकारी नभएसम्म कविताको अर्थ बुझ्न सकिँदैन ।

**(क) अवसरवादीको प्रतीक**

आफ्नो पद खतरामा पर्दा
प्रजातन्त्र खतरामा छ
देश खतरामा छ
सिङ्गो संसार खतरामा छ भन्छन्
फेरि पद सुरक्षित हुँदा प्रभु
प्रजातन्त्र, देश, संसार
जहाँसुकै जाओस्
आफू कमाउन व्यस्त रहन्छन् । (पृ. ११)

प्रजातन्त्र, देश, सिङ्गो संसार खतरामा पर्दा आफ्नो पद जोगाउन सबै खतरामा छ भन्नु तथा आफ्नो पद सुरक्षित रहँदा देश र प्रजातन्त्र तथा सिङ्गो संसारकै वास्ता नगर्ने तथा पैसा कमाउन व्यस्त रहने भएकाले यहाँ प्रभु अर्थात् शासनसत्ताका ठेकेदारहरूलाई अवसरवादीको प्रतीक मानिएको छ ।

**(ख) हत्याराको प्रतीक**

भूतप्रेत र मसानहरूको
सबैभन्दा ठूलो नाइके वीरमसान (पृ. ४६)

यहाँ भूत, प्रेत, मसान, वीरमसानहरूले राजपरिवारको विनास गर्ने अपराधीहरूमा गनिएका कुतत्व हुन् त्यसैले यस्ता भूत, प्रेत, मसान, वीरमसान जस्ता शब्दहरू हत्याराका प्रतीक हुन् ।

**(ग) निरंकुशताको प्रतीक**

प्रभु जनविरोधी, देशविरोधी
कुख्यात भएका छन् जनघाती
दमनकारी अध्यादेश ल्याउने
सिङ्गै जनतामाथि तानाशाही लाद्ने
सत्तालिप्सा र कुर्सीलम्पटमा ज्यान फाल्ने
कुर्सी त्याग्न परे देश र जनतालाई
गृहयुद्धको अगेनामा होम्ने
प्रजातन्त्रको जप गरेर
निरंकुश शासकको स्पष्ट बिम्ब बन्ने (पृ. १२-१३)

यहाँ जनविरोधी, देश विरोधी, जनघाती, दमनकारी जस्ता शब्दहरूले निरंकुश शासकको मुकुण्डो लगाएका छन् तसर्थ यस्ता शब्दहरू निरंकुशताको प्रतीक मानिन्छन् ।

### ४.२.४.१० निष्कर्ष

गणेशकुमार पौडेलका पुस्तकाकार कृतिमध्ये वि.सं. २०५८ सालमा प्रकाशित **देवका पनि देव भ्रष्टेश्वर महादेव** पाल्सीकाव्य पाँचौं कृति हो । यस काव्यमा प्रजातान्त्रिक शासन सत्ताका मालिक अर्थात् ठेकेदारहरूलाई व्यङ्ग्यको झटारोले शिरदेखि पाउसम्म कुटिएको छ । प्रभु अथवा भ्रष्टेश्वर महादेवको व्यवहारले रूष्ट भएका पौडेलले कृतिको नाम नै **देवका पनि देव भ्रष्टेश्वर महादेव** राखेका छन् । देशमा व्याप्त विकृति, विसङ्गति, अन्याय, अत्याचारले कतै बाटोघाटो नराखेको हुनाले यहाँ व्यङ्ग्यात्मक रूपमा अनेक भेष धारण गरेर हिँड्ने नौटङ्की नटेश्वरलाई यहाँ भ्रष्टेश्वर महादेवको नामाकरण गरिएको छ । कृतिमा झर्रा, आगन्तुक, तत्सम, तद्भव तथा धार्मिक, तान्त्रिक शब्दहरूको प्रयोग देखिन्छ भने कतै उखान तथा अनुकरणात्मक शब्द अनि निपातको संयोजनले कृतिमा हल्का मिठास थपिएको पाइन्छ । यदाकदारूपमा रस, अलङ्कार तथा बिम्ब र प्रतीकले कृतिलाई सरल, सरस र स्वाभाविक बनाएको छ ।

## ४.२.५ प्रतिनिधिसभास्तोत्रम् २०६० (व्यङ्ग्यसूक्ति सङ्ग्रह) को अध्ययन

साहित्यकार गणेशकुमार पौडेलद्वारा वि.सं. २०६१ सालमा प्रकाशित **प्रतिनिधिसभास्तोत्रम् २०६०** लाई विभिन्न दृष्टिकोणबाट अध्ययन गरिएको छ ।

### ४.२.५.१ शीर्षक

साहित्यमा शब्द र अर्थको योग हुन्छ र त्यसैमा उदात्त भावनाको संयोग हुन्छ अर्थात् साहित्यमा जीवन र जगतमा प्राप्त विभिन्न भावना र अनुभूतिको अभिव्यक्ति हुन्छ ।[७१] गणेशकुमार पौडेलद्वारा रचना गरिएको छैठौं कृति **प्रतिनिधिसभास्तोत्रम् २०६०** रहेको छ । प्रस्तुत कृतिमा कुनै पनि एउटै शीर्षक नभई दुईसय एक व्यङ्ग्यसूत्रहरू रहेका छन् । उक्त दुईसय एक व्यङ्ग्य सूत्रहरूको त्यत्तिनै उपशीर्षक रहेका छन् भने प्रत्येक उपशीर्षकमा

---

७१ मोहनहिमांशु थापा, **साहित्य परिचय**, पाँचौं संस्करण, (ललितपुरः साझा प्रकाशन, २०६६), पृ. ६ ।

चार-चार पंक्तिहरू रचिएका छन् । प्रस्तुत कृतिभित्रका दुईसय एक शीर्षकका सूत्रहरूले वर्तमान समयको परिवेश र परिस्थितिलाई चित्रण गरी मिठासपूर्वक व्यङ्ग्य गरिएको छ । प्रतिनिधिसभा नरहेको अवस्थामा देशको स्थितिलाई समेटेर लेखिएको **प्रतिनिधिसभास्तोत्रम् २०६०** ले वास्तवमै सटिक व्यङ्ग्य प्रहार गरेको पाइन्छ ।

## ४.२.५.२ संरचना

बाह्यसंरचनाका दृष्टिले **प्रतिनिधिसभास्तोत्रम् २०६०** जम्माजम्मी सत्सठ्ठी पृष्ठमा संरचित मध्यमआकारको कृतिको रूपमा रहेको छ । बाह्यावरणको अग्रभागमा सेतो रङको पृष्ठभूमिमा नीलो रङले तत्कालीन सभामुख तथा सभासद्हरूको आकृति राखिएको छ भने पश्चभागमा लेखकको परिचय तथा उनका प्रकाशित रचनाहरू उल्लेख गरिएका छन् । सिस्नुपानी नेपालद्वारा प्रकाशित प्रस्तुत कृतिमा चट्याङ मास्टरद्वारा *शुभेच्छा,* विश्व शाक्यद्वारा *भूमिका,* त्यसपछि अनुक्रमणिका लेखिएको छ । प्रस्तुत कृतिभित्र दुईसय एक उपशीर्षक रहेका छन् भने प्रत्येक उपशीर्षकमा चार-चार पंक्तिहरूको संयोजन पाइन्छ । कृतिभित्रको आन्तरिक संरचनालाई हेर्दा हास्यव्यङ्ग्य शैलीमा विभिन्न बिम्ब तथा प्रतीकहरू तथा रसभावको संयोजन तथा मुक्तछन्दको गद्यलयमा आधारित रहेको पाइन्छ । प्रस्तुत कृतिभित्र रहेका सूक्तिहरू पढ्दा सामान्य जस्तो लागे पनि तत्कालीन राजनैतिक र सामाजिक व्यवहारलाई राम्ररी व्यङ्ग्य गरेको छ तसर्थ यसको आन्तरिक संरचना सबल रहेको पाइन्छ ।

## ४.२.५.३ विषयवस्तु

कुनै ग्रन्थ, लेखादि रचनामा प्रतिपादन गरिने या गरिएको विचार कथानक आदिलाई विषयवस्तु भनिन्छ ।[७२] मानव चेतनाको यावत अनुभवपुञ्ज र पुरै प्रकृति, मानवीय समाज र संस्कृति, पुराकथा र इतिहास, दर्शन र ज्ञानविज्ञानादिका साथै मानवमनको समस्त अनुभव व्यापारको समग्र प्रकाशनको कविता विषयवस्तुमा पर्न सक्दछन् ।[७३] प्रतिनिधि सभा नरहेको अवस्थामा देशको स्थितिलाई समेटेर लेखिएको **प्रतिनिधिसभास्तोत्रम् २०६०** ले वास्तवमै सटिक व्यङ्ग्य प्रहार गर्न सफल भएको देखिन्छ । राजनीतिकर्मीहरूको जीवन व्यवहारको

---

७२ सूर्यविक्रम ज्ञवाली, (प्र. सम्पा.) **नेपाली सङ्क्षिप्त शब्दकोष**, पूर्ववत्, पृ. ६९६ ।
७३ वासुदेव त्रिपाठी र सहयोगीहरू (सम्पा.), **नेपाली कविता** (भाग-४), पूर्ववत्, पृ. २० ।

झल्को पाइने यस व्यङ्ग्यसूक्तिमा प्रजातन्त्रलाई कुर्सी हानाथाप र सत्ता साझेदारको खेल सम्झनेहरूप्रति मिठासपूर्वक व्यङ्ग्य प्रहार गरिएको छ ।

जनताको पनि स्वार्थ हुन्छ
त्यसको लागि इन्साफ र विकास चाहिन्छ
प्रजातन्त्र नेताहरूको लागि मात्र होइन
डोको र खर्पन बोक्नेहरूलाई पनि आउनुपर्छ

(प्रजातन्त्र कसलाई आउनुपर्छ - पृ. ५१)

तत्कालीन समयको यथार्थ र वास्तविकता मात्र नभएर समस्त नेपालीले भोग्न परिरहेको कटुसत्य पनि हो । संसदवादी र प्रजातन्त्रवादी भनाउँदाहरूले संसद र प्रजातन्त्रलाई जसरी कुर्सी हत्याउने खेलका रूपमा लिएका छन् र जनता जनार्दनलाई प्रजातन्त्रको दुहाइ दिँदै भुक्तमाथि भुक्तमान थप्दै आइरहेका छन्, यी प्रवृत्तिमाथि यी सूक्तिहरू लेखिएका छन् ।

प्रत्येक बाह्र वर्षमा पाप धुरीबाट कराउँछ
उन्यु फुल्छ ढुङ्ग्रो पनि बाह्रैवर्षमा टुसाउँछ
तर ढुङ्ग्रोमा सोझ्याउन राखेको कुकुरको पुच्छर
ढुङ्ग्रोबाट झिक्दापनि जस्ताको तस्तै हुन्छ ।

(कुकुरको पुच्छर कहिल्यै सोझिँदैन - पृ. ६६)

प्रतिनिधिसभा नहुँदा अनियन्त्रित भएको शासन व्यवस्था, खलबलिएको सामाजिक सुव्यवस्था, देशमा बिग्रिरहेको शान्तिसुरक्षाको स्थिति र नेताहरूको अविवेकी पक्षलाई पौडेलले यहाँ तीखो व्यङ्ग्य गरेका छन् । कमिसनकै लागि विदेशी महङ्गा सामानहरूको आयात नहुँदा कुनै विदेशी सामानहरूको आयात हुन नसकेको कुरालाई कविले आफ्ना व्यङ्ग्यसूक्ति मार्फत् प्रस्तुत गरेका छन् ।

हवाइजहाज भाडामा ल्याउने प्रस्ताव पनि आएन
भन्सार छुटमा बहाना लिने कुरा पनि चलेन
नुन खाएको कुखुरा झैं सबै झोक्राएको हुँदा
टपर्टुइँयाहरूको अनुहारमा यसपाली बत्ती बलेन ।

(बत्ती नबलेको अनुहार - पृ. २)

प्रजातन्त्र स्थापना पछिको प्रायः सबै समय कमिसन र भ्रष्टाचारको आहालमा डुबेको बताउँदै पौडेलले भ्रष्टाचार गर्ने अधिकार नियमकानुनले नै छुट दिएकाले यस्तो अवस्थामा अख्तियारले समेत कार्वाही गर्नुभन्दा सम्मान गरिरहेको बताएका छन् । जस्तो किसिमको व्यवस्था आएपनि घोषणापत्र बनाएर खानेप्रचलनको चर्चा उनको कवितामा पाइन्छ । प्रजातन्त्र खान खोज्नेहरूले नै प्रजातन्त्रको जन्मदाता हूँ भनेर हिँडिरहेकाहरूप्रति पौडेलले आक्रोश व्यक्त गर्दै जनताको चाहनाअनुसार चल्नुपर्ने व्यवस्था जनताकै मतको कदर नगरी मनपरी तन्त्र चलाएकोमा रोष प्रकट गरेका छन् । चाँडै माथि पुग्न सकिने कुरालाई उनले कवितामा व्यक्त गरेका छन् । माफियाको सहयोग लिने र सेवा गर्ने काम जारी रहनेतर्फ उनले सङ्केत गरेका छन् ।

जयप्रभु मुलुकपति देवा
तिम्रै आड भरोसाबाट पाए कैयौले टेवा
सर्वहारा थिए अरबपति बने
अब गर्नेछन् त्यस्तैले तिम्रो सेवा ।

(प्रभुको सेवा - पृ. ४५)

### ४.२.५.४ भावविधान

रचनाकारलाई आफ्नो जीवन भोगाइका क्रममा जुनभाव या विषयवस्तुले अन्तरमनमा गहिरो प्रभाव पार्दछ अनि यसैको केन्द्रीयतामा कविले कविता सिर्जना गर्दछ । तसर्थ कविता बौद्धिक र विचारवाहक पनि हुन्छ । कुनै पनि कृतिको उत्कृष्टता वा लोकप्रियता त्यसमा अभिव्यक्त भावविधानमा निर्भर गर्दछ । प्रायः धेरैजसो कविता सिङ्गो नेपाल हेरेर र देशप्रेमले चित्त दुःखाएर लेखिएका छन् ।

**(क) राजनैतिक भाव**

सत्तासाझेदारीको खेल सम्झिएका प्रजातन्त्रवादीहरूले पञ्चायत ढालेर बहुदल ल्याएपनि खासै त्यसको उपलब्धि भने हासिल हुन नसकेको भाव व्यक्त गरिएको छ ।

एउटा गिद्धबाट कुर्सी खोसियो
अर्को गिद्धलाई त्यहाँ तुरून्तै पोसियो
छयालीससालको जनआन्दोलनको उपलब्धि
पञ्चायत ढालेर बहुदल ल्याइयो ।

(जनआन्दोलनको उपलब्धि - पृ. १)

**(ख) राष्ट्रिय भाव**

देश र जनताप्रतिको अगाध आस्था पाइने भावहरू पनि यहाँ अभिव्यक्त छन् ।

जनताले बहुमत दिँदा पनि सरकार चलेन
निजी स्वार्थको लागि प्रतिनिधिले जनता मार्न छाडेन
देश र जनतालाई खाल्डोमा हालेर भए पनि
मध्यावधि चुनाव नगरी छाडेन

(मध्यावधि चुनाव - पृ. १५)

**(ग) ऐतिहासिक भाव**

तीसवर्षे निरंकुश शासकहरूभन्दा पनि बहुदल आएपछिका भ्रष्टाचारी नेताहरूको निकम्मापन बढी घृणित रहेको ऐतिहासिक भाव उल्लेख गरिएको छ ।

तीसवर्षे निरंकुशताका नेता जति गन्हाएका थिए
त्योभन्दा बढ्ता बहुदलका नेताहरू गन्हाए
भ्रष्टाचारले दुर्गन्धित भएकै कारणले गर्दा
जनताले नेताहरूप्रति पूर्णरूपमा आस्था गुमाए ।

(गन्हाएका नेता) -पृ. १८

## ४.२.५.५ भाषाशैली

भाषा भनेको त्यो माध्यम हो, जसबाट हामीले बोल्न र सुन्न अनि बुझ्न सक्छौं र आफ्ना विचार प्रकट गर्दछौं । यस अर्थमा हेर्दा भाषाकै माध्यमद्वारा मानिसमा अमूर्त भाव वा विचारलाई संप्रेषण गरिन्छ । जब विचारले ध्वन्यात्मक भएर ओठ आदि उच्चारण स्थानद्वारा प्रकट हुन्छ तब मात्र भाषाको रूप लिन्छ ।[७४] भाषालाई अभिव्यक्त गर्ने विभिन्न ढङ्ग र तरिका शैली हो ।[७५] **प्रतिनिधिस्तोत्रम् २०६०** को भाषा सरल, सहज र बोलीचालीमा प्रयोग हुने स्तरको छ । शैलीशिल्पका दृष्टिले कृतिमा नवीनता पाइन्छ । निजात्मक शैली अपनाइएको प्रस्तुत कृति चार-चार पंक्तिका हेर्दा कवितांश जस्तै लाग्ने व्यङ्ग्यसूक्ति व्यङ्ग्यात्मक शैलीमा प्रस्तुत गरिएको छ भने तत्सम तद्भव तथा पैर, रिहर्सल, स्यालुट जस्ता आगन्तुक शब्दका साथै झर्रा, ठेट शब्द, टपर्टुइँया, घोक्रेठ्याक, अनुकरणात्मक शब्द भुट्भुट्, घिटिघिटि जस्ता शब्दहरूको मिश्रणका अतिरिक्त कतै-कतै कुकुरको पुच्छर कहिल्यै सोझिँदैन, दिन

७४ रामप्रसाद दाहाल, **सिङ्गो नेपाली भाषा साहित्यको इतिहास र साहित्यकारहरुको परिचय,** (काठमाडौंः विद्यार्थी पुस्तक भण्डार, २०५४), पृ. ३ ।
७५ मोहनहिमांशु थापा, **साहित्य परिचय,** पूर्ववत, पृ. १७७ ।

दुगुना रात चौगुना, पाप धुरीबाट कराउँछ जस्ता उखान र मर्नु न बाँच्नु, घिटिघिटि सास, खुट्टो तानिएन, ब्युँझिएको मुर्दा जस्ता टुक्काहरूले व्यङ्ग्यसुक्तिमा अझै मिठास थपिएको छ तथा सबै कुकार्यलाई गरिएन, पाएनन्, भएन, लुकाएनन्, मिलेन, बनेन जस्ता नकारात्मक व्यङ्ग्यशैलीको संयोजन पाइन्छ ।

## ४.२.५.६ जीवनदृष्टि

प्रतिनिधिसभा नै नरहेको अवस्थामा देशमा देखा परिरहेका अनियन्त्रित सामाजिक सुव्यवस्था, देशमा ब्रिगँदै गइरहेका घुणित स्वार्थ प्रवृत्तिमाथि व्यङ्ग्य प्रहार गर्दै समकालीन विद्यमान राजनैतिक, आर्थिक, प्रशासनिक विसङ्गतिप्रति पूर्णतः सुधार गरी राष्ट्रियता, सार्वभौमिकता र प्रजातन्त्रलाई सबल र सुदृढ पार्नका खातिर आम नागरिक समाज र शासकवर्गलाई सचेत गराई तदनुकुल व्यवहार अपनाउन सुझाव, सल्लाह र मार्गनिर्देशन गर्नु नै प्रस्तुत कृतिको जीवनदृष्टि देखिन्छ ।

## ४.२.५.७ लयविधान र दृष्टिविन्दु

माथि उल्लेखित लयविधान र दृष्टिविन्दुलाई दुई छुट्टा-छुट्टै उपशीर्षक राखेर अध्ययन गरिएको छ ।

## ४.२.५.७.१ लयविधान

प्रस्तुत सङ्ग्रहका सबै सूक्तिहरू गद्यात्मक लयविधानमा आवद्ध छन् । अनुप्रास योजनातर्फ हेर्दा चारपंक्तिमध्ये पहिलो, दोस्रो र चौथो पंक्तिका अन्तिम अक्षरहरू सहजरूपमा मिलेका छन् तर तेस्रो पंक्ति भने अलग्गै रहेको छ । तसर्थ अनुप्रास योजना असमान रहेका छन् ।

न अग्रगामी निकास खोजियो
न प्रजातन्त्रलाई जनमुखी छ भनियो
त्यसैले हिजो आजको आन्दोलनप्रति
जनताले बेवास्ता गरेको देखियो ।

(आन्दोलनप्रति जनता, पृ. २७)

### ४.२.५.७.२ दृष्टिविन्दु

कवितामा दृष्टिविन्दुका माध्यमबाट कविले आफ्ना कुराहरू व्यक्त गर्दा अन्य कुनै सहभागीको माध्यमबाट गर्दछ र त्यसको वक्ता वा सहभागी को हो भन्ने कुरा दृष्टिविन्दुले देखाउँछ । प्रस्तुत कृति **प्रतिनिधिसभास्तोत्रम् २०६०** मा प्रथम पुरूषको यदाकदा प्रयोगका साथै तृतीय पुरूष दृष्टिविन्दुको संयोजन पाइन्छ ।

(क) प्रथम पुरूष

सत्तापक्ष र प्रतिपक्ष सधैं जुवारी खेल्नुपर्छ
तर संसद सुविधा बढाउनुपर्छ एकजुट हुनुपर्छ
त्यसैले साथी । सुरूङमार्गको त कुरै छाडौं
मेलम्चीको योजनालाई समेत धोती फर्काए हुन्छ ।

(जुवारी खेल - पृ. ४८)

(ख) तृतीय पुरूष

शक्ति छरिएको हुँदा केन्द्रित भएन
नारा पनि फरक यो आपसमा मिलेन
तर भात खानलाग्दा थालै घोप्टिएको हुँदा
सबै भोकै पर्ने भएकाले मत बाभिएन ।

(मत बाभिएन - पृ. ३१)

प्रस्तुत कृतिमा प्रथम तथा तृतीय पुरूष दृष्टिविन्दुको संयोजन पाइन्छ ।

### ४.२.५.८ निष्कर्ष

गणेशकुमार पौडेलका पुस्तकाकार कृतिहरू मध्ये वि.सं. २०६१ सालमा प्रकाशित **प्रतिनिधिसभास्तोत्रम् २०६०** व्यङ्ग्यसूक्ति सङ्ग्रह छैठौं कृति हो । प्रस्तुत कृतिमा पौडेलले विशेष गरी प्रतिनिधिसभा नरहेको अवस्थामा देखा परिरहेका अनियन्त्रित सामाजिक सुव्यवस्था देशमा बिग्रँदै गइरहेका शान्ति सुरक्षाका साथै नेताहरूमा विकसित हुँदै गइरहेका घृणित स्वार्थ प्रवृत्तिमाथि केन्द्रित रही व्यङ्ग्य गरिएको छ । निजात्मक शैली अपनाइएको प्रस्तुत कृति चार-चार पंक्तिमा संरचित हेर्दा कविताांश जस्तै लाग्ने व्यङ्ग्यसूक्तिसङ्ग्रहमा भरपुर व्यङ्ग्यका साथै नवीनता पनि पाइन्छ । तत्सम, तद्भव, आगन्तुक तथा झर्रा, ठेट

शब्दहरूको बाहुल्यता सँगसँगै उखान, टुक्काहरूको पनि प्रयोग गरिएको छ । यसका अतिरिक्त कृतिमा धेरैजसो नकारात्मक व्यङ्ग्यशैलीको संयोजन पाइन्छ ।

## ४.२.६ वार्ता गीतिकाव्यको अध्ययन

साहित्यकार गणेशकुमार पौडेलद्वारा वि.सं. २०६२ सालमा प्रकाशित वार्ता गीतिकाव्यलाई विभिन्न दृष्टिकोणबाट अध्ययन गरिएको छ ।

### ४.२.६.१ शीर्षक

कुनै पनि कृतिको बाह्यावरणमा दिइने नाम नै कृतिको शीर्षक हो । साहित्यकार गणेशकुमार पौडेलद्वारा सातौं सन्ततिका रूपमा रचित कृतिको शीर्षक **वार्ता** हो । मानिस-मानिस बीच एक आपसमा गरिने कुराकानी, बातचित वा सम्वादलाई वार्ता भनिन्छ । सामान्यरूपमा बुझ्दा पनि वार्ताको अर्थ बातचित, कुराकानी, छलफल भन्ने बुझिन्छ । गणेशकुमार पौडेलद्वारा रचना गरिएको वि.सं. २०६२ सालमा प्रकाशित वार्ताले नेपाल र नेपालीको कारूणिक स्थितिको चित्रण गरेको पाइन्छ । **वार्ता** तत्कालीन द्वन्द्व समाधानका लागि एउटा मात्र अनिवार्य आवश्यकता रहेको तथ्यलाई पौडेलले गीतिकाव्यका रूपमा प्रकाशित गरेका छन् । कृति भित्रको विषयवस्तु हेर्दा सामाजिक राष्ट्रिय जीवनदेखि राजनैतिक जगत्सम्मका विकृतिहरू तथा नेपालीका कारूणिक दृश्यको चित्रण गरिएको छ । तसर्थ शान्तिका अग्रदूत गौतमबुद्ध जन्मिएको देशमा मच्चिएको अशान्तिले सबै पक्षसँग चाँडै नै वार्ता गरेर देशमा शान्ति कायम होस् भन्ने भाव प्रस्तुत गरिएको छ । तसर्थ शीर्षक र विषयवस्तु तथा आवरण चित्र बीच घनिष्ट तादात्म्यता देखिन्छ ।

### ४.२.६.२ संरचना

विभिन्न अवयव वा घटकहरूको पारस्परिक सम्बन्धद्वारा विभिन्न वस्तु वा कृतिको पूर्ण जीवन र स्वनिष्ठ अस्तित्व नै संरचना हो ।[७६] संरचना दुई प्रकारका हुन्छनः आन्तरिक र बाह्य । प्रस्तुत **वार्ता** गीतिकाव्य बाह्य संरचनाका दृष्टिले छप्पन्न पृष्ठको मझौला आकारको कृति हो । वि.सं. २०६२ मा जनमत प्रकाशनद्वारा प्रकाशित यस कृतिमा हरि

---

७६ खगेन्द्रप्रसाद लुइटेल, **कविताको संरचनात्मक विश्लेषण**, (काठमाडौं: विद्यार्थी पुस्तक भण्डार, २०६२), पूर्ववत् पृ. ४८ ।

मञ्जुश्रीको *सामयिकताको चित्रः जनभावनाको प्रतिनिधित्व* शीर्षकको भूमिका लेख अग्रभागमा राखिएको छ । त्यसपछि *प्रकाशकीय* शीर्षक मोहन दुवालले आफ्नो भनाई लेखेका छन् । अघिल्लो आवरण पृष्ठमा शान्तिमा अग्रदूत गौतमबुद्धका दुईओटा आकृति कोरिएका छन् भने आवरण पृष्ठको पछिल्ला भागमा रचनाकारको सामान्य परिचयका साथै प्रकाशित कृतिहरूको सूचि राखिएको छ । प्रत्येक पृष्ठमा तीन तीन पंक्तिका तीन-तीन वटै श्लोकमा सजिएका एक सय सत्सठ्ठी श्लोक रहेका छन् । आन्तरिक संरचना अन्तर्गत भावको सघनता पाइन्छ भने गीतिलियमा संरचित कृति र सरल सुगठित रहेको छ । यस प्रकार आन्तरिक तथा बाह्य संरचना दृष्टिले कृति सफल मानिन्छ ।

### ४.२.६.३ विषयवस्तु

कुनै ग्रन्थ, लेखादि रचनामा प्रतिपादन गरिने या गरिएको विचार, कथानक आदिलाई विषयवस्तु भनिन्छ । साहित्यको प्रयोजन आनन्दका लागि मात्र नभएर शिक्षाप्रद हुनु पनि जरुरी हुन्छ । यसै भएर कुनै पनि कृतिको विषयवस्तु ज्ञानबर्द्धक र उपयोगी हुनुपर्दछ ।[७७] **वार्ता** तत्कालीन समयको द्वन्द्व समाधानका लागि एउटा मात्र अनिवार्य आवश्यकता रहेको तथ्यलाई साहित्यकार गणेशकुमार पौडेलले गीतिकाव्यका रूपमा प्रस्तुत गरेका छन् । नेपालको तत्कालीन परिस्थितिलाई कुनै आग्रह, कुनै पूर्वाग्रह र कुनै दुराग्रह बिना प्रस्तुत गरिएको यस कृतिमा सम्पूर्ण निरीह नेपालीको करुण भावनालाई कुनै आपत, कुनै विपत र कुनै दुर्गतिको पर्वाह नगरीकन पोखिएको छ । कतै आग्रह गरेर, कतै अरुको झगडा हेरेर, कतै आफ्नो चेली विधवा भएको सम्झेर त कतै बालक टुहुरा भएको सम्झेर कलमबाट नै देशको इज्जत बच्ने कुरामा दृढ हुँदै तिनै मनका उकुस मुकुस भइरहेका भावनाहरूलाई गीतिलयमा अभिव्यक्त गरेका छन् ।

देशका लागि हातमा हात मिलेको देखिन्न
बुद्धको अर्ति-उपदेश सुन्ने मानिस भेटिन्न

जसलाई जे सोधे पनि शान्ति नै चाहिने कुरामा जनताहरू अडिक छन् । तसर्थ सिङ्गो नेपाली नागरिकहरूको प्रतिनिधित्व यस वार्ता काव्यले गरेको छ । शान्तिप्रेमी नेपाली माझ दन्किरहेको यो ज्वालाले हामीलाई सिध्याउन लागिरहेछ । भाइ-भाइको झगडामा छिमेकीले

---

७७ सूर्यविक्रम ज्ञवाली, (प्र. सम्पा.), **नेपाली संक्षिप्त शब्दकोश**, पूर्ववत्, पृ. ६९६ ।

तमासा हेरिरहेका छन् तसर्थ हामी कसैको तमासे नबनी आफ्नो समस्या आफैं सुल्भाउन आऊ, हामी मिलौं भन्ने आह्वान प्रस्तुत कृतिमा गरिएको छ ।

फुल्दैन गुँरास पाखामा हेर डढेलो लाग्यो नि
गर्दिन वार्ता नभन मित्र वियालो भयो नि
नारान वियालो भयो नि । ॥७॥ पृ. ३

गुराँस भन्ने पाखामा बन्दुकका आवाज छन्, गोली र बारुद पड्किन्छन् बालकहरू खेलौना भन्दै पड्केर घाइते हुन्छन् ; माइत हिडेका निर्दोष चेलीहरू, माइती नपुग्दै एम्बुसमा पर्छन्, तसर्थ सबैले देखिरहेका छन्, सबैले भोगी रहेका छन्, त्यसैले यहाँ ढिला नगरी वार्ता गर्न युद्धरत पक्षलाई आग्रह पनि गरेका छन् ।

छैन है यहाँ कसैको पनि जनधनको सुरक्षा
क्षतविक्षत छहै देशको अहिले आर्थिक अवस्था
नारान आर्थिक अवस्था ॥१२९॥ पृ. ४३

जताततै बम बारुदको विस्फोटले असंख्य जनधनको विनाश भएको छ । जतातै तोडफेड गरेर एकातिर देशको अर्थतन्त्रको स्थिति अत्यन्त कमजोर भएको छ भने अर्कातिर कोही ज्यान जोगाउन मुग्लान पसेका छन् त कोही अपहरणमा परेका छन् भने कतिले युद्धको भीषण चेपमा परी प्राण उत्सर्ग गरेका छन् तसर्थ जनधनको कारुणिक चित्रण प्रस्तुत काव्यमा पाइन्छ ।

यो हाम्रो देशका नेतामा यहाँ छैन नि ठेगान
छँदै नै छैन पटक्कै तिनको बोलीमा अडान
नारान बोलीमा अडान ॥९२॥ पृ. ३१

वास्तवमा हाम्रो देश चलाउने नेताहरूको बोलीको ठेगान नहुँदा आज हामीले यो परिस्थितिको सामना गर्नु परेको दुःखेसो व्यक्त गर्दै नेताहरूले सत्ता हत्याउन नेपाली जनतालाई दाउमा लगाएका छन् । तसर्थ आफ्नो अडानलाई त्यागेर देश र जनताको भलाई सोच्न सदनुरूप कार्य गर्नु पर्ने आशय यहाँ पाइन्छ ।

यो शान्तिक्षेत्र नेपाल हाम्रो कुरुक्षेत्र होइन
बुद्धको उपदेश मनन गरी अगाडि बढ न
नारान अगाडि बढ न (५८॥ पृ. २०

शान्तिका अग्रदूत गौतमबुद्ध जन्मिएको देश भनेर विश्व मै चिनिएको नेपालको शिर सगरमाथा निहुरिनुपरेको छ । यो नेपाल महाभारतको युद्धस्थल कुरुक्षेत्र भएको छ । तसर्थ बुद्धको अर्ती उपदेशलाई मनन गरी हाम्रो पवित्र भूमिलाई पहिलेको जस्तै सुन्दर शान्त बनाऔं । त्यसका लागि बम र बारुद, भाला र तरबार फालेर वार्तामा आउन आह्वान गरिएको छ ।

## ४.२.६.४ भावविधान

आत्मालापी कवि कथनात्मक आख्यानीकृत वा नाटकीकृत जुनरूपमा जीवन जगतको कथन गरिएपनि त्यसको चुरो स्वरूप केन्द्रीय कथन वा विषयवस्तु चाहिँ कुनै न कुनै भावविधान भावविचार हुन्छ र परिणाममा चाहिँ कवितामा त्यो अनुभव वा सूक्ष्म विचार भावमय-रागमय रूपमा कलात्मक रूपान्तरण हुनुपर्ने हुन्छ ।[७८] कविता सृजनाका लागि प्रयुक्त मूल विषयवस्तु र अवधारणा विशेषलाई भाव भनिन्छ ।[७९]

देशमा विद्यमान युद्धबाट संक्रमित नेपाली जनताको पीडा, दर्द हटाउन आँसु पुछ्न, धन र जनको सुरक्षा गर्न, हत्या र हिंसा रोक्न द्वन्द्वरत पक्षलाई हात हतियार बम र बारुद फालेर युद्ध होइन वार्ताद्वारा नेपाल र नेपालीको समस्या समाधान गरौं तथा देशमा अशान्ति त्यागी शान्ति ल्याऔं भन्ने मूलभाव यस वार्ताकाव्यमा पाइन्छ ।

अशान्ति त्यागी देशमा अब लौ शान्ति ल्याइदेऊ
जनतालाई रक्तपातबाट चाँडै नै जोगाइदेऊ
नारान चाँडै नै जोगाइदेऊ ॥१६७॥ पृ. ५६

## ४.२.६.५ भाषाशैली

गणेशकुमार पौडेलको गीतिकाव्य वातार्मा प्रयुक्त भाषाशैली सरल र सहज छन् । गीतिलयमा गीतको भाव पोखिएका छन् । तत्सम्, तद्भव, झर्रा र आगन्तुक शब्दहरूको प्रयोग गरिएको छ । प्रस्तुत गीतिकाव्य यस अघिका कृतिहरू भन्दा धेरै नै स्तरीय हुन पुगेको पाइन्छ । गीतिलयात्मक शैलीलाई तीन-तीन पंक्तिको एक श्लोक मानिने प्रस्तुत काव्यको दोस्रो पंक्तिको पछिल्लो अंश तेस्रो पंक्तिमा उल्लेख गरिएको छ । अन्त्यानुप्रासको

---

७८ वासुदेव त्रिपाठी र सहयोगीहरू (सम्पा.), **नेपाली कविता**, भाग-४, पूर्ववत्, पृ. २० ।
७९ खगेन्द्रप्रसाद लुइटेल, **कविताको संरचनात्मक विश्लेषण**, पूर्ववत्, पृ. २१९ ।

संयोजन भएको यस गीतिकाव्यमा शिल्पगत सजावटका साथै सरल, सहज र बोधगम्य भाषाशैलीले कृति सुशोभित रहेको छ । जनजिब्रोमा प्रचलित बोलीचालीकै शब्दहरूलाई सङ्गठित गरी भावको प्रकरीकरण गरिएको पाइन्छ । गीतिशैली सर्रर्र बगेको प्रस्तुत **वार्ता**मा युद्ध, द्वन्द्व, बम, बारुद हत्या हिंसा जस्ता शब्दहरूको अत्यधिक प्रयोगका साथै राजनैतिक प्रशासनिक, सामाजिक, आर्थिक विषयसँग सम्बन्धित शब्दहरूको प्रयोग देखिन्छन् ।

### ४.२.६.६ जीवनदृष्टि

वाङ्मयको धर्तीमा कुनै पनि कृति पदार्पण भइसकेपछि त्यसले केही न केही जीवनदृष्टि त बोकेर आएको हुन्छ नै । यही मान्यतालाई शिरोधार्य गर्दै गणेशकुमार पौडेलको **वार्ता** पनि तत्कालीन परिस्थितिको द्वन्द्वरत पक्ष बीचको युद्ध बन्द गर्न तथा वार्तामा आएर वार्ताद्वारा समस्याको समाधान गर्न अनि देशमा अमन चयन तथा दिगो शान्ति कायम राख्ने जीवनदृष्टि रहेको छ ।

### ४.२.६.७ लयविधान र दृष्टिबिन्दु

माथि उल्लेखित लयविधान र दृष्टिबिन्दुलाई छुट्टा-छुट्टै उपशीर्षक राखेर अध्ययन गरिएको छ ।

### ४.२.६.७.१ लयविधान

कविताकाव्यको महत्त्वपूर्ण तत्त्वको रूपमा लयलाई मानिन्छ । वास्तवमा लयले नै कविताको पहिचान गराउँदछ । कवितामा लयले लालित्य सृजना गराउनुका साथै श्रुतिमोहक समेत गराउँदछ । संगीतमा आरोह-अवरोहको विशेषक्रम वा गाउने शैली नै लय हो ।[८०] लयविधानका दृष्टिले **वार्ता** गीतिलयमा संरचित काव्य हो ।

> मानिसको रगत मानिसले यहाँ कतिञ्जेल पिउने हो
> निरर्थक हिँडाइ हामीले यहाँ किन पो हिड्ने हो ।
> नारान किन पो हिड्ने हो । ॥१९॥ पृ. ७

प्रस्तुत काव्यको एउटा सानो अंश प्रस्तुत गरिएको छ जसमा मानिस मानिस बीचको युद्धका बारेमा गीतिलियमा प्रस्तुत गरिएको छ ।

---

८० सूर्यविक्रम ज्ञवाली (प्र. सम्पा.), **नेपाली संक्षिप्त शब्दकोश**, पूर्ववत्, पृ. ६५५ ।

### ४.२.६.७.२ दृष्टिबिन्दु

प्रस्तुत **वार्ता** गीतिकाव्यमा तीनवटै दृष्टिबिन्दुको संयोजन पाइन्छ ।

क) प्रथम पुरुष दृष्टिबिन्दु

बिलाउन नदिउँ गौरवगाथा अब त हामीले
हराउन नदिउँ शान्तिको भाषा नेपाली जातिले
नारान नेपाली जातिले ॥१४५॥ पृ. ४९

ख) द्वितीय पुरुष दृष्टिबिन्दु

अशान्ति त्यागी देशमा लौ शान्ति ल्याइदेऊ
जनतालाई रक्तपातबाट चाँडै नै जोगाइदेऊ
नारान चाँडै नै जोगाइदेऊ ॥१६७॥ पृ. ५६

ग) तृतीय पुरुष दृष्टिबिन्दु

पतिले आफ्नै श्रीमतीलाई पिल्स्याई मारेछ
बाबुको घाँटी छोराले रेटी ठहरै पारेछ
नारान ठहरै पारेछ ॥३५॥ पृ. १२

यसप्रकार प्रथम, द्वितीय र तृतीय पुरुष दृष्टिबिन्दुको संयोजन यस गीतिकाव्यमा पाइन्छ ।

### ४.२.६.८ छन्द, रस र अलङ्कार

माथि उल्लेखित छन्द, रस र अलङ्कारलाई भिन्नाभिन्नै उपशीर्षक राखी अध्ययन गरिएको छ ।

### ४.२.६.८.१ छन्द

छन्दलाई निश्चित संख्याका अक्षर, मात्रा, गण, लय, गति, यति, आवृत्ति आदिले निश्चित स्वरूप प्रदान गर्छन् र यसबाट कवितामा लयको विशिष्ट उत्पादन हुन्छ । छन्दलाई लयका आधारमा बद्ध र मुक्त गरी दुई किसिमले वर्गीकरण गरिन्छ । गण व्यवस्था भएका शास्त्रीय छन्द र अन्य नियममा बाँधिएका सबै छन्दहरू बद्ध हुन्छन् भने नियममा नबाँधिएको स्वतन्त्र किसिमको छन्द मुक्त छन्द हो । विषयवस्तुको प्रबन्धन-निबन्धन वा संरचना-संगुम्फना आदि सबै छन्दकै पृष्ठभूमिमा हुने भएकाले छन्द विविध विषयका भाव र

अर्थहरूको लयबद्ध संवाहक हो, जो अक्षर-अक्षर र शब्द शब्दका सुगुम्फनबाट पूर्णता प्राप्त गर्दछ ।[८१] प्रस्तुत **वार्ता** काव्य गीतिलयमा रचना गरिएको कृति हो । यसमा तीन-तीन पंक्तिको एक श्लोक मानिएको प्रस्तुत कृतिको दोस्रो पंक्तिको पछिल्लो अंश तेस्रो पंक्तिमा दोहोरिएको छ ।

## ४.२.६.८.२ रस

प्रस्तुत कृति **वार्ता**मा सामान्य रूपले कतै-कतै केही रसाभिव्यक्तिहरू पोखिएका छन् ।

**क) करुण रस**

करुण रसको स्थायी भाव शोक हो । प्रस्तुत काव्य वार्तामा करुणरसका अंशहरू पनि रहेका छन् ।

> दाइको हत्या भाइले गर्‍यो भाइको दाइले
> विलाप गर्दै रुँदै छिन् आमा पलेटी खाली भो
> नारान पलेटी खाली भो ॥४॥ पृ. २

यहाँ नेपाल आमाका सन्ततिहरू एकले अर्काको हत्या गर्दा आमाले आफ्नो काख रित्तिन्ने भयो भन्दै शोकभाव प्रकट गरिएको छ ।

**ख) वीररस**

वीररसको स्थायीभाव उत्साह हो ।

> खेल खेल्नु यहाँ सामान्य भयो बारुद र बन्दुकको
> हतियारधारी दुई शक्ति यहाँ मजबुत भएको
> नारान मजबुत भएको ॥६७॥ पृ. २३

यहाँ बारुद र बन्दुकधारी दुई शक्तिहरू एक आपसमा मजबुत भएर बसेको यथार्थलाई प्रस्तुत गरिएको छ ।

**ग) शान्त रस**

शान्त रसको स्थायी भाव शान्ति हो ।

> बलिन्द्र धारा आँखामा आँसु रोकिन पुगेछ
> शान्तिको सन्देश सुनेर अहिले लालित्य बढेछ
> नारान लालित्य बढेछ ॥८॥ पृ. ३

---

८१ नारायणप्रसाद खनाल, **समीक्षाका आकारहरु,** (नवलपरासीः त्रिवेणी साहित्य परिषद, २०६५), पृ. १० ।

यहाँ द्वन्द्वरत दुई पक्षबाट भएको पीडाले आएको शान्तिको सन्देश सुनेपछि आँसु रोकिन पुग्छ तसर्थ यहाँ शान्तरसको अभिव्यक्ति भएको छ ।

### ४.२.६.८.३ अलङ्कार

कविताका शोभाकारक तत्त्वलाई अलङ्कार भनिन्छ र यसको अर्थ सजाउनु हो । कविताको सौन्दर्यको लागि अलङ्कार आवश्यक मानिने भएकाले यो कविताको पोषाक र प्राणतत्त्व हो ।

**क) अन्त्यानुप्रास अलङ्कार**

प्रत्येक लययुक्त गीत वा कविताको प्रथम-द्वितीय चरण, तृतीय-चतुर्थ चरण, द्वितीय-चतुर्थ चरण वा प्रत्येक चरणका अन्त्यमा मिल्ने तुकबन्दीलाई नै अन्त्यानुप्रास भनिन्छ । अन्त्यानुप्रास नै गीतको रागात्मक एवम् रमणीय पक्ष हो ।[८२]

आमाको यहाँ भागबन्डा लाग्न कहिल्यै सक्दैन
बहिनीको यहाँ उजाड सिउँदो कहिल्यै हाँस्दैन । ॥५३॥ पृ. १८

यहाँ प्रथम-दितीय चरणको अन्त्यमा तुकबन्दी मिलेको छ तसर्थ यहाँ अन्त्यानुप्रास अलङ्कारको प्रयोग भएको छ ।

**ख) वृत्यनुप्रास अलङ्कार**

जहाँ सजातीय वर्ण वा शब्द उही क्रम वा भिन्न क्रमले दोहोरिन्छन् त्यहाँ वृत्यनुप्रास अलङ्कार हुन्छ ।[८३]

बाँच्न र बच्नदेऊ भन्ने उक्ति बिलाइसकेछ
बान्धव-बन्धु घरबार बिहीन भै रुनुपरेछ । ॥२८॥ पृ. १०

यहाँ बाँच्न-बच्न, बान्धव-बन्धुमा वृत्यनुप्रास अलङ्कार परेको छ ।

**ग) छेकानुप्रास अलङ्कार**

धेरै व्यञ्जनको एक पटक मात्र उही क्रममा समानता भएमा छेकानुप्रास अलङ्कार हुन्छ ।[८४]

बोक्दैमा बन्दुक सफलता हुन्न कसैको क्रान्तिको
फोहोरी खेल नखेल अब यो राजनीतिको ॥१५॥ -पृ. ५०

---

८२ नारायणप्रसाद खनाल, **समीक्षाका आकारहरू**, पूर्ववत, पृ. २१ ।
८३ नारायणप्रसाद खनाल, **समीक्षाका आकारहरू**, पूर्ववत, पृ. २१
८४ ऐजन ।

**घ) स्वभावोक्ति अलङ्कार**

जहाँ मनुष्य, पशुपंक्षी, प्रकृति आदिको यथार्थ स्वभावको चित्रण हुन्छ, त्यहाँ स्वभावोक्ति अलङ्कार हुन्छ ।[८५]

रगतको नली फुटेर छताछुल्ल भएको
सगरमाथा निराश भई झुकेर रोएको ॥१४९॥ -पृ. ५०

यहाँ तत्कालीन समयमा द्वन्द्वपक्षहरूको युद्धबाट मानिस मानिस बीचको हत्याले रगतको खोला नै बगेको अर्थात् शान्तिको देश नेपालमा हिंसा तथा रक्तपात भएकाले सगरमाथाको शिर निराश भएर झुकेको यथार्थलाई माथिका अंशले प्रष्ट पारेको छ । तसर्थ यहाँ स्वभावोक्ति अलङ्कारको संयोजन भएको छ ।

## ४.२.६.९ बिम्ब र प्रतीक

माथि उल्लेखित बिम्ब र प्रतीकलाई भिन्ना-भिन्नै दुई उपशीर्षक राखेर अध्ययन गरिएको छ ।

## ४.२.६.९.१ बिम्ब

बिम्ब पनि कविताको महत्त्वपूर्ण लघु संरचक घटक वा तत्त्व मानिन्छ । स्रष्टाका मानसपटलमा रहेको अभिव्यक्तिलाई प्रस्तुत गर्ने एक किसिमको चित्रलय भाषाका रूपमा बिम्बलाई लिइन्छ ।

**क) क्रान्ति बिम्ब**

प्रस्तुत कवितामा तत्कालीन परिवेशलाई समेट्दै राजनीतिक परिदृश्य र विसङ्गति बोधबाट अभिप्रेरित देखिन्छन् ।

छोड्न साथी बारुद र बन्दुक त्यो भाला फालन
फर्केर आऊ शान्तिको बाटो खोजेर हिँडन
नारान खोजेर हिँड्न ॥५४॥ - पृ. १८

यहाँ द्वन्द्वरत पक्षहरूबीचको युद्धले देशमा अशान्ति फैलिएकाले बारुद-बन्दुक अनि भाला फालेर शान्ति ल्याऔं भन्ने आह्वान गर्दै क्रान्ति बिम्बको प्रयोग भएको छ ।

---

८५ फणीन्द्रराज काफ्ले, **साहित्यका केही सैद्धान्तिक पक्ष**, पूर्ववत्, पृ. ३२ ।

**ख)  समसामयिक यथार्थ बिम्ब**

समसामयिक बिम्ब युग जीवनका बेथिति र विकृतिले जन्माएका विविध भाव व्यक्त गर्ने क्रममा तत्कालीन परिस्थितिसँग मेल खाने बिम्बहरू प्रयोग गरिएका छन् ।

जनताको गास, बास, कपास, शिक्षा र स्वास्थ्यमा
नगरी खर्च गरिन्छ यहाँ गोली र बन्दुकमा
नारान गोली र बन्दुकमा ॥७३॥ -पृ. २५

तत्कालीन परिस्थितिमा राष्ट्रिय ढुकुटी जनताको गास, बास र कपासमा खर्च नगरी गोली र बारुदमा खर्च र्ने यथार्थलाई यहाँ प्रस्तुत गरिएको छ ।

**ग) सरल बिम्ब**

मुक्त र स्वतन्त्र रूपमा प्रयुक्त बिम्ब नै सरल बिम्ब हुन् । बिम्बको संश्लिष्ट वा मिश्रित रूप भन्दा भिन्न एकल वा मुक्त र स्वतन्त्र रूपमा यस्ता बिम्बहरू आउँछन् ।

हामीले देख्यौं लासको खात असंख्य मानिसको
यो सिङ्गै देश चिहानमा किन परिणत भएको

तत्कालीन समयमा द्वन्द्वरत दुई पक्षको लडाईले कैयौं मानिसको ज्यान गएकाले देश चिहानमा परिणत भएको कुरा उल्लेख गरिएको छ ।

## ४.२.६.९.२ प्रतीक

कुनै वस्तु वा कुरालाई सङ्केत गर्न कुनै अर्को वस्तु तत्त्वहरूको सङ्केत गर्न वा यस्तो वस्तु तत्त्वको प्रतिनिधित्व गर्ने सङ्केत कुनै सजीव वा निर्जिव वस्तु हुन्छ तर **वार्ता**मा खास कुनै पनि किसिमको प्रतीकको प्रयोग पाइँदैन ।

## ४.२.६.१० निष्कर्ष

गणेशकुमार पौडेलका पुस्तकाकार कृतिमध्ये वि.सं. २०६२ सालमा प्रकाशित **वार्ता** गीतिकाव्य सातौं कृति हो । यसमा तत्कालीन समयको नेपाली र नेपालीको दुरुस्त चित्र कोरेको छ । देशभित्रको आन्तरिक गृहयुद्धमा होमिएका नेपालीहरूको पीडा प्रस्तुत गीतिकाव्यले वहन गरेको छ । तत्कालीन समयमा नेपाली नागरिकको भावनाको प्रतिनिधित्व गर्दै द्वन्द्वरत पक्षलाई वार्ताको माध्यमबाट यावत समस्याको समाधान गर्न आग्रह गरिएको छ । भाषाशैली तथा श्रुतिमाधुर्य लयविधानले **वार्ता**को भाव गहनतामा अझ सुगन्ध थपेको छ ।

बिम्बालङ्कारको शिल्पगत सजावटले कृतिको संरचनालाई बढोत्तरी सबलता प्रदान गरेको पाइन्छ । विषयले भावलाई उजिल्याएको छ । विषयवस्तु सरल तथा सम्प्रेष्य भएकाले पाठकहरूलाई पनि बोधगम्य देखिन्छ । यसरी साहित्यिक वा तत्त्वका दृष्टिकोणबाट केही कमी कमजोरी भएपनि स्रष्टाको निरन्तर क्रियाशीलता र आभ्यासिक गतिले प्रस्तुत कृति मध्यमस्तरको दर्जामा तौलिन पुगेको मान्न सकिन्छ ।

## ४.२.७ गोरु महापुराण हास्य व्यङ्ग्य काव्यको अध्ययन

गणेशकुमार पौडेलद्वारा वि.सं. २०६३ मा प्रकाशित **गोरु महापुराण** हास्यव्यङ्ग्य काव्यलाई विभिन्न दृष्टिकोणबाट अध्ययन गरिएको छ ।

### ४.२.७.१ शीर्षक

शीर्षकले कृतिका अन्तर्बाह्य संरचना र भाषा शैलीले बहन गरेको समग्र विषयवस्तुको केन्द्रीय कथ्यलाई जाहेर गर्दछ । कुनै कविता, निबन्ध आदि रचनाको परिचय गराउने शब्द वा शब्दावली वा नामलाई शीर्षक भनिन्छ ।[८६] शीर्षकले कुनै पनि रचनाको अर्द्धअस्तित्वलाई वहन गरेको हुन्छ । शीर्षक कविताकृतिको नामकरण मात्र नभई कृतिका सारभूत भावविचारको सूचक, सङ्केत वा उद्घाटक समेत हुनुपर्छ ।[८७] गोरुको अर्थ मुर्ख, केही नबुझ्ने भन्ने अर्थ लाग्दछ । यसै शब्दार्थलाई पुष्टि गर्दै गणेशकुमार पौडेलले मूर्खहरूको बारेमा लेखिएको गाथालाई व्यङ्ग्यकाव्यका रूपमा प्रस्तुत् गरेका हुन् । राष्ट्रिय गतिविधिका विविध विसङ्गतिहरू प्रति तीखो व्यङ्ग्य प्रहार गर्दै राज्यसंयन्त्रमा आसीन उच्च ओहदाका व्यत्तिःहरू आ-आफ्नो नैतिकता, जिम्मेवारी र दायित्व बोधबाट बिहीन भएको वर्तमान यथार्थलाई सरल रूपमा चित्रण गरिएको प्रस्तुत कृतिको शीर्षक **गोरु महापुराण** एकदमै सार्थक र उपयुक्त देखिन्छ ।

### ४.२.७.२ संरचना

सबै अङ्ग, भाग वा घटकले पूर्ण निर्मितिलाई संरचनाको संज्ञा दिइन्छ ।[८८] **गोरु महापुराण** हास्य व्यङ्ग्य काव्य बाह्य संरचनाका दृष्टिले सतहत्तर पृष्ठको मध्यम आकारको

---

८६ सूर्यविक्रम ज्ञवाली, (प्र. सम्पा.), **नेपाली संक्षिप्त शब्दकोश**, पूर्ववत्, पृ. ७१३ ।
८७ वासुदेव त्रिपाठी र सहयोगीहरू (सम्पा.), **नेपाली कविता** (भाग-४), पूर्ववत्, पृ. १७ ।
८८ मोहनराज शर्मा, **समकालीन समालोचना र प्रयोग**, पूर्ववत्, पृ. १७६ ।

कृति हो । वि.सं. २०६३ मा जनमत प्रकाशनद्वारा प्रकाशित प्रस्तुत कृति दुई सय अठहत्तर अनुच्छेद गुच्छमा संरचित लामो कविताको रूपमा रहेको पाइन्छ । बीचबीचमा अन्य शीर्षक उपशीर्षक केही पनि नभएको यस कृतिको बाह्यावरणको अग्रभागमा गोरूको तस्विर राखिएको छ भने पछिल्लो भागमा साहित्यकारको सामान्य परिचयका साथै उनका प्रकाशित रचनाहरूको सूची राखिएको छ । कृतिको अग्रभागमा मातृका पोखरेलेद्वारा *गोरू महापुराणः गणतन्त्रको सपना* शीर्षकमा भूमिका लेखेका छन् भने जनमत प्रकाशनका प्रधानसम्पादक मोहन दुवालद्वारा *प्रकाशकीय* शीर्षकमा शुभकामनाका शब्दहरू प्रस्तुत गरिएको छ । कृतिको पहिलो पृष्ठदेखि नै कतै चार, पाँच, छ, सात, आठ, नौ पंक्तिहरूमा श्लोकीय ढाँचामा गद्यलयको मुक्त छन्दमा एकै रफ्तारले विषयवस्तुको अभिव्यक्ति पोखिएको छ ।

आन्तरिक संरचनाका दृष्टिले पौडेलले व्यङ्ग्यात्मक शैलीमा विचारलाई लगालग पोख्दै सु-सम्बद्ध पारेको देखिन्छ ।

## ४.२.७.३ विषयवस्तु

कुनै पनि कृतिको महत्ता र स्तरीयता तब झल्कन्छ जब त्यसमा गृहित विषयवस्तुहरू गहकिला र ओजपूर्ण हुन्छन् । गोरूकै नाममा लामो कविता अर्थात् महापुराणमा खेतमा जोतिने गोरू नभएर राज्यरूपी खेत जोत्नुपर्ने गोरूको गाथा प्रस्तुत कृतिमा गाइएको छ । प्रस्तुत **गोरू महापुराण** भित्र बाघ, स्याल र गोरूको प्रतीकात्मक नाउँ दिँदै समग्र नेपालको पूँजीवादी राजनीतिलाई उदांग्याएका छन् । प्रस्तुत हास्यव्यङ्ग्य काव्यमा देशमा व्याप्त अराजकता र विषमताका विरूद्ध आफूलाई उभ्याउँदै निरंकुशताको प्रतीक राजतन्त्र नमासिएसम्म देशले काँचुली फेर्न सक्दैन, राजतन्त्रका आसेपासेहरू मुखले चेपारो घस्दै आफ्नो दुनो सोझ्याउन सिपालु अवसरवादीहरूलाई गोरूको संज्ञा दिइएको छ । यस्ता गोरूहरूले देशमा ढलीमली गरूञ्जेल देशले कहिल्यै मुक्ति पाउन सक्दैन भन्दै पौडेलले गणतन्त्रका पक्षमा आफ्नो अभिमत व्यक्त गरेका छन् । सत्तासीन ओहदावालहरूलाई पौडेलले गोरूको उपमा दिएर खिल्ली उडाएका छन् । सतीले सरापेको देशमा चाकडी चाप्लुसी र चम्चागिरी गर्ने अवसरवादीहरूले नै सधैं मोजमस्ती लुट्न मात्रै व्यस्त रहन्छन् भन्दै पौडेलले लेख्छन् :

यहाँ स्यालहरूकै बिगबिगी छ
जता हेर उसैको उन्नति छ ।

त्यस्तै कुर्सीका लागि जुकाझैं जता पनि टाँसिने राजनीतिक अवसरवादीपनको खिल्ली उडाउँदै उनी लेख्छन्:

तिमी जति पटक पोइल गए पनि
म तिमीलाई छोड्दै छोड्दिन ।

प्रस्तुत महापुराणमा प्रयुक्त बाघ, स्याल र गोरू क्रमशः राजा, राजाका भरौटे, पञ्चे र सरकारमा गएर मातेका नेताहरूको प्रतीक हो । पञ्चायतकालमा एकतर्फी राजाको हालीमुहाली चल्यो । गोरूहरूको त कुरै छोडौं, स्यालरूपी पञ्चेहरूले त्यसलाई सघाउँदै हिँडे । पछि जनता आफैंले पञ्चेहरूलाई हटाएर गोरूलाई सत्तामा पुऱ्याए तर सत्ता पाएपछि मात्तिएका गोरूहरूले जनताको भलो चिताउनुभन्दा बाघकै चेपारे बन्न पुगे । नेपाली जनताले गोरूरूपी नेताहरूलाई बारम्बार क्षमादिँदै गए र क्षमा माग्दै हिँड्न गोरूहरू लजाएनन् पनि । यसरी लाज पचाउँदै आएका गोरूहरूलाई चेतावनी दिएझैं गरी कवि यहाँ अढाईकरोड जनताको एउटै आवाज बनाएर लेख्छन् :

पटक पटक माफ मागेको भएर गोरू
एकपटकलाई क्षमा पाइस है गोरू
अढाई करोड मान्छेको एउटै आवाजले
बोलेको कुरा अब तैले हेर
राम्ररी बुझेस है गोरू ॥२४॥ (पृ. ७)
अब आइन्दादेखि तैंले हेर
जनतालाई रैती नसम्झिनू गोरू
सधैं नै हेर मालिक सम्झिनू गोरू ॥२५॥ (पृ. ८)

यसरी माफी दिएता पनि गोरूको गोरू बुद्धि कहिल्यै पलाएन । फेरि अर्कोपल्ट पनि बाघ खोरबाट भागि हाल्यो, प्रतिगामीहरूको रजाई देखिन थालिहाल्यो । यसप्रकार पौडेलले प्रस्तुत कृतिमा प्रतिगामीहरूले बुनेका तानामानाहरूको प्रस्तुति व्यङ्ग्यात्मक पाराले बारम्बार सरकार चुकाउन पुगेका र जनताको सामु घुँडा टेक्न परेका नेताहरूको वर्णन गरेका छन् । काला बजारियाहरूलाई सुरक्षा दिनु, असमान सन्धि सम्झौतालाई जस्ताको त्यस्तै चालु राख्नु र नेपाली जनतालाई विदेशी भूमिमा कामदारको नाउँमा बेच्नुलाई आफ्नो धर्म ठान्दै आएका सत्ताधारीहरूको चरित्र नङ्ग्याउन पनि प्रस्तुत कृति पछि परेको छैन । मान्छेको रगत खोलो सरी बगेको घटना हामीबाट टाढा छैन । ती घटनाहरूप्रति पनि

चोटिलो प्रहार गर्दै २०६२/०६३ को जनआन्दोलनबाट अझै पनि नेताहरूले माफी पाएका छन् । तसर्थ कवि आक्रोशित हुँदै लेख्छन् :

आन्दोलनका दमनकारीहरूलाई
कारवाही गरेस है गोरू
सहिद मात्र होइन
अनगन्ती घाइते पनि भए है गोरू ॥२२५॥
मुलुक पूर्ण परिवर्तनको प्रतिक्षामा छ है गोरू
बाघले स्थान सुरक्षित पार्न खोजेको छ है गोरू ॥२२६॥ (पृ. ६४)

यसप्रकार प्रस्तुत कृति पिटाइसँगै मात्र जोत्न जानेका आफ्नो बुद्धि खिइसकेका गोरूहरूको चर्चाले भरिएको छ ।

राष्ट्रिय ढुकुटी रित्याएर सुरासुन्दरी र विलासितामा चुर्लुम्म डुब्ने सत्तासीनहरूको दुश्चरित्रप्रति आक्रोश पोख्दै लेख्छन् :

विरोधी जतिलाई स्वर्गमा पुऱ्याएर
राष्ट्रिय ढुकुटी सिध्याई
आफू सधैं सम्मानित बन्न खोज्छु म ।

त्यस्तै बाघको प्रतीकका रूपमा राजतन्त्रलाई उभ्याई त्यसबाट होसियार रहन सबैलाई घच्घच्याउँदै कवि लेख्छन्:

बाघले पराजय स्वीकारे पनि मौका पाएको खण्डमा
ठाउँ सुरक्षित गर्न प्रयास गरिरहेकै हुन्छ ।

यसरी राष्ट्रिय गतिविधिमा विविध विसङ्गतिहरूप्रति तीखो व्यङ्ग्य प्रहार गर्दै राज्य संयन्त्रमा आसीन उच्च ओहदाका व्यक्तिहरू आ-आफ्नो नैतिकता, जिम्मेवारी र दायित्वबोधबाट विहीन भएको तत्कालीन यथार्थलाई प्रस्तुत कृतिमा उजागर गरिएको छ । वातावरणीय रूपमा जनयुद्धकालीन नेपालको राजनीतिक, आर्थिक, सामाजिक एवम् प्रशासनिक परिवेशलाई मार्मिक रूपमा चित्रण गरिएको छ ।

### ४.२.७.४ भावविधान

मानवीय जीवन जगतका यावत विषयवस्तुलाई मानव चेतनाभित्र अनुभव तथा अनुभूतिको लयात्मक, रागात्मक र कलात्मक निष्कर्षका रूपमा विशेष प्रकारको भाव-अर्थ

प्रदान गर्नु नै यथार्थतः कविताको भावविधान हो ।[८९] कविता सृजनाका लागि प्रयुक्त मूल विषयवस्तु र अवधारणा विशेषलाई भाव भनिन्छ ।[९०] प्रस्तुत कृतिमा दुईसय अड्तीस वर्षदेखि आफ्नो प्रभुत्व तथा हैकम जमाइरहेको राजसंस्था प्रति तीव्र आक्रोश पोखिएको छ ।[९१] गणेशकुमार पौडेलले प्रस्तुत कृति गोरू महापुराण समाजमा व्याप्त विसङ्गतिहरूलाई उछिन्दै नेपालको सुनौलो भविष्यका लागि आमूल परिवर्तनको अपेक्षा राखिएको भाव व्यक्त गरिएको छ । प्रस्तुत कृतिमा राष्ट्रियभाव राजनैतिकभाव, सामाजिकभाव पाइन्छ । राष्ट्रियभाव अन्तर्गत देशमा व्याप्त अराजकता र विषमताका विरूद्ध आफूलाई उभ्याउँदै निरंकुशताकै प्रतीक नमासेसम्म र यिनका आसेपासे रहेर चिप्लो घस्दै अवसर लुट्न सिपालु गोरूहरू रहेसम्म देशले मुक्ति पाउन गाह्रो हुन्छ भन्दै गणतन्त्रै चाहनाको भाव यस सङ्ग्रहमा प्रस्तुत गरिएको छ ।

लोकतन्त्रका लागि एकजुट हुनै पर्छ
त्यसैमा सबैको भविष्य रहेको हुन्छ
देश र समाजको उत्थान गर्नमा समेत
निरंकुशतन्त्र ढालेर सुसंस्कृति ल्याउनै पर्छ ॥१७६॥ (पृ. ५२)

निरंकुशता ढालेर लोकतन्त्र ल्याउनका लागि देश र समाजको उत्थान गर्नु तथा सुसंस्कृतिलाई देशभित्र भित्र्याउनपर्छ भन्दै सबैलाई एकजुट हुन आह्वान गरिएको छ । त्यस्तै समाजमा विद्यमान कुरीति र कुसंस्कृतिले देशभरीनै अराजकता छाएको छ जसले नेपाली जनताको स्थिति अत्यन्त दर्दनाक हुन पुगेको छ ।

जता हेर्‍यो त्यतै अन्याय र अत्याचार छ
भ्रष्टाचारको जगजगी छ
तस्करी, महङ्गी र बेरोजगारीले
सीमा नाघेको छ ।
हत्या, बलात्कार र गुण्डागर्दीको
जता हेर्‍यो त्यतै चुरिफुरि बढिरहेकोछ
सबै मानवको हिजो आज गाउँमा
हाल बेहाल भएको छ ॥११३॥ (पृ. ३३)

---

८९ ईश्वरीप्रसाद गैरे, **आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य**, पूर्ववत् पृ. २० ।

९० खगेन्द्रप्रसाद लुइटेल, **कविताको संरचनात्मक विश्लेषण**, पूर्ववत्, पृ. २१९ ।

९१ विष्णुप्रसाद गौतम, *गोरू महापुराण काव्यको सिंहावलोकन,* **जनमत**, साहित्यिक मासिक, जनमत प्रकाशन (वर्ष २६, अङ्क २, २०६५ फागुन ३०), पृ. १९ ।

यस कृतिमा समाजमा घट्ने अनेकौं किसिमका घटनाहरू घट्छन् । हत्या, हिंसा, गुण्डागर्दीले मानिसको जीवन अस्तव्यस्त बनेको भाव प्रस्तुत गरिएको छ ।

त्यस्तै यहाँ जनभावनाका बारेमा पनि केही पंक्तिहरू रहेकाछन् :

बाघले अझै पनि
षडयन्त्र गर्न सक्छ है गोरू
आम जनताको भावना बुझेस् है गोरू
देखिस् अब सबैले
लोकतन्त्र र गणतन्त्र चाहन्छन्
जनभावनालाई सधैं नै
सिरोपर गरेस् है गोरू ॥२०७॥ (पृ. ५८)

आमजनताको इच्छा लोकतन्त्र र गणतन्त्र रहेको छ । तसर्थ जनताको भावनालाई बुझ्ने आग्रह गरिएको छ । यसरी प्रस्तुत कृतिमा जनभावना, राष्ट्रियभावना तथा सामाजिक भावनाहरूको भाव बटुलिएको छ ।

## ४.२.७.५ भाषाशैली

कवितामा भाषाको विशिष्ट रूपको प्रयोग हुने भएकाले कविताको भाषा सामान्य होइन विशिष्ट हुन्छ । भाषिक एकाइहरूको सौन्दर्यबोधक हुने रचनाकारको विशिष्ट रचना वा अभिव्यक्ति कलालाई नै शैली भनिन्छ । शैलीको सम्बन्ध भाषासँग हुन्छ र भाषालाई कविताको माध्यम र शैलीलाई त्यसको तरिका मानिन्छ । प्रस्तुत कृति **गोरू महापुराण**मा प्रयुक्त भाषाशैली सरल र सहज छन् । तत्सम, तद्भव, झर्रा र आगन्तुक शब्दहरूको प्रयोग गरिएका छन् । कताकता व्याकरणिक अशुद्धीहरू नभएका होइनन् । अन्त्यानुप्रासको संयोजन कतै-कतै मिलिहाले पनि धेरै नमिलेको पाइन्छ । शिल्पगत रूपले सजावट गर्ने कोशिशका साथै सरल, सहज र बोधगम्य भाषाशैलीले कृति सुशोभित पाइन्छ । अभिधामूलक सोझो अभिव्यक्तिले बिम्ब प्रतीकात्मकतामा हल्का रूपमा ह्रास आएको महशुस भएपनि ठेट झर्रा शब्दहरूको प्रयोगले काव्य चोटिलो बनेको छ । भाव, भाषा, शैली, शिल्प आदि हरेक कोणबाट स्रष्टाको प्रयास स्तुत्य र प्रशस्ती पाइन्छ ।

## ४.२.७.६ जीवनदृष्टि

कविता सृजना गरेर त्यसका माध्यमबाट कविले दिन खोजेको सन्देश वा अभिप्राय नै जीवनदृष्टि हो । कुनै उद्देश्य विना कविता सृजना नगरिने हुँदा यो कविताको मुख्य तत्त्वका रूपमा रहेको हुन्छ । देशमा व्याप्त अस्तव्यस्तताको कारक तत्त्वका राजतन्त्रको अन्त्य र भ्रष्टाचारको जरो उखेल्नका लागि गणतन्त्रको स्थापना अपरिहार्य रहेको तथा नेपालको सुनौलो भविष्यका लागि आमूल परिवर्तनको अपेक्षा गर्नु यस काव्यको जीवनदृष्टि रहेको छ ।

## ४.२.७.७ लयविधान र दृष्टिविन्दु

यहाँ लयविधान र दृष्टिविन्दुलाई छुट्टा-छुट्टै शीर्षक राखी उल्लेख गरिएको छ ।

### ४.२.७.७.१ लयविधान

प्रस्तुत काव्य गद्यलयमा संरचित छ भने कतै कतै अन्त्यानुप्रासको संयोजन पनि पाइन्छ । यस कृतिमा लयात्मकता नपाइएतापनि यसको आन्तरिक गठन सबल रहेको तथा गदलयमा संरचित भएपनि यसको भावपक्ष अत्यन्त सुगठित रहेको छ । गद्यलयमा संरचित हुँदाहुँदै पनि अन्त्यानुप्रासको संयोजनले केही पंक्तिहरूमा लयात्मकता पाउन सकिन्छ ।

आर्मी पुलिस दाजुभाइ
हान गोली बाघलाई
नेपाली जनता हाईहाई
बाघ र डमरू बाईबाई ॥२४०॥ (पृ. ६७-६८)
आन्दोलनमा भिड्छौं-भिड्छौं
बाघ र डमरूलाई गिड्छौं-गिड्छौं
आर्य घाटले के भन्छ
बाघ र डमरु ले भन्छ ॥२४२॥ (पृ. ६८)

माथि उल्लिखित पंक्तिहरूमा अन्त्यानुप्रासको संयोजनले लयविधानमा थोरबहुत प्रभाव पारेको पाइन्छ । त्यस्तै अन्य पंक्तिहरू पनि छन् ।

### ४.२.७.७.२ दृष्टिविन्दु

**गोरू महापुराण** हास्यव्यङ्ग्य काव्यमा प्रथम पुरूष, द्वितीय पुरूष र तृतीय पुरूष गरी तीनवटै दृष्टिविन्दुको संयोजन पाइन्छ ।

**प्रथम पुरूष दृष्टिविन्दु**

म जे गर्न पनि सक्ने उस्तो मान्छे
जसरी होस् इज्जत बचाउने मान्छे
विरोधी जतिलाई स्वर्गमा पुऱ्याएर
राष्ट्रिय ढिकुटी सिध्याई
आफू सधैं सम्मान रूचाउने म मान्छे ॥५४॥ (पृ. १८)

**द्वितीय पुरूष दृष्टिविन्दु**

तिमी जतिपटक पोइल गएपनि
म तिमीलाई छोड्दै-छोड्दिन
तिमी नभए यो संसारमा मेरो
कुनै अस्तित्व रहँदै-रहँदैन
सुकेर, ढुकेर, लुकेर
छक्याएरै भए पनि हेर
तिमीलाई फेरि नभित्र्याईकन
छोड्दै-छोड्दिन प्रिय ॥६१॥ (पृ. १९)

**तृतीय पुरूष दृष्टिविन्दु**

जुन स्याल बढिभन्दा बढी गर्जिन्छ
जुन स्यालले धेरैलाई टोक्न सक्छ
त्यस्तै जातका स्यालहरूलाई मात्र
बाघले छानी-छानी पालेको हुन्छ
हुतिहार लुरेलाङ्ग्रेलाई त उसले
पहिल्यै लखेटेको हुन्छ ॥१०९॥ (पृ. ३२)

यसप्रकार यहाँ तीनवटै दृष्टिविन्दुको समिश्रण पाइन्छ ।

### ४.२.७.८ छन्द, रस र अलङ्कार

छन्द, रस र अलङ्कारलाई भिन्दा भिन्दै शीर्षकमा उल्लेख गरिएको छ ।

### ४.२.७.८.१ छन्द

कविभावलाई स्वर र व्यञ्जनवर्णका ह्रस्व र दीर्घको स्वरूपलाई गणमा मिलाएर राख्ने एकप्रकारको लयात्मक व्यवस्थित योजना छन्द हो ।[९२] प्रस्तुत काव्य **गोरू महापुराण**मा शास्त्रीय तथा अन्य कुनै छन्दमा आबद्ध नभई मुक्त छन्दको प्रयोग भएको छ । मुक्त छन्दमा संरचित प्रस्तुत कृति भावका दृष्टिले सबल रहेको छ ।

### ४.२.७.८.२ रस

हृदयले जुन कुराको आस्वादन गर्छ अथवा स्वाद प्राप्त गर्दछ त्यही नै रस हो ।[९३] **गोरू महापुराण**मा विभिन्न किसिमका रसको संयोजन भएको पाइन्छ । तल केही रसका उदाहरणहरू छन् :

(क) **रौद्र रस**

रगतको खहरे एक नासले
हिमनदी झैं बगिरहेछ
अमृत खुवाउनेहरूलाई
विष खुवाइएको छ ।
त्यो बाघले
दानवकै रूप लिएर हेर आज
घटघटी रातो रगत
लाजै पचाएर पिइरहेछ ॥११२॥ (पृ. ३३)

यहाँ रक्तपात मच्चाउनु, रगत पिउनु जस्ता दानवको रूप प्रस्तुत हुनुले यहाँ रौद्ररस उत्पन्न भएको छ । यसको स्थायी भाव क्रोध रिस हुन्छ ।

(ख) **वीभत्स रस**

मूत्रासयमा लडि बुडि गर्थ्यो
साँढे गोरूकै गोबर सोहोरेर बस्थ्यो
त्यसको फल सधैं हेर्दै
झर्ला र खाउँला भन्दै

---

९२ नारायणप्रसाद खनाल, **समीक्षाका आकारहरु**, पूर्ववत्, पृ. ११ ।
९३ कृष्णप्रसाद पराजुली, **राम्रो रचना: मीठो नेपाली**, पूर्ववत्, पृ. २५८ ।

घृणित मेहतर भएर सधैं
त्यो स्याल बसेको हुन्थ्यो ॥१३॥ (पृ. ४)

यहाँ मूत्रासय, गोबर जस्ता वस्तुले घृणा उत्पन्न गराएको हुँदा वीभत्स रसको अनुभूति हुन्छ जसको स्थायी भाव घृणा हो ।

**(ग) वीररस**

क्रान्तिका वीर योद्धाहरूले
रोमको सहरमा
भिडिरहेथे त्यहाँ
दनदनी आगो लगाउनमा
त्यहाँको शासक भने
बाँसुरी बजाउँदै मस्तले
बसेको थियो
सुरासुन्दरीसँग आनन्दमा ॥७७॥ (पृ. २३)

यसरी एकातिर क्रान्तिकारीहरू युद्धमा होमिइरहेको उल्लेख छ भने अर्कातर्फ त्यहाँको शासक बाँसुरी र सुरासुन्दरीमा मस्त छ । यसरी शासकको विरूद्धमा क्रान्ति गर्न अझ उत्साहित बनाउन सहयोग पुऱ्याउँछ । जसको स्थायी भाव उत्साह हो ।

**(घ) शान्त रस**

अँध्यारोमा चम्कने चेतनाको
निरन्तर त्यस्तो ज्योति लिएर
जनताको मन मस्तिष्क र भावना जगाएर
औंसीको रातमा जगमगाइ दिए
चन्द्रमाको त्यो उज्यालो दिएर
साहसी र त्यागी भई कुशल पथ प्रदर्शक भएर ॥१८४॥ (पृ. ५३)

यहाँ चेतनाको बत्ती बालेर औंसीको रातमा पनि उज्यालो छर्दै साहसी र कुशल पथ प्रदर्शक भई जनतामा चेतनाको भाव जगाउनु पर्ने भाव व्यक्त गरिएको छ । यहाँ शान्त तरिकाले जनतामा चेतना जगाउने भाव व्यक्त भएको हुँदा यहाँ शान्त रसको संयोजन भएको पाइन्छ ।

यसप्रकार विभिन्न रसहरूको संयोजनले काव्यलाई स्वादिलो बनाएको छ ।

### ४.२.७.८.३ अलङ्कार

कवितालाई सजाउने सुन्दर पार्ने र थप चमतकारिता प्रदर्शन गर्ने तत्त्व अलङ्कारलाई मानिन्छ ।[९४] अलङ्कार भन्नाले भ्रमण गर्ने वस्तु भन्ने बुझिन्छ । यसप्रकार प्रशस्त सीप कुदेर वा साह्रै बनाएर भनिएको कथनलाई अलङ्कार भनिन्छ ।[९५] रमाइला शब्दयोजना र अर्थ चमत्कारद्वारा काव्यलाई सजाउने तथा आकर्षक पारी भाषामा लालित्य झल्काउने काम अलङ्कारले गर्दछ ।[९६] **गोरू महापुराण**मा विभिन्न अलङ्कारको प्रयोग भएको पाइन्छ ।

**(क) अन्त्यानुप्रास अलङ्कार**

पंक्तिको अन्त्यमा समान वर्ण वा शब्द दोहोरिँदा अन्त्यानुप्रास अलङ्कार हुन्छ ।

तस्कर बाघ, मूर्तिचोर
देख्नेछन् अब नख्खुको खोर
तेरो निवास खाली गर
लोकतन्त्र बहाली गर
नेपाली जनता खुकुरी लेऊ
बाघ र डमरू छप्काइदेऊ ॥२३९॥ (पृ. ६७)

यहाँ चोर-खोर, गर-गर, लेऊ-देऊ जस्ता शब्द र वर्णहरू पहिलो-दोस्रो, तेस्रो-चौथो तथा पाँचौं-छैठौं पंक्तिको अन्त्यमा समानरूपमा आएका छन्, तसर्थ यहाँ अन्त्यानुप्रास अलङ्कार प्रयोग भएको छ ।

**(ख) स्वभावोक्ति अलङ्कार**

जीवन जगतमा भए गरेका यथार्थको वर्णन गरिँदा स्वभावोक्ति अलङ्कारको संयोजन हुन्छ ।

दुईहजार त्रिसठ्ठी सालको मध्यरात
वैशाख एघार गतेको त्यो सामवार
जनताको शक्तिसँग तानाशाह झुकेर
भयो त्यो निरङ्कुश राजतन्त्रको नाङ्गेझार ॥२७५॥ (पृ. ७६)

---

९४ प्रतिमा खनाल, **साहित्यकार केदारनाथ खनालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, अप्र. स्नातकोत्तर शोधपत्र, (चितवन: नेपाली विभाग, वी.ब.क्या. २०६७), पृ. ५० ।

९५ विष्णुप्रसाद पौडेल, **संस्कृत काव्यशास्त्र**, पूर्ववत्, पृ. ७० ।

९६ कृष्णप्रसाद पराजुली, **राम्रो रचना: मीठो नेपाली**, पूर्ववत्, पृ. २७२ ।

यहाँ राजतन्त्रको अन्त्य भएको दिनको यथास्थितिलाई चित्रण गरिएको छ । त्यसैले यहाँ स्वभावोक्ति अलङ्कारको अनुभूति हुन्छ ।

(ग) **विरोधाभास अलङ्कार**

अवस्था भन्दा भिन्न सम्झनु वा विरोध प्रकट गरिनु विरोधाभास अलङ्कारको लक्षण हो ।

रगतको खोलो बगिरहेछ
तर पानीको खोलो बगेको देख्छ
त्यो अन्धो शासक अझै पनि
मदिरा पिएर लठ्ठ परिरहेछ ॥१७८॥ (पृ. ५२)

यहाँ माथि उल्लेख गरिएको परिस्थितिभन्दा भिन्न देख्नु अन्धो शासक जसलाई देश र जनताप्रति कुनै उत्तरदायित्व नै छैन । ऊ सधैं मदिरामा लट्ठ पर्छ । तसर्थ रगतलाई पानी सम्झनु विरोधाभास अलङ्कार हो ।

## ४.२.७.९ बिम्ब र प्रतीक

बिम्ब र प्रतीकलाई छुट्टा-छुट्टै शीर्षक राखी उल्लेख गरिएको छ ।

### ४.२.७.९.१ बिम्ब

बिम्ब कविताको एउटा महत्त्वपूर्ण तत्त्व हो । यसले कवितामा चित्रात्मकता सृजना गर्दछ । कविताको भाव वा विचारलाई पाठक समक्ष मूर्तिकरण गरेर अझ सम्बेग्य तुल्याउँछ ।

(क) **क्रान्तिबिम्ब**

काव्यकृतिमा क्रान्ति चेतनाको समुद्घोषण गर्ने बिम्बहरू नै क्रान्ति बिम्ब हुन् । विशेषतः कवितामा प्रयुक्त शब्द बिम्बहरूले क्रान्तिमय परिवेशको सिर्जना गर्दा तथा मानसपटलमा क्रान्तिको बिम्बचित्र उपस्थित गराउँदा क्रान्तिबिम्बको सृजना हुन्छ ।[९७]

जनआन्दोलनको त्यो राप
एकनाससँग बलेको थियो
आफ्नो अधिकारको लागि जनताले
निरन्तर लड्नु परेको थियो
यत्रतत्र सर्वत्र

---

९७ लक्ष्मणप्रसाद गौतम, **समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण**, पूर्ववत्, पृ. ३० ।

विशाल देखिएको जुलुसले गर्दा

सबैको मुखबाट दैनिक

एकनासको नारा घन्किएको हुन्थ्यो ॥२५८॥ (पृ. ७१)

माथि राप बलेको, लड्नु परेको, विशाल जुलुस, नारा घन्किएको जस्ता पदावलीहरूले क्रान्तिकारी भावनाको अभिव्यक्ति पाइन्छ । तसर्थ यहाँ क्रान्तिबिम्बको संयोजन पाइन्छ ।

**(ख) प्राकृतिक बिम्ब**

प्कृति जगतबाट टिपिएका बिम्बहरूलाई प्राकृतिक बिम्ब भनिन्छ । मानव निरपेक्ष सौन्दर्य सत्ताका रूपमा प्रकृतिलाई अवलोकन गरी त्यसैबाट काव्यमा एउटा सौन्दर्य चेतनाको चित्रात्मकता उपस्थित गर्नु नै प्राकृतिक बिम्ब आयोजना हो ।[९८]

झरी बादल सबै थोक

सहेको तँ गोरू

चैते हुरी र माघे सिरेटो

पचाएको गोरू

खेत बाहिर र भित्र

दुवै ठाउँमा बसेको गोरू

सबै थोकको

अनुभव हुँदाहुँदै पनि तँ गोरू

तेरो के कुरा गर्नु गोरू ॥३३॥ (पृ. ११)

माथि उल्लिखित झरी-बादल चैते-हुरी, माघे सिरेटो जस्ता पदावलीहरूले प्रकृतिको अनुभूति गराउँदछ । तसर्थ यस्ता पदावलीहरू प्राकृतिक बिम्ब हुन् ।

**(ग) समसामयिक यथार्थ बिम्ब**

समसामयिक यथार्थ बिम्ब अन्तर्गत राजनीतिक, आर्थिक, सामाजिक आदि क्षेत्रका सन्दर्भहरूबाट ग्रहण गरिएका बिम्बहरू पर्दछन् ।

बाघ निरंकुशतन्त्रमा हावी थियो

नहोस् पनि किन ?

निरंकुशता ढल्ने बित्तिकै

---

९८ लक्ष्मणप्रसाद गौतम, **समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण**, पूर्ववत्, पृ. २६ ।

उसले खाइ पाइ आएको पारिश्रमिक
सम्पूर्ण रूपमा सबै बन्द हुन्थ्यो
अनि उसको ऐश-आराम
अनि उसको फूर्ति र धाक रवाफ
त्यो निरंकुशतन्त्रबाट प्राप्त भएको
मान सम्मान, प्रतिष्ठा र इज्जत
सबै डढेर खरानी र मोसो बन्यो ॥२७०॥ (पृ. ७४-७५)

माथि उल्लिखित कवितांशमा क्रमशः राजनीतिक, आर्थिक तथा सामाजिक क्षेत्रबाट आएका निरंकुशतन्त्र, पारिश्रमिक तथा मानसम्मान, प्रतिष्ठा र इज्जत जस्ता पद-पदावलीहरूले समसामयिक यथार्थ बिम्बको प्रतिनिधित्व गरेका छन् । तसर्थ माथिको कवितांशमा समसामयिक यथार्थ बिम्ब पाइन्छ ।

## ४.२.७.९.२ प्रतीक

कुनै पनि सूक्ष्म कुराको अभिव्यक्त गर्न स्थूल वस्तु प्रयोगमा आउँछ भने त्यो प्रतीक हो । कवितामा अप्रस्तुत अर्धसशक्त र चमत्कारपूर्ण हुने भएकाले प्रतीकको भूमिका कवितामा महत्त्वपूर्ण हुन्छ ।

**(क) राजतन्त्रको प्रतीक**

झन्डै दुई सय चालीस वर्ष भएको छ
बाघको एकनासले हालीमुहाली चलेको छ
एकपछि अर्को उत्तराधिकारी हुँदै
दाह्रा र नङ्ग्रा मान्छेको शरीरमा गाड्दै
तनतनी त्यो बाघले रगत चुसेको छ
ऊ गलगिद्ध भएर उठ्छ
अनि स्यालले मुख बिटुल्याउँछ ॥३॥ (पृ. १)

यहाँ बाघलाई राजतन्त्रको प्रतीक मानिएको छ ।

**(ख) भ्रष्ट नेताहरूको प्रतीक**

अब यी यथार्थ कुरा गोरूले बुझ्नुपर्छ
जनताको मुहार हँसाउन उसले सक्नुपर्छ

पहिलेको झैं रूप देखाउने हो भने
अब तैंले पनि बेलैमा कात्रो किने हुन्छ ॥२०५॥ (पृ. ५८)

यहाँ गोरूलाई भ्रष्ट नेताहरूको प्रतीक मानिएको छ ।

**(ग) द्वैध चरित्रको प्रतीक**

द्वैध चरित्र प्रदर्शन गर्ने
पद र प्रतिष्ठामा मरिमेट्ने
त्यसको लागि स्यालले त्यहाँ
जुनसुकै कर्म गर्न पछि नपर्ने ॥१७२॥ (पृ. ५०)

यहाँ स्याललाई द्वैध चरित्रको प्रतीक मानिएको छ ।

## ४.२.७.१० निष्कर्ष

गणेशकुमार पौडेलका पुस्तकाकार कृतिहरू मध्ये वि.सं. २०६३ सालमा प्रकाशित **गोरू महापुराण** हास्यव्यङ्ग्य काव्य आठौं कृति हो । नेपालको सुनौलो भविष्यका लागि आमूल परिवर्तनको अपेक्षा राखिएको प्रस्तुत कृतिमा राष्ट्रिय गतिविधिका विविध विसङ्गतिहरूप्रति तीखो व्यङ्ग्य प्रहार गरिएको छ । राष्ट्रका उत्तराधिकारी भनाउँदा तथा उच्च ओहदामा आसीन व्यक्तिहरू आ-आफ्नो नैतिकता, जिम्मेवारी र दायित्वबोधबाट विहीन भएका बाघ, डमरू, स्याल तथा गोरू जस्ता विभिन्न बिम्बका रूपमा उपस्थित शासक, प्रशासकहरूलाई व्यङ्ग्यका वाणले घाइते बनाउँदै तत्कालीन यथार्थलाई पौडेलले छर्लङ्ग्याएका छन् । वातावरणीय रूपमा जनयुद्धकालीन नेपालको राजनीतिक, आर्थिक, सामाजिक एवं प्रशासनिक परिवेशलाई मार्मिकरूपमा चित्रण गर्दै देशमा व्याप्त अस्तव्यस्तताको कारक तत्त्व राजतन्त्रको अन्त्य र भ्रष्टाचारको जरो उखेल्नका लागि गणतन्त्रको स्थापना अपरिहार्य रहेको कुरा प्रस्तुत काव्यमा उल्लेख गरिएको छ ।

राष्ट्रमा घटित आर्थिक, सामाजिक तथा राजनैतिक विकृति र विसङ्गतिलाई टिपेर चिरफार गर्ने स्रष्टाको ध्येय भएतापनि मूलरूपमा राजनैतिक छापले गर्दा राजनैतिक परिवेशका विकृतिहरूलाई औंल्याउन उद्दत छन् । भाषाशैली, बिम्बालङ्कार तथा यदाकत व्याकरणिक त्रुटीहरूका साथै काव्यिक तत्त्वका दृष्टिकोणबाट केही कमी कमजोरी भएपनि विषयको भावलाई भने उजिल्याएको देखिन्छ । व्यङ्ग्यात्मक शैलीमा भएपनि सरल तथा सहज भएकाले तथा सामान्य झर्रा ठेट शब्दहरूको संयोजनले काव्य बोधगम्य नै देखिन्छ ।

## ४.२.८ सुँगुरको महिमा महाकाव्यको अध्ययन

गणेशकुमार पौडेलद्वारा वि.सं. २०६७ मा प्रकाशित **सुँगुरको महिमा** महाकाव्यलाई विभिन्न दृष्टिकोणबाट अध्ययन गरिएको छ ।

### ४.२.८.१ भूमिका

गणेशकुमार पौडेलद्वारा प्रस्तुत **सुँगुरको महिमा**मा सुँगुरको महिमा गाइएको छैन, बरु सुँगुरको उछितो काडिएको छ । उनले यस काव्यमा व्यङ्ग्यका वाणहरू वर्षाएका छन् अर्थात् मुलुकको ठेक्का लिएर बसेका तथाकथित नेताहरूलाई सुँगुरको कोटीमा राखेर व्यङ्ग्यको बाढी बगाएका छन् । यस काव्यमा कविले सामाजिक, आर्थिक, साँस्कृतिक र खासगरी राजनीतिक विकृति र विरोधाभासहरूमाथि तीव्र र सीधा प्रहार गरेका छन् । राजनीतिक दलहरू र नेताहरूको निकम्मापन, एक अर्का बीचको खुट्टा तानातान, झैं-झगडा र खिचातानी, विदेशी हस्तक्षेप, गिर्दो राष्ट्रिय अर्थतन्त्र, प्रेस स्वतन्त्रतामाथिको हस्तक्षेप, कृषिका समस्या, खाद्यान्न संकट, सदाबहार लोडसेडिङको समस्या, खानेपानीको अभाव, बौद्धिक पलायनका समस्या, रुढीवाद, नारी समस्या, सहिदको मनपरी परिभाषा लगायत वर्तमान् नेपालमा प्रत्येक समस्याहरूमाथि व्यङ्ग्य हान्न कुनै कसर बाँकी राखेका छैनन् । यसरी हेर्दा यो काव्य वर्तमान नेपालको यथार्थ इतिहासको एक दस्तावेज हो । व्यङ्ग्यकाव्य भएको हुँदा देशले गरेको प्रगति र उज्याला पक्षहरूबारे यसमा उल्लेख छैन ।

### ४.२.८.२ शीर्षक

कुनै पनि रचना, कृति आदिको मुख्य नाम वा टाउकोलाई नै शीर्षक भनिन्छ ।[९९] शीर्षक कविता कृतिको नामकरण मात्र नभई कृतिका सारभूत भावविचारको सूचक, सङ्केत वा उद्घाटक समेत हुनुपर्दछ ।[१००] शीर्षकले कुनै पनि रचनाको अर्द्ध अस्तित्वलाई वहन गरेको हुन्छ । प्रत्येक कृतिको माथमा रहने यो अङ्ग ज्यादै महत्त्वपूर्ण हुन्छ । शीर्षकलाई आधार रचना नै मानिने हुँदा हरेक लेखकले शीर्षकद्वारा आफ्ना कृतिको नामकरण खुबै सोचविचारका साथ गरेको पाइन्छ । गणेशकुमार पौडेलको **सुँगुरको महिमा** व्यङ्ग्य प्रधान काव्य हो जसमा कविले व्यङ्ग्यात्मक रूपमा देशमा ठूला पद ओहदामा बसेका व्यक्तिहरूको खिल्ली उडाएका छन् ।

---

९९ वसन्तकुमार शर्मा नेपाल, **नेपाली शब्द सागर**, दोस्रो संस्क. (चावहिलः भाभा पुस्तक भण्डार, २०५८), पृ. १२४९ ।
१०० वासुदेव त्रिपाठी र सहयोगीहरू, (सम्पा.), **नेपाली कविता** (भाग-४), पूर्ववत्, पृ. १७ ।

### ४.२.८.३ संरचना

ज्ञानविज्ञान सम्बन्धी कुनै पनि वस्तु, तत्त्व, ढाँचा वा किसिमका र बनावटलाई संरचना भनिन्छ ।[१०१] विभिन्न अवयव वा घटकहरूको पारस्परिक सम्बन्धद्वारा निर्मित वस्तु वा कृतिको पूर्ण जीवन्त र स्वनिष्ठ अस्तित्व नै संरचना हो ।[१०२] संरचना दुई प्रकारका हुन्छन्- आन्तरिक र बाह्य । कविताकृतिको बाह्य संरचना त्यसका लयात्मक खण्ड/गण र विश्राम भई पाउ/चरण वा पंक्ति विधान तथा (श्लोक वा अनुच्छेद) योजनासँगै थालिन्छ र त्यसमा विविध भाग, परिच्छेद हुँदै विस्तारित हुन्छ अनि सर्ग योजना पनि देखा पर्न सक्छ तथा महाकाव्यमा सर्गबन्ध/सर्गयोजना अपरिहार्य नै रहन्छ ।[१०३] **सुँगुरको महिमा** महाकाव्य बाह्य संरचनाका दृष्टिले पञ्चानब्बे पृष्ठको मध्यम आकारको कृति हो । वि.सं. २०६७ जेठ महिनामा प्रकाशित यस कृतिमा प्रत्येक पृष्ठमा सात-सात श्लोक छन् र प्रत्येक सात-सात श्लोकको एउटा-एउटा सर्ग भएको यसमा पञ्चानब्बे सर्ग रहेका छन् । बाह्य आवरण हेदा एउटा सुँगुरको आकृति प्रस्तुत गरी **सुँगुरको महिमा** नामकरण गरिएको छ । कुनै पनि शीर्षक, उपशीर्षक बिना प्रत्येक दुई पंक्तिको एक श्लोक मानिएको छ यस काव्यमा जम्मा छ सय पैसठ्ठी श्लोकहरू तथा १३३० पंक्तिहरू रहेका छन् । प्रधान सम्पादक श्री मोहन दुवालको प्रकाशकत्वमा वि.सं. २०६७ मा बनेका काभ्रे अन्तर्गत जनमत प्रकाशनमा प्रकाशित भएको हो । *हाम्रो समयको दस्तावेज* शीर्षकमा लक्ष्मण गाम्नागेले *गणेशकुमार पौडेल तथा उनको महाकाव्यमा* **सुँगुरको महिमा** का बारेमा **आफ्नो मन्तव्य** पेश गरेका छन् भने त्यस्तै अर्को पृष्ठमा *प्रकाशकीय* शीर्षक राखी मोहन दुवालका *केही शब्दहरू* रहेका छन् । त्यस्तै पछिल्लो पृष्ठमा पौडेलको छाँयाचित्र सहित सामान्य परिचय तथा उनका अहिलेसम्म प्रकाशित नौ ओटा साहित्यिक तथा सातओटा साहित्येतर कृतिहरूको विवरण उल्लेख गरिएको छ ।

### ४.२.८.४ विषयवस्तु

कुनै ग्रन्थ, लेखादि रचनामा प्रतिपादन गरिने वा गरिएको विचार, कथानक आदिलाई विषयवस्तु भनिन्छ ।[१०४] कुनै खास विषयको बारेमा प्रतिपादन गरिएको कुरोलाई विषयवस्तु

---

१०१ वासुदेव त्रिपाठी र सहयोगीहरू, (संम्पा.), **नेपाली कविता** (भाग-४), पूर्ववत्, पृ. ५४

१०२ खगेन्द्रप्रसाद लुइटेल, **कविताको संरचनात्मक विश्लेषण**, पूर्ववत्, पृ. ४८ ।

१०३ वासुदेव त्रिपाठी र सहयोगीहरू, (सम्पा.), **नेपाली कविता** (भाग-४), पूर्ववत्, पृ. १७-१८ ।

१०४ सूर्यविक्रम ज्ञवाली, (प्र. संम्पा.), **नेपाली संक्षिप्त शब्दकोश** पूर्ववत्, पृ. ६९६ ।

भनिन्छ ।[१०५] कविताको केन्द्रीय तत्त्व विषयवस्तु हो जसको आधारमा सर्जकको सृजनशील व्यक्तित्व केन्द्रित हुन्छ र त्यहाँका विषयवस्तुहरू जीवन भोगाइका प्रत्येक, सुखद क्षणका अनुभूति तथा संस्मरणहरू सामाजिक घात-प्रतिघातमा आधारित भई अगाडि बढेका हुन्छन् ।[१०६] कुनै पनि कृति वा रचना लेखिँदा रचनाकारद्वारा अभिव्यक्त भएका विचारहरूको सँगालोलाई विषयवस्तु भनिन्छ ।[१०७] मानव चेतनाको यावत अनुभव पुन्ज र पुरै प्रकृति, मानवीय समाज र संस्कृति पुराकथा र इतिहास, दर्शन र ज्ञानविज्ञानादिको साथै मानव मनभित्रका समस्त अनुभव र व्यापारको समग्र प्रकाशन कविताको विषयवस्तुमा पर्न सक्दछन् ।[१०८] काव्यरचनाका निम्ति छनोट गरिएको वस्तुचयनलाई कविता काव्यको विषयवस्तुका रूपमा लिन सकिन्छ ।

अनुभूतिको प्रबलता रहेको यस काव्यमा देशविकासका नाममा देखिएका अनेकौं कुकृत्य र असन्तुष्टिहरू सर्जकले धज्जी उडाएका छन् । देशको ढुकुटीमा हाली मुहाली गरेर देश र जनताप्रति गैह्र जिम्मेवार छ सय एक नेताहरूलाई सुँगुरको सङ्ज्ञा दिएका छन् । समाज सचेत कवि पौडेलले समाज, राष्ट्र र विकासको गतिलाई गम्भीरतापूर्वक नियालेका छन् । यसमा वर्तमान लोकतान्त्रिक गणतन्त्रका अनगिन्ती विकृति र विसङ्गतिहरूलाई स्रष्टाले निर्धक्कसँग औल्याएका छन् । पञ्चायती व्यवस्था, बहुदलीय व्यवस्था र लोकतान्त्रिक व्यवस्थामा तुलनात्मक रूपमा सुधारको बदला झन्-झन् रुग्ण र जीर्ण बन्दै चारैतर्फ दुर्गन्धहरू फैलँदै गएकामा स्रष्टा ज्यादै रुष्ट देखिन्छन् । यस काव्यमा कविले राजनीतिक दलहरू र नेताहरूको निकम्मापन एक अर्का बीचको खुट्टा तानातान, झैं-झगडा र खिचातानी, विदेशी हस्तक्षेप, गिर्दो राष्ट्रिय अर्थतन्त्र, प्रेस स्वतन्त्रता माथिको हस्तक्षेप, खानेपानीको अभाव, बौद्धिक पलायनका समस्या, रुढीवाद, नारी समस्या, सहिदको मनपरी परिभाषा लगायत वर्तमान नेपालका प्रत्येक क्षेत्रका समस्याहरूमाथि व्यङ्ग्य हान्न कुनै कसर बाँकी राखेका छैनन् । विश्वमै परिचित नेपाल र नेपालीको दुर्गती, सुगौली सन्धि, सङ्घीय राज्यको कामना, देश विकासको झुठो आश्वासन, साम्राज्यवादको अन्त्यको कामना, कुर्सी तानातान, दलहरू बीचको खिचातानी, हत्या र बलात्कार, अपराधीलाई संरक्षण, बेरोजगारीको समस्या बन्द र हड्ताल, युद्ध र आतङ्क, बम बिस्फोट जस्ता विविध क्षेत्रमा कविका भावनाहरू यसरी उम्लिएका छन् ।

---

१०५ वसन्तकुमार शर्मा नेपाल, **नेपाली शब्दसागर**, पूर्ववत्, पृ. १२२१ ।
१०६ मीनादेवी घिमिरे, **रविकिरण 'निर्जीव'को जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन**, पूर्ववत्, पृ. ३१ ।
१०७ सूर्यविक्रम ज्ञवाली, (प्र. सम्पा.), **नेपाली संक्षिप्त शब्दकोश**, पूर्ववत्, पृ. ६९६ ।
१०८ वासुदेव त्रिपाठी र सहयोगीहरू (सम्पा.), **नेपाली कविता** (भाग-४), पूर्ववत्, पृ. २० ।

देशले सुगौली सन्धिमा केही भाग गुमाएको :

देशघाती र जनघातीहरू सत्तामा पुगेथे ।
त्यस्ताले हेर असमान सुगौली सन्धि गरेथे ॥ (सर्ग ९२)

सङ्घीयताको कामना गरिएका पंक्तिहरू:

दु:ख र कष्ट हेर यहाँ सहेर बस्नु नै पऱ्या छ ।
सङ्घीयता भन्दै देशलाई सुम्सुम्याइराको छ ॥ (सर्ग ८८)

छ सय एक सभासदलाई गरिएको व्यङ्ग्य:

एउटा होइन दुइटा होइन छ सय एक छन् ।
तीन कोटीलाई यिनैले रुवाई राख्या छन् ॥ (सर्ग ३)

दलहरू बीचको खिचातानी:

खिचा र तानी सधैं पर्छ दलहरू बीचमा ।
द्वन्द्व र मारपिट सधैं हुन्छ आफू-आफैंमा ॥ (सर्ग ९)

प्रेस स्वतन्त्रतामा हस्तक्षेप:

पत्रकारले सही त्यो कुरा लेख्न नै सक्दैन
लेखे उसले बाँच्न हेर पाउँदै पाउँदैन ॥ (सर्ग ११)

राजधानीमा पानीको हाहाकार:

मानवलाई सधैं काकाकुल बनाइराख्या छ ।
सधैंभरी त्यो मृगतृष्णा देखाउँदै बस्या छ ॥ (सर्ग १५)

सुँगुरहरूको अन्त्येष्टि तथा बराह अवतारको कामना:

बराहले मात्र हेर यहाँ संविधान लेख्छ नि ।
लेख्छु भन्दै सुँगुरले उद्दण्ड गर्छ नि ॥ (सर्ग ९४)
अन्त गर्न सुँगुरको चाँडै बराह खोज्नु छ ।
यो कामलाई सम्पन्न गर्न युवा नै चाहिन्छ । (सर्ग ९५)

यसरी विभिन्न विषम परिस्थितिहरूलाई मध्यनजर गर्दै कविले राष्ट्रप्रेमको भावनाले देशमा भएका अँध्यारा पक्षहरूलाई उजागर गरेका छन् र देशको सुन्दर भविष्यको कामना गरेका छन् ।

## ४.२.८.५ भावविधान

भावविधान काव्यको अनिवार्य तत्त्व हो । यसमा जीवन जगत्को समय, विषयवस्तु र मानव चेतनाको यावत अनुभव पुञ्ज कवितामा नअटाउने चाहिँ होइन र पुरै प्रकृति वा जीवन र जगत् मानवीय समाज र संस्कृति, पुराकथा र इतिहास, दर्शन र ज्ञानविज्ञान आदिका साथै मानवमनको समस्त अनुभाव व्यापार कथन कविता हुनसक्छ ।[१०९] मानवीय जीवन जगतका यावत विषयवस्तुलाई मानव चेतनाभित्र अनुभव तथा अनुभूतिको लयात्मक, रागात्मक र कलात्मक निष्कर्षका रूपमा विशेषप्रकारको भाव-अर्थ प्रदान गर्नु नै यथार्थता कविताको भावविधान हो ।[११०] कविता सृजनाका लागि प्रयुक्त मूल विषयवस्तु र अवधारणा विशेषलाई भाव भनिन्छ ।[१११] कुनै कृतिले भन्न खोजेको सारपूर्ण कुरा मूलभाव हो । यसलाई केन्द्रीय विचार, लेखकको दर्शन वा कृतिको सारवस्तु पनि भनिन्छ ।[११२] **सुँगुरको महिमा** नामक काव्यमा गणेशकुमार पौडेलले विकृति र विसङ्गतिमा व्याप्त रहेर बाँच्न रुचाउने राजनीतिज्ञहरूले झुठो आश्वासन दिँदै नेपाल र नेपालीको प्रगतिको सट्टा दुर्गति निम्त्याएका कुरा नै यस काव्यको भाव पक्ष हो । संक्षेपमा मूल्याङ्कन गर्दा नेपालमा विद्यमान सामाजिक, आर्थिक, साँस्कृतिक र खासगरी राजनीतिक विकृति र विरोधाभास माथि तीव्र र सीधा प्रहार गरेका छन् । सुँगुरहरूलाई समाप्त नपारी यो देशको भलो नहुने कुरा यस काव्यमा पौडेलले यसरी उल्लेख गरेका छन्:

सुँगुरको अन्त्येष्टि हामीले चाँडै नै गर्नुछ ।
अनि पो बल्ल जन र देशको भलो हुनेछ ॥ (सर्ग ३)
कोही कागताली परेर सत्तामा पुग्या छन् ।
कोही दादागिरी देखाइ सत्तामै पुग्या छन् ॥ (सर्ग ७९)
नयाँ नेपाल बनाउँछु भन्ने नारा लगाउँछ ।
अरिङ्गाल झैं छ सय एकको गोलो पऱ्या छ ॥ (सर्ग ८१)

यसरी हेर्दा यो काव्य वर्तमान नेपालको यथार्थ इतिहासको एक दस्तावेज हो । व्यङ्ग्यकाव्य भएको हुँदा देशले गरेका प्रगति र उज्याला पक्षहरूबारे यसमा उल्लेख छैन तर

---

१०९ वासुदेव त्रिपाठी र सहयोगीहरू (सम्पा.), **नेपाली कविता** (भाग-४), पूर्ववत्, पृ. २० ।
११० ईश्वरीप्रसाद गैरे, **आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य**, पूर्ववत्, पृ. २१९ ।
१११ खगेन्द्रप्रसाद लुइटेल, **कविताको संरचनात्मक विश्लेषण**, पूर्ववत्, पृ. २१९ ।
११२ कृष्णहरि बराल र नेत्र एटम, **साधारण नेपाली व्याकरण अभिव्यक्ति र अभ्यास** (काठमाडौं, हजुरको प्रकाशन, २०६५), पृ. २३२ ।

विकृति र विसङ्गतिका पक्षहरू भने कुनै छुटाइएको छैन । यसरी गणेशकुमार पौडेलको **सुँगुरको महिमा** महाकाव्य एउटा समय सापेक्ष कृतिको रूपमा आएको छ ।

## ४.२.८.६ भाषाशैली

जुन अर्थको कथन कुनै कविता कृतिले गर्नुछ, त्यसका निम्ति उपलब्ध भएका भाषिक विकल्पहरू मध्येबाट सबैभन्दा बढी ललित र रागात्मक साथै व्यञ्जक र लयात्मक हुनसक्ने गरी वर्ण, शब्द/पद, पदावली, वाक्यखण्ड, वाक्य र अनुच्छेद विधान समेत सृजित हुने कुरा नै कविताको भाषाशैली हो ।[११३] भाषा परिवर्तनशील वस्तु भएकाले भाषिक निर्माण पनि स्थिर नभई परिवर्तनशील नै हुन जान्छ । कवितालाई साकार र मूर्त तुल्याउने साधन भाषा हो र यसको प्रयोगगत विविधताका आधारमा विधागत विभेद जन्मन्छ । अन्य गद्य विधाका तुलनामा कविताको भाषा लयात्मक, रागात्मक, ध्वन्यात्मक, सौन्दर्यमूलक, आलङ्कारिक, भावोपयोगी, विचलनयुक्त, सुगठित, गतिहीन हुनुका साथै अधिकांशतः उच्च प्रयुक्ति र अंशतः मध्यम प्रयुक्तिमा अधारित हुन्छ । प्रयुक्ति विषयवस्तु वा प्रयोक्तामा निर्भर भएपनि कवितामा मुख्य तथा उच्च प्रयुक्ति कै प्राधान्य रहन्छ यस उसले यसैबाट कविताको स्तरीयताको मापन निर्धारण गर्ने गरिन्छ ।[११४] कवितामा भाव र यसै भावबाट उद्बुद्ध हुने अनुभूतिलाई बोक्ने संवाहन गर्ने तत्त्व भाषा हो र यही भावानुभूतिलाई विशिष्ट तौरतरिका, विधि, पद्दति एवम् ढाँचा, ढर्रा र विशेष किसिमको प्रक्रिया अपनाउने तत्त्व नै शैली हो ।[११५] सुँगुरको महिमा काव्यमा सहज शैली अति सरल शब्दहरूको प्रयोग गरिएका छन् । राजनैतिक, प्रशासनिक तथा झर्रा शब्दहरू देखिन्छन् । गीतिलयात्मक ढाँचामा दुई-दुई पङ्क्तिको एक श्लोकीय शैलीमा काव्य निर्माण गरिएको पाइन्छ । गीतिलयात्मक शैली भएकाले अनुप्रासीय संरचना मिलाउने क्रममा धेरै मिल्दा जुल्दा देखिएपनि कतिपय ठाउँमा नमिलेका जबर्जस्ती मिलाउने प्रयत्न गरिएकाले कतै-कतै नमिलेको भान हुन्छ । व्याकरणिक दृष्टिले केही शब्द र वाक्यहरू अशुद्ध भएतापनि अर्थ प्राधान्यताका आधारले ठीकै मान्नुपर्ने देखिन्छ । कतै सरल भाषामा भावव्यक्त गरिएको छ भने कतै तीखो र चोटिलो भाषाले भावलाई तीव्र पारिएको छ । भाषाशैली समग्रमा भन्नुपर्दा त्यति वजनदार र गहकिलो नभएकाले हल्काफुल्का र फिका जस्तो पनि प्रतीत हुन जान्छ । शैली जटिल नभई सरल र

११३ वासुदेव त्रिपाठी र सहयोगीहरू (सम्पा.), **नेपाली कविता** (भाग-४), पूर्ववत् पृ. १९ ।
११४ खगेन्द्रप्रसाद गैरे, **कविताको संरचनात्मक विश्लेषण**, पूर्ववत्, पृ. २४६ ।
११५ ईश्वरीप्रसाद गैरे, **आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य**, पूर्ववत्, पृ. २३ ।

मध्यमखालको भएकाले कृति सर्वसाधारण पाठकका निम्ति बोधगम्य नै देखिन्छ । भावलाई समुचित स्वरूप प्रदान गर्नका निम्ति सरल, सहज भाषाशैली अपनाउनु कृतिको मुख्य पक्ष मान्नु पर्ने देखिन्छ । **सुँगुरको महिमा** मा शिष्ट नेपाली भाषाको प्रयोग पाइन्छ । गोठालो, पुकुलन्ठ, लफङ्गा, मण्डले, चुल्ठे, कुण्डले, मुन्द्रे जस्ता झर्रा नेपाली शब्द संयोजनले काव्य स्वादिष्ट बनेको छ भने पो, नै, खै, त, चै जस्ता निपात तथा भने, भनी र अनि पनि संयोजक शब्दहरूले कवितात्मक वाक्यगठनलाई कसिलो बनाएको पाइन्छ । एकाक्षरी, द्वयाक्षरिक शब्दहरू र त, चै, नि, पो, हेर, भई सबै इत्यादिका साथै राजनैतिक, प्रशासनिक, प्राविधिक, वैज्ञानिक शब्दहरूको प्रयोगले काव्यलाई आस्वाद्य पारेका छन् । धेरैजसो सरल, सहज शब्दहरूको प्रयोग छ त कतै कतै व्याकरणगत विचलन पनि भेटिन्छ । जेहोस् कृति भित्रमा कवितामा भावको विविधता, वर्णनको मनोहारिता, भावानुकूल, भाषिक प्रयोग, व्यञ्जनाधर्मी ध्वनिकाव्यको चेष्टा र अभिव्यक्तिगत माधुर्यजस्ता भाषाशैलीको प्रयोगको कारण **सुँगुरको महिमा** व्यङ्ग्यकाव्यका रूपमा स्थापित भएको मानिन्छ ।

### ४.२.८.७ जीवनदृष्टि

साहित्य जीवनकै अभिव्यक्ति हो । अभिव्यक्तिका विभिन्न प्रकार र माध्यमबाट साहित्यका विभिन्न विधाको सिर्जना हुन्छ । निरुद्धेश्य वा निष्प्रयोजन साहित्यको रचना नगरिने हुनाले साहित्यकै एक प्रमुख विधा काव्य रचना पनि निरुद्देश्य वा प्रयोजनहीन वा जीवनदृष्टि नभएको हुँदैन । जीवनदृष्टिको अर्को नाम उद्देश्य हो । यसकारण कुनै पनि विषयवस्तुमा आधारित भएर भावमय अनुभूतिप्रधान कलात्मक व्यञ्जना, अभिव्यजनात्मक प्रकरीकरण नै कविताको उद्देश्य वा जीवन दृष्टि हो ।[११६] कविले देशमा विद्यमान आर्थिक, साँस्कृतिक, सामाजिक तथा राजनीतिक, प्रशासनिक आदि हरेक क्षेत्रमा देखापरेका विकृतिहरूमाथि व्यङ्ग्य प्रहार गर्नु यस **सुँगुरको महिमा** महाकाव्यको जीवनदृष्टि अर्थात् उद्देश्य रहेको पाइन्छ । नयाँ परिपाटी र परिवर्तित राष्ट्रको चाहना राख्दै सुँगुरको कोटीमा राखिएका घृणित व्यक्तित्वहरूको अन्त्य गर्दै नयाँ नेतृत्वको खोजीमा लाग्न तथा बराह अवतारको कामना गरी नयाँ नेपालको सृजनाको आह्वान गर्नु कविको उद्देश्य यस काव्यमा देखिन्छ ।

११६ ईश्वरीप्रसाद गैरे, **आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य**, पूर्ववत्, पृ. २४ ।

## ४.२.८.८ लयविधान र दृष्टि बिन्दु

लय विधान र दृष्टि बिन्दुलाई दुई छुट्टाछुट्टै शीर्षकमा राखेर वर्णन गरिएको छ ।

## ४.२.८.८.१ लयविधान

लय मानिसको हृदयमा उब्जिने साङ्गीतिक लहर वा तरङ्ग हो । गेयात्मकता वा साङ्गीतिकता प्रदान गर्ने श्रुतिमधुर ध्वनि नै लय हो । कविता काव्यको महत्त्वपूर्ण तत्त्वको रूपमा लयविधानलाई मानिन्छ । वास्तवमा लयले नै कविताको पहिचान गराउँछ । कवितामा लयले लालित्यता सृजना गराउनका साथै श्रुतिमोहक समेत गराउँछ । कविताको बृहत् र बृहत्तर रूपमा लयविधानको प्रवाह निकै विशाल हुन्छ । लय कविताको अनिवार्य र विद्यागत रूपमा व्यतिरेकी तत्त्व हो । अरु विद्यामा सामान्य लय हुन्छ भने कवितामा विशिष्ट लय हुन्छ । भाषाशैलीको पंक्तिगत र पंक्तिपुञ्जगत (श्लोकात्मक वा अनुच्छेदात्मक) उच्चारण र श्रवणका क्रममा रम्य लाग्ने साङ्गीतिक ध्वनिगत स्थितिलाई लय विधान भनिन्छ ।[११७] कविता काव्यमा उच्चारण वा गायनको तौर तरिका, स्वर, गति, यति, आरोह, अवरोध, अनुप्रासीय ढाँचा, लालित्य शब्दोच्चारणादि विधान लगायतलाई लय विधान भनिन्छ ।[११८] **सुँगुरको महिमा** आख्यानात्मक नभई एकालापीय विचारात्मक शैलीको गीतिविधाअन्तर्गत गीतिछन्दको लयविधानमा आधारित काव्य हो । दुई-दुई पंक्तिको एकश्लोकीय संरचनात्मक लयविधान **सुँगुरको महिमा**मा पाइन्छ । सरल, सरस, श्रुतिमाधुर्यपूर्ण एवम् विशेषतः गीत्यात्मक कवितामा समान अन्त्यानुप्रास ढाँचाले **सुँगुरको महिमा** काव्य मिठासपूर्ण तथा लयात्मक रहेको पाइन्छ जसका केही उदाहरणहरू:

भित्रभित्रै क्रान्तिको हेर तयारी गरिन्छ ।
आएर बाहिर मिडियालाई शान्त छ भनिन्छ ॥ (सर्ग ३१)
हिजोसम्म निरङ्कुशतालाई गाली गर्थ्यो त्यो ।
निरङ्कुश आफैं बन्यो है आज सत्ता पाउँदा त्यो ॥ (सर्ग ३२)

---

११७ वासुदेव त्रिपाठी र सहयोगीहरू, **नेपाली कविता** (भाग-४), पूर्ववत्, पृ. १९ ।

११८ अनिताकुमारी पण्डित, **सरस्वती रिजालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, ( चितवन: नेपाली विभाग, वी.ब.क्या., २०६७) पृ. ५२ ।

## ४.२.८.८.२ दृष्टि बिन्दु

कृति उपस्थित गर्ने पद्दति विशेषलाई दृष्टिबिन्दु भनिन्छ र काव्यमा दृष्टिबिन्दु मुख्यतया प्रथम पुरुषात्मक र तृतीय पुरुषात्मक हुन्छन् ।[११९] कृतिभित्र उपस्थित पात्रको भूमिकागत रूपलाई नै दृष्टि बिन्दुका रूपमा लिन सकिन्छ । कवितामा कथयिता वा आत्मालापी कविले आफ्नै वस्तुपरक अथवा आत्मपरक कथ्य आफैं गुनगुनाउँदा पनि अप्रत्यक्ष कसैप्रति (भावकप्रति) सम्बोधन गरी भन्दछ र यो कथन प्रथम पुरुष र कहिलेकाहीँ द्वितीय पुरुष र प्रशस्तमात्रामा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको पाइन्छ । यिनका केही दृष्टान्तहरू तल प्रस्तुत गरिएको छ :

प्रथम पुरुष दृष्टिबिन्दु प्रयोग भएका काव्यका पंक्तिहरू:

खोजी खोजी बराहलाई हामीले पूजा गर्नु छ ।
सुँगुरलाई भालाले अब घोपेर मार्नुछ ॥ (सर्ग ९४)
अन्त गर्न सुँगुरको चाँडै बराह खोज्नु छ ।
यो कामलाई सम्पन्न गर्न युवा नै चाहिन्छ । (सर्ग ९५)

द्वितीय पुरुष दृष्टिबिन्दु प्रयोग भएका काव्यका केही पंक्तिहरू:

उन्नाइस सय पचासको सन्धिलाई हेर लौ ।
सत्रसालको भारतीय सैन्य हस्तक्षेप हेर लौ ॥ (सर्ग ५९)
सबै ती कुराको बोध राम्ररी गरेर हेर लौ ।
आन्दोलन चाहियो कि चाहिएन बुझेर हेर लौ ॥ (सर्ग ५९)

तृतीय पुरुष दृष्टिबिन्दु प्रयोग भएका काव्यका केही पङ्क्तिहरू :

जनता एउटा सोचलिई सडकमा आएथे ।
परिवर्तनको उत्सव त्यो बोकेर आएथे ॥ (सर्ग ४४)
बराह भई भगवान आए हित गर्न मानवको ।
सुँगुर बनी राक्षस आयो सत्यनास गर्न पो ॥ (सर्ग ९४)

यसरी प्रथम, द्वितीय र तृतीय पुरूषात्मक दृष्टिविन्दुको प्रयोग सुँगुरको महिमा काव्यमा देखिन्छ ।

---

११९ मोहन शर्मा, **समकालीन समालोचना सिद्धान्त र प्रयोग**, पूर्ववत्, पृ. ५६५ ।

## ४.२.८.९ छन्द, रस र अलङ्कार

यस शीर्षक अन्तर्गत छन्द तथा रस र अलङ्कारलाई अलग-अलग शीर्षकमा राखेर अध्ययन गरिएको छ ।

## ४.२.८.९.१ छन्द

छन्द शब्दको व्युत्पादन संस्कृतको 'छद्' धातुमा 'असन' प्रत्यय लागेर भएको हो । 'छद्' शब्दको अर्थ खुलाउँदा आनन्दित पार्नु, फकाउनु, बाँध्नु, रक्षा गर्नु आदि । छन्दले कवितात्मक भाषाशैलीलाई आकर्षक, सजीव, प्रभावकारी र चमत्कारपूर्ण बनाइदिन्छ किनभने यसमा गेयता र सूत्रबद्धता समेत हुन्छ ।[१२०] यस हिसाबले हेर्दा कवितामा छन्दको महत्त्व र उपादेयता अझ बढी हुन्छ कारण छन्दबद्ध कविता नै लयविधानको मर्मलाई राम्ररी उद्घाटित गर्ने खालका हुन्छन् । वर्ण र मात्राको गणना र विश्रामले फरक-फरक गेयात्मक रूप लिने वाक्य वा वाक्यहरूको गठनलाई छन्द भनिन्छ ।[१२१] कविता काव्यमा छन्दको महत्त्व र उपादेयता कसरी बढी झल्कन सक्छ भने छन्दोबद्ध कविताले नै लयविधानमा कवितालाई पक्रिई कवितात्मक श्रुतिमाधुर्य उद्घाटित गर्दछ । **सुँगुरको महिमा** काव्यमा त्यस्तो शास्त्रीय वा अन्य कुनै प्रचलित छन्द पाइँदैन । गीति छन्दमा संरचित काव्यमा कतिपय ठाउँमा छन्दमा विशृङ्खलता पनि पाइन्छ । शास्त्रीय छन्दमा आबद्ध नभएपनि राष्ट्रिय भावनाले ओतप्रोत गीतिछन्दमा अभिव्यक्त भएका निम्नलिखित कविताका पंक्तिहरूलाई दृष्टान्तका रूपमा लिइएको छ :

नेपाल र नेपालीलाई स्वाभीमानी बनाउन ।
फोहोरी खेलको चाँडै नै अन्त नगरी हुँदैन ॥ (सर्ग ५६)
देशघाती र जनघातीहरू सत्तामा पुगेथे ।
त्यस्ताले हेर असमान सुगौली सन्धि गरेथे ॥ (सर्ग ९२)
मातृभूमिको तृष्णामा युद्ध गर्नु पर्‍या छ ।
आमालाई मार्न खोज्नेलाई लखेट्नु पर्‍या छ ॥ (सर्ग ७५)

राष्ट्रिय भावनाले भरिएका माथिका पंक्तिहरूमा कविले नेपाल र नेपालीको स्वाभिमानलाई जोगाइराख्न देशमा अशान्ति फैलाउने देशघाती तथा

---

१२० कृष्णप्रसाद पराजुली, **राम्रो रचना: मीठो नेपाली**, पूर्ववत्, पृ. २५८ ।
१२१ सूर्यविक्रम ज्ञवाली, (प्र. सम्पा.) **नेपाली सङ्क्षिप्त शब्दकोष**, पूर्ववत्, पृ. २५८ ।

जनघातीहरूको अन्त्य गरी नेपाल आमाको रक्षा गर्नु हामी सबैको दायित्व हो भन्ने भावना अभिव्यक्त भएको छ ।

## ४.२.८.९.२ रस

रस् धातुमा अ प्रत्यय लगाएर रस शब्दको निर्माण गरिन्छ । 'रसस्यते आस्वाद्दते इतिरसः' अर्थात् जसको आस्वादन गरिन्छ त्यो वस्तु रस हो भन्ने प्रचलन बढी पाइन्छ । काव्य पढ्दा, सुन्दा र नायकको अभिनय हेर्दा पाठक/भावक/दर्शकलाई जुन किसिमको आनन्द निष्पन्न हुन्छ, रमणीय भावोत्पन्न हुन जान्छ त्यही आनन्दाभूति नै रस हो ।[१२२] काव्यका विषयको दर्शन अनि श्रवणबाट मनमा उत्पन्न हुने भाव, विभाव, अनुभाव र सञ्चारी भावको योगद्वारा निष्पन्न हुने आनन्दाभूति विशेष शृङ्गार, हास्य, करूण, रौद्र, वीर, भयानक, वीभत्स, शान्त र अद्भूत यिनै नवरसलाई नै रस भनिन्छ ।[१२३]

**(क) वीभत्स रस**

घृणित वस्तु वा दृश्य देख्दा त्यस्तो कुराको वर्णन सुन्दा वा पढ्दा उत्पन्न हुने मनोविकार नै वीभत्स रस हो । स्थायीभाव घृणा हो ।

> जात त त्यही हो सुँगुरको बेहोरा फरक छ ।
> झाडा र बान्ता मानवको त्यसलाई चाहिन्छ ॥ (सर्ग ८)
> लडी र बुडी पाइखानाको ढलमा गर्दछ ।
> डुबुल्की मार्दै थुतुनो देखाई रमाई बस्दछ ॥ (सर्ग ३)

यहाँ झाडा, बान्ता, पाइखानाको ढल जस्ता पद तथा पदावलीहरूले घृणा उत्पन्न गर्दछन् तसर्थ यहाँ वीभत्सरसको अनुभूति पाइन्छ ।

**(ख) वीररस**

कुनै साहसिक कार्य गर्न प्रेरित गर्ने वा त्यस्तो कार्यमा प्रवृत तुल्याउने एक उल्लासपूर्ण भाव नै वीररस हो । यसको स्थायी भाव उत्साह हो ।

> अत्याचारको विरोध गरी अन्त गर्नुछ ।
> बुलन्द आवाज सडकमा हेर घन्काउनु छ । (सर्ग ६३)
> भोका र नाङ्गा सबै जनता अबलाई उठ्नुछ ।
> वस्ती वस्तीबाट अब सबै नै जाग्नु पऱ्या छ ॥ (सर्ग ८५)

---

१२२ कृष्णप्रसाद पराजुली, **राम्रो रचना: मीठो नेपाली**, पूर्ववत्, पृ. २७९ ।
१२३ सूर्यविक्रम ज्ञवाली, (प्र. सम्पा.) **नेपाली सङ्क्षिप्त शब्दकोष**, पूर्ववत्, पृ. ६३० ।

उपर्युक्त कविताांशमा अत्याचारको विरोध, बुलन्द, आवाज उठ्नु छ, जाग्नु पऱ्या छ जस्ता पदावलीहरूलृे उत्साह बढाउने हुँदा यहाँ वीररसको संयोजन पाइन्छ ।

(ग) **रौद्ररस**

कसैले आफ्नो अहम्मा चोट पुऱ्याउँदा, अपमान गर्दा वा वध आदि अनिष्ट कार्य भएमा रौद्ररस उत्पन्न हुन्छ भने यसको स्थायीभाव क्रोध हुन्छ ।

यातना, मारकाट, हत्याको अन्त गर्नुछ ।
राजनीतिक अस्थिरतालाई टुङ्गोमा लाउनु छ ॥ (सर्ग ५१)
होच्याई हेप्छ आमालाई अनि कोपर्छ ।
नपुगेर त्यतिले हेर हातपात गर्दछ ॥ (सर्ग ४६)

यहाँ यातना, मारकाट, हत्या, होच्याइ हेप्छ, कोपर्छ, हातपात गर्छ जस्ता शब्द तथा पदावलीहरूले क्रोध उत्पन्न गर्ने हुँदा यहाँ रौद्र रसको संयोजन भएको पाइन्छ ।

(घ) **करूणरस**

इष्टनाश र अनिष्ट प्राप्ति, स्वजन र प्रियजनको मृत्यु अथवा दुःखद अन्त्य, वैभवको क्षति आदिबाट उत्पन्न विरह वेदना यसमा पाइन्छ । जसको स्थायीभाव शोक हो ।

हृदयभित्र काँडा बिझ्री खिल पल्ट्या छ ।
आँसुको भेल आँखामा हेर, हरक्षण, रहिरा'छ । (सर्ग ४८)
ग्लानि हुन्छ आत्मा यहाँ सज्जनको बोलीमा ।
बलात्कारी छाती फुलाई हिँड्छ धर्तीमा ॥ (सर्ग ४८)

माथि उल्लिखित आँसुको भेल, ग्लानि जस्ता पद तथा पदावलीहरूले शोक प्रकट गर्ने हुँदा यहाँ करूणरसको संयोजन पाइन्छ ।

यसप्रकार उपर्युक्त रसहरूले **सुँगुरको महिमा** काव्य सुसज्जित रहेको पाइन्छ ।

## ४.२.८.९.३ अलङ्कार

कविता काव्यलाई सजाउने, सुन्दर पार्ने तथा थप चमत्कारीता प्रदर्शन गर्ने अर्को तत्त्व अलङ्कार हो । 'अलम्' उपपदपूर्वक कृ धातुमा करण या भावका अर्थमा धञ् प्रत्यय लागि अलङ्कार शब्दको निर्माण हुन्छ । अलम्को अर्थ भूषण हो । यसप्रकार अलङ्कार भन्नाले भूषण गर्ने वस्तु भन्ने स्पष्ट हुन्छ । अर्को अर्थमा 'अलम्' भन्नाले पर्याप्त भन्ने पनि बुझिन्छ । यसैले प्रशस्त सीप पुऱ्याएर वा साह्रै राम्रो बनाएर भनिएको कथन विशेषलाई

अलङ्कार भनिन्छ ।[१२४] रमाइला शब्द योजनाका साथै अर्थ चमत्कारद्वारा काव्यलाई सजाउने तथा आकर्षक पारी भाषामा लालित्य झल्काउने काम अलङ्कारले गर्दछ । साहित्यमा गहनाभूषण शृङ्गार आदिद्वारा मधुरता ल्याउन प्रयोग गरिने शब्दमूलक वा अर्थमूलक चमत्कारपूर्ण उक्तिहरूको भेद या भनौं साहित्यको सौन्दर्यबर्द्धक एक अङ्गलाई अलङ्कार भनिन्छ ।[१२५]

**(क) अनुप्रास अलङ्कार**

पंक्तिको अन्त्यमा समान वर्ण वा शब्द दोहोरिँदा अन्त्यानुप्रास अलङ्कार हुन्छ ।

गराई मारपिट यहाँ हेर ज्यान त्यो मारिन्छ ।
ढलेका सहिद बारेमा यहाँ ढोलमात्रै पिटिन्छ ॥ (सर्ग-३५)

माथि उल्लिखित मारिन्छ, पिटिन्छ शब्दहरूमा इन्छ दोहोरिएको छ तसर्थ यहाँ अनुप्रास अलङ्कार रहेको पाइन्छ ।

**(ख) स्वभावोक्ति अलङ्कार**

जीवन जगतमा भए गरेका यथार्थको वर्णन गरिँदा स्वभावोक्ति अलङ्कारको संयोजन हुन्छ ।

आफैंले गऱ्यो सहमति आफैंले भङ्ग गऱ्या छ
बोलीलाई बदलेर रूपरङ्ग फेऱ्या छ ॥ (सर्ग ३४)

माथिका कवितांशमा छ सय एक सभासदहरूबीचमा हुने सहमति आफैंले फेरि तुरून्तै फेर्ने गरेकाले नेपालको यथार्थको चित्रण भएको छ । तसर्थ यहाँ स्वभावोक्ति अलङ्कारको प्रयोग भएको छ । यसप्रकार प्रस्तुत **सुँगुरको महिमा** काव्यमा भिन्न भिन्न रस र अलङ्कारको संयोजन भएको छ ।

## ४.२.८.१० बिम्ब र प्रतीक

माथि उल्लिखित बिम्ब र प्रतीकलाई भिन्ना-भिन्नै दुई उपशीर्षक राखेर अध्ययन गरिएको छ ।

---

१२४ विष्णुप्रसाद पौडेल, **संस्कृत काव्यशास्त्र**, पूर्ववत्, पृ. ७० ।
१२५ वासुदेव त्रिपाठी र सहयोगीहरू (सम्पा.), **नेपाली कविता** (भाग-४), पूर्ववत्, पृ. २० ।

## ४.२.८.१०.१ बिम्ब

कुनै कृतिमा मुख्य कथ्य अर्थको सहचर प्रतिच्छायाका रूपमा आउने अर्को सहप्रस्तुत वा सहवर्ती अर्थ बिम्ब हो ।[१२६] स्रष्टा वा सर्जकका मानसपटलमा रहेका मानसिक तस्वीरलाई सम्मूर्तित बनाउने चित्रात्मक भाषालाई बिम्ब भनिन्छ ।[१२७] प्रस्तुत वस्तुद्वारा अप्रस्तुतको र अप्रस्तुतद्वारा प्रस्तुतको चित्राङ्कन गरी प्रस्तुतलाई सम्मूर्तित बनाउनु नै सामान्यार्थमा बिम्ब हो । बिम्बको उद्देश्य पाठक सामु भाव वा विचारलाई मूर्तवान बनाएर त्यसलाई अझै संवेद्य बनाउनु हो । प्रस्तुत सुँगुरको महिमा काव्यमा केही बिम्बहरू उल्लेख भएका छन् ।

**(क) समसामयिक यथार्थ बिम्ब**

खिचा र तानी सधैं चल्छ दलहरूबीचमा ।
द्वन्द्व र मारपीट सधैं हुन्छ आफू-आफैंमा । (सर्ग ९)

अहिले पुनः छ सय एक कपूतको जन्म भो ।
मुलुकलाई बाइसे चौबिसे बनाउने नै भो ॥ (सर्ग ९३)

यहाँ युग जीवन बेथिति र विकृतिले जन्माएका विविध भाव व्यक्त गरिएका छन् ।

**(ख) ऐतिहासिक बिम्ब**

अठाह्र सय एक सालसम्म गोरखा राज्य थ्यो ।
मेरो हातको एकीकरण एकतीस वर्ष थ्यो ॥ (सर्ग ९१)
नेपाली बहादुर भनी संसारैमा चिनिएको थ्यो ।
आज आएर नेपाल र नेपालीको यो गति भो ॥ (सर्ग ९१)

यहाँ ऐतिहासिक विषयवस्तुलाई उपर्युक्त पङ्क्तिहरूमा उल्लेख गरिएको छ ।

**(ग) क्रान्ति बिम्ब**

बन्द र हड्ताल, युद्ध हेर सधैं चल्या छ ।
सर्वहारा वर्गमा हेर रूवाबासी भएको छ । (सर्ग १३)
यातना, मारकाट, हत्याको अन्त गर्नुछ ।
राजनीतिक अस्थिरतालाई टुङ्गो लाउनु छ । (सर्ग ५१)

यहाँ क्रान्ति चेतनाको भाव उद्बुद्ध गराउने सन्दर्भमा माथिका पङ्क्ति प्रयुक्त भएका छन् ।

---

१२६ वासुदेव त्रिपाठी र सहयोगीहरू (सम्पा.), **नेपाली कविता** (भाग-४), पूर्ववत्, पृ. २० ।
१२७ लक्ष्मणप्रसाद गौतम, **समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण**, पूर्ववत्, पृ. १ ।

(घ) **प्राकृतिक बिम्ब**

खोलानालामा पुल छैन जँघार नतरी हुँदैन ।
उस्तै छ पहाड, वन र पाखा फेरिएको छैन ॥ (सर्ग ९०)
यो हाम्रो मुलुक उपनिवेश कसैको बनेन ।
जलभण्डार नदी र नाला कहिल्यै सुक्दैन ॥ (सर्ग ७८)

यहाँ प्रकृति जगत्का दृश्य, परिवेश, कार्यव्यापारको उल्लेख गरिएको छ । यसप्रकार विविध बिम्बहरूको आयोजनाले प्रस्तुत कृति सुसज्जित पाइन्छ ।

## ४.२.८.१०.२ प्रतीक

प्रतीक भन्नु नै ध्वन्यात्मक अभिव्यक्ति हो । यसको अर्थ लक्षणात्मक वा व्यञ्जनात्मक हुन्छ । प्रतीक एक प्रकारको आरोप हो । तसर्थ आरोप्य वस्तुसित रूप स्वभाव तथा गुणको दृष्टिको प्रतीक सादृश्य हुनुपर्दछ । प्रतीकको उद्देश्यचाहिँ भाव वा विचारलाई सङ्केतित गर्नु मात्र हो । यसैले प्रतीक र बिम्बको सादृश्य सम्बन्धका कारण बिम्ब वर्गीकरणमा प्रतीकात्मक बिम्ब देखापरेको पाइन्छ ।[१२८] प्रतीकको प्रयोग अभिव्यक्तिलाई प्रभावशाली बनाउनका लागि गरिएको हुनुपर्दछ । कविको अमूर्त चिन्तन प्रतीकहरूको माध्यमद्वारा नै कलात्मक रूपमा अभिव्यक्त हुन्छ ।[१२९] साहित्यकार गणेशकुमार पौडेलले आफ्ना काव्यका भावहरूलाई ओजपूर्ण र कलात्मक तुल्याउन प्रतीकको संयोजन गरेको पाइन्छ । काव्यांशमा प्रयुक्त प्रतीकहरू निम्नलिखित छन्:

(क) **घृणाको प्रतीक**

घृणित सुँगुर निर्लज्ज भई बसेको हुन्छ त्यो ।
खोजेर हिँड्छ खानलाई त्यसले बिस्ता मात्रै त्यो ॥ (सर्ग १)

यहाँ बिस्टा खाने सुँगुरलाई घृणाको प्रतीकका रूपमा लिइएको छ ।

(ख) **गरीबीको प्रतीक**

विलापै विलाप अलापले जिन्दगी बित्ने छ ।
गुन्द्रुकको झोल सिस्नुको खोले पुनः खानु छ ॥ (सर्ग ८७)

यहाँ गुन्द्रुकको झोल र सिस्नुको खोले गरीबीको प्रतीकका रूपमा आएका छन् ।

---

१२८ लक्ष्मणप्रसाद गौतम, **समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण**, पूर्ववत्, पृ. १ ।
१२९ अनिताकुमारी पण्डित, **सरस्वती रिजालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, पूर्ववत्, पृ. ५२ ।

**(ग) शोषकको प्रतीक**

लामखुट्टे, जुम्रा, उडुसले रगत चुस्या छन् ।
उपियाँ, किर्ना, भुसुना, जुका ती पनि त्यस्तै छन् ॥ (सर्ग ५)

यहाँ लामखुट्टे, जुम्रा, उडुस, उपियाँ, किर्ना, भुसुना, जुकाहरूले समाजमा विद्यमान शोषकहरूको प्रतिनिधित्व गरेका छन् ।

यसरी विभिन्न प्रतीकहरूद्वारा देशको अवस्थालाई यहाँ उजागर गरेका छन् ।

## ४.२.८.११ निष्कर्ष

गणेशकुमार पौडेलको **सुँगुरको महिमा** महाकाव्य नवौं कृति अर्थात् हालसम्मकै साहित्यिक कृतिहरूमध्येको अन्तिम कृति हो यो कृति २०६७ सालमा प्रकाशित भएको हो । यस कृतिभित्र समसामयिक राजनैतिक दलहरूको परिपाटी तथा परिवेशको यथार्थ चित्रण गरेको पाइन्छ । विशेष गरी छ सय एक सभासद्हरू तथा उच्च ओहदामा बसेका व्यक्तित्वहरूप्रति कटु आलोचना तथा तीव्र व्यङ्ग्य प्रहार गरिएको पाइन्छ । दलहरूबीच एक आपसमा झै-झगडा र खिचातानी, खाद्यान्न सङ्कट, सदावहार लोडसेडिङ समस्या, नारी समस्या, सहीदको मनपरि परिभाषा, राजनीतिक दलहरू र नेताहरूको निकम्मापन, एक अर्काबीचको खुट्टा तानातान जस्ता विषयवस्तुहरू यस काव्यका विषयवस्तु बनेका छन् । **सुँगुरको महिमा** आख्यानात्मक नभई एकलापीय विचारात्मक शैलीको, गीतिविधा अन्तर्गत गीतिछन्दको लयविधानमा आधारित काव्य हो । गीतिछन्दको लयमा कतै-कतै छिटफुट रूपमा बिम्ब र प्रतीकहरू समेत आएकाले कृतिको शैलीशिल्प पक्ष ठीक-ठीकै देखिन्छ । यथाशक्य रूपमा अन्त्यानुप्रास मिलाई लयविधानलाई गतिदिने प्रयास देखिन्छ । कृति सरल भाषामा भएकाले पाठकहरूले पनि सजिलैसित भावग्रहण गर्न सक्ने देखिन्छ ।

## ४.३ गणेशकुमार पौडेलका फुटकर लेख/रचनाहरुको विवरण र उपलब्ध स्रोतहरु

वि.सं. २०२५ सालमा *पाँच अरबको संसार* कविता प्रकाशनका माध्यमबाट नेपाली साहित्यमा प्रवेश गरेका साहित्यकार गणेशकुमार पौडेलका पुस्तकाकार कृतिहरूका अतिरिक्त विभिन्न पत्रपत्रिकाहरूमा समय-समयमा थुप्रै फुटकर लेख/रचनाहरू प्रकाशित हुँदै आएका छन् । पत्रपत्रिकामा प्रकाशित कतिपय फुटकर रचनाहरू उनकै पुस्तकाकार कृतिहरूमा पनि समावेश गरिएका कारण यहाँ तिनको विवरण भने दिइएको छैन, यसबाहेक उनका हालसम्म

प्राप्त भएसम्मका प्रकाशित फुटकर लेख/रचनाहरूको विवरण र उपलब्ध स्रोतहरूसमेत कालक्रमिक रूपमा निम्नानुसार दिइएको छ । यसका अतिरिक्त साहित्येतर पुस्तकाकार कृतिहरूको पनि परिचयात्मक विवरण प्रस्तुत गरिएको छ -

(क) **फुटकर कविताहरु**

१. *मान्छे दक्ष प्रजापति हुन सक्दैन,* **सूर्योदय**, २०५५ ।

२. *म अभागी नागरिक,* **इन्द्रसरोवर स्मारिका**, २०५६ ।

३. *रक्त रञ्जित हुन खोजेको धर्ती,* **मधुपर्क**, २०५६ मंसिर २० गते ।

४. *तिमी भावुक बनी हेर,* **इन्द्रसरोवर स्मारिका**, २०५७ ।

५. *अबला चेलीहरू,* **शौरभ**, २०५७ ।

६. *गिद्ध,* **झर्ना**, २०५७ ।

७. *ईश्वर,* **युगदर्पण**, २०५७ ।

८. *भगवान शिव नीलकण्ठ कसरी भए ?,* **जीवन जगत स्मारिका**, २०५८ ।

९. *चिबे,* **साहित्यिक मन्थन**, २०५९ ।

१०. *पहिचान,* **इन्द्रसरोवर स्मारिका**, २०५९ ।

११. *खै के बयान गर्नु यहाँका जनावरहरूको,* **शौरभ**, २०५९ ।

१२. *रेबिजबाट शान्ति,* **प्रयास साप्ताहिक**, २०५९ भदौ १३ गते ।

१३. *कमल,* **प्रणय**, साहित्यिक त्रैमासिक, २०६० ।

१४. *परजीविको यात्रा,* **शौरभ**, २०६० ।

१५. *खोजे भेट्टाइन्छ ईश्वर,* **मातृभूमि**, २०६० ।

१६. *त्रिवेणी,* **कल्याणन स्मारिका**, २०६० ।

१७. *मरेकै राम्रो,* **स्मारिका**, २०६० ।

१८. *रक्षक,* **स्मारिका**, २०६० ।

१९. *मापिन्छ,* **स्मारिका**, २०६० ।

२०. *भक्तहरू,* **स्मारिका**, २०६० ।

२१. *शरीर र आत्मा,* **स्मारिका**, २०६० ।

२२. *म गाउँमा फर्कें,* **जनमत**, अङ्क ८४, २०६१, साउन ।

२३. *एकता,* **मातृभूमि**, २०६१ ।

२४. *ऊ रोइरहेको छ,* **नवआदर्श स्मारिका**, २०६१ ।

२५. *रोजगार,* **रामवाण**, २०६१ ।

२६. *म गणपति हूँ,* **सर्वसिर्जन**, गाइजात्रा विशेष, २०६१ ।

२७. *अब हामी बुद्ध खोजौं,* **जनमत** ८८, २०६१ मंसिर ।

२८. *दिव्यज्योति हराएका केही मानवहरू,* **जनमत**, २०६२ ।

२९. *बैसट्ठीको नगरनिर्वाचनमा बिरालो उम्मेदवार,* **इन्द्रसरोवर स्मारिका**, २०६२ ।

३०. *बकुल्लाले निउरीमुन्टी लाइरहेछ,* **जनमत** १०३, २०६२ फागुन ।

३१. *ब्वाँसाहरू,* **पाइज स्मारिका**, २०६२ ।

३२. *मेरो प्रश्न धर्मगुरूहरूको उत्तरको प्रतीक्षामा छ,* **हेटौंडा सन्देश**, २०६२ असोज १९ गते ।

३३. *मेरो सपना,* **हाम्रो मातृभूमि**, अङ्क २४, २०६३ ।

३४. *परेवा,* **मकवानपुर अटोमेकानिक एण्ड इन्जीनियरिङ्ग**को मुखपत्र, २०६३ ।

३५. *सुरक्षा,* **बनसखण्डी स्मारिका**, २०६४ ।

३६. *हाम्रो माझमा नयाँवर्ष आयो,* **हेटौंडा टुडे**, २०६५ चैत्र २९ गते ।

३७. *लालीगुराँस र नयाँवर्ष,* **हेटौंडा सन्देश**, २०६५ चैत्र २९ गते ।

३८. *जनता हँसाउने नयाँ वर्ष,* **हेटौंडा सन्देश**, २०६६ वैशाख १ गते ।

३९. *संघारमा आज नयाँवर्ष,* **हेटौंडा सन्देश**, २०६६ वैशाख १ गते ।

४०. *नयाँवर्ष रमायो,* **हेटौंडा टुडे**, २०६६ वैशाख १ गते ।

४१. *यसैबेला नयाँवर्ष आएको छ,* **हेटौंडा सन्देश**, २०६६ वैशाख ५ गते ।

४२. *नयाँ वर्षले देख्यो ?,* **हेटौंडा सन्देश**, २०६६ वैशाख १२ गते ।

४३. *छैसट्ठी साल उदायो,* **हेटौंडा टुडे**, २०६६ वैशाख १९ गते ।

४४. *नयाँ नेपाल बनाउने नयाँ वर्ष,* **हेटौंडा सन्देश**, २०६६ वैशाख १९ गते ।

४५. *नयाँ वर्ष नयाँ नेपाल त्यत्तिकै बन्दैन,* **हेटौंडा सन्देश**, २०६६ वैशाख ११ गते

४६. *समय,* **जनमत**, अङ्क १०, वर्ष २६, २०६६ कार्त्तिक

४७. *आइन वसन्त मलाई खोज्दै,* **हेटौंडा सन्देश**, ०६६ चैत्र १४ गते ।

४८. *डाकेको अगुवाइमा वसन्तको स्वागत,* **हेटौंडा सन्देश**, अङ्क १४८, २०६६ चैत्र २८ गते ।

४९. *नयाँ वर्ष हाँसेर आयो,* **सक्रिय**, २०६७ वैशाख १ गते ।

५०. *आइन मैतालु भइ नयाँ वर्ष,* **हेटौंडा सन्देश**, २०६७ वैशाख ४ गते ।

५१. *पशुपन्छी र नयाँ वर्ष,* **हेटौंडा टुडे**, २०६७ वैशाख ८ गते ।

५२. *नयाँ युगको स्वागत,* **हेटौंडा टुडे**, २०६७ वैशाख ११ गते ।

५३. *नयाँ शिशुको जन्म भएको छ,* **सक्रिय**, २०६७ वैशाख १५ गते ।

५४. *नयाँ वर्षको स्वागत पछि,* **हेटौंडा सन्देश**, २०६८ वैशाख २५ गते ।

५५. *नयाँ वर्ष तिमी नै भनिदेऊ,* **हेटौंडा सन्देश**, २०६७ वैशाख २९ गते ।

५६. *त्यस्तै रहोस् यो नयाँ वर्ष,* **हेटौंडा सन्देश**, २०६७ जेठ १ गते ।

५७. *हामीले सप्ताह सुन्नैपर्छ,* **हेटौंडा सन्देश**, २०६७ मंसिर ११ गते ।

५८. *महायज्ञ,* **हेटौंडा टुडे**, २०६७ मंसिर ११ गते ।

५९. *श्रीमद् भागवत सुन्नुपर्छ,* **हेटौंडा सन्देश**, २०६७ मंसिर १८ गते ।

६०. *यज्ञमा वैज्ञानिक सिद्धान्त,* **हेटौंडा सन्देश**, २०६७ मंसिर २५ गते ।

६१. *सप्ताह,* **नारायणी**, २०६७ मंसिर २६ गते ।

६२. *दान र यज्ञ,* **नारायणी**, २०६७ मंसिर २८ गते ।

६३. *श्रीमद् भागवतमा के छ ?,* **नारायणी**, २०६७ मंसिर २९ गते ।

६४. *योगी र स्वामी द्वारणागति,* **हेटौंडा सन्देश**, अङ्क ८, २०६७ मंसिर ।

६५. *यज्ञमा के हुन्छ ?,* **हेटौंडा सन्देश**, २०६७ पुस १० गते ।

६६. *सप्ताह सुन्नुपर्छ गै यज्ञमा,* **हेटौंडा टुडे**, २०६७ पुस १० गते ।

६७. *दिग्दर्शनको बाटो नै यज्ञ,* **नारायणी**, २०६७ पुस २० गते ।

६८. *अक्षर,* **नेपाली आवाज**, २०६७ असार ।

६९. *सुसेलीमा नयाँ वर्ष,* **हेटौंडा टुडे**, २०६८ वैशाख १ गते ।

७०. *नयाँ वर्ष नयाँ जोस,* **हेटौंडा सन्देश**, २०६८ वैशाख १ गते ।

७१. *नयाँ वर्ष आउँदा,* **समृद्ध समाज**, २०६८ वैशाख ३ गते ।

७२. *दङ्ग छन् नयाँ वर्ष देखेर,* **नारायणी**, २०६८ वैशाख ३ गते ।

७३. *यो नयाँ वर्षमा शान्ति चाहिएको छ,* **हेटौंडा सन्देश**, २०६८ जेठ १५ गते ।

७४. *नयाँ वर्ष सुरू हुन्छ हुँदैन,* **हेटौंडा सन्देश**, २०६९ वैशाख १ गते ।

(ख) **फुटकर लघुकथा**

१. *कम्युनिष्टको नेता नचिन्ने यमराज,* **जनमत**, अङ्क ४०, २०५७ मङ्सिर ।

२. *खरिदार विद्यानिधि आज स्कुलमा छन्,* **साहित्यिक मन्थन**, २०५८ ।

३. *मुद्दा,* **सगर**, २०६० ।

४. *एक प्रहरीको हत्या,* **जनमत** ८७, २०६१ कार्त्तिक ।

५. *आन्दोलन,* **जनमत** १२६, २०६४ माघ ।

६. *हार स्वीकार,* **इन्द्रसरोवर स्मारिका**, २०६५ ।

७. *नेताजीको रूप यसरी फेरियो,* **जनमत** १३६, २०६५ मङ्सिर ।

८. *हरिहरको पोल त्यसरी खुल्यो,* **मातृभूमि**, २०६५ चैत्र ।

९. *नेताजी मर्न तयार भए,* **जनमत** १४१, २०६६ वैशाख ।

१०. *चोर काट्ने साधु गिरफ्तार,* **हेटौंडा सन्देश**, २०६७ पुस १७ गते ।

११. *बाँचुञ्जेल मात्र शरीर आफ्नो हुन्छ,* **हेटौंडा टुडे**, २०६७ पुस १७ गते ।

१२. *भालुले छेर्‍यो,* **नारायणी**, २०६७ पुस १७ गते ।

१३. *ज्यानमारा सेरमान,* **हेटौंडा टुडे**, २०६७ माघ १ गते ।

१४. *पाप धुरीबाट कराउँछ,* **समृद्ध समाज**, २०६७ माघ २९ गते ।

१५. *नाक नभएको सेना,* **हेटौंडा टुडे**, २०६७ माघ २९ गते ।

१६. *चोर समाउन गएको प्रहरीले पैसा टिप्यो,* **हेटौंडा टुडे**, २०६७ माघ ८ गते ।

१७. *अपराध आफैं बोल्दोरहेछ,* **हेटौंडा सन्देश**, २०६७ माघ ८ गते ।

१८. *आँखा दानले मुक्ति,* **लायन्स क्लब हेटौंडा स्मारिका**, २०६७ ।

१९. *बाटो बिराएको बालक,* **हेटौंडा सन्देश**, २०६७ माघ १५ गते ।

२०. *गुरूजी र युवती,* **समृद्ध समाज**, २०६७ माघ १५ गते ।

२१. *ओम नमः शिवाय,* **हेटौंडा सन्देश**, २०६७ माघ २२ गते ।

२२. *परिवर्तन,* **नारायणी**, २०६७ माघ २२ गते ।

२३. *ती दुलहा दुलही नै चरा र चरि थिए,* २०६७ माघ २९ गते ।

२४. *रञ्जना,* **हेटौंडा सन्देश**, २०६७ माघ २९ गते ।

२५. *अरूको बारेमा सोच्ने नेपाली,* **समृद्ध समाज**, २०६७ माघ २९ गते ।

२६. *गोदान,* **वंश गोपाल स्मारिका**, २०६७ ।

२७. *लुटेराहरू भागाभाग,* **हेटौंडा सन्देश**, २०६७ फागुन ७ गते ।

२८. *नरभक्षी बचाउँदा आफ्नो ज्यान गयो,* **हेटौंडा टुडे**, २०६७ फागुन ७ गते ।

२९. *ध्यान र योगको महिमा, समृद्ध समाज,* **समृद्ध समाज**, २०६७ फागुन ७ गते ।

३०. *ग्रहण,* **नारायणी**, २०६७ फागुन ७ गते ।

३१. *अमर प्रेम,* **समृद्ध समाज**, २०६७ फागुन १४ गते ।

३२. *दाँत टेडो बनाउने फेसन,* **नारायणी**, २०६७ फागुन १४ गते ।

३३. *गीत र मीत,* **हेटौंडा टुडे**, २०६७ फागुन १४ गते ।

३४. *आइमाइको रुद्रघण्टी हुँदैन,* **हेटौंडा सन्देश**, २०६७ फागुन १४ गते ।

३५. *टाँसो पनि औषधी हुन्छ,* **नारायणी**, २०६७ फागुन २१ गते ।

३६. *आत्महत्या,* **हेटौंडा सन्देश**, २०६७ फागुन २१ गते ।

३७. *जाँचमा आलु आयो,* **समृद्ध समाज**, २०६७ फागुन २१ गते ।

३८. *बच्चाले देख्यो,* **नारायणी**, २०६७ फागुन २८ गते ।

३९. *बाउन निरास भएपनि गरीब खुसी थिए,* **समृद्ध समाज**, २०६७ फागुन २८ गते ।

४०. *मकवानपुर त्यसरी सुगम भयो,* **हेटौंडा सन्देश**, २०६७ फागुन २८ गते ।

४१. *अपराध लुकाउन भगवानलाई पर्दाले छोप्ने व्यापारी,* **हेटौंडा टुडे**, २०६७ फागुन २८ गते ।

४२. *प्रजातन्त्र आयो रे,* **हेटौंडा सन्देश**, २०६७ चैत्र ५ गते ।

४३. *सबै रोग निको हुने एउटै गोली,* **नारायणी**, २०६७ चैत्र ५ गते ।

४४. *देवदुतको भ्रमण,* **समृद्ध समाज**, २०६७ चैत्र ५ गते ।

४५. *विष्णुले ज्यान बचायो,* **हेटौंडा टुडे**, २०६७ चैत्र ५ गते ।

४६. *सोच सकारात्मक हुनुपर्छ,* **नारायणी**, २०६७ चैत्र १२ गते ।

४७. *भगवानभन्दा मुसो शक्तिशाली,* **समृद्ध समाज**, २०६७ चैत्र १९ गते ।

४८. *टीका लाउने चलन,* **समृद्ध समाज**, २०६७ चैत्र २६ गते ।

४९. *पिउन सजिलो छैन,* **नारायणी**, २०६७ चैत्र २६ गते ।

५०. *धर्म र प्रतिस्पर्धा,* **हेटौंडा सन्देश**, २०६७ चैत्र २६ गते ।

५१. *ब्रह्माजीको पूजा हुँदैन,* **जीवनजगत स्मारिका**, २०६७ ।

५२. *नाजवाफ,* **हेटौंडा सन्देश**, २०६७ चैत्र १२ गते ।

५३. *रामहरिको हाँसो,* **समृद्ध समाज**, २०६८ वैशाख १० गते ।

५४. *सम्पन्न,* **हेटौंडा टुडे**, २०६८ वैशाख १० गते ।

५५. *दाता मख्ख,* **हेटौंडा सन्देश**, २०६८ वैशाख १७ गते ।

५६. *बाहिर चोरीको कुरा, भित्र छोरीको कुरा,* **हेटौंडा सन्देश**, २०६८ वैशाख ४ गते ।

५७. *जीवन दुःख हो,* **समृद्ध समाज**, २०६८ वैशाख २४ गते ।

५८. *आमा नरोऊ तिमी,* **नारायणी**, २०६८ वैशाख २८ गते ।

५९. *कुलत,* **हेटौंडा सन्देश**, २०६८ वैशाख ३१ गते ।

६०. *बिमानपरिचारिकाको मुस्कान,* **समृद्ध समाज**, २०६८ वैशाख ३१ गते ।

६१. *श्राद्ध,* **हेटौंडा टुडे**, २०६८ वैशाख ३१ गते ।

६२. *गिद्ध र चील,* **जनमत**, १६५ ।

६३. *फुरौला,* **हेटौंडा सन्देश**, २०६८ जेठ ७ गते ।

६४. *डेंढे हेऱ्या हेर्‍यै भयो,* **समृद्ध समाज**, २०६८ जेठ १४ गते ।

६५. *तपस्या,* **हेटौंडा सन्देश**, २०६८ जेठ १४ गते ।

६६. *बलत्कारबाट बचेकी युवती,* **हेटौंडा सन्देश**, २०६८ जेठ २१ गते ।

६७. *त्यो एकसय मेहनतको फल थियो,* **समृद्ध समाज**, २०६८ जेठ २१ गते ।

६८. *अरूलाई सम्झाउनेले आफूले पनि सम्झिन सक्नुपर्छ,* **हेटौंडा टुडे**, २०६८ जेठ २८ गते ।

६९. *सभापति निरास भएर हिँडे,* **हेटौंडा सन्देश**, २०६८ असार ४ गते ।

७०. *जति खाए पनि नअघाउने कुकुर,* **हेटौंडा सन्देश**, २०६८ असार ११ गते ।

७१. *म जस्तै भएस,* **समृद्ध समाज**, २०६८ असार ११ गते ।

७२. *कानुनको पालना,* **समृद्ध समाज**, २०६८ असार १८ गते ।

७३. *एस.पी.को आदेश,* **हेटौंडा सन्देश**, २०६८ असार १८ गते ।

७४. *प्राध्यापकको हाल बेहाल भयो,* **हेटौंडा सन्देश**, २०६८ असार २ गते ।

७५. *कागको चतुऱ्याई,* **समृद्ध समाज**, २०६८ साउन ७ गते ।

७६. *राष्ट्रपतिको स्याबासी,* **हेटौंडा सन्देश**, २०६८ साउन १४ गते ।

७७. *चतुरे सेवक,* **समृद्ध समाज**, २०६८ साउन १४ गते ।

७८. *विद्वान प्राध्यापकलाई कुमारीको प्रश्न,* **हेटौंडा सन्देश**, २०६८ साउन २१ गते ।

७९. *अज्ञानता,* **समृद्ध समाज**, २०६८ साउन २१ गते ।

८०. *बाघलाई खोरमा थुन्नैपर्छ,* **समृद्ध समाज**, २०६८ साउन २८ गते ।

८१. *अनिदी शर्मिला,* **इन्द्रसरोवर स्मारिका**, २०६८ ।

८२. *खातेको सपना,* **हेटौंडा सन्देश**, २०६८ साउन ७ गते ।

८३. *अल्पज्ञान,* **हेटौंडा सन्देश**, २०६८ साउन २८ गते ।

८४. *असफल चन्द्रसमशेर सफल कल्याण शर्मा,* **हेटौंडा सन्देश**, २०६८ भाद्र २ गते ।

८५. *विद्यार्थीको लास,* **हेटौंडा सन्देश**, २०६८ भाद्र २४ गते ।

८६. *प्रेक्षाको आँसु,* **हेटौंडा सन्देश**, २०६८ भाद्र ३१ गते ।

८७. *वकिललाई धन्यवाद,* **समृद्ध समाज**, २०६८ भाद्र ३१ गते ।

८८. *मुर्दाले च्वास्स के छोएथ्यो,* **हेटौंडा सन्देश**, २०६८ असोज १४ गते ।

८९. *आमाको खोजी,* **बुद्धि स्मारिका**, २०६८ ।

९०. *जंगेको न्याय,* **हेटौंडा सन्देश**, २०६८ असोज ७ गते ।

९१. *लक्षुमण फर्केन,* **हेटौंडा सन्देश**, २०६८ कार्त्तिक ९ गते ।

९२. *प्रहरीले लाश देखे ।,* **हेटौंडा सन्देश**, २०६८ मङ्सिर १७ गते ।

९३. *फूको पूर्वजनम,* **हेटौंडा सन्देश**, २०६८ पुस ९ गते ।

९४. *ठाउँअनुसार मान्छेको विचार बदलिन्छ,* **समृद्ध समाज**, २०६८ चैत्र १२ गते ।

माथि उल्लेखित फुटकर कविता तथा लघुकथाहरूका अतिरिक्त केही गजलहरू पनि प्रकाशित छन् भने साहित्येतर पुस्तकाकार कृतिहरूको पनि सामान्य सूची उल्लेख गरिएको छ ।

साहित्येतर केही पुस्तकाकार कृतिहरू:

१. गर्भान्तर

२. प्रजनन प्रणाली

३. किशोर किशोरी

४. परिश्रमी पाखुरी

५. सामुदायिक प्रजनन विज्ञान

६. आई.यु.डी.

७. सुरक्षित गर्भपतन

## ४.४ गणेशकुमार पौडेलको व्यक्तित्व र कृतित्वका बीच अन्त:सम्बन्ध

कुनै पनि व्यक्तिमा औपचारिक या अनौपचारिक रूपबाट आर्जित ज्ञान, उसको वैयक्तिक अनुभव, अध्ययनका साथै समाजमा विद्यमान विविध परिवेशहरूले उसको आन्तरिक हृदयमा पारेका प्रभावहरूको अभिव्यक्ति सृजना हो ।[१३०] सृजना भनेको सृष्टि अथवा पहिले नभएको सामग्रीको निर्मिति हो । स्रष्टाका अन्तश्चेतनासँग संशिक्त रूपमा रहेका नव-नवोन्मेषशाली प्रतिभाको प्रकटीकृत स्थिति नै वास्तवमा सृजना हो ।[१३१] मानव जीवनका यावत् पक्षसँग सृजनाको सम्बन्ध गाँसिएको पाइन्छ । हरेक सर्जकले आफूद्वारा सृजित सामग्रीमा कुनै न कुनै रूपबाट वैयक्तिक अनुभूति, भोगाइ र धारणाहरू प्रस्तुत गरेको देखिन्छ । यही मान्यताको परिधिभित्र रहेर नजरअन्दाज गर्दा पौडेलका कृतिहरूमा पनि उनको व्यक्तित्वको सतत् प्रभाव कायम रहेको अनुभव गर्न सकिन्छ । विशेष गरेर उनका कृतिहरूमा राष्ट्रियताबोध, देशभित्र निहित विभिन्न राजनैतिक बेथितिहरूप्रतिको व्यङ्ग्य, विद्रोह, समाजमा विद्यमान आर्थिक सामाजिक वैषम्यावस्थाको पर्दाफास, विविध खालका विकृति, विसङ्गति उपर तीखो शब्द प्रहार, भौतिकवादी चिन्तन जस्ता पक्षहरू भेटिन्छन् । यिनै भावभूमिको सेरोफेरोमा रहेर पौडेलले आफ्ना कृतिहरू रचना गरेको पाइन्छ । यस दृष्टिले सिंहावलोकन गर्दा उपर्युक्त विषयवस्तुहरू नै उनीद्वारा सृजित कृतिहरूमा समाविष्ट हुनुलाई मुख्य रूपले उनको जीवनको छाप हो भन्न सकिन्छ । जीवन जगत्मा देखिएका नकारात्मक, बेमेल, बेढङ्गका क्रियाकलाप र मानिसद्वारा अपनाइने गैर जिम्मेवारीपूर्ण कार्यमाथि टिप्पणी गरिहाल्ने प्रवृत्ति रहेका पौडेल एक भावुक र संवेदनशील व्यक्तित्व भएका चिन्तक हुन् । जुनसुकै खालका विकृति-विसङ्गति र असमानतापूर्ण कार्यको डटेर विरोध गर्ने पौडेलले राष्ट्रको भद्रगोलयुक्त सामाजिक, आर्थिक, प्रशासनिक तथा विशेष गरी राजनैतिक संरचनामा रूपान्तरण गरी न्याय र समतामूलक समाजनिर्माणको परिकल्पना उनका कृतिहरूको मूल अभीष्ट रहेको देखिन्छ । सामाजिक, आर्थिक, सांस्कृतिक र खासगरी राजनैतिक विकृति र विरोधाभासहरूमाथि तीव्र र सीधा प्रहार गर्दै समानता, सामाजिकता, स्वतन्त्रता, राष्ट्रियता र मानवतावादी भावना अभिव्यक्त गर्ने साहित्यकार पौडेलको प्रवृत्तिगत स्वभावको प्रभाव उनका रचनाहरूमा छताछुल्ल भई पोखिएका छन् । उनको आन्तरिक व्यक्तित्व विभिन्न क्षेत्रमा प्रवाहित भएको देखिएतापनि व्यङ्ग्यकार

---

१३० नमूना शर्मा, **कवि तीर्थराज कोइरालाको जीवनी, व्यक्तित्व र कृतित्व**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, (चितवनः नेपाली विभाग, वीरेन्द्र ब. क्या., भरतपुर, २०६२), पृ. ९४ ।

१३१ राजेन्द्र सुवेदी, **सिर्जनात्मक लेख: सिद्धान्त र विश्लेषण**, (काठमाडौँ: पाठ्यसामग्री पसल, २०५७), पृ. १ ।

व्यक्तित्व नै सशक्त र प्रभावकारी रूपमा उजिलिएको छ भने साहित्येतर व्यक्तित्व अन्तर्गत सामाजिक, सम्पादक, चिकित्सक आदि पनि सामाजिक व्यक्तित्व नै प्रमुख परिचायक ठहर्छ ।

आज संसारमा भइरहेको जनसंख्या वृद्धिदरलाई कसरी नियन्त्रण गर्ने सोच राखेका पौडेलले आफ्नो पहिलो कविता *पाँच अरबको संसार*मा आफ्ना भावनाहरू पोखेका छन् । यसरी प्रथम चरणमा थुप्रै फुटकर कविताहरू लेखेर त्यसलाई कृतिको रूप दिँदै पौडेलले **अतीतलाई फर्केर हेर्दा** कविता सङ्ग्रहमा जीवन भोगाइका हरेक विषयवस्तुलाई टपक्क टिपेर कवितामा अभिव्यक्त गरेका छन् । त्यस्तै द्वितीय चरणका कविताहरूमा समाजका विकृति र विसङ्गतिप्रति व्यङ्ग्यवाण प्रहार गरी समाजसुधारको चाहना, देश हाँक्ने शासक तथा मन्त्रीहरूप्रति व्यङ्ग्यात्मकता तथा देश सुधारको चेतना प्रदान गर्नु पौडेलका आफ्ना निजी भावहरू **मन्त्री पुराण** हास्यव्यङ्ग्य सङ्ग्रहमा समावेश भएका छन् । त्यस्तै तेस्रो चरणदेखि पुस्तकाकार कृति प्रकाशन गर्दै आएका पौडेल राज्य संयन्त्रप्रति असन्तुष्टिका भावहरूलाई **बूढो गोरूले ओगटेको गाई** हास्यव्यङ्ग्य काव्य मार्फत् पोखेका छन् । त्यस्तै अन्य कृतिहरू **देवका पनि देव भ्रष्टेश्वर महादेव** (हास्यव्यङ्ग्य काव्य), **प्रतिनिधिसभास्तोत्रम् २०६०** (व्यङ्ग्यसूक्तिसङ्ग्रह), **गोरू महापुराण** (हास्यव्यङ्ग्य काव्य) हरूमा राष्ट्रपतिको दायित्व बहन गर्नुपर्ने जिम्मेवार व्यक्तिहरू मन्त्री तथा देश हाँकेर बसेका तथाकथित नेताहरूप्रतिको रोष प्रकट गर्दै लेखिएका कृतिहरू हुन् । त्यस्तै दुईपक्षबीच आपसी समझदारी नहुँदा देश झन् झन् विकराल स्थितिबाट गुज्रिरहेका समयमा पौडेलले दुवैपक्षबीच वार्ता गर्ने सन्देश दिँदै **वार्ता** (गीतिकाव्य) लेख्न पुगेका हुन् जुन त्यतिबेला अत्यन्त आवश्यक थियो भने विकृति र विसङ्गतिमा व्याप्त रहेर बाँच्न रूचाउने राजनीतिज्ञ भनाउँदा छ सय एक सभासद तथा नेताहरूलाई सुँगुरकै कोटीमा राखेर **सुँगुरको महिमा** (महाकाव्य) मा सीधा प्रहार गरेका छन् । त्यस्तै पौडेलले आफ्नो वैदेशिक भ्रमणको यात्रा संस्मरण **बंगलादेशको सफर**मा आफ्ना अनुभूतिहरू उल्लेख गरेका छन् । यसप्रकार पौडेलका सृजनात्मक कृतिहरूमा कुनै न कुनै किसिमले जीवन भोगाइका अनुभूतिहरू उल्लेख गरेका छन् । यसप्रकार पौडेलका सृजनात्मक कृतिहरूमा कुनै न कुनै किसिमले जीवन भोगाइका अनुभूति परिदृश्य समकालीन जीवन जगत्का घटना-परिघटनाको पार्श्ववर्ती चित्रण, राष्ट्रमा उत्पन्न भएका समस्या र तिनको निःसृत मानवीय संवेदना र प्रतिक्रियाहरू स्वतःस्फूर्त र आयोजित रूपले प्रतिबिम्ब भएकाले उनको व्यक्तित्व र कृतित्वबीच अन्तःसम्बन्ध रहेको पुष्टि हुन्छ ।

## ४.५ निष्कर्ष

यस परिच्छेदमा साहित्यकार गणेशकुमार पौडेलको कृतित्वको अध्ययन गरिएको छ । पन्ध्रसोह्र वर्षको उमेरबाट नेपाली कविता फाँटमा देखापरेका पौडेलको वि.सं. २०६९ सालसम्ममा नौ ओटा पुस्तकाकार कृति प्रकाशित भइसकेका छन् जसअन्तर्गत **अतीतलाई फर्केर हेर्दा** र **मन्त्री पुराण** कवितासङ्ग्रह, **बूढो गोरूले ओगटेको गाई**, **गोरू महापुराण**, **देवका पनि देव भ्रष्टेश्वर महादेव** हास्यव्यङ्ग्य काव्य, **बंगलादेशको सफर** यात्रा संस्मरण, **प्रतिनिधिसभास्तोत्रम् २०६०** व्यङ्ग्यसूक्तिसङ्ग्रह, **वार्ता** गीतिकाव्य तथा **सुँगुरको महिमा** महाकाव्य गरी विभिन्न विधाहरू रहेका छन् । आफूलाई पढाउने गुरूहरू एवम् राष्ट्रियस्तरका मूर्धन्य साहित्यकारहरूबाट प्रेरणा प्राप्त गरी साहित्यलेखनतर्फ आकर्षित पौडेलको पूर्वार्द्धचरण वि.सं. २०२५ देखि २०४५ सालसम्म सामान्य फुटकर कविताहरू लेखेका छन् जुन पौडेलको लेखनयात्राको शिशु अवस्थादेखि वयस्क अवस्था हुने बेलासम्मको साहित्यिक यात्राको उमेर हो भने २०४६ देखि २०५५ सम्मको अवधिलाई साहितियक यात्राको दोस्रो चरण वा विकासकाल मानिन्छ । जसमा जम्मा-जम्मी उनचालीसओटा रचनाहरू समावेश गरिएका छन् भने ती रचनाहरूमा राजनीतिकर्मी, नेता र मन्त्रीप्रति तीव्र आक्रोश र क्रोध प्रकट गरेका छन् भने यस चरणका कविताहरू पहिलो चरणभन्दा धेरै स्तरीय बन्न पुगेका छन् । त्यस्तै २०५६ देखि यता प्रकाशित पुस्तकाकार कृतिहरूमा व्यङ्ग्यको झटारो प्रबल रूपमा हानेको पाइन्छ भने तेस्रो चरण पौडेलको उत्तरार्द्धचरण नै उत्कर्षकालको रूपमा रहने छ जुन चरणमा उत्तरोत्तर विकसित भई मौलाउँदै गएको देखिन्छ । यसै चरणमा नौओटा कृति प्रकाशनका साथै थुप्रै फुटकर लेख रचनाहरू प्रकाशित भएका पाइन्छन् ।

गणेशकुमार पौडेलका कृतिमा पाइने प्रवृत्तिलाई हेर्दा मुख्यतः समाज र देशमा विद्यमान विकृति-विसङ्गतिहरू उपर व्यङ्ग्य-विद्रोह, समाज सुधारप्रति बाञ्छा, भाषिकरूपमा सरलता र सहजता, तत्सम, तद्भव, झर्रा र आगन्तुक शब्दहरूको प्रयोग, कतै-कतै झ्याउरे लय त कतै गीति छन्दमा संरचित यथाशक्य अनुप्रास मिलाउने प्रयत्न, हृदय संवेद्योन्मुख भाव, मानवतावादी विचारधारा, राजनैतिक-प्रशासनिक-आर्थिक क्षेत्रमा सुधारको आवाज, राष्ट्रप्रेम आदि देखिन्छन् । माथि उल्लिखित क्रमशः **अतीतलाई फर्केर हेर्दा** (कवितासङ्ग्रह २०५६), **मन्त्री पुराण** (हास्यव्यङ्ग्य कवितासङ्ग्रह २०५६), **बंगलादेशको सफर** (यात्रा संस्मरण २०५७), **देवका पनि देव भ्रष्टेश्वर महादेव** (पाल्सी काव्य २०५८),

**प्रतिनिधिसभास्तोत्रम् २०६०** (व्यङ्ग्यसूक्तिसङ्ग्रह २०६१), **वार्ता** (गीतिकाव्य २०६२), **गोरू महापुराण** (हास्यव्यङ्ग्य काव्य २०६३) तथा **सुँगुरको महिमा** (महाकाव्य २०६७) को विश्लेषण गरिएको छ ।

यसरी विभिन्न कृतिहरूलाई शीर्षक, संरचना, विषयवस्तु, भावविधान, भाषाशैली, जीवनदृष्टि, लयविधान र दृष्टिविन्दु, छन्द-रस र अलङ्कार, बिम्ब र प्रतीक आदि काव्य तत्त्वका आधारमा सामान्यरूपले विश्लेषण गरिएको छ । समकालीन जीवन जगतका विविध विषयवस्तुका साथै विशेष गरी राजनैतिक सन्दर्भलाई टपक्क टिपेर तिनलाई काव्यात्मकताको रूप र भाषाशैली मार्फत् प्रस्तुत गर्न खोज्ने पौडेलको प्रयत्न रहेको देखिन्छ । प्रारम्भिक चरणका सिर्जनामा भावको गहनताको अभाव र भाषाशैलीमा कसर मसर देखिएता पनि द्वितीय तथा मध्यमचरणका सृजनामा अपेक्षाकृत परिष्कृत र परिमार्जनको चेष्टा पाइन्छ । जेहोस्, कतिपय कमी कमजोरीका बाबजुद पनि नेपाली साहित्य फाँटलाई यथाशक्य तवरबाट अभिवृद्धि गर्दै जाने सिलसिलामा पौडेलको निरन्तर क्रियाशीलता र योगदानलाई महत्त्वपूर्ण पक्षको रूपमा मान्नुपर्ने देखिन्छ ।

परिच्छेद : पाँच

# उपसंहार र निष्कर्ष

## ५.१ निष्कर्ष

यस परिच्छेदमा साहित्यकार गणेशकुमार पौडेलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययनको सन्दर्भमा विगतका परिच्छेदहरूमा गरिएका अध्ययन-विश्लेषणको परिच्छेदगत सारांश र समग्र निष्कर्ष दिई सङ्क्षिप्त रूपमा मूल्याङ्कन समेत गरिएको छ ।

पहिलो परिच्छेदमा साहित्यकार गणेशकुमार पौडेलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन शीर्षकको शोधपत्रको विषय, परिचय र रूपरेखा प्रस्तुत गरिएको छ । उक्त रूपरेखामा विषयपरिचय, समस्याकथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको विवरण र समीक्षा, शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता, शोधकार्यको क्षेत्र र सीमा, सामग्री सङ्कलन विधि र शोध विश्लेषण विधि र शोधपत्रको रूपरेखा समेत उल्लेख गरिएको छ ।

दोस्रो परिच्छेदमा साहित्यकार गणेशकुमार पौडेलको जीवनीको अध्ययन अन्तर्गत पृष्ठभूमि, वंशपरम्परा, जन्म र नामकरण, बाल्यकाल, उपनयन, शिक्षादीक्षा, वैवाहिक तथा पारिवारिक स्थिति, आर्थिक अवस्था र पेसा, सेवा, साहित्यिक र सामाजिक क्षेत्रमा भएका कार्यहरू, रुचि, अविस्मरणीय घटनातर्फ रोचक घटना, रमाइलो क्षण तथा स्मृतिको क्षण, भ्रमण, सम्मान तथा पुरस्कार, प्रेरणाको स्रोत, चिन्तन, विचार र दर्शन अनि निष्कर्ष उल्लेख गरिएको छ ।

तेस्रो परिच्छेदमा साहित्यकार गणेशकुमार पौडेलको व्यक्तित्व परिचयअन्तर्गत उनको बाह्य व्यक्तित्वका साथै आन्तरिक व्यक्तित्वभित्र साहित्यिक र साहित्येतर गरी दुई किसिमबाट उल्लेख गरिएको छ ।

चौथो परिच्छेदमा साहित्यकार गणेशकुमार पौडेलको कृतित्वको अध्ययनान्तर्गत उनका कवितासङ्ग्रह, हास्यव्यङ्ग्यसङ्ग्रह, व्यङ्ग्यसूक्तिसङ्ग्रह, गीतिकाव्य, यात्रासंस्मरण,

पाल्सीकाव्य तथा महाकाव्यहरूको अध्ययन र विश्लेषण अनुसन्धान पद्दति अनुसार गरिएको छ ।

## ५.२ समग्र निष्कर्ष एवम् उपसंहार

रामेछाप जिल्लाको सैंपु भन्ने ठाउँमा पिता खड्गबहादुर पौडेल तथा माता विष्णुमाया पौडेलका कोखबाट नेपाली नागरिकताको प्रमाणपत्र अनुसार वि.सं. २०1० साल फागुन ७ गतेका दिन गणेशकुमार पौडेलले यस धर्तीमा पहिलो पाइला टेकेका हुन् ।

मध्यमवर्गीय किसान परिवारको घर गृहस्थी जीवनमा तीनवर्षसम्म पितामाता दुवैको तथा तीनवर्षपछि पिताको निधन भएकाले माताको लालनपालनमा बितेको पाइन्छ । पाँचवर्षको उमेरमा आफ्नो जन्मथलो छोडी पूर्वी चितवनको जिरौनामा आई सत्र-अठार वर्षसम्म बसेको पाइन्छ । मामाहरूको सहयोगमा अलि-अलि घरमै लेखपढ गर्न सिकेका पौडेलको शैक्षिक योग्यताको हकमा वि.सं. २०३५ सालमा प्रवेशिका परीक्षा उत्तीर्ण गरेका हुन् भने इ.सं. १९८६ मा प्रमाणपत्र तह तथा इ.सं. १९८८ मा स्नातक तहको स्वअध्ययन गरी प्रमाणपत्र हासिल गरेको पाइन्छ । तत्पश्चात इ.स.. १९९५ मा एम.बी.इ.एच., इ.सं. २००२ मा पी.एच.डी. तथा इ.सं. १९०७ मा डी.एस.सी. शैक्षिक योग्यता प्राप्त गरेको पाइन्छ । वि.सं. २०२७ सालमा जिरौनास्थित घरमै हिन्दूसंस्कारअनुरूप गणेशकुमारको चूडाकर्म अर्थात् उपनयन संस्कार धूमधामले सम्पन्न भएको पाइन्छ । वि.सं. २०३४ सालमा राधा कार्कीसँग दाम्पत्य जीवनको लगन गाँठो बाँधेका पौडेलका दुई छोरा छन् ।

विभिन्न सामाजिक सङ्घसंस्थामा आबद्ध रही समाजसेवाको क्षेत्रमा क्रियाशील पौडेलको जीवनयापनको वर्तमान आर्थिक स्रोतका रूपमा जिल्ला जनस्वास्थ्य कार्यालय हेटौंडामा अधिकृतस्तरको सातौं तहमा कार्यरत रहेका पाइनछ । राजनैतिक चिन्तनतर्फ प्रगतिशील विचारधारामा आस्थाराखी मानवतावाद र समाजसेवाको पवित्रभावबाट अनुप्राणित खनाल एक अत्यन्त भावुक, संवेदनशील, मिलनसार, सरल, भद्र, कर्मठ एवम् स्वाभिमानी चिन्तकका साथ उदीयमान स्रष्टा र द्रष्टाका रूपमा समेत चिरपरिचित रहेको पाइन्छ ।

व्यक्तित्व विकासका सन्दर्भमा हेर्दा पौडेलका बहुमुखी व्यक्तित्वहरू देखिन्छन् । उनका व्यक्तित्वहरूमा कवि, व्यङ्ग्यकार, नियात्राकार, गीतकार तथा सामाजिक, चिकित्सा अनि सम्पादक व्यक्तित्व आदि व्यक्तित्वहरूले उनलाई वरण गरेको पाइन्छ । यी व्यक्तित्वहरू

मध्ये व्यङ्ग्यकार तथा सामाजिक व्यक्तित्वमा उनलाई तुलनात्मक रूपमा सफलता मिलेको छ । राष्ट्रियस्तरका चर्चित साहित्यकारहरूबाट प्रेरणा र प्रभाव ग्रहण गरी नेपाली साहित्यमा अग्रसर भएको पाइन्छ । पौडेलका हालसम्म **अतीतलाई फर्केर हेर्दा** (कवितासङ्ग्रह २०५६), **मन्त्री पुराण** (हास्यव्यङ्ग्यसङ्ग्रह २०५६), **बंगलादेशको सफर** (यात्रा संस्मरण २०५७), **बूढो गोरूले ओगटेको गाई** (हास्यव्यङ्ग्यसङ्ग्ह २०५७), **देवका पनि देव भ्रष्टेश्वर महादेव** (पाल्सी काव्य २०५८), **प्रतिनिधिसभास्तोत्रम्** २०६० (व्यङ्ग्यसूक्तिसङ्ग्रह २०६१), **वार्ता** (गीतिकाव्य २०६२), **गोरू महापुराण** (हास्यव्यङ्ग्य काव्य २०६३) र **सुँगुरको महिमा** (महाकाव्य २०६७) गरी नौ ओटा पुस्तकाकार कृति प्रकाशित भइसकेका छन् भने **जय सरुवा** र **शास्त्रभित्रका कुरा** चाहिँ अप्रकाशित छन् तथा **के मतलब** (महाकाव्य), **लघु कथासङ्ग्रह** र **महाकवि लक्ष्मीप्रसाद देवकोटाको जीवनवृत्त** (जीवनी) प्रकाशोन्मुख अवस्थामा रहेका छन् । यसका अतिरिक्त विभिन्न पत्रपत्रिकाहरूमा उनका थुप्रै फुटकर लेखरचनाहरू समेत प्रकाशित भएका कारणले उनलाई साहित्यिक व्यक्तित्वका रूपमा उभ्याएको देखिन्छ । विभिन्न नौओटा पुस्तकाकार कृतिहरूमध्ये **बूढो गोरूले ओगटेको गाई** (हास्यव्यङ्ग्यसङ्ग्रह) भने अप्राप्य छ त्यसैले अन्य आठओटा पुस्तकाकार कृतिहरूको विश्लेषण गरिएको छ ।

यसरी समग्रमा यस शोधपत्रका विभिन्न परिच्छेदहरूमा पौडेलका जीवनी, व्यक्तित्वका विभिन्न पाटाहरूलाई पल्टाउँदै तिनको सापेक्षतामा उनीद्वारा सृजित एवम् प्रकाशित पुस्तकाकार कृतिहरूलाई काव्यविश्लेषणका सामान्य तत्त्वहरूका आधारमा यहाँ अध्ययन-विश्लेषण गरिएको छ । निरन्तरको साधनाबाट परिस्कृत परिमार्जन हुँदै जाने आफ्नो अभीष्टलाई साकाररूप दिन उनीबाट नेपाली साहित्यको भण्डारलाई भरिलो पार्ने प्रयत्न भइरहेको पाइन्छ । यसलाई साँच्चै नै सकारात्मक र अनुकरणीय कार्य मान्नु पर्ने देखिन्छ । जीवनयापनका विभिन्न परिस्थितिहरूसँग पनि त्यत्तिकै सम्झौता गर्दै नेपाली साहित्यको श्रीवृद्धिका निमित्त साहित्यकार गणेशकुमार पौडेलद्वारा प्रस्तुत गरिएको योगदान वास्तवमै प्रशंसनीय र सराहनीय देखिन्छ ।

# प्रमुख सन्दर्भसामग्रीसूची

## (क) सन्दर्भग्रन्थसूची


अधिकारी, हेमाङ्गराज र भट्टराई, बद्रीविशाल (सम्पादक), **प्रयोगात्मक नेपाली शब्दकोश**, द्वितीय संस्करण, (काठमाडौंः विद्यार्थी प्रकाशन प्रा. लि., २०६०० ।

आचार्य, कृष्णप्रसाद, **आधुनिक नेपाली महाकाव्य र खण्डकाव्य**, (कीर्तिपुरः क्षितिज प्रकाशन, २०६४) ।

काफ्ले, फणीन्द्रराज, **साहित्यका केही सैद्धान्तिक पक्ष**, (काठमाडौंः आलोक छापाखाना, २०४६) ।

खनाल, नारायणप्रसाद, **समीक्षा प्रहर-प्रहरका**, (नवलपरासीः त्रिवेणी साहित्य परिषद, २०६५) ।

......................., **समीक्षाका आकारहरु**, (नवलपरासीः त्रिवेणी साहित्य परिषद, २०६५) ।

गाम्नागें, लक्ष्मण, *हाम्रो समयको दस्तावेज,* **सुँगुरको महिमा**, गणेशकुमार पौडेल, (बनेपाः जनमत प्रकाशन, २०६७) ।

गैरे, ईश्वरीप्रसाद, आधुनिक **नेपाली खण्डकाव्य र महाकाव्य**, (काठमाडौंः न्यू हीरा बुक्स इन्टरप्राइजेज, २०६०) ।

गोर्खाली रमेश, *भूमिका,* **मन्त्री पुराण**, गणेशकुमार पौडेल (मकवानपुरः सिस्नुपानी नेपाल, २०५६) ।

गौतम, लक्ष्मणप्रसाद, **समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण**, (ललितपुरः साझा प्रकाशन, २०६०) ।

ज्ञवाली, सूर्यविक्रम, **नेपाली सङ्क्षिप्त शब्दकोष**, (काठमाडौंः नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०४०) ।

ढुङ्गाना, रामचन्द्र, **सङ्क्षिप्त नेपाली कोश**, पाँचौ संस्क., (ललितपुरः साझा प्रकाशन, २०५७) ।

त्रिपाठी, वासुदेव र सहयोगीहरू (सम्पादक), **नेपाली कविता** (भाग-४), तेस्रो संस्करण, (ललितपुरः साझा प्रकाशन, २०५४) ।

थापा, मोहनहिमांशु, *साहित्य परिचय,* **पाँचौं संस्करण**, (ललितपुरः साझा प्रकाशन, २०६६) ।

दाहाल, रामप्रसाद, **सिङ्गो नेपाली भाषा साहित्यको इतिहास र साहित्यकारहरुको परिचय**, (काठमाडौं: विद्यार्थी पुस्तक भण्डार, २०५४) ।

दुवाल, मोहन, *प्रकाशकीय,* **गोरू महापुराण**, गणेशकुमार पौडेल, (काभ्रेः जनमत प्रकाशन, २०६३) ।

पराजुली, कृष्णप्रसाद, **राम्रो रचनाः मीठो नेपाली**, बाह्रौं संस्करण, (काठमाडौं: सहयोगी प्रेस, २०४६) ।

पोखरेल, बालकृष्ण, **बेलाइततिर बरालिँदा**, (विराटनगरः पूर्वाञ्चल पुस्तक भण्डार) ।

पौडेल, पुण्यप्रसाद, *गोल्डमेडलिस्ट डा. गणेशकुमार पौडेल,* **आत्रेयदेखि पौडेलसम्म सैंपु अवस्थली**, (काठमाडौं: शब्दघर अपसेट प्रेस, २०६४) ।

पौडेल, विष्णुप्रसाद, **संस्कृत काव्यशास्त्र**, (काठमाडौं: भुँडीपुराण प्रकाशन, २०५७) ।

पौड्याल, कृष्णविलास, **आधुनिक नेपाली कविता, काव्य** (भोटाहिटीः नवीन प्रकाशन, २०६६) ।

प्रधान, प्रमोद, **नेपाली निबन्धको इतिहास**, (काठमाडौं: रत्न पुस्तक भण्डार, २०६६) ।

फुर्सती, रामचन्द्र, *मन्तव्य,* **अतीतलाई फर्केर हेर्दा**, गणेशकुमार पौडेल, (मकवानपुरः शुलभ अपसेट प्रेस, २०५६) ।

बराल, कृष्णहरि र एटम, नेत्र, **साधारण नेपाली व्याकरण अभिव्यक्ति र अभ्यास**, (काठमाडौं: हजुरको प्रकाशन, २०६५) ।

लुइटेल, खगेन्द्रप्रसाद, **कविताको संरचनात्मक विश्लेषण**, (काठमाडौं, विद्यार्थी पुस्तक भण्डार, २०६२) ।

शर्मा, नेपाल, वसन्तकुमार, **नेपाली शब्दसागर**, दोस्रो संस्करण, (चाबहिलः भामा पुस्तक भण्डार, २०५८) ।

शर्मा, मोहनराज, **समकालीन समालोचनाः सिद्धान्त र प्रयोग**, (काठमाडौं: नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०५५) ।

शाक्य, विश्व, *भूमिका,* **प्रतिनिधिसभास्तोत्रम् २०६०**, गणेशकुमार पौडेल, (मकवानपुरः सिस्नुपानी, नेपाल, २०६१) ।

श्रेष्ठ, ईश्वरकुमार, **पूर्वीय एवम् पाश्चात्य साहित्य समालोचनाः प्रमुख मान्यता, वाद र प्रणाली**, तेस्रो संस्करण, (ललितपुरः साझा प्रकाशन, २०५८) ।

श्रेष्ठ, मथुरा, *भूमिका,* **सामुदायिक प्रजनन विज्ञान**, गणेशकुमार पौडेल, (मकवानपुरः न्यू हेटौंडा, २०५७) ।

सुवेदी, राजेन्द्र, **सिर्जनात्मक लेखनः सिद्धान्त र विश्लेषण**, (काठमाडौंः पाठ्यसामग्री पसल, २०५७) ।

## (ख) सन्दर्भपत्रिकासूची

अधिकारी, अच्युतरमण, *मन्त्री पुराण,* **गोरखापत्र**, (२०५६ मंसिर १८), पृ. ८ ।

अधिकारी, गिरिजा, *प्रतिनिधिसभास्तोत्रम् माथि एक दृष्टि,* **साहित्यिक कोशेढुङ्गो**, त्रैमासिक, (वर्ष ९, अङ्क ४, २०६२ भदौ ३), पृ. १४ ।

खनाल, वासुदेव, *बंगलादेशको सफर,* **कुराकानी साप्ताहिक**, (वर्ष ४, अङ्क २४, २०५७ असोज ९), पृ. ४ ।

गौतम, कृष्ण, *नेपाली कवितामा हास्यव्यङ्ग्य,* **मधुपर्क**, (वर्ष ३०, अङ्क ४, पूर्णाङ्क ३३९, २०५४ भदौ), पृ. ६८ ।

गौतम, विष्णुप्रसाद, *गोरू महापुराण काव्यको सिंहावलोकन,* **जनमत**, जनमत प्रकाशन, (वर्ष २६, अङ्क २, २०६५ फागुन ३०), पृ. १९ ।

........................, *सुँगुरको महिमाको समीक्षा,* **हाम्रो मातृभूमि**, (वर्ष ८, अङ्क ३, २०६७), पृ. १७ ।

चापागाईं, नारायणप्रसाद, *अतीतलाई फर्केर हेर्दा कविता सङ्ग्रह र एक झलक,* **कुराकानी साप्ताहिक** (वर्ष ४, अङ्क ३९, २०५७ पौष १७), पृ. ३ ।

दुवाल, सिर्जना, *देवका पनि देव भ्रष्टेश्वर महादेव,* **जनमत** साहित्यिक मासिक, (वर्ष २१, अङ्क ७, २०६०), पृ. ६३ ।

प्रधान, कृष्णचन्द्रसिंह, *नेपाली साहित्यमा हास्यव्यङ्ग्यः प्राप्ति र सर्वेक्षण,* **मधुपर्क** हास्यव्यङ्ग्य अङ्क, (काठमाडौंः गोरखापत्र संस्थान, वर्ष ३०, अङ्क ४, पूर्णाङ्क ३३९, २०५४ भदौ), पृ. ५ ।

प्रभात, विष्णु, *कला साहित्यमा हास्य व्यङ्ग्य शैली,* **मधुपर्क**, हास्यव्यङ्ग्य अङ्क, (वर्ष ३०, अङ्क ४, पूर्णाङ्क ३३९, भदौ २०५४), पृ. ७२ ।

बानिया, श्यामकुमार, *बूढो गोरूले ओगटेको गाईं नियाल्दा,* **कुराकानी साप्ताहिक**, (वर्ष ४, अङ्क ७, २०५७ श्रावण १६), पृ. ३ ।

रिसाल, बद्रीगोपाल, *सक्कली अनुहार हेर्दा,* **साहित्यिक कोशे ढुङ्गो**, त्रैमासिक, (वर्ष ९, अङ्क ८, २०६२ भदौ), पृ. १४ ।

लामिछाने, वसन्त, *गोरू महापुराण हास्यव्यङ्ग्य काव्य हेर्दा,* **रूपकेशरी**, (वर्ष २६, अङ्क २, २०६४ भदौ २५), पृ. ४ ।

शाक्य, विश्व, *सक्कली अनुहार हेर्दा,* **साहित्यिक कोशेढुङ्गो**, त्रैमासिक (वर्ष ९, अङ्क ८, २०६२ भदौ), पृ. १४ ।

श्रेष्ठ, राजेन्द्र, *सयपत्री प्रतिष्ठानको साहित्यिक यात्रा,* **काभ्रेटाइम्स** साप्ताहिक, (वर्ष १५, अङ्क ४०, २०६८ कार्तिक ८ गते मंगलबार), पृ. २ ।

संवाददाता, प्रयास, *संगीतकार तथा साहित्यकारसँगको कुराकानी,* **प्रयास** साप्ताहिक, (वर्ष २३, अङ्क ३७, २०६४ माघ १८ गते विहीबार), पृ. ५ ।

संवाददाता, सन्देश, *सिस्नुपानीको अध्यक्षमा पौडेल,* **हेटौंडा सन्देश**, (वर्ष ८, अङ्क १४, २०६५ फागुन १८ गते आइतबार), पृ. १ ।

सिलवाल, छविरमण, *वार्ता गीतिलहर भित्रको सन्देश,* **जनप्रहार**, (वर्ष २२, अङ्क १२, २०६२ मङ्सिर २), पृ. ८ ।

सुवेदी, राजेन्द्र, नेपाली हास्यव्यङ्ग्यको परम्परा र प्रवृत्ति, **बृहत नेपाली हास्यव्यङ्ग्य गोष्ठी** (कार्यपत्र), पृ. ५ ।

## (ग) शोधपत्रसूची

अधिकारी, अरूणविलास, **मुकुन्द आचार्यको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, (चितवनः नेपाली विभाग, वीरेन्द्र ब. क्या. २०५७) ।

अधिकारी, बुद्धिनाथ, **रमेश गोर्खालीको जीवनी, व्यक्तित्व र कृतित्वको विश्लेषण र मूल्याङ्कन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, (चितवनः नेपाली विभाग, वीरेन्द्र ब. क्या. २०५६) ।

कोइराला, शिवहरि, **रह शर्माको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, (चितवनः नेपाली विभाग, वीरेन्द्र ब. क्या. २०६५) ।

खनाल, प्रतिमा, **केदारनाथ खनालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, (चितवनः नेपाली विभाग, वीरेन्द्र ब. क्या. २०६७) ।

घिमिरे, मीनादेवी, **रविकिरण निर्जीवको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, (चितवनः नेपाली विभाग, वीरेन्द्र ब. क्या. २०५९) ।

दुवाडी, मेघनाथ, **सनत रेग्मीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, (चितवनः नेपाली विभाग, वीरेन्द्र ब. क्या. २०५९) ।

पण्डित, अनिताकुमारी, **सरस्वती रिजालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, (चितवनः नेपाली विभाग, वीरेन्द्र ब. क्या. २०६७) ।

पौडेल, सीतादेवी, **साहित्यकार हरिहर सबिताको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, (चितवनः नेपाली विभाग, वीरेन्द्र ब. क्या. २०६६) ।

भट्टराई, गंगाकुमारी, **कवि पोषराज पौडेलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, (चितवनः नेपाली विभाग, वीरेन्द्र ब. क्या. २०५९) ।

शर्मा, नमूना, **कवि तीर्थराज कोइरालाको जीवनी, व्यक्तित्व र कृतित्व**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, (चितवनः नेपाली विभाग, वीरेन्द्र ब. क्या. २०६२) ।

# परिशिष्ट

## परिशिष्ट : एक

## अन्तर्वार्ताका प्रश्नावली नमुनाहरू

### (क) शोधनायकसँगको अन्तर्वार्ता प्रश्नावली

शोधकार्यको क्रममा शोधार्थीबाट शोधनायकसँग लिइएको अन्तर्वार्ताको प्रश्नावलीको नमुना यसप्रकार रहेको छ -

१) तपाईंको विचारमा साहित्यको परिभाषा के हो जस्तो लाग्छ ?

२) तपाईंको मुख्य रुचि क्षेत्र के हो नि ?

३) वर्तमान जीवनशैली एवम् कार्यक्षेत्रप्रति कतिको सन्तुष्ट हुनुहुन्छ ?

४) आफ्नो साहित्यिक गतिविधिको प्रभाव समाजमा के कस्तो रूपमा परेको ठान्नु भएको छ ?

५) कुनै बाद वा राजनैतिक धरातललाई समातेर साहित्य कोर्नु हुन्छ कि स्वतन्त्र या तटस्थ भई विशुद्ध साहित्यिक मान्यतालाई आत्मसात गर्दै ?

६) नेपाली साहित्यको वर्तमान अवस्थालाई कसरी नियाल्नु भएको छ ?

७) तपाईंको समाज सेवाको सम्मान समाजले सकारात्मक तरिकाले गरेको वा नगरेको बारेमा कस्तो महसुस गर्नु भएको छ ? प्रकाश पारिदिनुहुन्छ कि ?

८) साहित्य सृजनामा पारिवारिक सहयोग कस्तो छ ?

९) स्वास्थ्य पेशामा समर्पित भएर पनि साहित्यलाई कसरी सँगसँगै लैजानु भएको छ ?

१०) के कस्तो बेलामा सृजना प्रस्फुटन हुन्छ ?

११) यहाँले धेरै विधामा कलम चलाउनु भएको छ । आफूलाई सबैभन्दा आत्मसन्तुष्टि कुन विधामा भएको अनुभव गर्नुहुन्छ र सबभन्दा मन पर्ने आफ्नो रचना हुन हो ?

१२) साहित्य सृजनाबाट सबैभन्दा खुसी र दुःखी भएको क्षणको कुनै अनुभव छ कि ?

१३) तपाईंले साहित्यको क्षेत्रमा दिनुभएको योगदानको कत्तिको कदर र मूल्याङ्कन भएको ठान्नु हुन्छ ?

१४) तपाईंको राजनीतिक आस्था र रुचि कस्तो छ ?

१५) यहाँको आजसम्मको जीवनमा कुनै अविस्मरणीय घटना छन् कि ?

१६) केही अविस्मरणीय र महत्त्वपूर्ण काम गर्नुभएको छ कि ?

१७) कुने हतास र अत्यासको क्षण छ कि ?

१८) तपाईंले स्वदेशभित्र कुन-कुन ठाउँको भ्रमण गर्नु भएको छ ? कृपया नाम उल्लेख गरिदिनु हुन्छ कि ?

१९) वैदेशिक भ्रमण कुन कुन देशको कहिले-कहिले र के-कति कारणले गर्नुभएको छ ? कृपया झर्को नमानी उल्लेख गरिदिनु हुन्छ कि ?

२०) आफ्नो पुर्ख्यौली वंश र परम्पराका बारेमा जानकारी दिनुहुन्छ कि ?

२१) जन्म स्थान सैंपु रामेछापबाट मकवानपुर बसाई-सराई गर्नुको कारण के होला ?

२२) प्रारम्भिक शिक्षा लगायत अरू शिक्षा-दीक्षा कसरी अर्जुन गर्नु भयो ? त्यसको समयावधि, संस्था, समय, तह बताइदिनुस् न ?

## (ख) विशिष्ट व्यक्तिहरूसँगको अन्तर्वार्ता प्रश्नावली

शोधकार्यको सिलसिलामा शोधार्थीबाट जनमत प्रकाशनका प्रधान सम्पादक मोहन दुवाल, साहित्यकार राजेन्द्र गुरागाई, मकवानपुर बहुमुखी क्याम्पकका प्राध्यापक रमेश गोर्खाली, साहित्यकार रेवतीरमण चौलागाई, साहित्यकार रामचन्द्र फुसर्ती, हेटौंडा क्याम्पसका उपप्राध्यापक भीमसागर गुरागाईं, भीमविराग संगीत साहित्यकला प्रतिष्ठानका संरक्षक भीम विराग तथा भीम विराग सङ्गीत साहित्य कला प्रतिष्ठानकी महासचिव सुशिला पाण्डेसँग साहित्यकार गणेशकुमार पौडेलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन शीर्षकको शोधपत्रको लागि लिइएको लिखित अन्तर्वार्ताको नमुना यसप्रकार रहेको छ ।

१) साहित्यकार गणेशकुमार पौडेललाई तपाईंले कहिलेदेखि चिन्नुहुन्छ ?

२) तपाईंको दृष्टिमा साहित्यकार गणेशकुमार पौडेलको साहित्यिक व्यक्तित्व कस्तो छ ?

३) तपाईंको विचारमा गणेशकुमार पौडेलको साहित्येतर व्यक्तित्व कस्तो छ ?

४) तपाईंको विचारमा गणेशकुमार पौडेललाई कुन स्तर वा दर्जाको साहित्यिक व्यक्तित्वको रूपमा राख्न सकिन्छ ?

५) गणेशकुमार पौडेलका कृतिहरूको मूल्याङ्कन र विश्लेषण कुन रूपमा गर्नुभएको छ ?

६) तपाईंको विचारमा गणेशकुमार पौडेल साहित्यको कुन विचारधाराका अधीन रही लेखन गर्ने साहित्यकार हुन् ?

७) गणेशकुमार पौडेलका बारेमा तपाईंको विचारमा अन्य केही भए कृपया जानकारी दिनुहोस् न ।

## (ग) विभिन्न व्यक्तिहरुसँग गरिएको मौखिक कुराकानी र अन्तर्वार्ताको स्रोत विवरण

शोधकार्यको सिलसिलामा शोधार्थीबाट साहित्यकार गणेशकुमार पौडेलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन शीर्षकको शोधपत्रका लागि विभिन्न व्यक्तिहरूसँग गरिएको मौखिक कुराकानी र अन्तर्वार्ताको स्रोतविवरण यसप्रकार रहेको छ -

१) गौरव पौडेल (शोधनायकका जेठा छोरा) हेटौंडा नगरपालिका, वडा नं.-३

२) भीमविराग (सङ्गीत साहित्यकला प्रतिष्ठानका संरक्षक) हेटौंडा नगरपालिका, वडा नं.-४

३) भीमसागर गुरागाईं (साहित्यकार तथा शोधनायकका मित्र) हेटौंडा नगरपालिका, वडा नं.-४

४) राधा पौडेल (शोधनायककी श्रीमती) हेटौंडा नगरपालिका, वडा नं.-२

५) रेवतीरमण चौलागाई (साहित्यकार तथा शोधनायकका मित्र) हेटौंडा नगरपालिका, वडा नं.-४

६) सुशिला पाण्डे (शोधनायककी सहकर्मी) हेटौंडा नगरपालिका, वडा नं.-१०

७) सौरभ पौडेल (शोधनायकका कान्छा छोरा) हेटौंडा नगरपालिका, वडा नं.-२

परिशिष्ट : तीन

शोधनायक गणेशकुमार पौडेलको छायाँचित्र

